कृषि,पर्यटन,शिक्षा र पूर्वाधार

समद्ध काठेखोला  निर्माणको आधार

# काठेखोला गाउँपालिका

बिहुँकोट, बागलुङ,गण्डकी प्रदेश, नेपाल

# आवधिक योजना

(आ.व.२०८०/८१-२०८४/८५)

# विषय सूची


परिच्छेद – १. भूमिका .................................................. ९

१.१ पृष्ठभूमि.................................................. ९

१.२ आवधिक योजनाको उद्देश्य .................................................. ११

१.३ आवधिक योजना निर्माणका आधारहरु .................................................. ११

१.४ योजना तर्जुमाका सीमाहरू.................................................. ३३

१.५ योजना तर्जुमा विधि र प्रक्रिया .................................................. ३४

परिच्छेद – २ गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ............... ३६

२.१ गाउँपालिका को संक्षिप्त परिचय .................................................. ३६

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना .................................................. ३८

२.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा.................................................. ३९

२.१.३ जनसांख्यिक अवस्था .................................................. ४०

२.२ आर्थिक विकास अवस्था.................................................. ४१

२.२.१ कृषि तथा खाद्य सुरक्षा.................................................. ४२

२.२.२ पर्यटन तथा संस्कृति.................................................. ४३

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति.................................................. ४३

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा.................................................. ४४

२.३ सामाजिक विकासको अवस्था.................................................. ४४

२.३.१ स्वास्थ्य तथा पोषण.................................................. ४४

२.३.२ शैक्षिक विकास .................................................. ४५

२.३.३ खानेपानी तथा सरसफाइ .................................................. ४७

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण .................................................. ४९

२.३.५ युवा, खेलकुद तथा कला ........ ५०

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ ५०

२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ५०

२.४.२ सडक, पुल तथा यातायात ........ ५२

२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ........ ५३

२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ ५४

२.५ वन, वातावरण तथा विपद्जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ ५५

२.५.१ वन तथा जैविक विविधता ........ ५५

२.५.२ भू–संरक्षण तथा जलाधार व्यवस्थापन ........ ५६

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ ५७

२.५.४ महामारी तथा विपद्व्यवस्थापन ........ ५७

२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ५८

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ ५८

२.६.२ श्रोत परिचालन ........ ५८

२.६.३ योजना व्यवस्थापन ........ ५९

परिच्छेदः ३ सोच तथा विकासको अवधारणा ........ ६०

३.१ पृष्ठभूमि ........ ६०

३.२ काठेखोला गाउँपालिका का प्रमुख सबल तथा दुर्बल पक्षहरूः- ........ ६०

३.३ काठेखोला गाउँपालिका का प्रमुख अवसर तथा चुनौतीहरूः- ........ ६१

३.४ निर्देशक सिद्धान्त ........ ६२

३.५ सोच, लक्ष्य तथा उद्देश्य ........ ६३

३.६ गाउँपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरू ........ ६४

३.७ रणनीति तथा प्राथमिकता ........ ६५

३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ ६६

परिच्छेद – ४: आर्थिक क्षेत्र ........ ७०

४.१ कृषि , सिचाई तथा पशुपन्छी ........ ७०

४.१.१ पृष्ठभूमि ........ ७०

४.१.२ सवल तथा दुर्वल पक्षहरु ........ ७१

४.१.३ चुनौति तथा अवसर ........ ७३

४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७४

४.१.५ अपेक्षित उपलब्धिहरू ........ ८२

४.२ पर्यटन, सँस्कृति तथा सम्पदा ........ ८३

४.२.१ पृष्ठभूमि ........ ८३

४.२.२ समस्या तथा चुनौती ........ ८४

४.२.३ सम्भवना तथा अवसर ........ ८५

४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८६

४.२.५ अपेक्षित उपलब्धिहरू ........ ८८

४.३ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति ........ ८८

४.३.१ पृष्ठभूमि ........ ८८

४.३.२ समस्या तथा चुनौती ........ ८९

४.३.३ सम्भावना तथा अवसर ........ ९०

४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९०

४.४ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ९४

४.४.१ पृष्ठभूमि ........ ९४

४.४.२ समस्या तथा चुनौती ........ ९४

४.४.३ सम्भावना तथा अवसर ........ ९५

४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९५

४.४.५ अपेक्षित उपलब्धि ........ ९७

४.५ गरिबी निवारण ........ ९८

४.५.१ पृष्ठभूमि ........ ९८

४.५.२ समस्या तथा चुनौती ........ ९८

४.५.३ सम्भावना तथा अवसर ........ ९९

४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १००

४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा ........ १०१

४.५.६ अनुमान तथा जोखिम पक्ष ........ १०१

परिच्छेद – ५: सामाजिक क्षेत्र ........ १०६

५.१ स्वास्थ्य तथा पोषण ........ १०६

५.१.१ पृष्ठभूमि ........ १०६

५.१.२ समस्या तथा चुनौती ........ १०७

५.१.३ सम्भावना तथा अवसर ........ १०८

५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०९

५.१.५ अपेक्षित उपलब्धिहरू ........ ११३

५.२ शिक्षा विज्ञान तथा नवप्रवर्तन ........ ११३

५.२.१ पृष्ठभूमि ........ ११३

५.२.२ समस्या तथा चुनौती ........ ११५

५.२.३ सम्भावना र अवसर ........ ११७

५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११८

५.२.५ अपेक्षित पलब्धिहरू ........ १२६

५.३ खानेपानी तथा सरसफाई ........ १२६

५.३.१ पृष्ठभूमि ........ १२६

५.३.२ समस्या तथा चुनौती ........ १२७

५.३.३ सम्भावना तथा अवसर ........ १२८

५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १२८

५.३.५ अपेक्षित उपलब्धि ........ १३१

५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ १३१
५.४.१ पृष्ठभूमि ........ १३१
५.४.२ समस्या तथा चुनौती........ १३३
५.४.३ सम्भावना तथा अवसर........ १३४
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १३६
५.४.५ अपेक्षित उपलब्धिहरू ........ १४२
५.५ युवा तथा खेलकुद........ १४२
५.५.१ पृष्ठभूमि........ १४२
५.५.२ समस्या तथा चुनौती........ १४३
५.५.३ सम्भावना र अवसर ........ १४४
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १४५
५.५.५ अपेक्षित उपलब्धिहरू ........ १४८
परिच्छेद – ६ पूर्वाधार विकास ........ १५२
६.१ वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण ........ १५२
६.१.१ पृष्ठभूमि........ १५२
६.१.२ समस्या तथा चुनौती........ १५३
६.१.३ सम्भावना तथा अवसर........ १५३
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५३
६.१.५ अपेक्षित उपलब्धि........ १५६
६.२ सडक, पुल तथा यातायात ........ १५६
६.२.१ पृष्ठभूमि........ १५६
६.२.२ समस्या तथा चुनौती........ १५७
६.२.३ सम्भावना तथा अवसर........ १५८
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १५८
६.२.५ अपेक्षित उपलब्धिहरू ........ १६२

६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा .......................................... १६२

६.३.२ समस्या तथा चुनौती.......................................... १६४

६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्याक्रम तथा आयोजना.......................................... १६४

६.३.५ अपेक्षित उपलब्धिहरू .......................................... १६६

६.४ सूचना, सञ्चार तथा प्रविधि .......................................... १६६

६.४.१ पृष्ठभूमि.......................................... १६६

६.४.२ समस्या तथा चुनौती.......................................... १६७

६.४.३ सम्भावना तथा अवसर.......................................... १६७

६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना .......................................... १६८

६.४.५ अपेक्षित उपलब्धि.......................................... १६९

६.४.६ अनुमान तथा जोखिम पक्ष .......................................... १६९

परिच्छेद – ७ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र.......................................... १७२

७.१ बन, वातावरण तथा विपद व्यवस्थापन .......................................... १७२

७.१.१ पृष्ठभूमि.......................................... १७२

७.१.२ समस्या तथा चुनौती.......................................... १७३

७.१.३ सम्भावना तथा अवसर.......................................... १७३

७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना .......................................... १७४

७.१.५ अपेक्षित उपलब्धि.......................................... १७७

७.२ विपद्जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता .......................................... १७८

७.२.१ पृष्ठभूमि.......................................... १७८

७.२.२ समस्या तथा चुनौती.......................................... १७९

७.२.३ सम्भावना तथा अवसर.......................................... १७९

७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना .......................................... १७९

७.२.५ अपेक्षित उपलब्धि.......................................... १८३

७.२.६ अनुमान तथा जोखिम पक्ष .......................................... १८३

परिच्छेद – ८ संस्थागत विकास तथा सुशासन क्षेत्र .................................. १८५

८.१ सुशासन विकास तथा सुशासन.............................................................. १८५

८.१.१ पृष्ठभूमि.............................................................................................. १८५

८.१.२ समस्या तथा चुनौती.............................................................................. १८५

८.१.३ सम्भावना तथा अवसर............................................................................ १८६

८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना .......................................... १८७

८.१.५ अपेक्षित उपलब्धि.................................................................................. १९०

८.२ मानव अधिकार तथा सामाजिक न्याय ...................................................... १९०

८.२.१ पृष्ठभूमि.............................................................................................. १९०

८.२.२ समस्या तथा चुनौती.............................................................................. १९०

८.२.३ सम्भावना तथा अवसर............................................................................ १९०

८.२.४ उप क्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........................................ १९१

८.२.५ अपेक्षित उपलब्धि.................................................................................. १९३

८.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन ............ १९३

८.३.१ पृष्ठभूमि.............................................................................................. १९३

८.३.२ समस्यया तथा चुनौती ............................................................................ १९४

८.३.३ सम्भावना तथा अवसर............................................................................ १९४

८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना .......................................... १९६

८.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका .......................................................... १९८

परिच्छेद – ९ कार्यान्वयन व्यवस्था................................................. १९९

९.१ पृष्ठभुमि.......................................................................................... १९९

९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट ....................................................... १९९

९.३ स्रोत अनुमान तथा प्रक्षेपण.................................................................... २००

९.४ स्रोत परिचालन रणनीति........................................................................ २०१

९.५ आवधिक योजना कार्यान्वयन ........ २०२

९.६ अनुगमन तथा मूल्याङ्कन ........ २०५

अनुसूचीहरू ........ २०९

अनुसूची १ फिल्ड भिजिटका आयोजनाहरू ,फोटो तथा माईनुटहरू ........ २०९

अनुसूची ३. काठेखोला गाउँपालिका को भौगोलिक नक्साहरू ........ २४५

# परिच्छेद — १. भूमिका

## १.१ पृष्ठभूमि

नेपालको इतिहासमा थुप्रै शासन व्यवस्थाहरु फेरीयता पनि समग्र विकासका चरणहरू नियाल्दा विगत लामो समय नेपालले राजनैतिक अधिकार प्राप्तिका निमित्तको संघर्षमा मात्र केन्द्रित हुनुपऱ्यो । विभिन्न विदेशी शक्तिहरूको अधिनमा रहेका पूर्वी तथा मध्य एसियाका मुलुकहरू आर्थिक तथा सामाजिक विकासमा हामी भन्दा कैयौं गुणा अगाडि लम्किरहेको अवस्थामा पनि कहिल्यै कुनै विदेशी शक्तिसामु झुक्न नपरेको देश विशेष परिस्थितिले विकासमा काँचुली फेर्न नसकेको अवस्था छ । कुनै समयमा नेपालले आर्थिक, भौतिक तथा सैन्य सहायता गरेको हाम्रा छिमेकी राष्ट्रहरू भारत र चीनले वैज्ञानिक युगलाई चुनौती दिदै गर्दा नेपाल भने समय सापक्ष विकासका योजनाका अबधारणालाई आत्मसाथ गर्ने प्रयास गरिरहेको छ । नेपाल विकासमा पछि पर्नुका कारणहरू मध्ये प्रमुख कारणहरु हाम्रा अवैज्ञानिक विकासका प्रयासहरू, आत्मगत, एकाङ्गी र अव्यवहारिक हुनु र पर्याप्त खोज तथा अनुसन्धान बिनानै विकासका योजना अगाडि बढाउनु समेत हो ।

वि.सं. २०७२ सालमा संविधान सभाद्वारा जारि गरिएको नेपालको संविधान द्वारा देश सङ्घीय संरचनामा गएको छ । जनताको संविधान जारी भइसके पश्चातको दोस्रो निर्वाचनबाट नयाँ सङ्घीय, प्रदेशिक र स्थानीय सरकारहरुले जनतालाई सेवा तथा सुबिधा प्रधान गरिरहेको यस घडीमा स्थानीय शासनका माध्यमबाट जनतालाई शासनमा आधिकारिक सहभागी गराउन सहज हुने,सार्वभौमको प्रयोगमा आम जनतालाई समावेशीरूपमा सहभागी गराउन सहज हुने र जनतालाई छिटो छरितो सेवा प्रवाह गर्न सहज हुने भएकोले यो अभ्यास सम्पूर्ण राष्ट्र विकास र आर्थिक विकासको मुलमन्त्र बनेको छ । वर्षौंदेखी व्याप्त अविकास, गरिबी, रोगव्याद पछौटेपन, शिक्षा, असुविधा र अन्यायको दुश्चक्रमा पिल्सिएका आम स्थानीयवासीलाई योजनामा प्रतिबिम्बित गर्दै सूसंस्कृत, प्रतिस्पर्धी, समृद्धशाली र समतामुलक नेपाली समाजको विकास तथा नयाँ

परिवर्तन र राज्य व्यवस्थाले आशाको संचार गराएको । यो व्यवस्थाले नीतिगत सुधारहरू विकासको पूर्वाधारहरू एवं संस्थागत संरचनाहरूलाई अधिकतम प्रतिफल प्राप्त हुने गरी प्रयोग गर्ने नीति योजनामा अवलम्बन गर्ने प्रयास गरिरहेको छ ।

मूलतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहको अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र विकासका योजनाहरू निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । ऐनको परिच्छेद —३ दफा ११ को उपदफा २ (छ) (१) मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन साथै बुँदा नं. २ मा आर्थिक, सामाजिक,सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस गाउँपालिकाको समग्र विकासको आवधिक योजना तयार पारिएको छ ।

काठेखोला गाउँपालिकाको समग्र विकासको लागी भौतिक विकास र आर्थिक विकासको आधार खाका तयार पार्दै विकास योजनाको खाका तयार पार्नु एकदमै महत्वपूर्ण हुन्छ । यो योजनाले यस गाउँपालिकाको वस्तुगत भौतिक अवस्थाको तथ्यपरक तथ्याङ्क सहितको विवरण र आधार नक्सा तयार पारी सोको आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना र रणनीतिहरू तयार पारेको छ । एकातर्फ अव्यवस्थित र योजना विहीन विकास क्रियाकलापले हामीलाई सही दिशा निर्देश गर्दैन भने अर्कोतर्फ समय र स्रोतको समेत उच्चतम सदुपयोग हुन सक्दैन । तसर्थ निर्दिष्ट समय सीमा र विकास लक्ष्यभित्र रही निश्चित प्रकारका विकास योजनाहरूलाई निर्दिष्ट उपलब्धिहरू हासिल गर्ने हेतुले निर्माण गर्दा विकासका क्रियाकलापहरू व्यवहारिक, समय सान्दर्भिक र उच्च प्रतिफलमुखी हुन जान्छन्। तसर्थ यस काठेखोला गाउँपालिकामा उपलब्ध साधन र स्रोतहरुको उच्चतम सदुपयोग गरी निर्दिष्ट समय सीमाभित्र, निर्दिष्ट उद्देश्य हासिल गर्न यस प्रकारको आवधिक योजनाको आवश्यकता परेको हो।

## १.२ आवधिक योजनाको उद्देश्य

यस योजनाको मूल उद्देश्य गाउँपालिकाको आवधिक योजनाको निर्माण गर्नु हुनेछ, जस अन्तर्गतः

- दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र कार्य योजना तयार पार्ने
- सो कार्यका लागि गाउँपालिकाको स्पष्ट आधार नक्सा तयार पार्नेभौतिक पूर्वाधार विकास योजना तयार पार्ने
- सामाजिक—सांस्कृतिक विकास योजना तयार पार्ने
- आर्थिक विकास योजना तयार पार्ने
- वातावरण तथा विपद्व्यवस्थापन योजना तयार पार्ने
- सेवा प्रवाह तथा संस्थागत विकास योजना तयार पार्ने
- व्यापक जनसहभागितामा क्षेत्रगत लक्ष्य, उद्देश्य, अपेक्षित परिणाम र कार्यक्रमहरूको निर्धारण गर्ने

## १.३ आवधिक योजना निर्माणका आधारहरु

कुनै पनि आवधिक योजना निर्माण गर्नका लागि योजनाका आधारहरू आवश्यक पर्दछन्। मुख्यतया कुनै पनि विशेष स्थानको योजना निर्माण गर्दा वैधानिक, भौतिक र नीतिगत आधारहरू स्पष्ट हुनु आवश्यक भएकोले यो गाउँपालिका नेपालको सङ्घीय गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तहहरू रहेकोमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत तहको रूपमा स्थानीय तह रहेको छ । नेपालको संविधानले स्थानीय तहहरूलाई एक प्रकारको पूर्ण स्थानीय सरकारको रूपमा स्थापित गरेकोले

स्थानीय स्तरका विकास योजनाहरू तर्जुमा गर्ने र ती योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने

सम्पूर्ण अधिकार स्थानीय तह अन्तर्गत नै रहेको छ । मुलतः यसै वैधानिक आधारको पृष्ठभूमिमा रहेका थप निम्न आधारहरूमा रहेर यो आवधिक योजना तयार पारिएको छ।

१. विद्यमान ऐन तथा वैधानिक रूपमा प्राप्त आधारहरू

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(छ) बमोजिम नेपालमा सघिंय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली लागु भए पश्चात्स्वायत्त स्थानीय

सरकारको रूपमा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार सङ्घीय तथा प्रादेशिक कानून तथा नीति नियमहरूसँग सङ्गत हुने गरी स्थानीय सरकारलाई नै प्राप्त भएकोले सो वैधानिक व्यवस्था बमोजिम यो आवधिक योजना निर्माण गरिएको छ । साथै संविधानको मर्मअनुरूप सघिंय, प्रादेशिक तथा स्थानीय स्तरमा निर्माण भएका सम्पूर्ण विद्यमान ऐन नियमहरूको सान्दर्भिक प्रावधानअनुरूप आवधिक योजनालाई अन्तिम रूप दिइएको छ।

(ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

नेपालको संविधानको धारा ५९ बमोजिम विभिन्न तहका सरकारहरूलाई प्राप्त वित्तीय अधिकार तथा धारा ६० बमोजिम राजश्व स्रोतको बाँडफाँट गर्न बनेको यस ऐनले आकर्षित गर्ने प्रावधानहरूलाई समेत राजश्वको अधिकार, त्यसको बाँडफाँट, ऋण, अनुदान, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय अनुशासन कायम गर्न आवश्यक व्यवस्थाहरू गरेकोले यी पक्षहरूलाई यो योजना निर्माण गर्दा आधार बनाइएको छ ।

(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४

नेपालको संविधानको धारा ६० को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय स्रोत र धारा २५१ अन्तर्गत देशभर छरिएर रहेका प्राकृतिक स्रोतहरूको परिचालनबाट प्राप्त राजश्व वा स्रोतको प्रयोग गर्दा अपनाउनु पर्ने प्रावधानहरू रहेको यस ऐनलाई यस आावधिक योजना निर्माणमा एक आधारको रूपमा लिएको छ ।

२. विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू

कुनै पनि योजना निर्माण गर्दा सबैभन्दा महत्वपूर्ण राष्ट्रिय नीतिहरूमध्ये संविधानको धारा ५१ मा रहेका नीतिहरूलाई मूल आधार मान्न उपयुक्त हुन्छ। यी मध्ये पनि स्थानीय

तहहरूले निम्न नीतिहरूलाई प्रमुख आधार मान्नु उपयुक्त रहेकोले सोही आधारमा यो योजना निर्माण गरिएको छ ।

राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति,विकास सम्बन्धी नीति,सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीति,सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति,अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति,नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति,कृषि र भूमि सुधार सम्बन्धी नीति,श्रम र रोजगारसम्बन्धी नीति,प्राकृतिक साधन स्रोतको संरक्षण, संवद्र्धन र उपयोगसम्बन्धी नीति,राष्ट्रिय भू—उपयोग नीति २०६८,पर्यटन नीति २०६५,वन नीति २०७१ तथा वातावरण संरक्षण, राष्ट्रिय युवानीति२०७२ राष्ट्रिय खेलकुद नीति२०६७,राष्ट्रिय कृषि नीति २०६१,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६३, औद्योगिक नीति २०६७,सिंचाई नीति २०७०,जलाधार नीति,राष्ट्रिय शिक्षा नीति,जलवायु परिवर्तन नीति २०६७,जैविक विविधता संरक्षण नीति २०६३,राष्ट्रिय सहकारी नीति २०६९,स्वास्थ्य नीति २०४८,वाणिज्य नीति २०६५,स्थानीय पूर्वाधार विकास नीति २०६१,श्रम तथा राष्ट्रिय रोजगार नीति २०७१,सूचना प्रविधि नीति २०६७,आपूर्ति नीति २०६९,कृषि व्यवसाय प्रवद्र्धन नीति २०६३,जल उत्पन्न प्रकोप व्यवस्थापन नीति २०७२,विकास सहायता परिचालन नीति,सार्वजनिक—निजी साझेदारी नीति २०७२,बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९,अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति २०७३,राष्ट्रिय रोजगार नीति २०७१,नवीकरणीय उर्जा अनुदान नीति २०६९ राष्ट्रिय यातायात नीति २०५८, राष्ट्रिय जनसंख्या नीति २०७१,प्राविधिक तथा व्यवसायिक शिक्षा एवम ्तालिम नीति,राष्ट्रिय बीउ विजन नीति २०५६,कृषि यान्त्रिकरण प्रवद्र्धन नीति २०७१,संस्कृति नीति २०६८,राष्ट्रिय शहरी नीति २०६४,जलविद्युत विकास नीति २०५८,लगायत गण्डकी प्रादेशिक सरकार र काठेखोला गाउँपालिका सान्दर्भिक नीतिहरूलाई योजना निर्माणको आधार बनाइएको छ।

३. सङ्घीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरू

कुनै पनि स्थानीय तहले योजनाको दीर्घकालीन, सोच, लक्ष्य र उद्देश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामञ्जस्यता कायम गरी गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ ।

(क) दीर्घकालीन सोच वि.सं. २१००

लामो राजनैतिक संक्रमण पश्चात राजनैतिक स्थायित्वको जगमा उभिएर तीब्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्दे वि सं. २०८७ सम्मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्थर भएको मुलुकमा रूपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको उल्लेख छ । यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो। यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधनलगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनमार्फत्रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो। यसर्थ नारामा दीर्घकालीन सोचलाई "समृद्ध नेपाल सुखी नेपाली" तय गरिएको छ । यस सोचको अपेक्षित उपलब्धिमा "समुन्नत, स्वाधीन र समाजवाद उन्ुमख अर्थतन्त्रसहितका समान अवसार प्राप्त, स्वस्थ, शिक्षित मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक" मा नेपाललाई रूपान्तरण गर्ने रहेको छ ।

दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति

तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,

- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम्दिगो शहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने र
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बद्र्धन गर्ने।

रूपान्तरणका प्रमुख संवाहक दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहायबमोजिम सामाजिक—आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन—स्रोतको व्यवस्था गरिनेछ । आगामी आवधिक योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकताअनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिनेछन्।

१. गुणस्तरीय एकीकृत यातायात, प्रणाली सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र बृहत्सञ्जालीकरण,

२. गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग,

३. जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन,

४. उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि,

५. गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार,

६. आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र वस्ती विकास,

७. प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार,

८. सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र ९. शासकीय सुधार र सुशासन अभिवृद्धि।

सहयोगी क्षेत्र

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१. संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता,

२. जनसांख्यिक लाभ र नागरिक सचेतना,

३. भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता,

४. सामाजिक—सांस्कृतिक विविधता तथा मौलिक पहिचान,

५. सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय,

६. स्वच्छ र नवीकरणीय ऊर्जा,

७. मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सद्भाव र

८. सङ्घीय शासन प्रणाली र वित्तीय सङ्घीयता ।

दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औसत १०.५ प्रतिशत आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औसत ५.५ प्रतिशत, उद्योग क्षेत्रमा औसत १३ प्रतिशत र सेवा क्षेत्रमा वार्षिक औसत १०.९ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान गरिएको छ ।

दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्यअनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७ प्रतिशतबाट घटेर ९ प्रतिशत, उद्योग क्षेत्रका अंश हालको १५.२ प्रतिशतबाट वृद्धि भई ३० प्रतिशत र सेवा क्षेत्रको अंश हालको ५७.८ प्रतिशतबाट ६१ प्रतिशत पुग्ने अनुमान छ । यसबाट कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुनेछ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवं गुणात्मक परिवर्तन हुने अनुमान छ ।

दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर रहेको छ । वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुनेछ । वि.सं. २१०० मा १२ हजार १ सय अमेरिकी डलर प्रतिव्यक्ति आयसहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुनेछ ।

माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ।

१. संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको।

२. राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको।

३. समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको।

४. जनसांख्यिक लाभ र प्राकृतिक स्रोत—साधनको महत्तम उपयोग गरिने।

५. ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र ऊर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

६. वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको।

७. विकास कार्यक्रमको कार्यान्वयनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने।

८. अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने।

९. राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने।

१०. ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने।

दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरू देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | राष्ट्रिय लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य |
|---|---|---|---|---|
| १. | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | १०.५ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ |
| ३. | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० |

| | | | | |
|---|---|---|---|---|
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ |
| ५. | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १०४७ | १२१०० |
| ६. | गरिबीको रेखामुनि रहेको जनसंख्या ( निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ० |
| ७. | बहुआयामिक गरिबिमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | ३ |
| ८. | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात Plamarati) | अनुपात | १.३ | १.१ |
| ९. | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२५ |
| १०. | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ |
| ११. | बेरोजगारी दर | प्रतिशत | ११.४ | ३ |
| १२. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ७० |
| १३. | जलविद्युत तथा नवीकरणीय ऊर्जा उत्पादन ( जडित क्षमता) | मेगावाट | १,०७४ | ४०,००० |
| १४. | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० |
| १५. | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | १९७ | ३,५०० |
| १६. | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ |
| १७. | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मि. | ६,९७९ | ३३,००० |
| १८. | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मि. | ० | २,००० |
| १९. | रेलमार्ग | कि.मि. | ४२ | २,२०० |
| २०. | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ५५.४ | १०० |
| २१. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० |

| | | | | |
|---|---|---|---|---|
| २२. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | ज्ना | २३९ | २० |
| २३. | पाँच वर्ष मुनिको बाल मृत्युदर ( प्रति हजार जीवित जन्ममा) | ज्ना | ३९ | ८ |
| २४. | ४ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | २७ | २ |
| २५. | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९८ |
| २६. | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ |
| २७. | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० |
| २८. | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | २० | ९५ |
| २९. | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | १०० |
| ३० | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९२५ | १ |
| ३१. | मानव विकास सूचकांक | सूचकांक | ०.५७४ | ०.७६० |

स्रोतः १. राष्ट्रिय लेखा, आ.व. २०७५/७६, २. बहुआयामिक गरिबीको प्रतिवेदन २०१८, ३. नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण—२०१६, ४. राष्ट्रिय जनगणना, २०६८, ५. मानव विकास प्रतिवेदन २०१८

(ख) पन्ध्रौं आवधिक योजना (२०७६/७७। २०८०।८१

“समृद्ध नेपाल, सुखी नेपाली” को दीर्घकालीन सोच हासिल गर्ने आधार योजनाको रूपमा पन्ध्रौं योजनालाई लिइएको छ । तसर्थ यो योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने आधार निर्माण गर्ने हो।

(ग) गण्डकी प्रदेशको आवधिक योजना (२०७६।७७—२०८०।८१)

१.१ प्रदेशको परिचय

गण्डकी प्रदेशमा साविक धवलागिरी अञ्चलका ४ जिल्ला, गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू—भाग समेटी कुल ११ जिल्ला रहेका छन् । नेपालको मध्य भागमा अवस्थित, हिमालदेखि तराईसम्म

फैलिएको यस प्रदेश २७० २६÷ १५" उत्तरी अक्षांश देखि २९० १९÷ ५०" उत्तरी अक्षांशसम्म र ८२० ५२÷ ४५" पूर्वी देशान्तर देखि ८५० १२÷ ०५" पूर्वी देशान्तरसम्म फैलिएको छ । प्रदेशले नेपालको कुल भू—भागको १४.६७ प्रतिशत क्षेत्रफल अर्थात् २१,९७४ वर्ग कि.मि. ओगटेको छ । तराईको समथर भू—भाग देखि ८,१६७ मिटरको उँचाईमा रहेको धवलागिरी हिमाल सम्म फैलिएको हुँदा नेपालमा पाइने सबै प्रकारको हावापानी गण्डकी प्रदेशमा पाइन्छ । प्रदेशको हावापानी अनुसार उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र नवलपुरको तराई र मध्यभागका टारहरू कृषि र औद्योगिक कार्यको लागि उपयुक्त क्षेत्र हुन् । प्रशासनिक हिसाबले गण्डकी प्रदेशलाई ११ जिल्ला, १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी ८५ स्थानीय तह र ७५९ वडामा विभाजन गरिएको छ । त्यस्तै यस प्रदेशबाट प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि १८ निर्वाचन क्षेत्र र प्रदेश सभा सदस्य निर्वाचनका लागि ३६ निर्वाचन क्षेत्र कायम गरिएको छ । प्रदेश सभामा समानुपातिक सहित कुल ६० सदस्य रहने संवैधानिक प्रावधान छ । विक्रम सम्वत् २०६८ सालको जनगणना अनुसार गण्डकी प्रदेशमा कुल परिवार संख्या ५,७७,६८२ र कुल जनसंख्या २४,०३,७५७ रहेको छ । यहाँको प्रतिपरिवारमा औसत ४.१६ जना सदस्य रहेका छन् । प्रदेशमा पुरुषको संख्या १०,९०,८०८ र महिलाको संख्या १३,१२,९४९ रहेको छ । प्रदेशमा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ५७ प्रतिशत छ । यो उमेर समूहलाई विशेष योजनाका साथ विदेश जान वा पलायन हुनबाट रोक्दै उत्पादनमूलक क्षेत्रमा योजनाबद्ध रुपमा परिचालन गर्न सके आर्थिक सामाजिक विकासमा चाँडै फड्को मार्न सक्ने सुवर्ण अवसर रहेको छ ।

प्रदेशमा बसोबास गर्ने समुदायहरूको आफ्नै मौलिक संस्कृति र परम्परा तथा रीतिरिवाज रहेका छन् । हिमाली क्षेत्रमा बसोबास गर्ने समुदायले बौद्ध तथा बोन्पो धर्म मान्ने गर्दछन् । यी समुदायको प्रमुख चाडपर्वमा ल्होसार, बुद्ध पूर्णिमा आदि पर्दछन् । पहाडी क्षेत्रमा बसोबास गर्ने मानिसहरूको प्रमुख चाडमा दशैं, तिहार, तीज, जनैपूर्णिमा,

माघेसंक्रान्ति, चैते दशैं, आदि पर्दछन् भने तराई क्षेत्रमा मनाइने चाडपर्वमा मुख्यतया छठ, रामनवमी आदि रहेका छन् । हिन्दू धर्मको बाहुल्य भएका कारण यस प्रदेशमा मठमन्दिरको संख्या अरुको तुलनामा अधिक पाइन्छ भने धार्मिक स्थलहरू पनि यसै धर्मसँग सम्बन्धित रहेका छन् । यसका अलावा हिमाली क्षेत्रमा बौद्ध धर्मसँग सम्बन्धित बौद्ध गुम्बाहरू रहेका छन् भने शहरी क्षेत्रमा सबै प्रकारका धर्म मान्ने मानिसको बसोबास भएका कारण मठ मन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरू मिसिएर रहेका छन् ।

## १.२ समस्या र चुनौती

गण्डकी प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारका सूचकहरूको स्थिति विश्लेषण गर्दा निम्न अनुसारका समस्या र नयाँ गन्तब्य खोज्नुपर्ने चुनौती देखापरेका छन्:

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| प्रदेशको अर्थतन्त्र | शहरी क्षेत्रमा आयातमा निर्भर नाफामुखी र ग्रामीण क्षेत्र निर्बाहमुखी अर्थतन्त्र । | उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने । |
| वित्तीय क्षेत्र | प्रदेशस्थित बैङ्क तथा वित्तीय संस्थाको कमजोर लगानी क्षमता र उत्पादन क्षेत्रमा न्यून लगानी । | नेपाल सरकारको नीति अनुसार वित्तीय संस्थाहरूको लगानी क्षमता बढाउन एक आपसमा गाभिने, बचत संकलन बढाउने र विदेशी बैंकवाट ऋण लिई लगानी क्षमता बढाउने । |
| वाणिज्य | आयात गरिएका उपभोग्य वस्तु तथा निर्माण सामाग्रीको वाहुल्यता र बढ्दो ब्यापार घाटा । | प्रदेशमा तुलनात्मक लाभ भएका उपभोग्य वस्तु तथा निर्माण सामाग्रीको उत्पादन, बिक्री वितरण र प्रयोग गर्ने । |
| विप्रेषण | प्रदेशको कुल ग्राहस्थ्य उत्पादनको एक तिहाइ बराबर विप्रेषण, तर यसको प्रयोग उपभोग्य वस्तु र सेवा खरिदमा खर्च । | प्रदेश अर्थतन्त्रमा विप्रेषणको अंश घटाउँदै लाने र प्राप्त विप्रेषणको बचत परिचालन गरी उत्पादन क्षेत्रमा लगानी गर्ने । |
| पर्यटन | स्थानीय उत्पादनसँग कमजोर सम्बन्ध । | स्थानीय उत्पादनसँग सघन सहकार्य गर्दै गुणस्तरीय पर्यटक आकर्षणका लागि पर्यटन पूर्वाधारमा लगानी विस्तार गर्ने । |
| उद्योग | लघु उद्योग,तथा अनौपचारिक क्षेत्रका साना उद्योगहरूको बाहुल्यता । | मझौला तथा ठूला, कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना र सञ्चालन गर्न प्रोत्साहन गर्ने । |
| कृषि | मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली, न्यून उत्पादन र उत्पादकत्व । | कृषिको यान्त्रीकीकरण र व्यावसायीकरण गरी उच्च उत्पादकत्व र उत्पादन हाँसिल गर्ने । |
| सहकारी | सहकारी क्षेत्रको अधिकांश लगानी अनुत्पादक क्षेत्रमा जस्तै घर, जग्गा र ब्यापारमा लगानी । | सहकारी क्षेत्रको कुल लगानीमध्ये उत्पादन क्षेत्रमा कम्तीमा एक तिहाइभन्दा बढी लगानी गर्ने । |

| | | |
|---|---|---|
| वन | आर्थिक उपार्जनसँग कमजोर सम्बन्ध रहेको संरक्षणमुखी वन व्यवस्थापन प्रणाली । | संरक्षण र जनताको लागि आर्थिक उपार्जन सँगसँगै हुने वन व्यवस्थापन प्रणालीको विकाश गर्ने । |
| उर्जा | उर्जाको लागि बगिरहेका खोलामा निर्मित साना जलविद्युत् आयोजनामा निर्भर । | निजी क्षेत्रको सहकार्यमा ठूला जलाशययुक्त जलविद्युत्, सौर्य र वायु उर्जाको उत्पादन गर्ने । |
| पूर्वाधार निर्माण | निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न नहुने निर्माण पद्धति । | निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न नहुने निर्माण पद्धतिको विकास गर्ने । |
| अपा॰ मैत्री पूर्वाधार | विगतमा निर्माण भएका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री नभएका । | नयाँ निर्माण गर्ने भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउने । |
| वातावरणमैत्री पूर्वाधार | पहाडी धरातलमा पूर्वाधार निर्माण गर्दा डोजरको प्रयोगले वातावरणमा प्रतिकुल असर परेको । | पहाडी धरातलमा पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षणमा पर्याप्त ध्यान दिने । |
| मानव संसाधन विकास | बजारको मागसँग प्रत्यक्ष नजोडिएको र साधारण विषयको वर्चश्व रहेको वर्तमान शिक्षा प्रणाली । | बजारको माग, उत्पादन र उद्यमसँग जोडिएको प्राविधिक शिक्षामा रुपान्तरण गर्ने । |
| सिंचाई | वर्तमान सिंचाई प्रणाली सतह कुलो र नहरमा आधारित भएको र टार तथा भिरालो पहाडी भू-भागमा सिंचाइ सुविधा पुग्न नसकेको । | सतह कुलो र नहरको साथै भूमिगत पानी पम्पिङ्ग गर्ने, भिरालो धरातलमा पाइप सिंचाई गर्ने र पानी अभाव भएको पहाडी ठाउँमा पोखरी निर्माण गरी रिचार्ज बढाउने र टारको लागि नदीबाट पानी लिफ्टिङ्ग गर्ने प्रविधि प्रवर्द्धन गर्ने । |
| खानेपानी | खानेपानीको दिगो स्रोत नभएका बस्तीहरूमा नियमित खानेपानीको आपूर्ति गर्ने समस्या । | दिगो स्रोत नभई खानेपानीको अभाव रहेका पहाडी बस्तीमा लिफ्टको माध्यमले आपूर्ति गर्ने व्यवस्था गर्ने । |
| स्वास्थ्य | रोगहरूको संरचनागत परिवर्तन अनुसार जनताका स्वास्थ्य समस्या समाधान गर्न कमजोर स्वास्थ्य सेवा प्रणाली । | बदलिंदो रोगको प्रकृति अनुसार आधारभूत र विशिष्टीकृत सेवा प्रभावकारी रुपमा प्रदान गर्ने प्रणालीमा रुपान्तरण गर्ने । |
| लैंगिक समानता | कानूनी रुपमा लैङ्गिक समानता प्राप्त भएको तर ब्यावहारिक अभ्यास नभएको । | लैङ्गिक समानताका कानूनी प्राबधान र ब्यावहारिक अभ्यासमा सामञ्जस्यता विकास गर्ने । |
| श्रम र रोजगार | श्रम बजारको माग अनुसार श्रमशक्ति उत्पादन नभएकोले सीप भएको मानव संसाधनको अभाव र साधारण शिक्षा आर्जन गरेको मानव संसाधन बेरोजगार । | श्रमशक्तिको उत्पादन बजारको माग अनुसार गर्ने र हरेक तहमा रोजगार सिर्जना गर्ने । |
| सूचना र सञ्चार | दुर्गम गाउँपालिकाहरूमा इन्टरनेट, रेडियो र टिभिको कमजोर पहुँच । | प्रदेशका सबै पालिका र गाउँहरूमा इन्टरनेट, रेडियो र टिभिको क्षमता बृद्धि गरी पहुँच विस्तार गर्ने । |
| योजना तर्जुमा | प्रदेशको कमजोर तथ्याङ्क प्रणाली । | प्रदेश तथ्याङ्क कार्यालयको स्थापना गर्ने र प्रमाणमा आधारित योजना तर्जुमा पद्धतिको विकास गर्ने । |

| | | |
|---|---|---|
| राजस्व संकलन | प्रदेशको कमजोर राजस्वका स्रोत र संकलन संरचना । | राजस्वका स्रोतहरूको पहिचान, विस्तार र संगठन संरचना सुदृढ गर्ने । |
| जलवायु परिवर्तन | जलवायु परिवर्तनले स्थानीय उत्पादनमा प्रतिकुल प्रभाव । | जलवायु परिवर्तनको प्रभाव बहन गर्न सक्ने जलवायु अनुकूलन उत्पादन प्रणाली विकास गर्ने । |
| सुशासन | विद्युतीय शासनको पूर्ण अभ्यास नहुँदा सार्वजनिक काममा अपेक्षित प्रभावकारिता प्राप्त गर्न नसकेको । | विद्युतीय शासन प्रणाली लागू गरी सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउने । |

## १.३ अवसर

राजनीतिक स्थायित्व कायम हुनु, प्रदेशमा रहेका सबै राजनीतिक दल प्रदेश समृद्धिको लागि एकताबद्ध हुनु, नेपाल सरकार र स्थानीय सरकारसँगको सम्बन्ध अत्यन्तै सौहाद्र्रपूर्ण रहनु, प्रदेशभित्र लगानीमैत्री वातावरण निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहनु, प्रदेश अन्तर्गतका पूर्वाधार निर्माणमा गैरआवासीय नेपाली तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको लगानी वृद्धि हँुदै जानु, विदेशवाट आउने विपे्रषणको बचत गरी उत्पादनमूलक क्षेत्रको विस्तारमा केन्द्रित हुने नीतिगत व्यवस्था हुनु,गण्डकी प्रदेश प्राकृतिक सौन्दर्यता, जैविक विविधता, अनेकता बीच सामाजिक एकता, साँस्कृतिक सम्पन्नता र पहिचान भएको प्रदेश हुनु, विश्वमा उत्कृष्ट पर्यटकका आकषर््ाकका केन्द्र अन्नपूर्ण, धौलागिरी र मनास्लु क्षेत्रका पदमार्ग यसै प्रदेश अन्तर्गत हुनु, जलस्रोतमा धनी प्रदेश भएकाले उर्जा, सिंचाई र खानेपानी विकासको लागि प्राकृतिक स्रोतको अभाव नरहनु, र प्रदेश राजधानी पोखरा काठमाडौं पछाडिको शिक्षा र स्वास्थ्यको केन्द्र भएकोले भविष्यमा पनि यी क्षेत्रको विकास गरी उच्च सीप भएको जनशक्ति उत्पादन गर्ने र सेवा क्षेत्र विस्तार गरी आर्थिक लाभ लिने सम्भावनाहरू रहनु आदि यस प्रदेशका अवसरहरू हुन् ।

## १.४ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य

### सोच

"समृद्ध प्रदेश र सुखी नागरिक"

### लक्ष्य

उच्च उत्पादन, मर्यादित जीवन, समावेशी, सभ्य, न्यायपूर्ण र सुशासनयुक्त आधुनिक समाज भएको समृद्ध प्रदेश ।

उद्देश्य

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु।

२. पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संशाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हाँसिल गरी समृद्ध प्रदेशको आधारशीला निर्माण गर्नु ।

३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ त
था स्वच्छ वातावरणमा पहुँच पुर्याई सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु ।

## १.५.(२०७६।७७देखि२१००)सम्मका लागि समृद्धि र सुखका परिमाणात्मक लक्ष्यहरू

| क्र. सं. | समृद्धिका र सुखका सूचक | ईकाई | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष २०७५/७६ | वि.सं २०८०/८१ | वि.सं २१०० | आधार वर्ष २०७५/७६ | वि.सं २०८०/८१ | वि.सं २०८७ | वि.सं २१०० |
| समृद्धिका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य | | | | | | | | | |
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | ९.६ | १०.५ | ७.१ | १०.२ | १०.५ | ११.० |
| २ | प्रतिव्यक्ति कुल आय | अ.डलर | १,०४७ | १,५९५ | १२,१०० | १,०४३ | १,९५६ | ३,७२१ | १५,७२९ |
| ३ | कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २७.० | १९.४ | ९.० | २८.२ | २३.७ | १७.० | ८.५ |
| ४ | कुल ग्राहस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | ३०.० | १४.२ | २२.४ | ३०.० | ५२.९ |
| ५ | कुल ग्राहस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ६१.० | ५७.६ | ५३.९ | ५३.० | ३८.६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (एबक्रिब च्वतष्य) | अनुपात | १ .३ | १ | १ | १.४ | १ | १ | १ |
| ७ | सम्पत्तिमा आधारित जिनी गुणक (न्ष्लष ऋयभााष्अष्भलत) | गुणक | ०.३१ | ०.२९ | ०.२५ | ०.३७ | ०.२६ | ०.२३ | ०.२० |
| ८ | अपेक्षित आयु ( जन्म हुँदाको | वर्ष | ६९.७ | ७२ | ८० | ७१.७ | ७७ | ८० | ८२ |
| ९ | मातृ मृत्युदर ( प्रतिलाख जीवित जन्ममा) | संख्या | २३९ | ९९ | २० | २३९ | ९९ | ७० | १५ |
| १० | पाँचवर्ष मुनिका वाल मृत्युदर ( प्रतिहजार जीवित जन्ममा) | संख्या | ३९ | २४ | ८ | २७ | २२ | १५ | ६ |
| ११ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९० | ९८ | ५५.६ | ९५ | ९८ | ९९.५ |
| १२ | युवा साक्षरता दर (१५ देखि २४ वर्ष | प्रतिशत | ८५ | ९९ | १०० | ८६ | ९९ | ९९.० | १०० |
| १३ | आधारभूत तहमा (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९९.५ | १०० | ९४.८ | ९९.५ | ९९.८ | १०० |
| १४ | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ४८.५ | ७२ | ३५.७ | ५० | ६० | ७५ |
| १५ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ | ३ | ९ | ४ | २ | १ |
| १६ | रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ३६.५ | ५० | ७० | ३९.९ | ५५ | ६५ | ७५ |
| १७ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग ( कालोपत्रे | किमि | ६९७९ | १५०००<br>० | ३३००० | ९३७ | ३४५० | ६९५० | १२९३७ |
| १८ | द्रुत लोकमार्ग ( पोखरा दुम्कीवास) | किमि | ७६ | ७६ | २००० | ० | ० | ७० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १९ | रेलमार्ग | किमि | ४२ | २०० | २२०० | ० | ८० | १८० | २०० |
| २० | ३० मिनेटको दूरीमा यातायातको पहुँच भएका घर परिवार | प्रतिशत | ७८.९ | ९५ | ९९ | ८० | ९६ | ९८ | ९९ |
| २१ | विद्युत्मा पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९०.७ | ९९ | १०० | ८२.५ | १०० | १०० | १०० |
| २२ | आधारभुत खानेपानीको पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९४.९ | ९९ | १०० | ९१.१ | १०० | १०० | १०० |
| २३ | ईन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५५.४ | ७५ | १०० | ४८ | ८० | ९० | १०० |
| २४ | जलविद्युत् उत्पादन जडित क्षमता | मेगावाट | १०७४.१ | ५००० | ४०००० | ४४८.५ | १५०० | ६००० | ९००० |
| २५ | प्रतिव्यक्ति प्रति वर्ष विद्युत् उपभोग (किलो वाट घण्टा) | किलोवाट | १९८ | ७०० | ३५०० | १९० | ७५० | १७०० | ३८०० |
| २६ | कृषि उत्पादकत्व (प्रमुख बालीः धान, मकै र गहुँ) | टन हेक्टर | २.९७ | ४ | ६ | २.८ | ४ | ५ | ६ |
| सुखका अल्पकालीन, मध्यकालीन र दीर्घकालिन लक्ष्य | | | | | | | | | |
| १ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ११ | १ | १४.९१ | ७.४ | २ | ० |
| २ | बहुआयमिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | १३ | ३ | १४.२ | ७.२ | २ | ० |
| ३ | ५ वर्ष मुनिका कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ | २ | २९ | १७.३ | १ | १ |
| ४ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७९ | ०.६२ | ०.७६ | ०.५९ | ०.६५ | ०.७० | ०.७८ |
| ५ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ | | ८१.७ | ८३.०० | ९५ | ९५ |
| ६ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ | | १६.९ | १० | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६.५ | १०० | १०० | ८२.७ | १०० | १०० | १०० |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | १७ | ६० | ८० | १०० |
| ९ | हेलो सरकारमार हेलो मुख्यमन्त्रीमा प्राप्त उजुरीको फछ्र्यौट | प्रतिशत | ४८.१३ | ९८ | ९९ | ५३ | ९९ | ९९ | ९९ |
| १० | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | १०० | १०० | ० | १०० | १०० | १०० |
| ११ | पाँच वर्षमुनिका बालबालीकको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | १०० | ६०.१ | १०० | १०० | १०० |
| १२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | ४८.२ | ७० | १०० | ५६ | ८० | ९० | १०० |

स्रोतः गण्डकी प्रदेश आवधिक योजना ( २०७६।०७७(२०८०।८१)

## १.६ समग्र रणनीतिहरु

उद्देश्य १. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु ।

रणनीतिहरू

१.१ अनुसन्धान र विकासलाई सँगसँगै अगाडि बढाई आवश्यक ज्ञान र प्रविधि प्राप्त गरी उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्ने ।

१.२ सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यमा उत्पादन बढाई रोजगार सिर्जना गर्ने, लगानी बढाई दिगो, फराकिलो र समतामूलक उच्च आर्थिक बृद्धि दर हाँसिल गरी सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।

१.३ पिछडिएका क्षेत्र, सामाजिक बहिष्करणमा पारिएका र आर्थिक रुपले सीमान्तकृत् वर्गलाई प्रदेशका विकास निर्माणमा सहभागी गराई सन्तुलित र समतामूलक आर्थिक बृद्धि गर्ने ।

१.४ वन तथा वातावरणको वैज्ञानिक व्यवस्थापन मार्फत् संरक्षण, संवद्र्धन र बजारीकरण गरी जनताको आर्थिक उपार्जन गर्ने ।

१.५ प्रदेशको उत्पादन प्रणाली जलवायु परिवर्तको जोखिम वहन गर्न सक्ने बनाउन प्रयत्न गर्ने ।

उद्देश्य २. पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार र मानव संसाधन विकासको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हाँसिल गरी समृद्ध प्रदेशको आधारशीला निर्माण गर्नु ।

रणनीतिहरू

२.१ पर्यटन व्यवसाय र स्थानीय उत्पादक बीच सहकार्यको साथै पर्यटन व्यवसायीको क्षमता बृद्धि र पर्यटन पूर्वाधारको विकास गरी गुणस्तरीय पर्यटनको विकास गर्ने ।

२.२ हालको निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रीकीकरण र व्यावसायीकरण, सिंचाइ सुबिधाको विस्तार, उच्च उत्पादन दिने उन्नत बिउ र प्राविधिक सहयोगको विस्तार गरी कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हाँसिल गर्ने ।

२.३ संघ, प्रदेश र स्थानीय तहको सहकार्य तथा निजी क्षेत्रको सहभागितामा ठूला र जलाशययुक्त जलविद्युत् आयोजना र सौर्य उर्जाको सँगसँगै उत्पादन र विकास गर्ने ।

२.४ संगठित क्षेत्रमा मझौला तथा ठूला कृषि प्रशोधन र खनिजजन्य नयाँ उद्योगहरूको स्थापना र विस्तार गर्न निजी स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहन गरी प्रदेशको औद्योगिकीकरण गर्ने ।

२.५ पर्यटन, उर्जा, कृषि र उद्योग जस्ता उत्पादनसँग सिधा सम्बन्ध भएका क्षेत्रका लागि चाहिने भौतिक पूर्वाधारहरूको निर्माण निर्धारित समय र लागतमा उच्च गुणस्तरसहित सम्पन्न गरी दिगो र समावेशी आर्थिक बृद्धि गर्ने ।

२.६ विद्यालय र महाविद्यालयमा क्रमशः साधारण शिक्षाबाट प्राविधिक शिक्षातर्फ रुपान्तरण गर्न प्रोत्साहन गरी स्थानीय उत्पादनलाई चाहिने प्राविधिक मानव संसाधन प्रदेश भित्रै उत्पादन गर्ने ।

उद्देश्य ३ः गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा स्वच्छ वातावरणमा पहुँच पुऱ्याई सबै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउनु ।

रणनीतिहरू

३.१ स्थानीय तहसँगको सहकार्यमा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत् सामाजिक समूह, लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षा सुदृढ गर्ने ।

३.२ स्थानीय तह, नेपाल सरकार र विकास साझेदार संस्थाको सहकार्यमा आधारभूत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइमा प्रदेशका सबै नागरिकको समान पहुँच बृद्धि गर्ने ।

३.३ स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी प्रदेशको शहरीकरणलाई ब्यवस्थित अनुमान योग्य, सुरक्षित अवास भएको विकसित क्षेत्रको रुपमा विकास गर्ने ।

३.४ निजी क्षेत्रसँग सहकार्य गरी रोजगारीका नयाँ क्षेत्र पहिचान गर्ने र प्रदेश स्तरमा रोजगार सिर्जना गरी पूर्ण रोजगार र मर्यादित जीवनको विकास गर्ने।

३.५ प्रदेशको शासन प्रणालीमा क्रमिक र समसामयिक सुधार गरी पारदर्शी, उत्तरदायी र जनताका समस्याप्रति सम्वेदनशील शासन प्रणालीको विकास गर्ने

३.६ प्रदेश तथ्याङ्क प्रणालीको स्थापना र विकास गर्ने ।

३.७ प्रदेशको राजस्व परिचालन र आर्थिक प्रणाली सुदृढीकरण गर्ने ।

४. दिगो विकासका लक्ष्यहरू

सन्२०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ । संसारभरका सबै मुलुकले सन्२०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ । नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका

योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन्। तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ । कुल सत्रवटा लक्ष्यहरूमध्ये भू—परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन । यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस गाउँपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ ।

दिगो विकासका लक्ष्यहरू

१ सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने।

२ भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवद्र्धन गर्ने।

३ सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवद्र्धन गर्ने।

४ सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवद्र्धन गर्ने।

५ लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने।

६ सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने।

७ सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने।

८ भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवद्र्धन गर्ने।

९उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवद्र्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने।

१० मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने।

११ शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने।
१२ दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने।
१३ जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने।
१४ दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने।
१५ स्थानीय पर्यावरणीयको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवद्र्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने
१६ दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवद्र्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने।
१७ दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन
सुदृढ गर्ने।

५. राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू

यस गाउँपालिकाको योजना निर्माणका समयमा सघिंय तथा प्रदेश सरकारले योजना तर्जुमा बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक—पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

६. अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तर्राष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्र तथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखि यस गाउँपालिकाको योजना निर्माण गर्नुपर्छ। उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

७. स्थानीय तहमा सहभागी राजनैतिक दलहरूको घोषणापत्रहरू

यो आवधिक योजना निर्माणको समय यस गाउँपालिकामा रहेका राजनैतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा गाउँपालिका वासीका माझ गरेका विकासका राजनैतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्र हरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

८. काठेखोला गाउँपालिकाको दिगो विकास गुरुयोजना( परिदृष्य २१०० ) भाद्र २०७६

वि.सं. २०७२ मा जारी नेपालको संविधानले लामो समयसम्म कायम रहेको केन्द्रिकृत शासन प्रणालीको अन्त्य गरी संघीय शासन प्रणाली स्थापित गरेको छ । जस अनुसार संघ, प्रदेश र स्थानीय तहको निर्वाचन समेत सम्पन्न भई तिन वटै तहमा जननिर्वाचित सरकारहरु क्रियाशिल छन् । स्थानीय तहमा गाउँसभा वा नगरसभाको रुपमा स्थानीय व्यवस्थापिका तथा गाउँपालिका वा नगरपालिकाको रुपमा स्थानीय कार्यकारिणी रहने संवैधानिक व्यवस्था छ ।

उपरोक्त संवैधानिक व्यवस्थाले मूलतः पहुँचको आधारमा टुक्रे आयोजनाहरुको बाँडफाँट गर्नमा सिमित रहेको विगतको केन्द्रिकृत विकास प्रणालीको कमजोरीलाई सच्याउँदै जनउत्तरदायी, दिगो र योजनावद्ध विकास गर्न मार्ग प्रशस्त गरेको छ । यसै क्रममा काठेखोला गाउँपालिकाको वि. सं. २१०० सम्मको विकासको खाका सहितको दिगो विकास गुरुयोजना तर्जुमा गरिएको हो ।

यो गुरुयोजनाले काठेखोला गाउँपालिकालाई सामाजिक न्याय, समानता र सुखको अनुभूति सहित आर्थिक रुपले समृद्ध मानिसहरु बसोबास गर्ने एक वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्ने दिर्घकालिन सोच राखेको छ ।

९. गाउँपालिकाको विद्यमान वस्तुगत अवस्था

गाउँपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र सम्भावनाहरू यस अन्तर्गत वडा भेला, स्थलगत अध्ययन तथा गाउँपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा गाउँपालिकाको प्रमुख

समस्या चुनैती, सम्भावना र आवश्यकता पहिचान गरी सो को क्धइत् विश्लेषण गरे पश्चात आवश्यक योजनाहरू निर्माण गरिएको हो।

## १.४ योजना तर्जुमाका सीमाहरू

सङ्घीय शासन प्रणालीअन्तर्गत स्थापना भएको स्थानीय सरकारको रूपमा रहेको यो गाउँपालिका देशका अन्य स्थानीय तहहरू जस्तै नयाँ अभ्यास र सङ्घीय शासन प्रणाली कार्यान्वयनको प्रारम्भिक चरणमा नै रहेकोले योजना निर्माणका लागि आवश्यक पूर्ण आधारभूत सूचनाको कमी रहेको छ । कतिपय सूचनाहरू संकलन र प्रशोधन गर्न पर्याप्त बजेट, प्राविधिक तयारी र दक्ष जनशक्तिको आवश्यकता पर्ने र सोको तत्काल व्यवस्था गर्न सहज नभएको परिस्थितमा उपलब्ध सूचना, समय र बजेटका केही सीमाहरू भित्र रहेर यो योजना तयार पारिएको हो। कठेखोला गाँउपालिका को यो पहिलो अभ्यास भएकाले बिषयगत क्षेत्रका सूचनाका लागी विषयगत विशेषज्ञ तथा बिषयगत क्षेत्रहरुकै क्षमतामा भर पर्नु परेकोले कतिपय बिषयगत क्षेत्रहरुबाट प्राप्त सूचना अझै पर्याप्त र क्षेत्रगतरुपमा खण्डीकृत एवं अद्यावधिक गर्नुपर्ने महशुस भएको छ । तसर्थः दिगो विकास लगायत गाउँपालिकाले तय गरेका अन्य विकासका क्षेत्रहरूसँग सम्बन्धित परिमाणात्मक लक्ष्यहरूको आधार वर्षका तथ्याङ्कहरूको उपलब्धता तत्काल हुन नसकेको र सोको व्यवस्था भविष्यमा गर्न सके ती लक्ष्य पुनः निर्धारण गर्न सक्ने।

गाउँपालिका द्वारा गर्नु पर्ने अत्यन्त आधारभूत सेवा प्रवाह जस्तै, पिउने पानी खाद्यान्न, शिक्षा,स्वास्थ्य, रोजगार, सडक, सामाजिक सुरक्षा आदिका लागि तय गरिएका कार्यक्रमहरूमा तत्काल बजेटको अभाव हुनेहुँदा वित्तीय सन्तुलनका हिसाबले कतिपय कार्यक्रमका लागि तत्काल बजेट अभाव भएता पनि भविष्यमा बजेटको स्रोत पहिचान र व्यवस्था गर्ने हेतुले आयोजना बैंकमा अभिलेख रहने गरी भएपनि त्यस्ता कार्यक्रमहरूलाई अनिवार्यताका आधारमा प्रस्ताव गरिएको।

## १.५ योजना तर्जुमा विधि र प्रक्रिया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८" र शहरी विकास विभागद्वारा प्रकाशित Planning Norms and Standards 2017 लाई आधार मानिएको छ । दुवैका मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना निर्माण गर्दा अवलम्बन गरिएका असल अभ्यासहरूसमेत अनुशरण गरिएको छ । तसर्थ क्रमशः निम्न चरण पुरा गरी यो योजना तयार गरिएको छ ।

१. योजना तर्जुमा तयारी प्रारम्भिक छलफल

गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा समग्र आवधिक योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत्छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरियो।

२. स्थानीयस्तरमा गाउँपालिकाको समग्र वस्तुस्थिति अध्ययन तथा द्वितीय स्रोतका सूचना संकलन यसअन्तर्गत विज्ञ समूह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य सम्भावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले वडाध्यक्षको संयोजकत्वमा वडाका सम्पूर्ण सरोकारवाला सम्मिलित वडाभेला, छलफल र अन्तरक्रियामार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो।

३. गाउँपालिकाको आधार नक्सासम्बन्धी सूचना संकलन

विषय विज्ञद्वारा प्रत्येक वडाबाट भू—सूचना प्रणालीको प्रयोग गरी आधार नक्सा तयार गर्न आवश्यक भौतिक, आर्थिक, सामाजिक, वातावरणलगायत सम्पूर्ण भू—संकेत र सचना संकलन गरियो।

४. वडाभेलामार्फत् प्राप्त सूचनाहरूको विश्लेषण

वडा भेला र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात्समग्र वस्तुस्थितिको क्धइत् विलेषण गरी गाउँपालिकाका सबल पक्ष, दुर्बल पक्ष, सम्भावना र अवसरहरू पहिचान गर्ने कार्यसम्पन्न गरियो।

५. सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको मस्यौदा तयारी

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादातम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरियो।

६. मस्यौदा योजना उपर सरोकारवालासँग अन्तरक्रिया छलफल

सम्पूर्ण सरोकारवाला तथा कार्यपालिकाको सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा योजना मस्यौदा उपर छलफल तथा अन्तरक्रिया गरे पश्चात् सल्लाह र सुझावसहित परिमार्जनका लागि मस्यौदा पेश गरी वितरण गरियो।

७. एकीकृत दस्तावेज तयारी संशोधन, परिमार्जन पश्चात अन्तिम योजना तयारी तथा स्वीकृति र प्रकाशन मस्यौदा उपर छलफल तथा सुझाव संकलनपश्चात्योजनालाई विषयक्षेत्रगत हिसाबले एकिकृत गरी अन्तिम रूप दिएर गाउँसभा मार्फत प्रक्रिया पुऱ्याई अनुमोदन गरी सर्वसाधारणका लागि प्रकाशन गर्ने निर्णय गाउँकार्यपालिकाले गऱ्यो।

# परिच्छेद — २ गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिका को संक्षिप्त परिचय

नेपालको संविधान २०७२ अनुसार नेपालको शासन प्रणाली संघिय संरचना अनुरुप २०७३ फाल्गुन २७ मा यस गाउँपालिकाको घोषणा भएको हो । यस गाँउपालिकामा साविकको पालाकोट गाविसका वडा नं. १ देखि ५ नं. वडा र सिगाना गाविसको साविक वडा नं. ६, भीमापोखरा गाविस, धम्जा, तंग्राम , विहु, रेश र लेखानी गाविसहरुलाई समावेश गरि काठेखोला गाँउपालिका निर्माण भएको हो । यस गाउँपालिका भित्र ८ वटा वडाहरु छन । यो गाउँपालिका गण्डकी प्रदेशको वाग्लुङ्ग जिल्लामा २८.२०२३९५० देखि २८.३२४३२९० उत्तरी अक्षांश र ८३.४६४८०५० देखि ८३.५६३७२७० पूर्वी देशान्तरमा फैलिएको छ। यो गाउँपालिकाको क्षेत्रफल करिव ८३ वर्ग कि.मी. छ । गाउँपालिकाको पूर्वमा वाग्लुङ्ग नगरपालिका, उत्तरमा म्याग्दी जिल्ला, पश्चिममा गल्कोट नगरपालिका र ताराखोला गाउँपालिका तथा दक्षिणमा जैमिनी र गल्कोट नगरपालिकाहरु पर्दछन। यस गाउँपालिकाको भूभाग समुद्री सतहबाट ९९४.८ मि. देखि २,८२९.६ मि. सम्मको उचाइमा अवस्थित छ। सामान्यदेखि अति भिरालोसम्म भूभाग रहेको यो गाउँपालिकामा न्युनतम ३ डिग्री सेल्सियस देखि अधिकतम ३५ डिग्री सेल्सियस सम्म तापक्रम रहेको पाइन्छ । यहाँका मुख्य नदिनालामा काठेखोला, भुंदीखोला, साङ्खोला, अधेंरीखोला, मंगलखोला, धुवाखोला, खाल्लेखोला र खहरेखोला रहेका छन। यस क्षेत्रमा गाजाको धुरी, घोडाबाँधे, थाप्लेको धुरी, झुलेनीको धुरी, कान्छो धौलागिरी, रामकोट, वसन्ताप, भिमादरवार, तंग्रामको नमुना घांसीकुवा, खोर ताल, तिनचुलेको धुरी, रेशको सत्यवति, लेखानीको शिवालयमन्दिर, मथेको धुरी, पालाको खाङ्गसिङ्गको गुफा आदि जस्ता

धार्मिक तथा प्राकृतिक सम्पदाहरु रहेका छन् । यस गाँउपालिका भित्र मगर, वाह्रमण,क्षेत्रि, कामी, सार्की, दमाई, छन्त्याल, गुरुङ, ठकुरी लगायत जात जातीको वसोवास रहेको छ र गाउँपालिकाको ८,२९५.१३ हेक्टर क्षेत्रफल मध्ये करिव ५५ प्रतिशत (४,५२९.९१ हे) वन क्षेत्र र करिव ४२ प्रतिशत (३,४७३.७५ हे) कृषि क्षेत्रले ओगटेको छ । यो गाउँपालिकामा वडा नं. ७ सबै भन्दा ठूलो वडा (१६२२ हे.) हो भने वडा नं. ५ (१२०३ हे.) सबै भन्दा सानो वडा हो। ।राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार कठेखोला गाउँपालिकाको जम्मा जनसंख्या २२५२६ रहेको छ जस मध्ये पुरुषको संख्या १०२५६ र महिलाको संख्या १२२७० रहेको छ । सोही अनुसार लैंगिक अनुपात १०० महिलामा पुरुषको संख्या ८३.५९रहेको छ । जनघनत्व ( प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) २७१.४० जना रहेको छ । कुल ५८९२ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औसत ३.८२ जना सदस्य रहेको देखिन्छ । गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका हिसाबले यो क्षेत्रलाई कृषिको वैज्ञानिकीकरण र व्यवसायिकीकरण, फलफुल उत्पादन र पर्यटन विकास मार्फत समृद्ध बनाउन सकिने सम्भावना रहेको छ। धान, गहुँ, मकै, कोदो फापर आदि अन्नवालीहरु गाँउपालिका भित्र उत्पादन हुने मुख्य खाद्यान्न वालीहरु हुन् भने आलु, काउली, मुला, टमाटर, खुर्सानी, लहरे तरकारी वाली, लसुन, प्याज आदि यस क्षेत्रमा खेती गरिने मुख्य तरकारी वाली हुन । पालिकाभित्र सुन्तलाजातका फलफुलको व्यवसायिक खेती गर्रिदै आएको छ भने अन्य फलफुल वालीहरुको पनि उत्पादनको राम्रो संभावना रहेको छ । समशितोष्ण क्षेत्रमा सुन्तलाजातका फलफुल, केरा, मेवा तथा कफी र पालिकाको उपल्लो क्षेत्रमा शितोष्ण जलवायुमा हुने फलफुलहरु जस्तै नास्पाती, आरु, आरुवखडा, किवी, ओखर जस्ता फलफुल वालीको व्यवसायीक उत्पादनको वलियो सम्भावना रहेको छ । तरकारी तथा खाद्यान्न वालीको विउ उत्पादन, मसला वालीको व्यवसायीक खेती, औषधीय गुण भएका वनस्पतीहरुको संकलन तथा उत्पादन, मौरीपालन, च्याउखेती जस्ता कृषि व्यवसायको विस्तार गर्न सकेको खण्डमा यस क्षेत्रले पालिकाको समग्र आर्थिक विकासमा महत्वपुर्ण योगदान दिन सक्ने सम्भावना रहेको छ ।

पर्याप्त आधारभूत भौतिक पूर्वाधारहरूको साथै ठूला बजार केन्द्रको विकास हुन नसकेको कारण यस गाउँपालिकामा ठूला स्तरका उद्योगहरू, व्यापार तथा वाणिज्यको विकास भएको छैन यद्यपी यहाँबाट कच्चा पदार्थ भने बाहिरी जिल्लामा समेत निर्यात गरिँदै आएको छ । गाउँपालिकामा कृषि र फलफुलमा आधारित साना तथा मझौला उद्योगहरूको विकासको सम्भावना भने राम्रो छ । यहाँ बैङ्कका शाखाहरु पनि संचालनमा रहेका छन ।अर्कोतर्फ यस गाउँपालिकामा पर्यटनको राम्रो संम्भावना रहेको छ । विशेषगरी कृषि पर्यटन र धार्मिक पर्यटनको प्रमुख सम्भावना रहेको छ

## २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

यो गाउँपालिका २८.२०२३९५० देखि २८.३२४३२९० उत्तरी अक्षांश र ८३.४६४८०५० देखि ८३.५६३७२७० पूर्वी देशान्तरमा फैलिएको समुद्री सतहबाट ८५० मि. देखि २३०० मि. सम्मको उचाइमा अवस्थित रहेको छ । ८३ वर्ग.कि.मी. क्षेत्रफल रहेको यो गाउँपालिका वाग्लुङ जिल्लाको सदरमुकाम बाट ८ कि.मि. पश्चिम पर्दछ। यस क्षेत्रमा अधिकतम ३५ डिग्री र न्युन्तम ३ डिग्री सेल्सीयस सम्मको तापक्रम पाईन्छ । पूर्वमा वाग्लुङ्ग नगरपालिका, उत्तरमा म्याग्दी जिल्ला, पश्चिममा गल्कोट नगरपालिका र ताराखोला गाउँपालिका तथा दक्षिणमा जैमिनी र गल्कोट नगरपालिकाहरू सगँ जोडिएको यो गाँउपालिका साबिकको पालाकोट गा.वि.स.को १,२,३,४,५ नं. वडाहरू र सिगांना गा.वि.स.को वडा नं. ६ मिलेर हालको वडा नं. १ बनेको छ भने साबिकको भीमापोखरा गा.वि.स. हालको वडा नं. २ बनेको छ, साविकको धम्जा गा.वि.स. हालको वडा नं. ३ बनेको छ भने साविकको तंग्राम गा.वि.स. हालको वडा नं. ४ बनेको छ , साविकको विहु गा.बि.स.वाट हालको ५ र ६ नं. वडा बनेका छन , साविकको रेस गा.वि.स. हालको ७ नं. वडा बनेको छ र साविकको लेखानी गा.वि.स. हालको ८ नं. वडा बनेको छ। यस गाउँपालिकाको ८,२९५.१३ हेक्टर क्षेत्रफल मध्ये करिव ५५ प्रतिशत (४,५२९.९१ हे) वन क्षेत्र र करिव ४२ प्रतिशत (३,४७३.७५ हे) कृषि क्षेत्रले ओगटेको छ ।

## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

गाउँपालिकाको भू-बनोट, जैविक विविधता, हावापानी, जलसम्पदा लगायतका समग्र प्राकृतिक सम्पदाको प्रचुरताले विकासमा प्रसस्त सहयोगी भूमिका खेल्न सक्ने देखिन्छ । प्रकृतिको अनुपम सुन्दरता, बिधिध जातजाति र साँस्कृतिक बिविधताले भरिपुर्ण एउटा सुन्दर र रमणीय गाउँपालिका हो, काठेखोला गाउँपालिका । मानव निर्मित प्रकृति जस्तै लाग्ने यहाँका पौराणिक संस्कृतिहरु साँच्चिकै सुन्दर र लोभलाग्दा साँस्कृतिक सम्पत्तिहरु हुन । सिंगो गाउँको पहिचान बोकेका यहाँका सांस्कृतिक सम्पदाहरु समग्र गाउँपालिकाका परिचयहरु हुन । यानिमाया, सोरठी, झ्याउरे र सालैजो जस्ता मौलिक र पुराना भाकाहरु यहाँका वनपाखामा गुञ्जिने गीत संगीतहरु हुन । घोडाबाँधे, गाजा दह, थाप्ले, तिनचुले शिवधुरी, झुलेनी, मोथे, कान्छो धौलागिरि, खोरताल, बसन्ताप, देउराली रेशका चिया बगान जस्ता सुन्दर पर्यटकिय ठाउँहरु प्रकृतिका बरदान प्राप्त उपहारहरु हुन । रामकोट शिवालय मन्दिर, रेशको सत्यवति र लेखानीको शिवालय लगायतका मठमन्दिरहरु धार्मीक आस्थाका स्तम्भहरु हुन । सतुवा, शिकारी लहरा, पहेंले, पाँचऔले, चीराइतोहरु यहाँ पाइने जडीबुटीहरु हुन । आन्तरिक तथा बिदेशी पर्यटकहरुको स्वागतार्थ प्रतिक्षारत होमस्टेहरु स्वदेशी तथा विदेशी पाहुनाहरुका आफ्नै घरहरु हुन । क्षितिज पारि देखिने मधुर मुस्कानरुपी सेता हिमश्रृखलाहरु साँच्चिकै मनमोहक दृश्यहरु हुन । तल तिर कलकल बग्ने खोला नालाहरु, तिनै खोलाहरुमा सलसल बग्ने माछा माछीका भुराहरु, धानका बाला लहलह झुलेका खेतका फाँटहरु, सुन्तलाका वन जस्तै लाग्ने लटरम्म फलेका सुन्तलाका आकर्षक दानाहरु, फूलैफूलको बगैचा जस्तै लाग्ने सामुदायिक वनहरु, तिनै वनपाखाहरुमा गुञ्जने यानीमाया, सालैजो र सोरठीका मौलिक र पौराणिक भाकाहरु, सेतो कमेरो र रातो गेरुमा सजिएका मानव निर्मित छरप्रस्ट बस्तीहरु, तिनै बस्तीहरुमा खेल्ने कलिला अनुहारहरु, टोते बोलीको मिठास संगै भोलीको सुन्दर भविस्य प्राप्ती गर्न तँछाड मछाड गर्दै बिद्यालय हिडेका कलिला बालबालिकाहरु,कोही डोको नाम्लो त कोही नाङलो थुम्से बुन्दै गरेका परिश्रमी हातहरु, पिठ्युमा घाँसको भारी, थाप्लोमा नाम्लो अनि दुई हातले कुरेलो बुन्दै गरेका आकर्षक शिल्पिमय दृश्यहरु,

आन्तरिक तथा बिदेशी पाहुनाहरुको रोजाई सामुदायिक होमस्टेहरु, हरेक घर अगाडि सानो तर चिटिक्क परेको सुन्दर बगैचाहरु, अक्षेत्ते, धम्जा देउराली, बिहुँ पोखरा, सुलडाँडा, भ्युटावर लगायतका आकर्षक मिनी बजारहरु काठेखोलाका पहिचान एवम परिचयहरु हुन । समग्रमा प्राकृतिक सुन्दरता र साँस्कृतिक विविधताले भरिपुर्ण बर्णनमा शब्द नै अभाव हुने साँच्चिकै रमणिय, लोभलाग्दो गाउँपालिका हो त्यसैले यो गाउँ पालिकालाई बहुसांस्कृतिक तथा सम्पदाको धनि मान्न सकिन्छ ।

## २.१.३ जनसांख्यिक अवस्था

नेपाल स्थित संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोषका अनुसार सन्१९९५ देखि नेपालको जनसांख्यिक प्रवृत्तिमा सारभूत भिन्नताहरू देखापरेको छ । यस प्रकारको भिन्नता देखापर्नुका पछाडि घट्दो जन्मदर र मृत्युदर, बढ्दो औसत आयु, पहिलो विवाह गर्दाको बढ्दो उमेर र शहर केन्द्रित तथा सुविधाहरू केन्द्रित बसाइसराइहरू मुख्य कारणहरू रहेको विश्लेषण छ । कम विकसित राष्ट्रको तहबाट मध्यम आय भएका मुलुकहरूको स्तरमा पुग्न राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्य अनुरूप राखेको परिमाणात्मक लक्ष्य हासिल गर्न जनसाङ्ख्यिक चरहरूमा सकारात्मक सङ्केतहरू देखा पर्नु आवश्यक रहेको परिप्रेक्ष्यमा तलको जनसांख्यिक विश्लेषणमा जनसंख्या वृद्धिदर ऋणात्मक दिशातर्फ उन्मुख देखिन्छ । केन्द्रिय तथ्याङ्क विभागले औसत जनसंख्या वृद्धिदर घटनुका पछाडि जनसांख्यिक चरहरू जस्तै ठूलो संख्यामा युवाहरू विदेशिनु, जनचेतनामा भएको सकारात्मक परिवर्तन, एकात्मक परिवारको संख्यामा वृद्धि आदिलाई ठानेको छ । अर्कोतर्फ आन्तरिक बसाइ सराइको प्रवृत्तिलाई हेर्दा हिमाल र पहाडबाट तराईतर्फ र ग्रामीण भेगहरूबाट शहरी केन्द्रहरूतर्फ बसाइसराइ गर्ने र एकात्मक परिवारको संख्या बढ्दै गएको देखिन्छ । यस प्रकारको बसाइसराइको प्रवृत्तिले गर्दा काठमाडौं उपत्यका, बुटवल,पोखरा, तराई तथा देशका अन्य शहरी केन्द्रहरूमा जनसंख्या वृद्धिको अत्यधिक चाप हुने र हिमाली तथा पहाडी जिल्लाहरू र विकट ग्रामीण क्षेत्रहरूमा जनसंख्या वृद्धिदर ऋणात्मक समेत देखिन थालेको छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार कठेखोला गाउँपालिकाको जम्मा जनसंख्या २२५२६ रहेको छ जस मध्ये पुरुषको संख्या १०२५६ र महिलाको संख्या १२२७० रहेको छ । सोही अनुसार लैंगिक अनुपात १०० महिलामा पुरुषको संख्या ८३.५९रहेको छ । जनघनत्व ( प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) २७१.४० जना रहेको छ । कुल ५८९२ घरपरिवार रहेको यस गाउँपालिकामा प्रति परिवार औसत ३.८२ जना सदस्य रहेको देखिन्छ ।

घरपरिवारको संख्या, लिङ्ग अनुसार जनसंख्या, औसत घरपरिवारको आकार र लिङ्ग अनुपात

| वार्ड | घरपरिवारको संख्या | जनसंख्या | | | औसत घरको आकार | लिङ्ग अनुपात |
|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | | |
| पालिका | ५८९२ | २२५२६ | १०२५६ | १२२७० | ३.८२ | ८३.५९ |
| १ | ६४७ | २५०४ | ११३५ | १३६९ | ३.८७ | ८२.९१ |
| २ | ८३० | ३०३६ | १३९९ | १६३७ | ३.६६ | ८५.४६ |
| ३ | ५७४ | २१५४ | ९७७ | ११७७ | ३.७५ | ८३.०१ |
| ४ | ८५७ | ३४०४ | १५७५ | १८२९ | ३.९७ | ८६.११ |
| ५ | ७४३ | २९९० | १४११ | १५७९ | ४.०२ | ८९.३६ |
| ६ | ५५३ | २०७७ | ९६६ | ११११ | ३.७६ | ८६.९५ |
| ७ | ११३२ | ४१६९ | १८२१ | २३४८ | ३.६८ | ७७.५६ |
| ८ | ५५६ | २१९२ | ९७२ | १२२० | ३.९४ | ७९.६७ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## २.२ आर्थिक विकास अवस्था

कठेखोला गाँउपालिकाका आर्थिक विकासका विभिन्न सम्भावना बोकेको गाउपालिका हो । यहाँको उर्वर कृषियोग्य जमिन नै सवैभन्दा ठूलो संभावना भएको स्रोत हो । यहाँ कुल जनसंख्यामध्ये ७१.३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । समशितोष्ण र शितोष्ण जलवायु रहेको यो गाउँपालिका कृषि जैविक विविधताको दृष्टिकोणले धनी क्षेत्रको रुपमा रहेको छ । यस क्षेत्रमा उष्ण प्रदेशीय फलफुल तथा तरकारी देखी शितोष्ण वालीहरुको खेती भैरहेको हुनाले यहाँ फलफूल, तरकारी, खाद्यान्न, माछा पालन, पशु पालन, माहुरी पालन लगायतको प्रचुर सम्भावना रहेको छ । साथै कठेखोला गाउपालिका ऐतिहासिक तथा धार्मिक महत्व भएको गाउपालिका पनि हो र

वाग्लुङ्ग नगरपालिकासँग जोडिएको र राम्रो सडक संजाल भएको काठेखोला गाउँपालिका स्थानीय पर्यटनको हिसावले राम्रो सम्भावना भएको क्षेत्र हो । पदयात्रा गर्दै सुन्दर हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिने टाकुराहरु, केही धार्मिक स्थलहरु र स्थानीय संस्कृति नै यस क्षेत्रका पर्यटनका मुख्य आधारहरु हुन् । यसैगरी यहाँ विभिन्न उद्योगधन्दाहरु सञ्चालन गर्न सकिने सम्भावनाहरु पनि छन् । समग्रमा लगानीको उपयुक्त वातावरण सिर्जना गरी निजी क्षेत्रलाई आकर्षण गर्न सके यहाँका आर्थिक विकासका सम्भावनालाई परिचालन गरी रोजगारी सिर्जना गर्नुका साथै आर्थिक गतिविधि सञ्चालनबाट गाउपालिकाले पर्याप्त लाभ लिन सकिने देखिन्छ ।

## २.२.१ कृषि तथा खाद्य सुरक्षा

काठेखोला गाउँपालिकाको ८,२९५.१३ हेक्टर क्षेत्रफल मध्ये करिव ४२ प्रतिशत (३,४७३.७५ हे) कृषि क्षेत्रले ओगटेको छ । गाउँपालिकाको कुल जनसंख्या मध्ये ७१.३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । समशितोष्ण र शितोष्ण जलवायु रहेको यो गाउँपालिका कृषि जैविक विविधताको दृष्टिकोणले धनी क्षेत्रको रुपमा रहेको छ । यस क्षेत्रमा उष्ण प्रदेशीय फलफुल तथा तरकारी देखी शितोष्ण वालीहरुको खेती भैरहेको देखिन्छ । यहाँ व्यवसायीक कृषकहरुको तुलनामा निर्वाहमुखी कृषि प्रणाली अवलम्वन गरिरहेका कृषकहरुको वाहुल्यता रहेको छ । कृषि योग्य जमिन खण्ड खण्डमा विभाजित रहेकोले व्यवसायीक कृषि प्रणाली अवलम्वन गर्न कठिनाई रहेको देखिन्छ । मध्यपहाडी क्षेत्रका अन्य गाउँहरुको तुलनामा खेतियोग्य जग्गा बाँझो छोड्ने प्रवृत्ति यहाँ कम रहेको भएपनि यस्तो क्रम वढ्दै गएको देखिन्छ ।सिचाईको समस्या पनि उल्लेख्यरूपमा देखिन्छ र सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा सोचेअनुसार को उत्पादन लिन सकिएको छैन । तसर्थ गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रवद्र्धन गर्न सकिन्छ । साथै यो गाउँपालिकाका सबै क्षेत्रहरूमा पशुपालनसमेतको राम्रो सम्भावना रहेको पाइन्छ । यस गाउपालिकामा पर्याप्त

उब्जनीयोग्य कृषि भूमि रहेको हुनाले खाद्य सुरक्षाको दृष्टिकोणबाट सम्पन्न गाउपालिकाको रुपमा रहेको छ।

## २.२.२ पर्यटन तथा संस्कृति

वाग्लुङ्ग नगरपालिकासँग जोडिएको र राम्रो सडक संजाल भएको काठेखोला गाउँपालिका स्थानीय पर्यटनको हिसावले राम्रो सम्भावना भएको क्षेत्र हो । पदयात्रा गर्दै सुन्दर हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिने टाकुराहरु, केही धार्मिक स्थलहरु, मठ मन्दिर र स्थानीय संस्कृति नै यस क्षेत्रका पर्यटनका मुख्य आधारहरु हुन् । यस्तै नेपालकै प्रसिद्ध पर्यटकीय शहर पोखराको नजिकै रहेको र पोखराबाट मुक्तिनाथ जाने पर्यटकीय मार्गको छेवैमा रहेको यस क्षेत्रको निम्ति अग्ला पुलहरुको कारण पर्यटकहरुको संख्या बढिरहेको छ। यस क्षेत्रमा गाजाको धुरी, घोडाबाँधे, थाप्लेको धुरी, झुलेनीको धुरी, कान्छो धौलागिरी, रामकोट, वसन्ताप, भिमादरवार, तंग्रामको नमुना घांसीकुवा, खोर ताल, तिनचुलेको धुरी, रेशको सत्यवति, लेखानीको शिवालयमन्दिर, मथेको धुरी, पालाको खाङ्गसिङ्गको गुफा आदि जस्ता धार्मिक तथा प्राकृतिक सम्पदाहरु रहेका छन् ।यिनै प्राकृतिक सम्पदा र संस्कृतिलाई जगेर्ना गर्दै पर्यटन सेवा विस्तार गर्न सके राम्रो आर्थिक सम्भावना रहेको छ ।

## २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

गाउँपालिकामा ठूला उद्योगहरू सञ्चालनमा आउन नसके पनि उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु , कृषिजन्य उद्योगहरू रहेका छन जसमा परम्परागत रूपमा गरीने खेति सगसगै सुन्तला जन्य फलफुलखेतिको अलावा माहुरी व्यावसाय ले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुर्‍याएको छ । यस गाँउपालिकामा विभिन्न सेवासँग सम्बन्धित उद्योगहरु सवैभन्दा बढी दर्ता भएका छन् । त्यसपछि कुटानी, पिसानी,पेलानीजस्ता उत्पादनमूलक उद्योगहरु सम्बन्धित र निर्माण उद्योगहरु दर्ता भएका छन् । यहाँ रहेको सडकको पहुँच, छिमेकी गा.पा./न.पा.सँग सिमाना जोडिनु तथा पर्याप्त जमिन र कृषिजन्य कच्चा पदार्थको सम्भावना रहेको हुनाले उद्योगका लागि आवश्यक न्यूनतम कुराहरु रहेको देखिन्छ । सहरी विकासलाई ग्रामिण विकासको पृष्ठपोषणमा

लिनुआजको आवश्यकता हो । पर्याप्त आधारभूत भौतिक पूर्वाधारहरूको विकास हुन नसकेका कारण यहाँ ठूला बजार केन्दहरू, उद्योगहरू, व्यापार तथा बाणिज्यको विकास भएको छैन तसर्थ उद्योग धन्दा र व्यापारिक तथा व्यावसायिक कृयाकलापहरू वृद्धि हुनका लागि सहरको विकासमा क्षेत्रिय सन्तुलन कायम राख्नु पनि आजको आवश्यकता हो ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

गुणस्तरीय जनशक्ति उत्पादन गरी श्रम तथा रोजगारमार्फत देशको उत्पादकत्व वृद्धि गर्न युवाको अहम भूमिका रहेको हुन्छ । श्रम तथा रोजगारीको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा स्थापित गरेको छ भने यसको केन्द्रविन्दुमा युवा रहेका छन्। गाँउपालिको जनसंख्याको एउटा महत्वपूर्ण हिस्सा मूलतः अधिकांश युवाशक्तिको वैदेशिक रोजगारीको गन्तव्यको रुपमा साउदी अरेबिया, कतार, मलेशिया, जापान, कोरिया, ओमन, मालदिभ्स, साइप्रस, बहराइन, अफगानिस्तान, हङकङ तथा युरोपियन मुलुकहरु रहेका छन् र भारतका विभिन्न स्थानका साथै खाडी मुलुकहरुमा अर्धदक्ष श्रमिकका रुपमा पनि काममा जाने गरेका छन् । जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ वोकेको यस गाउँपालिकाले युवा शक्तिलाई देशमै उपयुक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ। गाउँपालिकामा वित्तीय कारोवार गर्ने बैकहरु स्थापना भएका छन । व्यापारिक बाहेक अन्य क्षेत्रलाइ समेटने गरी लभुवित्त सहकारी जस्ता संस्थाहरुले गाँउ गाँउमा पुगेर लगानी गरीरहेका छन । कृषि तथा पशुपालन र फलफुल खेतिमा पनि वित्तिय संस्थाहरुले आफनो लगानी गरेका पाइन्छन ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ भने सामान्य स्तरको स्वास्थ्य सेवाहरू भने गाउँपालिकामा रहेको एकमात्र

प्राथमिक स्वास्थ्य केन्द्र तथा विभिन्न स्वास्थ्य चौकीहरू, आधारभूत स्वास्थ्य केन्द्रहरू र स्वास्थ्य इकाईहरू मार्फत प्रदान भइरहेको पाइन्छ । जटिल रोगको परीक्षण तथा उपचार र आकस्मिक सेवा प्राप्त गर्न बाग्लुङ सदरमुकाम ,पोखरा,बुटवल,काठमाण्डौ , भारत, जाने गर्दछन्। आधारभूत स्वास्थ्य सेवाको प्रबन्ध गर्न प्रत्येक वडामा सुविधा सम्पन्न स्वास्थ्य चौकीहरू स्थापना गर्नुका साथै भइरहेका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले स्वास्थ्य सेवामा सबै जनताको पहुँच पुर्याउने उद्देश्यका साथ सबै स्वास्थ्य संस्थामा व्यवस्थापन समिति गठन गरी स्वास्थ्य विमा कार्यक्रम शुरु गर्नुपर्ने हुन्छ।

## २.३.२ शैक्षिक विकास

नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको मौलिकहकको रूपमा स्थापित गरेको र विशेषगरी आधारभूत तह सम्मको शिक्षा निशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ । ग्रामीण परिवेशको क्षेत्र भएकोले शिक्षाका आधारभूत पूर्वाधारहरूको पर्याप्त विकास हुन नसकेता पनि शिक्षाको सवालमा भने गाउँपालिकामा ५० वटा उच्च मा. बि देखि आधारभुत तह सम्मका सार्वजनिक बिद्यालयहरु र ३ वटा संस्थागत विद्यालयहरू संचालनमा रहेका छन त्यसै गरी गुरुकुल विद्यालयः १ वटा, क्याम्पस २ वटा संचालनमा छन। शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरूप यस गाउँपालिकालको साक्षरता दर ७८.४१ प्रतिशत रहेको छ।यस पालिकामा सामुदायिक विद्यालयको स्तर वृद्धि गर्नुपर्ने ठुलो आवश्यकता रहेको छ भने उच्च अध्ययन र प्राविधिक शिक्षाका लागि थप लगानी गर्नु पर्ने देखिन्छ ।

| ५ वर्ष र माथिको जनसंख्या को साक्षरता स्थिति, | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वार्डहरू | सेक्स | ५ वर्ष र माथि उमेरको जनसंख्या | जनसंख्या को | | | भनिएको छैन | साक्षरता दर |
| | | | पढ्न र लेख्न सक्छ | पढ्न मात्र मिल्छ | पढ्न र लेख्न सक्दैन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पालिका | कुल | २०८४६ | १६३४५ | २१५ | ४२७२ | १४ | ७८.४१ |
| | पुरुष | ९३४० | ८०७६ | ७४ | ११८६ | ४ | ८६.४७ |
| | महिला | ११५०६ | ८२६९ | १४१ | ३०८६ | १० | ७१.८७ |
| १ | कुल | २३२७ | १८७१ | ५ | ४५१ | ० | ८०.४० |
| | पुरुष | १०३९ | ९१५ | १ | १२३ | ० | ८८.०७ |
| | महिला | १२८८ | ९५६ | ४ | ३२८ | ० | ७४.२२ |
| २ | कुल | २७९२ | १९९० | ७३ | ७२७ | २ | ७१.२८ |
| | पुरुष | १२५९ | ९९२ | ३३ | २३३ | १ | ७८.७९ |
| | महिला | १५३३ | ९९८ | ४० | ४९४ | १ | ६५.१० |
| ३ | कुल | १९८७ | १६९३ | ५ | २८२ | ७ | ८५.२० |
| | पुरुष | ८८८ | ८२७ | ० | ६० | १ | ९३.१३ |
| | महिला | १०९९ | ८६६ | ५ | २२२ | ६ | ७८.८० |
| ४ | कुल | ३१८२ | २३६८ | ४४ | ७६८ | २ | ७४.४२ |
| | पुरुष | १४६४ | ११९६ | १५ | २५२ | १ | ८१.६९ |
| | महिला | १७१८ | ११७२ | २९ | ५१६ | १ | ६८.२२ |
| ५ | कुल | २७५० | २२८५ | ११ | ४५४ | ० | ८३.०९ |
| | पुरुष | १२६६ | ११५१ | ४ | १११ | ० | ९०.९२ |
| | महिला | १४८४ | ११३४ | ७ | ३४३ | ० | ७६.४२ |
| ६ | कुल | १९०९ | १३३६ | १६ | ५५७ | ० | ६९.९८ |
| | पुरुष | ८६९ | ६८० | ३ | १८६ | ० | ७८.२५ |
| | महिला | १०४० | ६५६ | १३ | ३७१ | ० | ६३.०८ |
| ७ | कुल | ३८५९ | २९८४ | ४७ | ८२५ | ३ | ७७.३३ |
| | पुरुष | १६५६ | १४६४ | १५ | १७६ | १ | ८८.४१ |
| | महिला | २२०३ | १५२० | ३२ | ६४९ | २ | ६९.०० |
| ८ | कुल | २०४० | १८१८ | १४ | २०८ | ० | ८९.१२ |
| | पुरुष | ८९९ | ८५१ | ३ | ४५ | ० | ९४.६६ |
| | महिला | ११४१ | ९६७ | ११ | १६३ | ० | ८४.७५ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

| विद्यालय हाजिरीको स्थिति अनुसार ५ देखि २५ वर्षसम्मको जनसंख्या | | | | | | |
|---|---|---|---|---|---|---|
| वार्डहरू | सेक्स | कुल | हाल विद्यालय उपस्थिति स्थिति | कहिल्यै उपस्थित (हाल उपस्थित छैन | उपस्थिति उल्लेख गरिएको छैन | भनिएको छैन |
| पालिका | कुल | ५७१२ | ४६०६ | ९८९ | १०० | १७ |
| | पुरुष | २८८१ | २३९२ | ४३५ | ४७ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | महिला | २८३१ | २२१४ | ५५४ | ५३ | १० |
| | कुल | ६०८ | ४९३ | १०५ | १० | ० |
| १ | पुरुष | ३१७ | २६३ | ४८ | ६ | ० |
| | महिला | २९१ | २३० | ५७ | ४ | ० |
| | कुल | ७५९ | ६३३ | ९७ | २६ | ३ |
| २ | पुरुष | ३९९ | ३४६ | ३८ | १४ | १ |
| | महिला | ३६० | २८७ | ५९ | १२ | २ |
| | कुल | ५८५ | ४६४ | १०८ | ५ | ८ |
| ३ | पुरुष | २९५ | २३६ | ५३ | ४ | २ |
| | महिला | २९० | २२८ | ५५ | १ | ६ |
| | कुल | ८२३ | ६३४ | १६९ | २० | ० |
| ४ | पुरुष | ४३१ | ३३४ | ८६ | ११ | ० |
| | महिला | ३९२ | ३०० | ८३ | ९ | ० |
| | कुल | ८५५ | ६८९ | १५७ | ८ | १ |
| ५ | पुरुष | ४२१ | ३५२ | ६६ | २ | १ |
| | महिला | ४३४ | ३३७ | ९१ | ६ | ० |
| | कुल | ४६७ | ३९१ | ५६ | २० | ० |
| ६ | पुरुष | २३० | १९९ | २५ | ६ | ० |
| | महिला | २३७ | १९२ | ३१ | १४ | ० |
| | कुल | १०६६ | ८३७ | २१६ | ९ | ४ |
| ७ | पुरुष | ५०९ | ४१७ | ८६ | ४ | २ |
| | महिला | ५५७ | ४२० | १३० | ५ | २ |
| | कुल | ५४९ | ४६५ | ८१ | २ | १ |
| ८ | पुरुष | २७९ | २४५ | ३३ | ० | १ |
| | महिला | २७० | २२० | ४८ | २ | ० |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## २.३.३ खानेपानी तथा सरसफाइ

खानेपानी मानव जीवनका लागि नभई नहुने आधारभूत आवश्यकता हो भने सरसफाई मानिसको स्वास्थ्य र प्रतिष्ठासँग गाँसिएको महत्वपूर्ण पक्ष हो । त्यसैले खानेपानी तथा सरसफाईलाई सामाजिक तथा आर्थिक विकासको प्रमुख आधारका रुपमा लिन सकिन्छ । दुषित खानेपानी तथा कमजोर सरसफाइको कारण नेपालमा वर्षेनी ५ वर्षभन्दा कम

उमेरका करिव १३००० वालवालिकाहरु मृत्युको मुखमा पर्ने गरेका छन् । ८० प्रतिशत रोगहरु पनि प्रदुषित खानेपानी तथा कमजोर सरसफाइको कारण हुने तथ्य जगजाहेर नै छ ।यस गाँउपालिकाको ५८९२ घरधुरी मध्ये १७५६ घरधुरीले आफ्नै घरमा खानेपानी सुविधा लिएको छ । भने बांकी ३८८८ घरधरीले सार्वजनिक धाराको पानी खाने गरेको देखीन्छ।त्यस्तै ३६घरधुरी बाहेक अन्य घरधुरीहरुमा चर्पीको प्रयोग भईसकेको देखिन्छ । यसरी यस गाउपालिकामा निकट भविष्यमा खानेपानी र सरसफाईका हिसावले पूण रुपमा व्यवस्थित हुने देखिन्छ। तर पानी शुद्धीकरणको प्रभावकारी उपाय अवलम्बन नभएको पाइन्छ । प्रत्येक वडामा सम्पूर्ण घरधुरीमा पूर्णरूपमा शुद्ध पिउने पानीको प्रबन्ध हुन सकेको छैन । खानेपानी वितरणलाई पूर्णता दिन ठुलो लगानी गर्नुपर्ने अवस्था रहेको छ।

पिउने पानीको मुख्य स्रोतबाट घरपरिवारको संख्या

| वार्ड | कुल | पिउने पानीको मुख्य स्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ट्याप/पाइप पानी (परिसर भित्र) | ट्याप/पाइप पानी (परिसर बाहिर) | राम्रोसँग ढाकिएको/कुवा | राम्रोसँग खोलिएको/कुवा | थोपा पानी | नदी / खोला | जार / बोतल | अरू |
| पालिका | ५८९२ | १७५६ | ३८८८ | ३ | २३ | १९० | २५ | ० | ७ |
| १ | ६४७ | ४८१ | १५७ | १ | ८ | ० | ० | ० | ० |
| २ | ८३० | ३५५ | ४३५ | ० | २ | ३६ | १ | ० | १ |
| ३ | ५७४ | १७८ | ३२९ | ० | ० | ६५ | २ | ० | ० |
| ४ | ८५७ | १११ | ७२७ | ० | ५ | १३ | ० | ० | १ |
| ५ | ७४३ | १७० | ५६१ | १ | २ | ४ | २ | ० | ३ |
| ६ | ५५३ | ५८ | ४९२ | ० | १ | १ | ० | ० | १ |
| ७ | ११३२ | २८३ | ७७८ | ० | २ | ५० | १९ | ० | ० |
| ८ | ५५६ | १२० | ४०९ | १ | ३ | २१ | १ | ० | १ |

शौचालय सुविधाको प्रकार अनुसार घरपरिवारको संख्या

| वार्ड | कुल | प्रयोग गरिएको शौचालयको प्रकार | | | | शौचालयको सुविधा नभएको |
|---|---|---|---|---|---|---|
| | | फ्लस शौचालय (सार्वजनिक ढल) | फ्लस शौचालय (सेप्टिक ट्याङ्की) | पिट शौचालय | सार्वजनिक शौचालय | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पालिका | ५८९२ | १९१ | ५२२८ | ४२० | १७ | ३६ |
| १ | ६४७ | ७२ | ५६५ | ६ | ० | ४ |
| २ | ८३० | ५ | ६५९ | १५१ | १० | ५ |
| ३ | ५७४ | ५० | ५१७ | ५ | ० | २ |
| ४ | ८५७ | ३१ | ८०१ | २२ | १ | २ |
| ५ | ७४३ | ८ | ७०५ | २७ | १ | २ |
| ६ | ५५३ | ३ | ५०७ | ३३ | ० | १० |
| ७ | ११३२ | १० | ९४८ | १६३ | १ | १० |
| ८ | ५५६ | १२ | ५२६ | १३ | ४ | १ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

समाजमा सिमान्तकृत जनसंख्यालाई मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जिवनयापन गर्न पाउने नैसर्गिक अधिकार सुनिश्चित नगर्दासम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न सकिदैन । त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ । यस पालिका मा जातिय छुवाछुत छोइ छिटोको कम भए पनि खान पान र भोज भतेरमा कायमै रहेको छ। दलित र विपन्न परिवारहरुमा बढि बालबिवाह देखिन्छ। शिक्षा र अवसरमा केही मात्रामा छोरा र छोरीमा फरक व्यवहार । छोरा पाउनु पर्ने दवाव । महिलाहरुलाई सामाजिक र सार्वजनिक स्थानमा भाग लिन र आफ्ना कुरा राख्न नपाउने अवस्था समुदायमा जातिगत विभेदको अध्ययन गर्दा महिला, पुरुष, दलित, जनजाति तथा माथिल्लो जाति र दलितको बिचमा छुवाछुत, धनी गरिब बिचको ठूलो खाडल छ भन्ने तथ्य माथिका महिलामा गरिने बिभेद, सामाजिक कार्य जस्ता कार्यमा खानपान र भोज भतेरमा गरिने भेदभावले पुष्टि गरेको पाईन्छ । त्यति मात्र होइन विपन्न र दलित विचमा आफैमा पनि छुवाछुतको भावना रहेको पाउन सकिन्छ । यस्ता कारणहरूले गर्दा कहिले काही मनमुटाव हुने गरेको पाईन्छ ।सामाजिक सहिष्णुताको कुरा गर्दा जस्लाई जे धर्म मान्न वा आस्था छ उस्ले त्यो धर्म निर्धिक्क साथ मान्न पाउने चलन छ त्यसमा कसैको केही दवाव छैन।समाजमा विद्यमान रहेको अन्धविश्वास र

कुसंस्कारको परम्परामा महिलालाई बोक्सीको आरोप लगाउने, कोही बिरामी हुँदा धामी झाँक्रिकोमा गई उपचार गराउने चलन अझै पनि रहेको छ यदि धामी झाक्रिको उपचार बाट निको नभएमा मात्र स्वास्थ्य संस्था लैजाने चलन रहेको छ ।समुदायमा सामाजिक बन्धनको र भर पर्ने कुरामा कामको हिसावले धनी गरिव माथि र गरिब मजदुरी गरि ज्याला पाउने भएको धनीमा निर्भर गरेको पाइन्छ । यसरी उनी एक अर्का प्रति परनिर्भर रहेको पनि पाउन सकिन्छ । यसर्थ पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरुपको समाजमा अझैपनि रहेको यस गाउँपालिकालाई रुपान्तरण गर्न सामाजिक जागरणको पर्याप्त आवश्यक रहेको देखिन्छ ।

### २.३.५ युवा, खेलकुद तथा कला

गाउँपालिका मनोरञ्जनको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका आधुनिक तथा सुविधा सम्पन्न खेलकुद मैदानहरू नभएपनि खेलकुद तथा मनोरंजको रुपमा गाउपालिकाका यूवाहरु फुटवल, क्रिकेट, भलीवल, व्याडमिन्टन, कब्बडी खेल्ने गरेको पाईन्छ। खेलमैदानहरू खुल्ला जमिन, चौर, पोखरी, गुठीहरूमा यहाँका मानिसहरूले खेल तथा मनोरञ्जन लिने गरको पाइन्छ तर ती खुला जमिन, चौर तथा मैदान व्यवस्थित खेलमैदानको रूपमा विकसित भईसकेको छैन । खेलकुद मैदानको रुपमा विद्यालय का खेलमैदानहरू लाइ प्रयोग गरेको पाईन्छ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

परम्परागत हिसाबले प्राचिनकालदेखि नै वस्ती बसाल्ने सन्दर्भमा पानीको सुविधा, खेती योग्य क्षेत्र र बन पशुपालनलाई पायक स्थानमा यत्रतत्र छरिएर बस्ने प्रचलन भएकोले आ—आफ्नो पायक अनुसार सबै वडाहरूमा कतै बाक्लो तथा कतै पातलो हिसाबले यस प्रकारका वस्ती क्षेत्रहरू रहेका छन्।यस गाउपालिकाको अधिकांश भिरालो भुमी भएकाले वसोवासको स्थिति हेर्दा अधिकांश वस्तीहरु छरीयर रहेको अवस्थामा पाइन्छ । बस्ती विकासलाई निर्देशित गर्ने किसिमका कुनै कार्यक्रमहरु पनि छैनन् । यस पालिकामा नक्सा विना नै भवन निर्माण भइरहेका छन र यो गति बढदो देखिन्छ । हालका दिनहरुमा सडक किनार तथा बजारका

कतिपय घरहरु आधुनिक किसिमबाट तयार गर्ने क्रम बढ्दो छ । यद्यपि भूकम्प प्रतिरोधी एवं भवन संहिता वमोजिमका आवासहरु नगन्य मात्रामा निर्माण हुने गरेका छन् । सडक र यातयाताका साधनहरुको पहुँचका कारण ग्रामीण क्षेत्रका घरहरुको निर्माण सामग्री आधुनिक स्वरुपमा निर्माण भएका छन् । पछिल्ला दिनहरुमा अधिकांश घरहरु जस्ता,टायल र सिमेन्ट जडित ढलानको बन्ने गरेका छन । यस गाउपालिकामा शहरी जनसंख्या छैन सबै ग्रामीण बसोबास गरेको पाइन्छ । सेवा प्रवाहका दृष्टिकोणले यसरी छरिएको वस्तीहरूमा पूर्वाधार र सेवा पुर्याउन राज्यलाई हम्मे हम्मे पर्दछ भने लागत समेत अत्यन्त बढी पर्दछ । तसर्थ यस्ता क्षेत्रका वस्तीहरूलाई उपयुक्त स्थानमा एकीकृत रूपमा स्थानान्तरण गर्दा कालान्तरमा राज्यलाई फाइदा पुग्नुका साथै जनतालाई सहज, सुरक्षित आवास क्षेत्रहरू निर्माण हुन्छत्र सेवा प्रवाह सहज हुन जान्छ । साथसाथै भुकम्प, बाढी, डढेलो लगायतका प्राकृतिक प्रकोपबाट समेत यस्ता वस्तीहरू कतिपय अवस्थामा जोखिममा रहेका छन तसर्थ तिनीहरूको सुरक्षाका लागि समेत एकिकृत र सुरक्षित वस्ती विकासको सान्दर्भिकता पुष्टी हुन्छ ।

आवास इकाईको छानाको प्रकार अनुसार घरपरिवारको संख्या

| वार्डहरू | कुल | घरको छानो | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्ता पाता | प्रचलित सिमेन्ट कंक्रीट | थैच / पराल | टाइल | ढुङ्गा/स्लेट | काठ / फलकहरू | माटो | अरू |
| पालिका | ५८९२ | १२८३ | १८८ | ८५ | ५ | ४३२६ | २ | ० | ३ |
| १ | ६४७ | २८६ | ४६ | ७ | ० | ३०७ | ० | ० | १ |
| २ | ८३० | १५८ | ३० | ३ | ० | ६३९ | ० | ० | ० |
| ३ | ५७४ | १३९ | ४ | १८ | ० | ४१२ | १ | ० | ० |
| ४ | ८५७ | ७२ | १३ | १७ | १ | ७५४ | ० | ० | ० |
| ५ | ७४३ | १५० | २२ | ५ | १ | ५६४ | ० | ० | १ |
| ६ | ५५३ | ७८ | १२ | ६ | ३ | ४५४ | ० | ० | ० |
| ७ | ११३२ | २७३ | ४० | १२ | ० | ८०७ | ० | ० | ० |
| ८ | ५५६ | १२७ | २१ | १७ | ० | ३८९ | १ | ० | १ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

| आवास इकाईको स्वामित्वको प्रकार अनुसार घरपरिवारको संख्या | | | | | |
|---|---|---|---|---|---|
| वार्ड | कुल | स्वामित्व को प्रकार | | | |
| | | स्वामित्व भएको | भाडामा लिएको | संस्थागत* | अन्य |
| पालिका | ५८९२ | ५६३१ | २१४ | १० | ३७ |
| १ | ६४७ | ६२७ | १८ | ० | २ |
| २ | ८३० | ७९२ | ३० | १ | ७ |
| ३ | ५७४ | ५५८ | ९ | १ | ६ |
| ४ | ८५७ | ८४८ | ७ | ० | २ |
| ५ | ७४३ | ६४२ | ८९ | ७ | ५ |
| ६ | ५५३ | ५१८ | ३४ | ० | १ |
| ७ | ११३२ | ११०८ | १६ | ० | ८ |
| ८ | ५५६ | ५३८ | ११ | १ | ६ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## २.४.२ सडक, पुल तथा यातायात

काठेखोला गाउँपालिकाको करिव मध्यभागबाट मध्यपहाडी लोकमार्ग निर्माण भइरहेको छ । यो लोकमार्ग यस गाउँपालिकाको समग्र विकासको मेरुदण्ड हो । यसै लोकमार्गको दायाँ वायाँ सबैजसो गाउँ, टोलहरुमा सडक पुगेको अवस्था छ जसले मानिसहरुको आवत जावतलाई मात्रै नभई कृषि उपजको विक्रि वितरणलाई समेत सहज बनाएको छ । तर यस्ता धेरै जसो सडकहरु साँघुरा र जोखिमयुक्त रहेका छन् भने हरेक वर्ष सडक मर्मतमा धेरै लागत खर्च हुने अवस्था छ । यसका अतिरिक्त भिरालो भूभागमा रहेका यस्ता सडकहरुले भूक्षय, पहिरो जस्ता वातावरणीय समस्याहरु समेत निम्त्याएका छन् अर्को तर्फ गाउँपालिका भित्रका थुप्रै सडकहरू कच्ची अवस्थामा रहेका हुनाले बर्षातमा हिलो र खाल्डाखुल्डि बढ्ने साथै हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरू रहेका छन्। यद्यपि हाल गाउँपालिका भित्रका केही सडकहरू बिस्तार तथा स्तरोन्नति भइरहेका छन्। यातायातका साधनहरूको उचित व्यवस्थापन तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था कमजोर रहेको पाइन्छ

। सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धिगर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने, रोजगारी सिर्जना गर्ने, गरिबी न्यूनीकण गर्ने र आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने हुदाँ यस गाउँपालिकामा सडक तथा यातायात गुरुयोजना तय गरी सोही अनुरूप योजनाबद्ध एवं व्यवस्थित तवरले सडक सञ्जालको बिस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।

## २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

गाउँपालिकाको कुल घरपरिवारहरू मध्ये घरायसी प्रयोजनको ५४९३ परिवारले काठदाउरा, र ३८८ परिवारले काठदाउराको बैकल्पीक प्रयोगमा एलपी ग्यास र ५ परिवारले विद्युतीय चुलो प्रयोग गर्ने स्थानीयहरू वताउछन । सबै वडामा काठदाउराको, सामुदायिक वन तथा निजी वन रहेका छन्। काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये प्रत्यक्षरूपमा स्वास्थ्यमा पर्ने असर र वनको विनाश प्रमुख हुन्। त्यसैगरी कुनै पनि क्षेत्रविशेषमा बसोबास गर्ने नागरिकको जनजीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युतीतथा ऊर्जाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस गाँउपालिकामा ९८.५ प्रतिशत धरपरिवारमा विद्युत सेवा पुगेको छ । गाउँपालिकाका केही क्षेत्रमा नगन्यरुपमा सौर्य उर्जाको पनि प्रयोगमा रहेको छ ।

खाना पकाउन प्रयोग हुने इन्धनको प्रकार अनुसार घरपरिवारको संख्या

| वार्ड | कुल | इन्धन को प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | काठ/ दाउरा | तरल पेट्रोलियम ग्यास | बिजुली | गाईको गोबर | बायो ग्यास | केरोसिन | अरू |
| | ५८९२ | ५४९३ | ३८८ | ५ | ० | २ | २ | २ |
| १ | ६४७ | ५९५ | ५० | १ | ० | १ | ० | ० |
| २ | ८३० | ८०८ | २२ | ० | ० | ० | ० | ० |
| ३ | ५७४ | ५४८ | २५ | ० | ० | ० | १ | ० |
| ४ | ८५७ | ७९१ | ६३ | ० | ० | १ | १ | १ |
| ५ | ७४३ | ६६० | ८१ | २ | ० | ० | ० | ० |
| ६ | ५५३ | ५११ | ४२ | ० | ० | ० | ० | ० |
| ७ | ११३२ | १०५० | ७९ | २ | ० | ० | ० | १ |
| ८ | ५५६ | ५३० | २६ | ० | ० | ० | ० | ० |

(स्रोतः राष्ट्रिय जनगणना २०७८

प्रकाशको सामान्य स्रोतबाट घरपरिवारको संख्या

| वार्ड | कुल | प्रकाश को सामान्य स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | बिजुली | सौर्य | केरोसिन | बायो ग्यास | अरू |
| पालिका | ५८९२ | ५८०८ | ५८ | ७ | ० | १९ |
| १ | ६४७ | ६२५ | १९ | २ | ० | १ |
| २ | ८३० | ८२२ | ५ | २ | ० | १ |
| ३ | ५७४ | ५५९ | ११ | १ | ० | ३ |
| ४ | ८५७ | ८४५ | ६ | ० | ० | ६ |
| ५ | ७४३ | ७३२ | ५ | ० | ० | ६ |
| ६ | ५५३ | ५४५ | ७ | ० | ० | १ |
| ७ | ११३२ | ११२६ | ४ | २ | ० | ० |
| ८ | ५५६ | ५५४ | १ | ० | ० | १ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## २.४.४ सूचना, सञ्चार तथा प्रविधि

यस गाउपालिकामा लेखानी, रेश, धम्जामा सरकारी इलाका हुलाक कार्यालय रहेको भएता पनि यसको प्रयोग घट्दै गएको छ । सञ्चारका धेरै माध्यमहरु मध्ये करिव ७९ प्रतिशत घरधुरीले मोवाइल फोन प्रयोग गर्ने गर्दछन् । मोवाइल फोनको नेटवर्क प्रायः सबै गाउँहरुमा पुगेको अवस्था छ ।१९१० परिवारले इन्टरनेट प्रयोग गर्ने गर्दछन। सामान्यतया यस गाउँपालिकामा नेपाल टेलिकम, एनसेलजस्ता दुरसञ्चार सेवा प्रदायक कम्पनीहरूले सेवा प्रदान गरेका छन्। मोबाइल फोनको प्रयोग मार्फत सूचना र खबर आदान प्रदान गर्ने गरेको यो गाउँपालिकामा हुरी बतास र बर्षातको समयमा Network Coverage को हिसाबले कमजोर रहेको छ । विभिन्न किसिमका इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधारमा थप लगानी गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा रेडियो नेपाल र विभिन्न स्थानीय एफएम प्रसारण सुन्न पाइन्छ ।टेलिभिजन प्रसारणको एकमात्र माध्यम डीसहोम रहेकोछ।

| घरायसी सुविधाहरू/प्रयोग गरिएका सम्पत्तिहरूद्वारा घरपरिवारको सङ्ख्या | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वार्ड | घरायसी सुविधाहरू/सम्पत्तिका प्रकारहरू | | | | | | | | | | | | | |
| | रेडियो | टेलिभिजन | ल्याण्ड लाइन | मोबाइल फोन (सामान्य) | मोबाइल फोन (स्मार्ट) | कम्प्युटर/ल्यापटप | इन्टरनेट | कार/जीप/भ्यान | मोटर | साइकल | विद्युतीय पंखा | फ्रिज | कपडा धुने | एयर कन्डिसनर |
| सबै वडाहरू | १९७३ | ३०७४ | ११८ | ४५५६ | ४६६९ | ५१६ | १९१० | १५० | ३९३ | ७१ | ६० | १९९ | ११ | ३ |
| १ | १३८ | ३७० | ३७ | ४९४ | ५२४ | ९४ | १९५ | ५२ | ४३ | २३ | १७ | ३८ | ० | ० |
| २ | २४८ | ३८७ | ११ | ६०० | ६२८ | ६९ | २२३ | १३ | ५२ | ३ | ६ | २७ | १ | ० |
| ३ | ११८ | २६६ | ६ | ४५४ | ४५२ | ३४ | २०५ | १४ | ४३ | ७ | ३ | ६ | १ | ० |
| ४ | ३९७ | ३९९ | २४ | ६८१ | ६४२ | ७४ | १५९ | २६ | ४५ | १३ | १३ | २६ | ० | १ |
| ५ | २२० | ३२२ | ११ | ५९४ | ६०० | ६१ | २९५ | १४ | ६९ | १५ | १ | १५ | ३ | ० |
| ६ | २५६ | ३१२ | ११ | ४५८ | ४२४ | ४७ | २४५ | १० | ५९ | ४ | ३ | २३ | ३ | ० |
| ७ | ३४९ | ६३७ | ८ | ८२८ | ९३९ | ६३ | ४२० | १६ | ४५ | २ | ११ | ४४ | १ | २ |
| ८ | २४७ | ३८१ | १० | ४४७ | ४६० | ७४ | १६८ | ५ | ३७ | ४ | ६ | २० | २ | ० |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

# २.५ वन, वातावरण तथा विपद्जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

## २.५.१ वन तथा जैविक विविधता

काठेखोला गाउँपालिकाको जम्मा ८,२९५ हेक्टर क्षेत्रफलमध्ये ४,५२९ हेक्टर (५४.६ प्रतिशत) वन क्षेत्रले ओगटेको छ । डिभिजन वन कार्यालयको आंकडा अनुसार काठेखोलामा ५१ वटा सामुदाायिक वनहरु छन् जसले २,४२९ हेक्टर क्षेत्रफल ओगटेको छ । यहाँ ३ वटा निजी वन दर्ता भएका छन्, यद्यपि विभिन्न वन पैदावर आपूर्ति गर्न दर्ता नभएका निजी वन (मुख्यतः कृषि क्षेत्र तथा अन्य निजी जग्गामा रहेका रुखहरु) को भूमिका उल्लेख्य छ ।औसतमा करिव ५४ प्रतिशत घरधुरीले सामुदायिक वन र निजी वन वा जग्गाबाट दाउरा संकलन गर्दछन् भने १३ प्रतिशत घरधुरीले सरकारद्धारा व्यवस्थित वन वा सार्वजनिक क्षेत्रबाट संकलन गर्दछन् । धेरैजसो घरधुरी (करिव ४० प्रतिशत) ले डालेघांस निजीवन वा निजी जग्गाबाट संकलन गर्ने गर्दछन्

भने करिव ११ प्रतिशत घरधुरीले सरकारद्धारा व्यवस्थित बनबाट संकलन गर्दछन् । सामुदायिक वनबाट करिव ३३ प्रतिशत घरधुरीले डालेघाँस संकलन गर्दछन् । यस गाउँपालिकाको मुख्य वन क्षेत्र काठेखोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा भिरालो जमिनमा अवस्थित छ । तसर्थ यी वनहरु काष्ठजन्य वन पैदावरको उत्पादनको दृष्टिकोणले धेरै उत्पादनशील छैनन् । तर गैरकाष्ठ वन पैदावरको उत्पादन एवं पर्यापर्यटन प्रवद्र्धन गरी अर्थोपार्जन गर्न सकिने प्रशस्त सम्भावना छ । अहिले नै वडा नं. ८ को उपरथरमा नेपाली कागज उत्पादन गर्ने उद्योग सञ्चालनमा रहेको छ । यसै गरी श्रमशक्तिको पलायनको कारण कृषि भूमिको अधिकतम उपयोग नभइरहेको सन्दर्भमा कृषि वन तथा निजी वनको प्रवद्र्धन गर्नु आवश्यक छ ।

## २.५.२ भू—संरक्षण तथा जलाधार व्यवस्थापन

भूमि महत्वपूर्ण प्राकृतिक साधन हो । हाम्रो आर्थिक एवं सामाजिक संरचनामा भूमि एक प्रमुख उत्पादनको साधन तथा सम्पत्तिका रूपमा रहेको छ । भूमिको भौगोलिक स्वरूप,बनोट,गुण र क्षमताअनुसार बहुआयामिक तथा सन्तुलित विकासका लागि दीर्घकालीन रूपमा भू—उपयोग व्यवस्थापनको कार्यलाई दिगो बनाउनु पर्ने छ । आर्थिक विकासको लागि भूमिको दिगो र समुचित उपयोग गर्नु पर्दछ । भू व्यवस्थापन तथा उत्पादकत्व वृद्धिका उपायहरू अवलम्बन गर्न जमिनमा श्रम र सिप हुनेको पहुँच स्थापना गर्न जरुरी रहेको छ । भूमिलाई कृषि, आवास, सडक, पिउने पानी, सिँचाई, विद्युत तथा उर्जा, सूचना तथा संचार आदिको प्रवन्धको लागि प्रयोग गर्न सकिन्छ । यो क्षेत्र समान्यत पहिरोको उच्च जोखिमको क्षेत्र हो । यस क्षेत्रमा भूमिगत जलाधार तुलनात्मक रुपमा अरु क्षेत्र भन्दा निकै गहिरो (तल भएकोले) यहां सिंचाईको कमी रहेको र अरु सामान्य भएपनि माटोमा पोषक तत्वको उपस्थिती अन्य क्षेत्रभन्दा कम छ । यस क्षेत्रमा राम्रो वाली लिन मलको प्रयोग भएको देखिन्छ ।यो गाउँपालिकामा मुख्य रुपमा काठेखोला, भुंदी खोला, साङखोला, अंधेरी खोला, मंगलाखोला, धुवाखोला, खाल्ले खोला, बिहुँखोला, खहरेखोला आदी नदीहरु रहेका छन । यी नदी र खोलाहरु जलाधार क्षेत्र हुन र यी क्षेत्रहरू जलाधर संरक्षणका हिसावले महत्वपूर्ण क्षेत्र हुन्।

## २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

औद्योगिक राष्ट्रहरूले गरेको व्यापक कार्बन उत्सर्जन, सवारी साधनबाट निस्कने धुवाँ, शहरीकरण, जनसंख्या वृद्धि, वनजंगल विनाश, रेफ्रिजेरेशन प्रविधिमा प्रयोग हुने क्लोरोफ्लोरो कार्वन जस्ता कारणले हरितगृह प्रभाव (Green House effect) बढ्न गई त्यसले भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामीसामु छ । यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरुपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यस तथ्यलाई मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरू नै विकाससम्बन्धी मानवीय गतिविधिहरू हुन्। यस गाउँपालिका क्षेत्रमा वातावरणीय अध्ययन बिना जथाभावी खनिएका सडकहरुले पहिरो तथा भूक्षय जस्ता वातावरणीय समस्याहरु निम्त्याएका छन् भने कतिपय स्थानमा वन विनास समेत भएको छ । यस्तै सडक सञ्जालको विस्तारसँगै प्लाष्टिकजन्य पदार्थहरुको प्रयोगमा वृद्धि भएको छ भने त्यसको उपयुक्त व्यवस्थापन गरिएको पाईंदैन । जलवायु परिवर्तनको नकरात्मक प्रभावका कारण मुलतः पानीका स्रोतहरु सुक्दै गई कृषि तथा दैनिक जनजीवनमा अत्यावश्यक पानीको उपलब्धता घट्दै गएको आम रुपमा महसुस गरिएको छ ।

## २.५.४ महामारी तथा विपद्व्यवस्थापन

काठेखोला गाउँपालिका प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । गाउपालिकामा ठुला तथा साना नदीहरु भएतापनि यी नदीहरुलाई व्यवस्थित रुपमा उपयोग गरी लाभ प्राप्त गर्न सकिएको छैन। व्यवस्थित गर्न नसकिएका कारण नै नदीहरुले वर्षायाममा किसान तथा उपभोक्ताहरुले धेरै दुख पाउन गरेका छन । नदीहरुलाइ व्यवस्थित गर्न छुट्टै निकाय पनि नभएको कारण नदीलाइ नियन्त्रण गर्न कठीन देखिन्छ । पानीजन्य प्रकोपका हिसावले नेपाल ३० औ जोखिम स्थानमा पर्दछ भने भुकम्पको हिसावले ११ औ स्थानमा र जलवायु परिवर्तनको हिसावले छैटौ स्थानमा पर्दछ । विपद तथा प्रकोपहरुले प्रत्यक्ष रुपमा महिला तथा वालवालिका र दलित समुदायमा प्रभाव पार्ने गर्दछ । विपदका कारण व्यक्तिगत धनजनका साथै भौतिक

पूर्बाधारमा क्षति, विद्यालय शिक्षा, खाद्यसुरक्षा, आवास व्यवस्थापन, खानेपानी तथा सरसफाईमा पहुँच, स्वास्थ्यका क्षेत्रमा प्रत्यक्ष असर पर्ने गरेको पाइन्छ। विपद व्यवस्थापनका हिसावले यस गाउँपालिकामा विशेषगरी , पहिरो, हावाहुरी, असिना, चट्याङ, डढेँलो, ,आगलागी, र माहामारी जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेका छन्। यस्ता प्रकोपहरू सामान्यतया पूर्ण नियन्त्रण गर्न नसकेपनि प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विपद्व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्नु आवश्यक हुन्छ ।

# २.६ सुशासन तथा संस्थागत व्यवस्था

## २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरूमा सार्वजनिक प्रशासनमा पारदर्शिता,निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, शासन शुलभता र सहजता महत्वपूर्ण आयामहरू हुन्। यी आयामहरूको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप जनताको घरदैलोमा राज्यद्वारा प्रदान गरिने सेवा र सुविधा पुऱ्याउन सकिन्छ।गाउँपालिका ले हाल सम्म विभिन्न क्षेत्रमा ३५ वटा स्थानिय कानुनहरू बनाइसकेको छ।

## २.६.२ श्रोत परिचालन

स्थानीय तहको विकासमा सार्वजनिक खर्च व्यवस्थापनको प्रमुख श्रोत संघीय सरकारबाट प्राप्त अनुदान भएता पनि प्रत्यक्ष तथा परोक्ष रुपमा नीजि क्षेत्र, सहकारी, संघ संस्था तथा व्यक्तिगत रुपमा सेवाग्राहीबाट प्राप्त श्रमदानको योगदान र महत्वलाई समेत उच्च स्थानमा राख्नु पर्दछ । नेपाल सरकारको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा तीनखम्बे नीतिलाई विकासको प्रमुख आधार मानिएको सन्दर्भमा यस काठेखोला गाउँपालिकाको विकासमा समेत उक्त क्षेत्रहरूबाट हुने योगदानलाई कदर गरिएको छ।

## २.६.३ योजना व्यवस्थापन

काठेखोला गाउँपालिकाका आफनो क्षेत्राधिकारमा कृषि विकास, घरेलु उद्योग, शिक्षा तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु र भौतिक पुर्वाधारको विकास गरि रोजगारिको सिर्जना गर्न आफनो बजेट केन्द्रित गर्नपर्ने देखिन्छ । आय र खर्चको समुचित व्यवस्थापन गरि उत्पादनशील रोजगारी सिर्जना गर्ने, आयआर्जन गर्ने र उपलब्ध साधन र स्रोतको समुचित उपयोग गरी आम नागरिकको जिवनस्तरमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्नु जरुरी देखिन्छ ।

# परिच्छेदः— ३ सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुरुवात भए पश्चात देशको शासन तीन तहका सरकारहरूले आपसी समन्वयबाट गर्ने संवैधानिक व्यवस्था छ । सङ्घीय, प्रादेशिक र स्थानीय सरकारहरूका आ—आफ्ना अधिकार क्षेत्रहरू तोकिएका छन्। कतिपय अधिकार साझा छन भने कतिपय एकल प्रकृतिका छन्। सविंधानको अनुसूचि—८ अन्तर्गत स्थानीय सरकारका विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने एकल अधिकार स्थानीय सरकारलाई प्राप्त भएकोले सोही बमोजिम स्थानीय तहमा यो काठेखोला गाँउपालिकाले पहिलो आवधिक योजना तयार पारेको हो ।

## ३.२ काठेखोला गाउँपालिका का प्रमुख सबल तथा दुर्बल पक्षहरूः-

गाउँपालिकाका सरोकारवालाहरू संग पटक पटक भएका भेटघाट र छलफलबाट निम्न सबल पक्ष, कमजोर पक्ष तथा अवसर र चुनौतीका क्षेत्र पहिचान गरिएका छन् ।

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| १.करिब ४१.८८% भूभाग उर्वरा खेतीयोग्य हुनु र ७१.३% जनता कृषिमा आश्रित हुनु।<br>२. करिब ५४.६१% भूभाग वनक्षेत्र ले ओगटनुत र प्रसस्तै जडिवटीहरू उपलब्ध हुनु।<br>३.कृषि व्यवसाय सुहाउँदो हावापानी हुनु ।<br>४.जिल्ला सदरमुकाम को बजार र पोखरा बजार मध्य पहाडी राजमार्गले जोडिनु । | १.कृषि भूमिको खण्डीकरण र जथाभावी बस्ती विकास हुँदै जानु।<br>२.कृषि कार्यका लागि, ऋण, प्रविधि, बीउबीजन,भण्डारण,प्राविधक जनशक्ति र परामर्श सेवाको उपलब्धतामा कमी हुनु ।<br>३.सिँचाइ योग्य कृषि भूमिमा सिँचाइ सुविधाको कमी हुनु। |

| | |
|---|---|
| ५.पालिका मा खानी जन्य पदार्थ र प्रसस्तै पर्यटकीय क्षेत्र हुनु ।<br>६.सवल,सक्षम र जुझारू नेतृत्व हुनु ।<br>७. गाउँ पालिका भित्र प्रायः सडक संजाल ले जोडिनु । | ४. स्तरीय डिजाइन र मापदणड विना अधिकांस सडक निर्माण हुनु ।<br>५.गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा नागरिक सहज पहुँचको कमी हुनु।<br>६.प्राविधिक शैक्षिक संस्थाको कमी हुनु।<br>.७.सूचना प्रविधिको प्रयोगमा व्यापकता ल्याउन नसकिनु। |

# ३.३ काठेखोला गाउँपालिका का प्रमुख अवसर तथा चुनौतीहरूः-

| अवसर | चुनौति |
|---|---|
| १. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार हुनु ।<br>२ संविधानले नै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।<br>३ आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमा तथा विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार हुनु ।<br>४. करिब ८५० देखि २३०० मि.सम्मको भौगोलिक अवस्था हुनु ।<br>५. उत्पादित फसल बागलुङ बजार, पोखरा,काठमाडौं, नारायणगढ, बुटवल पठाउन सकिने बजारको सम्भावना बढी हुनु । | १.युवा जनशक्ति लाइ कृषिप्रति आकर्षण बढाइ कृषकको संख्या वृद्धि गर्नु ।<br>२.वन्यजन्तुको प्रकोप बाट बालीनाली जोगाउन समस्या रहेको।<br>३.परम्परागत चिन्तन शैलीमा व्यापक परिवर्तन नभइसकेकोले लैङ्गिकता, सामाजिक विभेद लगायतका सामाजिक सन्तुलनका विषयहरूमा प्रशस्त जागरण गर्नुपर्ने अवस्था रहेको।<br>४. युवा जनशक्तीलाई गाउँपालिकामै अवसर सिर्जना गरी पुर्ण सदुपयोग गर्ने चुनौती रहेको।<br>५.सडक, उर्जा, सिंचाइ, पिउनेपानी, आवास जस्ता आधारभूत भौतिक पूर्वाधारको यथोचित विकास हुन बाँकी रहेको। |

| | |
|---|---|
| ६.स्थानीय उपजमा आधारित उद्योगको निर्माण, प्याकेजिङ र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने।<br>७. स्थानीय उपजमा आधारित उद्योगको निर्माण, प्याकेजिङ र ब्रान्डिङ गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने।<br>८. युवा र दक्ष जनशक्तिको लाभाशंको उच्चतम सदुपयोग गरी समृद्धिको यात्रा तय गर्न सकिने। | ६.राष्ट्रिय अर्थतन्त्रमा आएको मन्दिको प्रभाव लाई गाउँपालिका स्तरमा न्यूनिकरण गर्नु।<br>७.तरकारी जन्य वस्तुहरूले छिमेकी राष्ट्रका उत्पादन सगँ प्रतिस्प्रधा गर्नु पर्ने । |

## ३.४ निर्देशक सिद्धान्त

तीव्र आवधिक र सामाजिक विकास मार्फत आम नागरिकको जीवनमा सकारात्मक रुपान्तरण गरी सुखी र समृद्ध समाजको निर्माण गर्न यस आवधिक योजनाको समग्र कार्यक्रमहरु लक्षित रहनेछन्। यसर्थ यी कार्यक्रमहरुको सफल कार्यान्वयन गरी अपेक्षित उपलब्धिहरु हासिल गर्न तय गरिएका मूल निर्देशक सिद्धान्तहरु निम्न बमोजिम छन्:

१. विकासका आधारभूत पूर्वाधार निर्माण सँगै आम नागरिकका दैनिक आधारभूत आवश्यकता पूर्ति हुने गरी प्रत्यक्ष योगदान पुर्याउने कार्यक्रम कार्यान्वयन

२. शान्त, सौहार्द, समतामूलक, समावेशी, आर्थिक, सामाजिक र साँस्कृतिक विकास

३. समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र

४. दिगो, सन्तुलित र हरित अर्थतन्त्रमा आधारित विकास

५. शिक्षा, स्वास्थ्य र मानव संसाधन निर्माण

६. बालमैत्री, महिलामैत्री तथा लैङ्गिक सन्तुलनयुक्त, युवा उद्यमी तथा रोजगारी केन्द्रीत विकास

७. न्यायमा आधारित भेदभाव रहित समाज तथा सामाजिक सुरक्षा

८. रैथाने सँस्कृति, भुगोल, सम्भावना, पहिचान तथा परिवेशमा आधारित विकास

९. सार्वजनिक, निजी, सहकारी र सामुदायिक सहभागितामा आधारित विकास

१०. असल शासन र उत्तरदायी स्थानीय सरकार

११. संघिय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु लाई स्थानीयकरण गर्दै दिगो विकास लक्ष्य हासिल तर्फको विकास यात्रा।

१२. सूचना प्रविधिमा आधारित विकास

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

| |
|---|
| दीर्घकालीन सोच |
| **"समृद्ध, सुखी र खुशी काठेखोला गाँउपालिका"**<br>प्राकृतिक सम्पदाको सदुपयोग मार्फत तीब्र उत्पादनमूखी व्यवसायिक कृषि र पर्यटनको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्ने । |
| लक्ष्य |
| भूमिको वैज्ञानिक सदुपयोग गरी आधुनिक र व्यावसायिक कृषि र पर्यटनको विकास मार्फत स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गरी आर्थिक उन्नति गर्ने। |
| उद्देश्यहरू |
| ➢ कृषि, , पर्यटन र उद्योग लगायत आर्थिक सम्भावनाका क्षेत्रहरूको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्नु<br>➢ न्याय पूर्ण, सौहार्द, खुसी र सुखी समाज निर्माण गर्नु।<br>➢ विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु।<br>➢ पर्यावरणीय सन्तुलन कायम गरी वातावरण संरक्षण गर्नु।<br>➢ सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल र प्रविधीमैत्री शासन स्थापित गर्नु। |

## ३.६ गाउँपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरू

| क्र.सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७९।८०को यथार्थ | मध्यकालिन अन्तिम नतिजा ०८२/८३ | आवधिक योजनाको अन्तिम नतिजा ८४/८५ |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ३.२७ | ६.५ | ८ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २८.२ | २४.५ | १९.५ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ३.३८ | ४.५ | ५.५ |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५४.३ | ५३ | ५२ |
| ६ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १६.७ | १९ | २२ |
| ७ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ११९२ | १५०० | १८०० |
| ८ | गरिबीको रेखामुनि रहेको जन संख्या | प्रतिशत | १४.९१ | ११ | ९ |
| ९ | बहुआयामिक गरिबिमा रहेको जनसंख्या | प्रतिशत | १४ | ११ | ८ |
| ११ | बेरोजगारी दर | प्रतिशत | ७ | ६.५ | ६ |
| १३ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८.५७ | ९९ | १०० |
| १४ | 30 मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | १०० | १०० | १०० |
| १५ | इन्टरनेट प्रयोगकर्ता कुल जनसंख्या | प्रतिशत | ३२.३९ | ६० | ७५ |
| १६ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ७३ | ७५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | २३९ | २०० | १८० |
| १८ | पाँच वर्ष मुनिको बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | जना | २७ | २५ | २३ |
| २० | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७९.९७ | ८५ | ९२ |
| २३ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या | प्रतिशत | ९५.७९ | ९७ | ९९ |
| २६ | मानव विकास सूचकांक | सूचकांक | ०.५९ | ०.६२ | ०.६४ |
| २७ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | ५६ | ६५ | ७५ |
| २९ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ९५.५७ | ९७ | ९८ |
| ३० | सिंचित क्षेत्रफल | क्षेत्रफल | ८५३ | १००० | १२०० |

## ३.७ रणनीति तथा प्राथमिकता

✦ विकासका लागी आर्थिक क्षेत्रका मूल स्तम्भहरू जस्तै कृषि, पर्यटन र उद्योग क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरूलाई वैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने।

✦ हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रूपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने।

✦ समग्र क्षेत्रको दीगो विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत र नीतिगत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने।

✦ सामाजिक न्याय स्थापित गरी समावेशीकरण र पछाडी परेका वर्गलाई राज्यको मूल प्रवाहमा ल्याउदै सहभागितामूलक विकास पद्धती अवलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने।

✦ विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवद्र्धन हुने वातावरणमैत्री क्रियाकलाप समेत गर्न र सोको सुनिश्चितता गर्ने।

✦ जनमूखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरूमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरूप अनुशरण गर्ने।

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग सम्बन्धी व्यवस्था गरिएको छ । यसैगरी धारा ६० मा राजश्व श्रोतको बाँडफाँड सम्बन्धी व्यवस्था छ । धारा ६० को उपधारा २ बमोजिम नेपाल सरकारले संकलन गरेको राजश्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने उल्लेख छ । यस व्यवस्थाको कार्यान्वयनका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ जारी गरिएको छ ।त्यसैगरी संविधानको धारा २२९ मा स्थानीय संचित कोषको प्रबन्ध गरिएको छ । यस कोषमा स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारको राजश्व नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीय तहले लिएको ऋण र अन्य श्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।स्थानीय संचित कोषमा जम्मा हुने रकमका श्रोतहरू देहाय बमोजिम रहेका छन्।

१) आन्तरिक राजश्व
२) राजश्व बाँडफाँडबाट प्राप्त रकम
३) संघिय सरकारबाट प्राप्त रकम तथा अनुदान
४) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम
५) कुनै व्यक्ति, संघ, संस्थाबाट प्राप्त रकम
६) संघीय सरकारको पहलमा प्रप्त वैदेशिक सहायता रकम
७) अन्य स्थानीय तहहरूबाट प्राप्त सहयोग तथा अनुदान
८) आन्तरिक ऋणबाट प्राप्त रकम
९) अन्य कुनै श्रोतबाट प्राप्त रकम

नेपालको संविधानको मर्म अनुरुप अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ बमोजिम तीन तहका सरकारहरूलाई प्राप्त व्यवस्था अनुरुपका आयका श्रोतहरू देहाय बमोजिम छन्।

(क) राजश्वको बाँडफाँड

यस अन्तर्गत मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट उठेको रकम बाँडफाँड गर्ने व्यवस्था रहेको छ । यी कर तथा शुल्कहरू संघीय विभाज्य कोषमा जम्मा भई कूल रकमको ७० प्रतिशत संघीय सरकारलाई र १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहलाई प्राप्त हुन्छ ।

(ख) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड

प्राकृतिक श्रोत अन्तर्गत विशेषगरी पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त हुने रकम मध्ये संघीय विभाज्य कोषमा जम्मा भएको कूल रकमको ५० प्रतिशत संघलाई, २५ प्रतिशत सम्बन्धित प्रदेशलाई र २५ प्रतिशत सम्बन्धित स्थानीय तहलाई प्राप्त हुन्छ।

(ग) अनुदानबाट प्राप्त रकम

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम संघीय सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई देहाय बमोजिमका अनुदानहरू प्रदान गर्दछन्।

१) वित्तिय समानिकरण अनुदान

२) सशर्त अनुदान

३) समपुरक अनुदान

४) विशेष अनुदान

(घ) संघीय सरकारद्वारा लिइएको वैदेशिक सहयाताबाट स्थानीय तहलाई प्राप्त रकम

(ङ) नेपाल सरकारको स्वीकृतिमा स्थानीय तहले लिएको आन्तरिक ऋण

(च) नेपाल सरकारले स्थानीय सरकारलाई दिएको ऋण

उक्त कानुनी व्यवस्था र अधिकारका आधारमा काठेखोला गाउँपालिकाको समष्टिगत वित्तिय श्रोत व्यवस्थापन तथा विश्लेषण निम्न तालिकाहरु मार्फत गरिन्छ ।

## आवधिक योजना कार्यान्वयनका लागि आवश्यक बजेटको स्रोत अनुमान तथा प्रक्षेपण (रू हजारमा )

| क्र.स. | श्रोत | आ . व. ०७८/७९ | आ. व. ०७९/८० |
|---|---|---|---|
| १ | संघिय सरकारबाट बित्तिय समानिकरण अनुदान | १०६००० | ११५२०० |
| २ | संघिय सरकारबाट समपुरक अनुदान | १३७०० | |
| ३ | संघिय सरकारबाट बिषेश अनुदान | १७८०० | |
| ४ | संघिय सरकार ससर्त अनुदान | २७८३०० | २८२४०० |
| ५ | संघिय सरकार राजस्व बाँडफाँड | ७१६९१ | ८६८४५ |
| ६ | गण्डकी प्रदेश सरकार बित्तिय समानिकरण अनुदान | १२२७७ | १३००२ |
| ७ | गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँड अनुदान | ५१४६ | ६१७६ |
| ८ | मालपोत कार्यालयबाट बाँडफाड हुने घरजग्गा रजिस्ट्रेशन दस्तुर | | ५०० |
| ९ | गाउँपालिकाको आन्तरिक आय | ३२०० | ४००० |
| १० | गण्डकी प्रदेश बिषेश अनुदान | ५००० | |
| ११ | गण्डकी प्रदेश सरकार सशर्त अनुदान | | ५००० |
| १२ | गण्डकी प्रदेश सरकार समपुरक अनुदान | ५००० | ५००० |
| १३ | संचित कोषबाट अल्या हुने अनुमानित रकम | १५००० | ३१००० |
| | जम्मा | ५३३११४ | ५४९१२३ |

## सार्वजनिक खर्चको बाँडफाँट

## विषय क्षेत्रगत बजेट बाँडफाँटको विस्तृत विवरण

| क्र.सं. | विवरण | ०७८/७९ यथार्थ खर्च | ०७९/ ८० संसोधित (आधार वर्ष) | ०८०/८१ प्रक्षेपण |
|---|---|---|---|---|
| १ | कूल बजेट खर्च | ५८,६०,६८ | ५४,९१,२३ | ५८०००० |
| १.१ | चालु बजेट | ३२४०२७ | ३३,२०,०० | ३४०००० |
| १.२ | पूँजीगत बजेट | २६,२०,४० | २१७,१२३ | २४०००० |
| २ | विकास बजेट खर्चको क्षेत्रगत बाँडफाँड | ६९४७२ | ५१६५० | ११८३५५ |
| २.१ | आर्थिक विकास | १५५८९ | १६८०० | २२१८० |
| २.२ | सामाजिक विकास | १५५८९ | २२६५० | ३२६५५ |

| | | | | |
|---|---|---|---|---|
| २.३ | पूर्वाधार विकास | ३११०० | ५७०० | ५६५२० |
| २.४ | वातावरण तथा विपद व्यवस्थापन | ३५९७ | ३००० | ४५६० |
| २.५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३५९७ | ३५०० | २४४० |
| ३ | कार्यसञ्चालन खर्च | ५४४०० | ६६००० | ७२६०० |
| ४ | कूल खर्च | १२३८७२ | ११७६५० | १९०९५५ |

बजेटका अन्य स्रोतहरूको परिचालन तथा व्यवस्थापन

स्थानीयतहको विकासमा सार्वजनिक खर्च व्यवस्थापनको प्रमुख स्रोत माथि उल्लेखित संघीय सरकारबाट प्राप्त अनुदान भए तापनि प्रत्यक्ष तथा परोक्ष रूपमा निजी क्षेत्र, सहकारी, संघ संस्था तथा व्यक्तिगत रूपमा सेवाग्राहीबाट प्राप्त श्रमदानको योगदान र महत्वलाई समेत उच्च स्थानमा राख्नु पर्दछ । नेपाल सरकारको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीतिमा तीन खम्बे नीतिलाई विकासको प्रमुख आधार मानिएको छ ।

# परिच्छेद — ४ः आर्थिक क्षेत्र

## ४.१ कृषि , सिचाई तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

काठेखोला गाउँपालिकाको ८५० मि. देखि २३०० मि.उचाईमा रहेको कुल क्षेत्रफल मध्ये करिव ४२ प्रतिशत भाग(३,४७३.७५ हे) कृषि क्षेत्रले ओगटेको छ । सामान्यतया बाग्लुङ जिल्लामा सरदर १०६०.९ मि.लि.बार्षिक पानि पर्ने गर्दछ । गाउँपालिकाको कुल जनसंख्या मध्ये ७१.३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । समशितोष्ण र शितोष्ण जलवायु रहेको यो गाउँपालिका कृषि जैविक विविधताको दृष्टिकोणले धनी क्षेत्रको रुपमा रहेको छ । यस क्षेत्रमा उष्ण प्रदेशीय फलफुल तथा तरकारी देखी शितोष्ण वालीहरुको खेती भैरहेको देखिन्छ । धान, गहुँ, मकै, कोदो फापर आदि अन्नवालीहरु गाँउपालिका भित्र उत्पादन हुने मुख्य खाद्यान्न वालीहरु हुन् भने आलु, काउली, मुला, टमाटर, खुर्सानी, लहरे तरकारी वाली, लसुन, प्याज आदि यस क्षेत्रमा खेती गरिने मुख्य तरकारी वाली हुन । पालिकाभित्र सुन्तलाजातका फलफुलको व्यवसायिक खेती गरिंदै आएको छ भने अन्य फलफुल वालीहरुको पनि उत्पादनको राम्रो संभावना रहेको छ । समशितोष्ण क्षेत्रमा सुन्तलाजातका फलफुल, केरा, मेवा तथा कफी र पालिकाको उपल्लो क्षेत्रमा शितोष्ण जलवायुमा हुने फलफुलहरु जस्तै नास्पाती, आरु, आरुवखडा, किवी, ओखर जस्ता फलफुल वालीको व्यवसायीक उत्पादनको वलियो सम्भावना रहेको छ । तरकारी तथा खाद्यान्न वालीको विउ उत्पादन, मसला वालीको व्यवसायीक खेती, औषधीय गुण भएका वनस्पतीहरुको संकलन तथा उत्पादन, मौरीपालन, च्याउखेती जस्ता कृषि व्यवसायको विस्तार गर्न सकेको खण्डमा यस क्षेत्रले पालिकाको समग्र आर्थिक विकासमा महत्वपुर्ण योगदान दिन सक्ने सम्भावना रहेको छ। यहाँ व्यवसायीक कृषकहरुको तुलनामा निर्वाहमुखी कृषि प्रणाली अवलम्वन गरिरहेका कृषकहरुको वाहुल्यता रहेको छ । कृषि योग्य जमिन खण्ड खण्डमा विभाजित रहेकोले

व्यवसायीक कृषि प्रणाली अवलम्वन गर्न कठिनाई रहेको देखिन्छ । मध्यपहाडी क्षेत्रका अन्य गाउँहरुको तुलनामा खेतियोग्य जग्गा बाँझो छोड्ने प्रवृत्ति यहाँ कम रहेको भएपनि यस्तो क्रम बढ्दै गएको देखिन्छ ।सिचाईको समस्या पनि उल्लेख्यरूपमा देखिन्छ र सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा सोचेअनुसार को उत्पादन लिन सकिएको छैन । धेरै प्रकारका खेतिको प्रचुर सम्भावना भएको काठेखोला गाउँपालिकामा सिंचाईको समस्या भने दिनानुदिन बढ्दो छ । विश्वव्यापी जलवायु परिवर्तनको प्रभावका अतिरिक्त स्थानीय स्तरमा निर्माण गरिएका सडक लगायतका भौतिक पूर्वाधारहरु वातावरणमैत्री नहुँदा पानीका स्रोतहरु सुक्दै गएको देखिन्छ मुख्यतः परम्परागत कुलोहरुको मर्मत, सुधार, पानीका स्रोतहरु पहिचान गरी नयाँ कुलो निर्माण तथा बर्षातको पानी जम्मा गरी उपयोग गर्न संरक्षण पोखरीहरु बनाउनुपर्ने जस्ता उपायको अवलम्वन गरि गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रवद्र्धन गर्न सकिन्छ । पशुपालनको क्षेत्रमा गाई तथा भैसिपालन, कुखुरापालन, सुंगुर वंगुर पालन, वाख्रापालन ,माछापालन जस्ता कृषि व्यवसाय संचालनमा रहेका छन् । अधिकांश कृषकहरुले आफ्नो घरायसी उपभोगको लागि मात्र पशुपालन व्यवसाय संचालन गर्दै आएको पाईन्छ । व्यवसायिक पशुपालनलाई प्राथमिकता दिई यस पेशामा कृषकहरुलाई आकर्षित गर्न सकेको खण्डमा पशुपालन व्यवसाय कृषकहरुको लागी मुनाफामुलक व्यवसायको रुपमा विकास हुन सक्ने प्रचुर सम्भावना रहेको छ। साथै यो गाउँपालिकाका सबै क्षेत्रहरूमा पशुपालनसमेतको राम्रो सम्भावना रहेको पाइन्छ । यस गाउपालिकामा पर्याप्त उब्जनीयोग्य कृषि भूमि रहेको हुनाले खाद्य सुरक्षाको दृष्टिकोणबाट सम्पन्न गाउपालिकाको रुपमा रहेको छ।

## ४.१.२ सवल तथा दुर्वल पक्षहरु

हाम्रा सबलपक्षहरु

| हाम्रा सबलपक्षहरु |
|---|
| • ४२ प्रतिशत  खेतीयोग्य जमिनको उपलव्धता भएको । |

- गाउँपालिकामा कृषिको लागि उर्वर जमिनका साथै पशुपालनको लागि उपयुक्त हावापानि रहेको।
- प्रशस्त नगदेवाली र फलफुल को उत्पादनको सम्भावना हुनु।
- स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार भएको।
- नदी तथा खोला को पानि को प्रसस्त श्रोत भएको।
- व्यावसायिक मौरीपालन गरी ठूला बजारमा महको निर्यात गर्न सकिने।
- मध्य पहाडि क्षेत्रमा हुने प्रायजसो वाली तथा सबै जातका फलफूल तरकारी र पशुपंक्षीको पालन गर्न सकिन्छ।
- व्यावसायिक सुन्तला खेती हुदै आएको छ।
- वडा नं. ३ धम्जा र ६ बिहुँमा कोल्ड स्टोर निर्माण गरिएको।
- उत्पादित वस्तुलाई बिक्री गर्न नजिकै बजारहरु भएको ।
- प्रदेशको सदरमुकाम र जिल्लाको सदरमुकाम अथवा व्यापारिक केन्द्रहरू सम्म पहुँच को लागि राम्रो सडक सञ्जाल भएको।
- नदीहरू बाट कुलो मार्फत सिचाई सुविधा लिन सक्नु।
- विकासप्रेमी र परिवेश बुझेको राजनीतिक नेतृत्व पालिकामा निर्वाचित हुनु।

हाम्रा दुर्वल पक्षहरु

- वैज्ञानिक भू—उपयोग योजना लागू नहुनु।
- कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, प्राविधिक ज्ञान र सीपमा पर्याप्त सहज पहुँच नहुनु।
- बाह्रै महिना सिंचाइको सुविधा नहुदा आकासे पानीमा भर पर्नु परेको अवस्था ।
- कृषिको समग्र वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु।
- परम्परागत खेतीप्रणाली हुनाले निर्वाहमूखी खेतीकै निरन्तरता हुनु ।
- उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरूलाई आर्कषण गर्ने ठोस योजना नहुनु।

- कृषि सडकको उपयुक्त पहुँच र भण्डारणको समस्या हुनु।
- पशुपंक्षी, मत्स्य तथा मौरीपालन व्यवसायको व्यवसायीकरण र आधुनिकीकरण हुन नसकेको।
- उन्नत प्रविधि को प्रसार नहुनु।
- प्रति इकाई उत्पादन लागत बढी हुनु।
- स्वामित्वका हिसाबले जग्गा खण्डीकृत भएकाले उपकरण प्रयोग गरी खेती गर्न समस्या।
- परम्परागत प्रविधिमा आधारित कुला हरूको मर्मत संभार नियमित हुन नसकेको।
- आधुनिक सिंचाई परियोजनाहरू खर्चिलो भएका कारण ठुलो आकारको बजेट आवश्यकता पर्ने।

## ४.१.३ चुनौति तथा अवसर

अवसरहरु

- पालिकाको नजिकै धेरै जनघनत्व भएका जिल्ला सदरमुकाम स्थित बाग्लुङ बजार र प्रदेश राजधानी स्थित पोखरा बजार हुनु र सडकले जोडिएको हुनु।
- दुग्धजन्य पदार्थ, माछा, मासु,मह र अण्डाको निर्यात मार्फत राम्रो आम्दानी गर्न सकिने।
- कृषी तथा पशुपन्छीजन्य उत्पादनमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने।
- व्यवसायीक उत्पादन बढाउन सके फलफुलको बजारको राम्रो सम्भावना रहेको।
- उचित व्यवस्था मिलाउन सके बाह्रै महिना सिचाई सुविधा उपलब्ध गराउन सकिने जसको कारणले वर्षमा तीन बाली लिन सकिने।
- कृषिमा नयाँ नयाँ प्रविधिहरुको प्रयोग गर्न सकेमा उत्पादन लागत घट्ने।
- गाँउपालिका मा हाल दुध उत्पादन भएको र उचित भण्डारणको व्यवस्था मिलाउन सकेमा अत्याधिक उत्पादन गर्न सकिने।
- यहाँ उपलव्ध हावापानीमा उपयूक्त जातका पशुपन्छी र माछा पालन गर्न सकिने।

चुनौतीहरू

- वर्षायाममा  पहिरोले सडक को अवस्था बिग्रना ले उत्पादन बजार पुरयाउन समस्या  ।
- कृषिजन्य उत्पादनको बजार मूल्य निर्धारणमा कृषकको भूमिका न्यून हुनु।
- उत्पादित वस्तुहरुले छिमेकि देशका उत्पादित वस्तुहरू सँग प्रतिस्पर्धा गर्नुपर्ने।
- वन्यजन्तुबाट बालीनालीको क्षति हुनु।
- जलवायु परिवर्तनका कारण ले आउने जटिलता  ।
- साधन र श्रोतको अभावका कारणले नयाँ प्रबिधि प्रयोग गर्न नसक्नु।

## ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| दीर्घकालीन सोच | |
| वैज्ञानिक, व्यवसायिक, उच्च प्रतिफलयूक्त निर्यातमुखी कृषि | |
| लक्ष्य | |
| गाउँपालिकाको आर्थिक समृद्धिको आधार स्तम्भको रूपमा कृषिको व्यावसायीकरण गर्ने | |

उद्देश्यहरू

✦ व्यवसायिक र उच्च प्रतिफलमूखी उत्पादनमा केन्द्रित हुनुसाथै गाउँपालिकाको कृषि नीति/रणनीति बनाई कार्यान्वयन गर्नु।

✦ गाउँपालिकाभर छरिएर रहेका स—साना उत्पादनशिल क्षेत्रहरूलाई नमूना कृषि क्षेत्रको रूपमा विकास गर्नु।

✦ वातावरणमैत्री दिगो कृषिमा आधारित उद्योगहरूको विकास गर्नु।

✦ व्यवसायिक फलफुल उत्पादन तथा प्रशोधनलाई उच्च प्राथमिकता दिनु।

✦ पशुपन्छीजन्य,माछा, मह,अण्डा,दुध,मासु आदि उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवद्र्धन गर्नु।

✦ सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

उद्देश्य १: व्यवसायिक र उच्च प्रतिफल मूखी उत्पादनमा केन्द्रित हुनु साथै गाउँपालिकाको कृषि नीति/रणनीति बनाई कार्यान्वयन गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ व्यवसायिक सोचको अभिवृद्धि गर्न पालिका स्तरिय छुटै रणनिति र व्यावसायिक योजना बनाई कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने | १.१.१ गाउँपालिका भरका कृषकहरूको(अगुवा,साना, व्यावसायिक किसान र फलफुल, नगदेवालि र पशुपक्षी पालक) वर्गीकरण तथा तथ्याङ्क सकंलन गर्ने नीति निर्माण गरिनेछ।<br>१.१.२ वर्षमा कम्तीमा एकपटक कृषिको व्यवसायीकरण सन्दर्भमा अगुवा कृषकहरूलाई अभिमुखीकरण गरिनेछ ।<br>१.१.३ वडास्तरीय कृषक पाठशाला सञ्चालन गरिनेछ ।<br>१.१.४ वडा स्तरीय उत्कृष्ट कृषकलाइ उत्पादनको आधारमा पुरस्कारको व्यवस्था गरी मापदण्ड निर्धारण गरिनेछ । |
| १.२ उच्च, प्रतिफलमूखी सघन खेती प्रणालीको अवलम्बन गर्ने | १.२.१ असिंचित क्षेत्रलाई क्रमश सिंचित तुल्याउन सिंचाई योजनाहरूको प्राथमिकीकरण गरिनेछ ।<br>१.२.२ प्रत्येक वडामा उच्च मूल्यका कृषि उपज पहिचान गर्न संभाव्यता अध्ययन गरिनेछ ।<br>१.२.३ प्रत्येक वडामा खेर गइरहेका तथा उर्वर खेती क्षेत्रको पुर्नउथ्थानका लागी सर्वेक्षण गरिनेछ। |

| | |
|---|---|
| १.३ अत्यावश्यक कृषि सामाग्रीको व्यवस्था | १.३.१ आवश्यक रसायनिक मलको आयतन आंकलन गरी समयमै पहुँच र उपलब्धता सुनिश्चित गर्ने आपूर्ति गर्न गाउँपालिका स्तरीय संयन्त्र निर्माण गरिनेछ ।<br>१.३.२ प्रत्येक वडामा प्राङ्गारीक तथा हरित मल उत्पादन सम्बन्धी तालिमको आयोजना गरिनेछ ।<br>१.३.३ वडास्तरमा उत्पादन हुने बाली विषेशका आधारमा उन्नत बीउ वितरण गर्न बीज बैङ्क तथा सामाग्री केन्द्रको विकास गरिनेछ।<br>१.३.४कृषि यान्त्रिकीकरण अन्तर्गत किसानले खरिद गर्ने औजारमा मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ।<br>१.३.५ साना किसान तथा समग्र कृषि क्षेत्रलाई क्रमश यान्त्रिकीकरण गर्न एक गाउँपालिका स्तरीय Custom Hiring Center को निर्माण गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिनेछ । |
| १.५ मल तथा विषादिको प्रयोग | १.५.१ मलको प्रयोग र अनुपात, समय आदिका विषयमा ज्ञान अभिवृद्धि गर्न कृषकलाई तालिम सं चालन गरिनेछ।<br>१.५.२ मल, विउ विजन तथा विषादिको प्रयोग सम्बन्धी जानकारी प्रदान गर्न गाउँपालिका स्तरीय Call center को स्थापना गरिनेछ।<br>१.५.३ वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।<br>१.५.५ जैविक विषादीको उत्पादन र प्रयोग सम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| १.६कृषि बीमालाई प्रभावकारी बनाउने | १.६.१ गाउँपालिकाको समन्वय र सहजीकरणमा कृषि विमालाई अनिवार्य बनाई बिमा प्रदायक कम्पनीहरू संगको सहकार्यमा कृषक मैत्री बनाइने छ ।<br>१.६.२ जंगलि जनावरबाट हुने क्षति र जोखिम न्युनीकरण गर्न बाली बिमा कार्यक्रम कार्यान्वयन गर्न बिमा कम्पनीसँग अन्तक्रृया गरिनेछ । |

उद्देश्य २ः गाउँपालिकाभर छरिएर रहेका स–साना उत्पादनशिल क्षेत्रहरूलाई नमुना कृषि क्षेत्रको रूपमा विकास गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ असल अभ्यासहरूको अध्ययन र अवलोकन गर्ने | २.१.१ कृषि शाखाको समन्वयमा अगुवा र आकांक्षी कृषकहरूलाई देश तथा विदेशमा कृषि ग्रामको रूपमा विकास भैरहेका क्षेत्रको स्थलगत अवलोकन भ्रमण गराइनेछ ।<br>२.१.२ अवलोकनबाट प्राप्त अनुभवहरूलाई अन्य कृषकहरूलाई सम्प्रेषण गर्न वर्षमा कम्तीमा १ पटक गाउँपालिका स्तरीय कृषक अन्तकृया कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.१.३ वार्षिक कृषि मेलाको आयोजना गरी बजारको प्रवद्र्धन गरिनेछ । |

उद्देश्य ३ः वातावरणमैत्री दिगो कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| ३.२गाउँपालिकामा हुनसक्ने कृषिजन्य कच्चा पदार्थको पहिचान गर्ने र उत्पादित वस्तुको ब्रान्डीङ र प्रवर्धन गर्ने । | ३.१.१ रैथाने बाली को प्रवद्र्धन गरिनेछ ।<br>३.१.२कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ ।<br>३.१.३ स्थानीय उपज तथा औद्योगिक उत्पादनको खपत हुनसक्ने सम्भाव्य उपभोक्ता बजारहरूको अध्ययन गरिनेछ। |

उद्देश्य ४ : व्यवसायिक फलफुल उत्पादन तथा प्रसोधनलाई उच्च प्राथमिकता दिनु

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१गाउँपालिकामापाइने फलफुलहरूको पहिचान गर्ने | ४.१.१ विज्ञको सहयोगमा गाउँपालिकाभर पाइने फलफुलको पहिचान गरी विवरण संकलन गरिनेछ।<br>४.१.२ पहिचान भएका फलफुलको नमूना तथा तीनको गुण विशेषता र उपयोग समेटेर गाउँपालिकामा एक हर्वेरीयम तयार पारिने छ । |
| | ४.१.३ कृषिसंगै फलफुल समेत उत्पादन गर्ने कृषकलाई फलफुल उत्पादन सम्बन्धी ज्ञान, सिप र प्रविधि हस्तान्तरण गर्न सहयोग पुऱ्याइने छ ।<br>४.१.४ फलफुल तथा डालेघाँसको नर्सरी स्थापना गरिनेछ। |

उद्देश्य ५ : पशुपन्छीजन्य,माछा, मह,अण्डा,दुध,मासु आदि उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रवद्र्धन गर्नु।

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ पशुपन्छीपालनमा व्यवसायिकता अभिवृद्धि गर्न कृषक अभिमुखीकरण गर्ने | ५.१.१ वडास्तरमा उद्यमशिल सोच भएका इच्छुक युवा तथा अग्रणी कृषकहरूको पहिचान गरिनेछ ।<br>५.१.२ पशुपालनका लागी आवश्यक औषधि व्यवस्था गरिने छ ।<br>५.१.३ इच्छुक युवा तथा अन्य अगुवा कृषकहरूको लगत संकलन पश्चात पशुपन्छी तथा मत्स्य पालन सम्बन्धी असल अभ्यास तथा प्राविधिक पक्षहरूबारे वर्षमा एक पटक अभिमुखीकरण तथा तालिम सञ्चालन गरिनेछ । |
| ५.२ महिला तथा युवा उद्यमीहरूलाई यसतर्फ आर्कषण गर्न | ५.२.१ उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रवद्र्धन गर्न बोका तथा माउ आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ |

| | |
|---|---|
| विशेष सहुलियत प्रदान गर्ने | ५.२.२ खेर गै रहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यवसायिक उत्पादन सम्बन्धी तालिम सञ्चालन गरिनेछ । |
| ५.३ पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने | ५.३.१ प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवा मार्फत विस्तार गरिने छ<br>५.३.२ पशु बिमा कार्यक्रमलाई कृषक मैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अन्तरक्रिया गरिनेछ ।<br>५.३.३ पशु रोग नियन्त्रणका लागि भ्याक्सिनेसन तथा Call Center को व्यवस्था गरिनेछ ।<br>५.३.४ पशुको लागी सार्वजनिक स्थानमा पोखरी निर्माण गरिनेछ ।<br>५.३.५ बडास्तरिय प्राविधिक कार्यालयहरू व्यवस्थित गरिनेछ।<br>५.३.६ पशुशिक्षा प्रवद्र्धन गर्न प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।<br>५.३.७ व्यवसायिक पशुपालन कृषकलाई लागत सहभागिता Cow Mat वितरण गरिनेछ।<br>५.३.८पशुपालन पकेट क्षेत्रस्तरीय घाँस बीजबैङ्क तथा डालेघाँस नर्सरी स्थापनाका लागी संम्भाव्यता अध्ययन गरिनेछ।<br>५.३.९ पशुपक्षी फार्महरूलाई यान्त्रिकीकरण गरिनेछ ।<br>५.३.१० गाउँपालिकामा संम्भाव्यता हेरी दुग्ध चिस्यान केन्द्र स्थापना गरिनेछ । |

उद्देश्य ६ . सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| ६.१. परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याउने | ६.१.१ परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाइनेछ।<br>६.१.२ सतह सिंचाईको सम्भावना नभएका स्थानमा वैकल्पिक तथा नयाँ प्रविधिमा आधारित सिंचाई जस्तै थोपा सिंचाई, फोहरा सिंचाई, वर्षातको पानी संकलन, प्लास्टिक पोखरीको सम्भाव्यता अध्ययन गरी उपयुक्त स्थान र वडाहरूमा कार्यान्वयनमा ल्याइनेछ<br>६.१.३ जलपर्यावरण र जलस्रोत संरक्षणका हिसावले अत्यन्त उपयुक्त पोखरीहरूको निर्माण र व्यवस्थापन अभियानका रूपमा सञ्चालन गरी प्रत्येक वडामा वहुउदेश्यीय नमुना पोखरी निर्माण गरिनेछ । यस अभियान अन्तर्गत पोखरीहरूको पुर्नउत्थानलाई प्राथमिकता दिइनेछ। |

## कृषि , सिचाई तथा फलफुलको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | कृषक वर्गीकरण तथा तथ्याङ्क सकंलन | ३०० | ० | ० | ० | ० | |
| | | १.१.२ | व्यवसायीकरण सम्बन्धी अगुवा कृषक अभिमुखीकरण | १०० | १५० | २०० | २५० | ३०० | |
| | | १.१.३ | कृषक पाठशाला सञ्चालन तथा शिक्षक व्यवस्था | २०० | ३०० | ३५० | ४०० | ४५० | |
| | | १.१.४ | वडा स्तरीय उत्कृष्ट कृषक पुरस्कारको प्रवन्ध | १०० | १५० | २०० | ३०० | ३०० | |
| | १.२ | १.२.१ | गाउँपालिकाका प्रमुख सिंचाइ योजनाहरूको प्राथमिकीकरण | १५० | ० | ० | ० | ० | |
| | | १.२.२ | वडास्तरीय उच्च मूल्यका बाली तथा फलफुल उत्पादन संभाव्यता अध्ययन | ४०० | ० | ० | ० | ० | |
| | | १.२.३ | प्रत्येक वडामा खेर गइरहेका तथा उर्वर खेती क्षेत्रको पुर्नउत्थानका लागी पहिचान,सर्वेक्षण र विवरण संकलन | ० | २०० | ० | ० | ० | |
| | १.३ | १.३.१ | रासायनिक मल माग तथा आपूर्ति तथ्याङ्क प्रणाली निर्माण | ० | ० | ३५० | ० | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १.३.२ | वडास्तरीय प्राङ्गारीक तथा हरित मल उत्पादन तालिम | ५० | ५५ | ६० | ७० | ७५ | |
| | | १.३.३ | वडा स्तरिय बीज बैङ्क ( seed bank) निर्माण | ० | ८०० | ९०० | १००० | ० | |
| | | १.३.४ | कृषि यन्त्र अनुदान | २०० | २५० | ३०० | ३५० | ४०० | |
| | | १.३.५ | गाउँपालिका स्तरिय Custom Hiring Center निर्माण | ० | ० | ५०० | ७०० | १२०० | |
| | १.५ | १.५.१ | मल, बीउ, विषादी आदि विविध विषयमा कृषकहरु लाइ तालिम तथा अन्तरकृया | ६०० | ६०० | ६०० | ६०० | ६०० | |
| | | १.५.२ | गाउँपालिका स्तरिय call center निर्माण | १०० | २०० | ३०० | ५०० | ५०० | |
| | | १.५.३ | घुम्ती वालिउपचार शिविर सञ्चालन | ५० | ८० | १०० | २०० | ३०० | |
| | १.६ | १.६.१ | कृषक तथा बिमा कम्पनी बीच अन्रतकृया कार्यक्रम | ८० | ८० | ८५ | ८५ | ८५ | |
| | | १.६.२ | जनावरबाट हुने क्षती जोखिम न्युनीकरण बाली विमाका लागी बिमा कम्पनीसँग अन्रतकृया | ५० | ५० | ५० | ५० | ५० | |
| २ | २.१ | २.१.१ | अगुवा कृषक अध्ययन तथा अवलोकन भ्रमण | ५०० | ५५० | ५५० | ५५० | ६०० | |
| | | २.१.२ | अगुवा तथा साना किसान बीच अन्रतकृया कार्यक्रम | ३० | ४० | ५० | ६० | ७० | |
| | | २.१.३ | कृषी उपजको बजारीकरण का लागी हाट बजार संचालन र प्रर्वधन गर्ने | ५०० | ८०० | १००० | १२०० | १२०० | |
| ३ | ३.१ | ३.१.१ | रैथानै बालीको प्रवद्र्धन | १०० | १०० | १०० | १०० | १०० | |
| | | ३.१.२ | कृषि उपज प्याकेजिङ, लेबलिङ गुणस्तर जाँच तथा ब्रान्डीङ सम्बन्धी तालिम तथा अन्तरकृया | १०० | १०० | १०० | १०० | १०० | |
| | | ३.१.३ | सम्पूण कृषि उत्पादन को वजारीकरणको सम्भाव्यता अध्ययन र व्यवस्थापन | ४०० | ४०० | ४०० | ४०० | ४०० | |
| ४ | ४.१ | ४.१.१ | गाउँपालिकामा पाइने सबैप्रकारका फलफुलको तथा सम्पूणर्ा वाली Profile तयार | ० | ३५० | १०० | १०० | १०० | |
| | | ४.१.२ | गाउँपालिका स्तरिय Herborium निर्माण | ० | ० | ० | ३०० | ५०० | |
| | | ४.१.३ | स्थानीय फलफुल पहिचान तथा उपयोगिता र संरक्षण बारे जनचेतना | ३० | ३५ | ४० | ४५ | ५० | |
| | | ४.१.४ | फलफुल र डालेधाँस नर्सरीको संचालन | ५०० | ४००० | ५०० | ५०० | ५०० | |
| ५ | ५.१ | ५.१.१ | अगुवा तथा यूवा पशुपन्छी पालक कृषक पहिचान | १०० | ० | ० | ० | ० | |
| | | ५.१.२ | पशु औषधि खरिद | ५०० | ५५० | ६०० | ६५० | ७०० | |
| | | ५.१.३ | अगुवा तथा यूवा कृषक विशेष अभिमुखीकरण तथा तालिम | ५० | ६० | ७० | ८० | ९० | |
| | ५.२ | ५.१.१ | उन्नत जातका बोका, राँगा, बहर तथा माउमा अनुदान | २०० | ३०० | ३५० | ४०० | ५०० | |
| | | ५.१.२ | घाँसको व्यवसायिक उत्पादन सम्बन्धी कृषक तालिम | ८० | ८५ | ९० | ९५ | १०० | |
| | ५.३ | ५.१.३ | पशुपन्छी स्वास्थ्य घुम्ती सेवा सञ्चालन | ५० | ५५ | ६० | ६५ | ७० | |
| | | ५.१.४ | पशु बिमा अनुदान तथा अन्तरकृया | १५० | २०० | २५० | ३०० | ३५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ५.१.५ | पशुखोप घुम्ती सेवा | १०० | १५० | २५० | ३५० | ५०० | |
| | | ५.३.४ | लागत सहभागितामा पशुचौपायलाइ सार्वजनिक पोखरी निर्माण | २०० | २५० | ३०० | | | |
| | | ५.३.५ | वडा कार्यालयमा प्राविधिकहरुको कार्यालय व्यवस्थापन | २०० | २०० | २०० | २०० | २०० | |
| | | ५.३.६ | पशुतथा कृषी प्राविधिकहरुको क्षमता अभिवृद्धी कर्यक्रम | २०० | २०० | २०० | २०० | २०० | |
| | | ५.३.७ | लागत सहभागितामा Cow Mat वितरण | १०० | २०० | ३०० | ४०० | ५०० | |
| | | ५.३.८ | पशुपालन पकेट क्षेत्र स्तरीय घाँस बीज बैङ्क स्थापना | ० | २०० | २५० | ३०० | ३५० | |
| | | ५.३.९ | पशुपक्षीफर्म यान्त्रीकीकरण | ३०० | ३०० | ३०० | ३०० | ३०० | |
| | | ५.३.१० | दुध पकेट क्षेत्र स्तरीय चिस्यान केन्द« स्थापना | ० | ५०० | ५०० | ६०० | ७०० | |
| ६ | ६.१ | ६.१.१. | प्राथमिकता प्राप्त कुलो तथा नहरहरूको मर्मत सम्भार तथा स्तरोन्नति | ४०० | ४०० | ४०० | ४०० | ४०० | |
| | | ६.१.२. | वैकल्पिक सिंचाईको व्यवस्था | ० | ० | ५०० | ७०० | १००० | |
| | | ६.१.३ | प्रत्येक वडामा वहुउदेश्य नमुना पोखरी निर्माण | १०० | २०० | ३०० | ४०० | ५०० | |

## ४.१.५ अपेक्षित उपलब्धिहरू

✦ सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग भएको हुनेछ

✦ कृषि क्षेत्र व्यवसायिक र वैज्ञानिक भएको हुनेछ

✦ खाद्यान्न, मासु, अण्डा, दुधमा आत्मनिर्भर भई निर्यात प्रवद्र्धन हुनेछ

✦ कृषिमा युवा कृषकहरूको आर्कषण बढेको हुनेछ

✦ नमुना कृषि क्षेत्रको आवश्यक पूर्वाधारहरूको विकास भएको हुनेछ ।

✦ व्यवसायीक फलफुल उत्पादनको सुरुवात भएको हुनेछ ।

✦ हाल वार्षिक उत्पादन हुँदै आएको बाली, मासु, दुधमा ५० प्रतिशतले वृद्धि भएको हुनेछ।

✦ सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुगेको हुनेछ र उच्च प्रतिफलयुक्त कृषि उत्पादन भएको हुनेछ।

## ४.२ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.२.१ पृष्ठभूमि

हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको दिगो विकास हुन नसकेता पनि गाउँपालिका पर्यटनको प्रचुर सम्भावना रहेको क्षेत्र हो । विशेष गरी यो गाउँपालिकालाई धार्मिक पर्यटन, पदयात्रा ,मनोरम दृष्यावलोकन र कृषि पर्यटनका हिसाबले विकास गर्न सकिन्छ । यो गाउँपालिकामा रहेका हिन्दु देवालय तथा मन्दिरहरू र धार्मिक स्थलहरु धार्मिक हिसावले आस्थाका केन्द्रका रुपमा रहेका छन् । वाग्लुङ्ग नगरपालिकासँग जोडिएको र राम्रो सडक संजाल भएको काठेखोला गाउँपालिका स्थानीय पर्यटनको हिसावले राम्रो सम्भावना भएको क्षेत्र हो । पदयात्रा गर्दै सुन्दर हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिने टाकुराहरु, केही धार्मिक स्थलहरु, मठ मन्दिर  र स्थानीय संस्कृति नै यस क्षेत्रका पर्यटनका मुख्य आधारहरु हुन् । यस्तै नेपालकै प्रसिद्ध पर्यटकीय शहर पोखराको नजिकै रहेको र पोखराबाट मुक्तिनाथ जाने पर्यटकीय मार्गको छेवैमा रहेको यस क्षेत्रको निम्ति अग्ला पुलहरुको कारण पर्यटकहरुको संख्या बढिरहेको छ।कुनै पनि समुदायको आफ्नै विशिष्ट पहिचान, जीवनशैली, भेषभूषा र रहनसहन हुन्छन्। संस्कृति, भाषा, कला तथा साहित्य समग्र देशको आर्थिक विकासमा एक महत्वपूर्ण अंगको रूपमा स्थापित गर्ने एक रास्ट्रिय अभियानको रूपमा पनि लिन सकिन्छ । सदियौँदेखि अभ्यास गर्दै आइरहेका रीतिरिवाजले मानिसको दैनिक जीवनलाई नियमित र व्यवस्थित गर्न सहयोग पुऱ्याइरहेको हुन्छ । अर्कोतर्फ समुदाय पिच्छे आफ्ना—आफ्ना धर्म, संस्कृति, रीतिरिवाज र परम्पराहरू हुन्छन्। ती फरक रीतिरिवाज, रहनसहन र परम्पराहरू समुदाय र समाजका विशिष्ट पहिचान साथै बौद्धिक सम्पदाहरू, पर्यटकीय आकर्षण भएकोले तिनीहरूको संरक्षण गर्नु  जरुरी छ । कठेखोलागाउँपालिका यस्ता मौलिक तथा सांस्कृतिक विविधतामा धनी गाउँपालिका हो । यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन्। यहाँ हिन्दू धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ भने यसबाहेक बोद्ध र कृश्चियन  धर्मावलम्बी मानिसहरू पनि रहेका छन्। यहाँ करिब ९६ प्रतिशत घरधुरी हिन्दु, करिब ४ प्रतिशत बौद्ध तथा ०.३ प्रतिशत

भन्दा कम मात्र इसाई धर्मालम्वी रहेका मध्ये ब्राह्मण, क्षेत्री तथा ठकुरी ४२ प्रतिशत , आदिवासी जनजाति ३६ प्रतिशत र दलित २२ प्रतिशत घरधुरी रहेका छन् । सबै जातजाति र सम्प्रदायका आ—आफ्नै किसिमका धर्म, संस्कृति र चालचलनहरू छन्। यस गाउपालिकाका हिन्दु समुदायमा मनाईने चाडपर्वहरु रक्षाबन्धन, तीज, ऋषिपञ्चमी, कृष्णाष्टमी, विश्वकर्मा पूजा, , दशै,दुर्गापूजा, दिपावली, विवाह पञ्चमी, माघे सँक्रान्ती, शिवरात्री, होली, रामनवमी, आदी हुन् । यी मध्ये पनि दिपावली, विजया दशमि र होली बिशेष आकर्षण तथा उत्साहका साथ मनाईन्छ भने कृष्णाष्टमी, दुर्गापूजा, शिवरात्रीमा धार्मिक मेलासमेत लाग्ने गर्दछ यसबाहेक आ—आफ्नो जातीय धार्मिक तथा साँस्कृतिक परम्पराअनुसार अन्य चाडपर्व पनि उत्साहकासाथ मनाईने गरिन्छ । यी चाडपर्वहरुले सामाजिक सद्भाव कायम राख्न सहयोग हुने गरेको छ ।यस क्षेत्रमा गाजाको धुरी, घोडाबाधे, थाप्लेको धुरी, बेलढुंगा, झुलेनीको धुरी, मोथेको धुरी, कान्छो धौलागिरि, त्रिपुरेश्वर महादेव मन्दिर, विहुकोट, रामकोट, विहुका दुई कोटहरु, वसन्ताप, भिमादरबार, तंग्रामको नमुना घांसीकुवा, खोर ताल, तिनचुलेको धुरी, रेशको सत्यवति र चिया बगान लेखानीको शिवालय मन्दिर, बौद्ध गुम्बा, पालाको खाङसिङको गुफा र सहिदपार्क आदि जस्ता धार्मिक तथा प्राकृतिक सम्पदाहरु रहेका छन् ।यिनै प्राकृतिक सम्पदा र संस्कृतिलाई जगेर्ना गर्दै पर्यटन सेवा विस्तार गर्न सके राम्रो आर्थिक सम्भावना रहेको छ ।

## ४.२.२ समस्या तथा चुनौती

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
| --- |
| ✦ सबै सडक कच्ची अवस्थामा रहेकाले यातायातको भरपर्दो सुविधा नभएको।<br>✦ पर्यटक बस्न पर्याप्त र सुविधा सम्पन्न होटल तथा रेष्टुरेन्ट आदिको सुविधा नभएको<br>✦ पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको<br>✦ पर्यटकको सुरक्षाको उचित प्रबन्ध नभएको<br>✦ आपतकालीन उद्धारको उचित व्यवस्था नभएको<br>✦ पर्यटकीय स्थलहरूको उचित भौतिक पूर्वाधारको विकास नभएको। |

✦ आकस्मिक स्वास्थ्य उपचार सेवा पर्याप्त नभएको।

✦ गाउँपालिकाका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नभएको।

✦ सामाजिक सञ्जाल, आम सञ्चार तथा सूचना प्रविधिमा भएको विकासका कारण पश्चिमा संस्कृतिको प्रभावले मौलिक संस्कृति लोप हुने जोखिम रहेको।

✦ सम्बन्धीत समुदाय र राज्यले मिलेर सांस्कृतिक संरक्षण प्रवद्र्धनमा ठोस र दीर्घकालीन कार्यक्रमहरू तत्काल सञ्चालन गर्नुपर्ने

✦ विभिन्न लोक भाकाको संरक्षण गर्नुपर्ने

✦ गाउँपालिकाको सिमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको।

✦ निजी क्षेत्रलाई आर्कषण गर्नुपर्ने चुनौती रहेको।

✦ बाह्य पर्यटकहरूको प्रभावले मौलिक संस्कृति लोप हुन सक्ने तर्फ सजग हुनुपर्ने।

✦ सामाजिक विकृतिहरू बढ्न सक्ने जोखिम रहेको।

## ४.२.३ सम्भवना तथा अवसर

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| यस क्षेत्रमा गाजाको धुरी, घोडाबाधे, थाप्लेको धुरी, बेलढुंगा, झुलेनीको धुरी, मोथेको धुरी, कान्छो धौलागिरि, त्रिपुरेश्वर महादेव मन्दिर, विहुकोट, रामकोट, विहुका दुई कोटहरु, वसन्ताप, भिमादरबार, तंग्रामको नमुना घांसीकुवा, खोर ताल, तिनचुलेको धुरी, रेशको सत्यवति र चिया बगान लेखानीको शिवालय मन्दिर, बौद्ध गुम्बा, पालाको खाङसिङको गुफा र सहिदपार्क आदि क्षेत्र लगायतका प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरू रहेका छन्।<br>✦ स्थानीय मौलिक कला र संस्कृतिमा विशेष गरी आदिवासी, जनजाती तथा लोपोन्मुख जातजातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने।<br>✦ पर्यटनका धेरै आयामहरूको सम्भावना भएकोले यसको क्षेत्र व्यापक रहेको। |

| |
|---|
| ✦ प्रत्येक वर्ष पर्यटन महोत्सव आयोजना गरी सांस्कृतिक नाँच, भेषभूषा प्रदर्शनी, खानपान तथा परम्परागत सीपहरूको प्रदर्शनी गर्न सकिने।<br>✦ पोखरी, तलाउ मा माछापालन, कृषि, तरकारी र फलफूल फर्महरू र अरु साना उद्योगहरू स्थापना गरी कृषि पर्यटक भित्र्याउन सकिने |

## ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| दीर्घकालीन सोच | |
| आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको आधार पर्यटनको विकास | |
| लक्ष्य | |
| आर्थिक, सामाजिक र सांस्कृतिक सम्पन्नताका लागि आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आर्थिक आधारशिलाको रूपमा विकास गर्ने | |
| उद्देश्यहरू | |
| ✦ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु<br>✦ कृषि पर्यटनको आधार विकास गर्नु<br>✦ धार्मिक पर्यटनको विकास गर्ने<br>✦स्थानीय पहिचान, कायम हुने भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र प्रवद्र्धन गर्नु । | |

उद्देश्य १ : आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ पर्यटकीय क्षेत्रको पहिचान | १.१.१ प्रमुख पर्यटकीय क्षेत्रको विस्तृत विवरण र त्यहाँ पुग्ने प्रमुख मार्गहरूको वस्तुगत विवरण संकलन गरी प्रकाशन गरिनेछ । |

उद्देश्य २: कृषि पर्यटनको आधार विकास गर्नु

| रणनीति | कार्यनीति |
| --- | --- |
| २.१ सघन कृषि क्षेत्रको विकास गर्ने | २.१.१ फलफुल, जडीबुटी, पशुपंक्षीपालन तथा नगदेबाली नमुना सघन क्षेत्रहरूको राष्ट्रिय र क्षेत्रियस्तरका प्रचारप्रसार गर्न पत्रकार सम्मेलन गरिनेछ । |

उद्देश्य ३: धार्मिक पर्यटनको विकास गर्ने

| रणनीति | कार्यनीति |
| --- | --- |
| ३.१ धार्मिक स्थलको निर्माण र जिर्णोद्वार गर्ने | ३.१.१ प्रत्येक वडामा रहेका प्रमुख धार्मिक स्थलहरूको समग्र व्यवस्थापन योजना निर्माण गरिनेछ । |

उद्देश्य ४ : स्थानीय पहिचान, कायम हुने भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र प्रवद्र्धन गर्नु ।

| रणनीति | कार्यनीति |
| --- | --- |
| ४.१ संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखीकरण गर्ने | ४.१.१ गाउँपालिकाबाट प्रादेशिक तथा राष्ट्रिय कला, सँस्कृति र साहित्यमायोगदान पुऱ्याउने लेखक, गायक, अभिनेता, संगीतकार, रंगकर्मी,नृत्याङ्गना, साहित्यकार सँस्कृतिविद लगायतका कलाकारको विस्तृत विवरण तयार पारिनेछ ।<br>४.१.२स्थानीय मौलिक उत्पादन, चिनो, परिकार आदि निर्माण तालिमु |
| ४.२ भाषा संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने | ४.२.१ हरेक विशेष चाडपर्व मेला र सांस्कृतिक उत्सवलाई भव्य बनाउन सांस्कृतिक समितिहरूलाई जिम्मेवारी प्रदान गरी सो सञ्चालनका लागि रकमहरूको व्यवस्था गरिनेछ ।<br>४.२.२ चाडपर्व मेलालाई पालिकास्तरीय महोत्सवको रुपमा मनाउने व्यवस्था गरिनेछ । |

पर्यटन, संस्कृति तथा सम्पदा क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १ | १.१.१ | पर्यटन एचयाष्भि निर्माण | ८०० | ० | ० | ० | ० | |
| २ | २ | २.१.१ | नमूना सघन कृषि क्षेत्रहरूको प्रचार प्रसार | ५० | ६० | ६५ | ७० | ८० | |
| ३ | | ३.१.१ | प्रमुख धार्मिक क्षेत्रहरूको जिर्णोद्धार तथा निर्माण | ५०० | ६०० | ७०० | ८०० | ९०० | |
| ४ | ४ | ४.१.१ | लेखक,कलाकार,साहित्यकारहरूको विवरण संकलन | ४५ | ४५ | ५० | ५५ | ६० | |
| | | ४.१.२ | स्थानीय मौलिक उत्पादन, चिनो, परिकार आदि निर्माण तालिम | १०० | १०० | १०० | १०० | १०० | |
| | ४.२ | ४.२.१ | विशेष पर्व तथा उत्सव तयारी अनुदान | ९० | ९० | ९० | ९० | ९० | |
| | | ४.२.२ | विशेष चाडपर्वलाई महोत्सवको रुपमा मनाउने | १०० | १०० | १०० | १०० | १०० | |

### ४.२.५ अपेक्षित उपलब्धिहरू

✦ आधारभूत पर्यटन पूर्वाधारको विकास हुनेछ ।

✦ कृषक पर्यटकहरूको आवागमन हुनेछ ।

✦ धार्मिक क्षेत्रको एकिकृत विकास हुनेछ ।

✦ शैक्षिक पर्यटकहरूको आवागमन सूरु हुनेछ

## ४.३ उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति

### ४.३.१ पृष्ठभूमि

मुख्यतया कृषि, पशुपालन पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको ग्रामीण इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ उचित विकास भएको छैन तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ ।यद्यपि कृषिमा आधारित केही साना उद्योग र अन्य घरेलु उद्योगहरू यहाँ संचालनमा रहेका छन। जसमा खेतिको अलावा बैदेशिक रोजगारी ले गाउँपालिकाको आर्थिक विकासमा टेवा पुर्‍याएको छ । यहाँ वडा नं. ८ को कादेस र लेखानी , वडानं. १ को खान्सिङ गुफा ,३को मठे देउराली ,४को फापर खेत र कुर्मला मा तामा खानी वडानं.

५ को तिम्लेखर्क  र दल्याह मा  फलाम खानी   त्यसै गरी वडा नं. २,३ र ७ मा रहेको ढुङ्गा खानी लाई संचालनमा ल्याउन सकेमा आर्थिक रूपले पालिका समृद्ध हुने कुरामा दुइमत नहोला । यस गाँउपालिकामा विभिन्न सेवासँग सम्बन्धित उद्योगहरु सवैभन्दा बढी दर्ता भएका छन् । त्यसपछि कुटानी, पिसानी, पेलानीजस्ता उत्पादनमूलक उद्योगहरु सम्बन्धित र निर्माण उद्योगहरु दर्ता भएका छन् । यहाँ रहेको सडकको पहुँच, छिमेकी गा.पा./न.पा.सँग सिमाना जोडिनु तथा पर्याप्त जमिन र कृषिजन्य कच्चा पदार्थको सम्भावना रहेको हुनाले उद्योगका लागि आवश्यक न्यूनतम कुराहरु रहेको देखिन्छ । सहरी विकासलाई ग्रामिण विकासको पृष्ठपोषणमा लिनु आजको आवश्यकता हो । पर्याप्त आधारभूत भौतिक पूर्वाधारहरूको विकास हुन नसकेका कारण यहाँ ठूला बजार केन्दहरू, उद्योगहरू, व्यापार तथा बाणिज्यको विकास भएको छैन तसर्थ उद्योग धन्दा र व्यापारिक तथा व्यावसायिक कृयाकलापहरू वृद्धि हुनका लागि सहरको विकासमा क्षेत्रिय सन्तुलन कायम राख्नु पनि आजको आवश्यकता हो । तसर्थ कृषीमा आधारित उद्योगको राम्रो सम्भावना भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ।

## ४.३.२ समस्या तथा चुनौती

| दुर्बल पक्षः प्रमुख समस्याहरूर चुनौतीहरू |
|---|
| ✦ उद्योगको प्रचुर सम्भावना भएता पनि औद्योगिक पूर्वाधारहरू जस्तै सडक, उर्जा, पूँजी, दक्ष जनशक्ति, प्रविधि आदिको अवस्था अत्यन्त कमजोर रहेको<br>✦ औद्योगिक उत्पादनको सीप सिकाउने शिक्षा प्रणाली नभएको<br>✦ गाउँपालिकाका बजारकेन्द्रहरूमा ठूलो स्तरको आर्थिक गतिविधि नभएका<br>✦ निजी क्षेत्रको लगानी आर्कषण गर्न नसकिएका<br>✦ शुरक्षाका कारण बैङ्क तथा वित्तीय संस्थाहरू स्थापना गर्न हिच्किचाइरहेका<br>✦ वित्तीय सुरक्षाको पर्याप्त प्रत्याभूति नभएको<br>✦ उद्योगमा संलग्न मजदुर तथा औद्योगिक क्रियाकलापका दौरान सामाजिक जटिलता, अपराध आदिको वृद्धि हुन सक्ने<br>✦ लगानी सुरक्षाको वातावरण आवश्यक पर्ने |

| |
|---|
| ✦ औद्योगिक पूर्वाधार विकासमा यथेष्ट बजेट व्यवस्था गरी योजनाबद्ध ढङ्गले लाग्नु पर्ने<br>✦ उद्योग विकासको लागि सडक, यातायात, विद्युत्तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने<br>✦ विभिन्न प्रकारका उद्योगहरू स्थापना गर्दा औद्योगिक प्रदूषण वृद्धि हुन सक्ने<br>✦ ठुलो आकारको लगानीको व्यवस्था गर्नुपर्ने<br>✦ पशुपालनका लागि घाँस उत्पादन हुन कम भएको |

## ४.३.३ सम्भावना तथा अवसर

| सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦कृषीमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको<br>✦ पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, उद्योगहरूको स्थापना गर्न सकिने<br>✦ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्न सकिने<br>✦ औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके गाउँपालिकामा रोजगारीको सम्भावना र अवसरहरूको प्रचुरता रहेको<br>✦ गाउँपालिका भित्र सञ्चालित व्यवसायलाई दर्ता नवीकरण तथा अन्य कानूनी प्रक्रियामा सरलता ल्याई प्रवद्र्धन र संरक्षण गर्ने सकिने<br>✦ डेरी उद्योग र हस्तकलामा आधारित घरेलु उद्योगहरूको विकास गर्न सकिने<br>✦ काष्ठ उद्योगहरूको सञ्चालन गर्न सकिने<br>✦ प्रस्तावित औद्योगिक क्षेत्रहरू बिस्तार गरी गाउँपालिकाभित्र रोजगारी सिर्जना गर्न सकिने<br>✦ सिलाई/कटाइ/बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल तथा साइकल मर्मत तालिम, कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने |

## ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| दीर्घकालीन सोच |
|---|
| गाउँपालिकाको आर्थिक वृद्धिदर कृषि, र पर्यटनमा आधारित उद्योगको भर |

| लक्ष्य |
|---|
| आगामी पाँच वर्षमा गाउँपालिकाको कूल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा २० प्रतिशत पुऱ्याई रोजगारी सिर्जना गर्ने |
| उद्देश्यहरू |
| उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु<br>गाउँपालिकामा उत्पादन हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिल गर्नु ।<br>स्थानीय बजार प्रबद्र्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गन |

उद्देश्य १ : उद्योगका लागि आधारभूत पूर्वाधारको विकास गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ नीतिगतसुधार गरी लगानी मैत्री वातावरण निर्माण गर्ने । | १.१.१ उद्योगमा लगानीमैत्री वातावरण निर्माण गर्न उद्योगका लागि जग्गा, रजिष्ट्रेशन, करारमा लिन विशेष सहुलियत र छुट दिने नीति तथा मापदण्ड निर्माण गरिनेछ ।<br>१.१.२ उद्योगको स्थितिपत्र प्रकाशन गरिनेछ । |
| १.२ प्रमुख औद्योगिक पूर्वाधारको सुनिश्चितता गर्ने | १.२.१ स्थानीय कृषि उपजमा आधारित उद्योगलाई प्राथमिकता दिइ कच्चा पदार्थ उत्पादन सुनिश्चित गर्न सम्भाव्य उद्योगी र कृषक बीच अन्तरकृया कार्यक्रम संचालन गरिनेछ ।<br>१.२.२ औद्योगिक श्रमिकहरूको उपलब्धताका लागि स्थानीय |

उद्देश्य२:स्थानीय कच्चा पदार्थ, कृषि उपजमा आधारित उद्योग स्थापना मार्फत आर्थिक वृद्धिदर हासिलगर्नु

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| २.१ निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा एक वडा एक कृषिमा आधारित उद्योगको निर्माण गर्ने | २.१.१ पहिलो चरणमा एक वडा एक कृषि उद्योग स्थापना गर्न उद्योगी कृषक वा कृषक समूह पहिचान गरिनेछ ।<br>२.१.२ उद्यमी कृषकहरूलाई लक्षित अध्ययन तथा अभिमुखीकरण तालिमका लागि गाउँपालिकाद्वारा सहयोग प्रदान गरिनेछ । |
| २.२ स्थानीय कृषि उद्योगबाट उत्पादित सामग्रीको ब्रान्डिङ गर्ने | २.२.१ कृषि उद्योगबाट उत्पादित उत्पादनहरूको प्रशोधन प्याकेजिङ लेबलिङ, गुणस्तर तथा ब्रान्डिङ गर्नका लागि विशेष अभिमुखीकरण तथा तालिम प्रदान गरिनेछ । |
| २.३ खानी तथा खनिज क्षेत्रको अन्वेषण, उत्खनन् तथा व्यवस्थापन गर्ने | २.३.१ संघ र प्रदेशसँगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण र उत्खननका लागि आवश्यक नीति, ऐन, नियम र मापदण्डको निर्माण गर्ने।<br>२.३.२ गाउँपालिकाभर रहेका वा हुनसक्ने खानी तथा खनिजको अन्वेषण गर्न खानी तथा भू—गर्भ विभागसँग समन्वय गरी विज्ञसँग परामर्श लिइनेछ ।<br>२.३.३ नदीबाट उत्खनन्हुने गिट्टी, वालुवा र बेसमाटोको उत्खनन्प्रकृयालाई वातावरणीय प्रभाव मूल्याङ्कन गरी सुव्यवस्थित गर्न मापदण्ड बनाई लागू गरिनेछ । |
| उद्देश्य ३ : स्थानीय बजार प्रवद्र्धन र व्यवस्थापन मार्फत वाणिज्य, बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने । | |
| रणनीति | कार्यनीति |
| ३.१ स्थानीय बजार प्रबद्र्धन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने | ३.१.१ स्थानीय व्यापारिक फर्म तथा व्यवसायको दर्ता अनुमति नवीकरण, खारेजी, बजार तथा गुणस्तर अनुगमन र नियमन गर्ने संयन्त्र र नियमित कार्यतालिका बनाइनेछ ।<br>३.१.२ वार्षिक रूपमा मूख्य चाडपर्व तथा अवसर हेरी व्यापारिक मेला आयोजना गर्न वार्षिक पात्रो निर्माण गरिनेछ। |

| | |
|---|---|
| | ३.१.३ प्रत्येक वर्ष नियमित आम उपभोक्ता हित र अधिकार साथै खाद्य गुणस्तर सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

## उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | उद्योगका लागि करारमा दिनसकिने जग्गा पहिचान गर्न अध्ययन | १०० | ० | ० | ० | ० | |
| | | १.१.२ | उद्योग क्षेत्रको स्थिति पत्र प्रकाशन | १०० | ० | ० | ० | ० | |
| | १.२ | १.२.१ | कच्चा पदार्थ उत्पादन केन्द्रित उद्योगी कृषक अन्तरकृया | २०० | ५०० | ७०० | ८०० | १००० | |
| | | १.२.२ | औद्योगिक श्रमिक तथा श्रम सूचना तथ्याङ्क प्रणालीको निर्माण | ० | ० | २०० | ५०० | ७०० | |
| | ३३३३ | २.१.१ | एक वडा एक कृषि उद्योग अन्तर्गत उद्योगी प्हिचान | ४० | ० | ० | ० | ० | |
| | | २.१.२ | कृषि उद्योगी विशेष अभिमुखीकरण कार्यक्रम | ० | ५० | ५० | ५० | ५० | |
| | २.२ | २.२.१ | स्थानीय औधोगिक उत्पादनहरूको प्रशोधन, प्याकेजिङ, लेवलिङ, गुणस्तर तथा ब्रान्डिङ सम्बन्धी तालिम | १०० | १५० | २०० | २५० | ३०० | |
| | २.३ | २.३.१ | संघ र प्रदेश संगको समन्वयमा स्थानीय खानी तथा खनिज अन्वेषण सम्बन्धी नीति ऐन नियम र मापदण्ड निर्माण | ० | ० | ० | ० | ० | |
| | | २.३.२ | खानी तथा खनिज अन्वेषण परामर्श | ० | ० | ० | ० | ० | |
| | | २.३.३ | नदीजन्य पदार्थ, बेसमाटो तथा ढुङ्गा उत्खनन मापदण्ड निर्माण | ० | ० | ० | ० | ० | |
| ३ | ३.१ | ३.१.१ | बजार अनुगमन तथा निरिक्षण आन्तरिक पात्रो निर्माण | ० | १०० | ० | ० | ० | |
| | | ३.१.२ | वार्षिक पात्रो अनुसार व्यापारिक मेला आयोजना | ३५० | ५०० | ५०० | ७०० | ७५० | |
| | | ३.१.३ | हाटबजार पूर्वाधार निर्माण | ० | २०० | ३५० | ६०० | ८०० | |
| | | ३.१.४ | उपभोक्ता हित सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन | ४० | ४० | ४० | ४० | ४० | |

## ४.४ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.४.१ पृष्ठभूमि

काम गर्न सक्ने उच्च सक्रिय उमेरको यो जनसंख्या नै जनसांख्यिक लाभांस हो । जनसंख्याको उपस्थिति तथा मानव संसाधन विकास तथा श्रम शक्तिका हिसाबले ठूलो जनसांख्यिक लाभ बोकेको यस कठेखोलागाउँपालिकाले युवा शक्तिलाई देशमै उपयूक्त रोजगारी दिनसके छोटो अवधि मै आर्थिक तथा सामाजिक समृद्धि हासिल गर्न सकिन्छ । तसर्थ युवाका सक्षेरता, ज्ञान, सिप एवं समसामयिक सूचनाको उपयोग गर्न सके मुलुकले विश्वमा प्रतिस्पर्धी भूमिका निभाउन सक्छ ।नेपालको संविधानको धारा ४३ मा मौलिक हक अन्तर्गत व्यवस्था गरिएको सामाजिक सुरक्षा लक्ष्यित वर्गले सहजरूपमा पाउनुपर्छ । जसअनुसार आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी स्पष्ट पारिएको छ । अर्कातर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संघ र प्रदेश कानूनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेकोले स्थानीय विकास योजना तर्जुमा गर्दा सामाजिक सुरक्षालाई सम्बोधन गर्नु आवश्यक रहेको छ । तसर्थ लक्षित कार्यक्रमहरूको माध्यमबाट विशेष रूपमा पिछडिएको क्षेत्र तथा वर्गमा बिद्यमान गरिबी निवारण गर्दै, पछौटेपन तथा असमानता हटाउदै विकासको मुलप्रबाहमा समाहित गरिनु पर्दछ ।

### ४.४.२ समस्या तथा चुनौती

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ✦ गाउँपालिकाबाट स्वभाविक रूपमा ठूलो हिस्सा शिक्षा तथा रोजगारका लागि शहरी क्षेत्र तथा विदेश पलायन भइरहेको।<br>✦ प्रधानमन्त्री रोजगार कार्यक्रमबाट धेरै व्यक्तित्वलाई समेट्न नसकिएको ।<br>✦गाउँपालिकामा रहेका वेरोजगार युवाहरू निरास, निश्क्रिय भई मोबाइल लगायतका प्रतिफलहिन कृयाकलापमा संलग्न हुने लत बढ्दै गएको। |

| |
|---|
| ✦ गाउँपालिकामा अध्ययन तथा रोजगारका लागि शहर तथा विदेश गएकाहरूलाई स्वदेशमै रोजगार सिर्जना गर्न चुनौती रहेको<br>✦ गाउँपालिकाका सम्पूर्ण वेरोजगार युवालाई थेग्न सक्ने गरी रोजगारीको सिर्जना गर्न चुनौती रहेको।<br>✦ सामाजिक सुरक्षाले समेट्नु पर्ने वर्गलाई समेट्न एकिकृत सूचना प्रणालीको व्यवस्था नहुनु साथै त्यस्ता वर्ग छुट्नु जानु। |

## ४.४.३ सम्भावना तथा अवसर

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦वैदेशिक रोजगारीबाट फर्किएका, रोजगारी गुमाएका युवाहरूलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन आवश्यक व्यवस्था गर्ने नीति लिएको ।<br>✦ प्रधानमन्त्री रोजगार कार्यक्रमबाट पालिकाका विपन्न व्यक्तिहरुलाई आर्थिक उपार्जनमा तथा जिविकोपार्जनमा केही हदसम्म सहयोग पुगेको छ ।<br>✦ रोजगार कार्यक्रमबाट आफ्नो गाउँको विकाससँगै रोजगारीमा संलग्न हुने अवसर प्राप्त भएको ।<br>✦ युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिक आधारित सामुदायिक आयोजनाहरू संचालनलाई थप शसक्त रूपमा कार्यान्वयन गर्दै प्रत्यक्ष रोजगारीमा वृद्धि गर्ने नीति लिएको ।<br>✦ युवाहरूका लागि स्वरोजगारमुलक व्यवसायिक र सिपमूलक तालिम संचालन गर्ने नीति अवलम्बन गरेको।<br>✦ नियमित रूपमा खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिका लागि रंगशाला, खेलकुद मैदान तथा मनोरञ्जनात्मक गतिविधिलाई प्राथमिकतामा राखेर क्रमशः स्तरोन्नति गर्न सकिने।<br>✦ गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग समन्वय गरी युवामैत्री, तालिम, गोष्ठी तथा सेमिनार आयोजना गरी आय आर्जनका गतिविधिमा आवद्ध गराउन सकिने। |

## ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| दीर्घकालीन सोच | |

| |
|---|
| अनुशासित, श्रमशिल, कर्मठ र दक्ष युवा मानव संसाधन निर्माण |
| लक्ष्य |
| गाउँपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार र उच्च उत्पादनमुखि बनाउने |
| उद्देश्यहरू |
| ✦ श्रमशिल र सक्रिय युवा जनशक्तिलाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु |

उद्देश्य१ :श्रमशिल र सक्रिय युवा लाई दक्ष बनाई उनीहरूको श्रमशक्ति र उर्जाको सही सदुपयोग गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ युवा तथ्याङ्क व्यवस्थापन गर्ने | १.१.१ गाउँपालिकाभर रहेका युवा जनशक्तिको पृष्ठभूमिबारे प्रोफाइल तयार पार्ने<br>१.१.२ गाउँपालिकाबाट श्रम तथा रोजगारीका लागि बाहिरिएका युवाहरूको पूर्ण विवरण तयार पारिनेछ ।<br>१.१.३ गाउँपालिकामा रहेका रोजगारदाताहरुको तथ्याङ्क संकलन गरिनेछ।<br>१.१.४ रोजगारीका क्षेत्रको सम्भाव्यता अध्ययन गरिनेछ।<br>१.१.५ रोजगारदाताहरुसँग समन्वय कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.१.६ युवा उद्यमीलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.२ दक्ष र शिपयुक्त मानव संसाधनको विकास गर्ने | १.२.१ युवा स्थितिपत्रमा तयार विवरण अनुसार हाल अदक्ष र अर्धदक्ष मानव स्रोतलाई लक्षित गरी उनीहरूको रुचि र झुकाव अनुसार नियमित शिप विकास रोजगारी मूलक र Motivational तालिम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.२.२ समाजमा शान्ति सुव्यवस्था, आपतकालिन उद्धार र मानव सेवामा लगाउने उद्देश्यका साथ युवा स्वयंसेवक दस्ता तयार गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।<br>१.२.३ गायन, वाद्यवाधन, नृत्य , कला, अभिनय आदिमा विशेष रुचि भएका युवाको पहिचान गरी वडास्तरीय सांस्कृतिक समितिमा आवद्ध गराई उनीहरूलाई विशेष तालिम प्रदान गरिनेछ । |

श्रम, रोजगारी र सामाजिक सुरक्षाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनिति | कार्यनिति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | युवा प्रोफाइल तयार पार्ने | ५०० | ० | ० | ० | ० | |
| | | १.१.२ | रोजगारीका लागि बाहिरिने युवाहरूको समग्र विवरण तयार पार्ने | १०० | ० | ० | ० | ० | |
| | | १.१.३ | रोजगारदाताहरुको तथ्याङ्क संकलन | १५० | ० | ० | ० | ० | |
| | | १.१.४ | रोजगारीका क्षेत्रको सम्भाव्यता अध्ययन | ४०० | ० | ० | ० | ० | |
| | | १.१.५ | रोजगारदाताहरुसँग समन्वय कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | |
| | | १.१.६ | युवा उद्यमीलाई प्रोत्साहन कार्यक्रम | ५० | ६० | ७० | ८० | ९० | |
| | १.२ | १.२.१ | रोजगारीमूलक तथा युवा अभिमुखीकरण तालिम | ५० | ६० | ७० | ८० | ९० | |
| | | १.२.२ | यूवा स्वयंसेवक तालिम | ४० | ६५ | ७० | ८० | ८५ | |
| | | १.२.३ | यूवा कलाकारीता तालिम | ३० | ७० | ८० | १०० | १२० | |

## ४.४.५ अपेक्षित उपलब्धि

✦ शिपयुक्त अर्धदक्ष र दक्ष मानव संसाधनको विकास हुनेछ ।

✦ बेरोजगार युवाको जनसंख्यामा उल्लेख्य कमी आएको हुनेछ ।

✦ नागरिकहरूमा सामाजिक सुरक्षा पाउनु मौलिक हक हो र यसमा सक्रिय जीवनमा सहयोग गर्नुपर्छ भन्ने जनचेतनाको विकास हुनेछ ।

✦ असक्षम, असक्त र असहाय अवस्थाका सबै नागरिकलाई राज्यले सामाजिक सुरक्षाको सहारा सुनिश्चित गरेकोहुनेछ।

# ४.५ गरिबी निवारण

## ४.५.१ पृष्ठभूमि

ज्यालामजदुरीको काममा गाउँमा जाने काम गर्न जाने यस अलावा र खाडि मुलुक लगाएत जापान अष्ट्रेलिया कोरिया मा र भारतका विभिन्न ठाउँहरुमा गएर ज्यालामजदुरी गर्ने, सामान्य सीपमूलक जस्तै सीलाईकटाइ कामबाट आम्दानी गर्ने, अरुको जग्गा अधिया वटैयामा कमाउने आदि विषयहरु आम्दानीका स्रोत भित्र पर्दछन् भने अन्न खरिद खर्च, कपडा तथा उपचार खर्च, अन्य फजुल खर्च, विवाह खर्च आदि खर्चका स्रोत भित्र पर्दछन् । अति गरिब जग्गा जमिन कम हुने भएको कारण अरुको जमिन अधिया वटैयामा लिएर केही परिवारले खाद्यान्न आपुर्ति गर्ने गरेका छन । दैनिक ज्यालामजदुरी र साहु महाजनबाट कर्जा लिइ त्यसको बदलामा सालभरि नै उनीहरुकै जग्गामा काम गरेर यि परिवारले जीविकोपार्जन गरिरहेका छन् । खर्चमा दैनिक खाना तथा लत्ता कपडा, चाडवाड तथा केटाकेटिको पढाई लेखाईमा पनि खर्च हुने गरेको जानकारी लक्षित समुह छलफलबाट प्राप्त भएका छ । यसबाहेक पुरुषहरुमा रक्सि तथा धुम्रपान, तासखेल्ने आदि कुलतमा पनि खर्च हुने गरेको छ । साहुको ऋणको ब्याज तिर्न समस्या परेका साथै आम्दानीबाट उपचार गर्न धौ धा परिरहेको कुरा जानकारी प्राप्त भएका छ । वि.स. २०१३ साल देखि हालसम्मका आवधिक विकास योजनाहरूमा सबैभन्दा बढी देखापर्ने पेचिलो मुद्धाको रूपमा गरिबी निवारण रहेको छ । जति विकासका योजनाहरू बनेपनि गरिबी निवारण गर्न सकिएको छैन । दिगो विकास लक्ष्यको पहिलो नं लक्ष्य नै सन २०३० सम्म सबै प्रकारको गरिबीको अन्त्य गर्ने भन्ने छ भने राष्ट्रिय लक्ष्य शुन्यमा झार्न नसकिए तापनि कुल जनसंख्याको ५ प्रतिशतमा सिमित गर्ने रहेको छ ।

## ४.५.२ समस्या तथा चुनौती

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
| --- |

| |
|---|
| ✦ वास्तविक गरीबको पहिचान हुन नसकेको<br>✦ सरकारको मूल कार्यक्रमहरूमा गरीब परिवारको वास्तविक पहुँच पुग्न नसकेको<br>✦ कृषि उद्योग, पर्यटन र अन्य व्यवसाय प्राय निर्वाहमुखि हुने गरेको<br>✦ शिक्षा र जनचेतनामा कमी रहेकोले गरिबी घटाउन कठिन र चुनौतीपूर्ण रहेको<br>✦ युवाहरू अवसर नपाएर विदेश पलायन हुनुपरेको<br>✦ विगतका गरिबी निवारणका कार्यक्रमहरू वास्तविक रूपमा प्रभावकारी हुन नसकेको<br>✦ श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसकेको<br>✦ रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसकेको |

## ४.५.३ सम्भावना तथा अवसर

| सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦ गरिबी निवारणका कार्यक्रम तथा योजना तर्जुमा गर्ने अधिकार स्थानीय तहको सरकारलाई प्राप्त भएकोले बास्तविक गरीब पहिचान गरी त्यसको निराकरण गर्न सहज हुने।<br>✦ खेतीयोग्य उर्वर जमिन पर्याप्त भएको, पर्यटन तथा उद्योगहरूको सम्भावना रहेकोले गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्ने अवसरहरू रहेको।<br>✦ स्थानीय तहमै रोजगार केन्द्रको प्रबन्ध गर्न सकिने।<br>✦ गाउँपालिकाले गरिबी निवारणलाई प्राथमिकता दिएको।<br>✦ प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता राष्ट्रिय नीतिहरू कार्यान्वयनमा आएको।<br>✦ युवा उमेरको जनसंख्या उल्लेख्य मात्रामा रहेको।<br>✦ वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीपलाई गरिबी निवारणमा सदुपयोग गर्न सकिने।<br>✦ रोजगारी सिर्जना, सीपमूलक तालिम आदिमा गाउँपालिकाले प्रत्यक्ष सहयोग गर्न सक्ने वैद्यानिक र नीतिगत आधार तयार भएको। |

## ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| दीर्घकालीन सोच | |
| "ज्ञान सीप र उद्यमशिलताको विकास गरी शुन्यमा झार्ने गरिबी" | |
| लक्ष्य | |
| आगामी पाँच वर्षमा हालको गरिबीलाई पचास प्रतिशत कम गर्ने | |
| उद्देश्यहरू | |
| ✦ निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने। | |

उद्देश्य १: निरपेक्ष र बहुआयमिक गरिबीमा रहेको जनताको गरिबी निवारण गरी जीवनस्तर उकास्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ गरिबी सम्बन्धी सूचना र तथ्याङ्क चुस्त दुरुस्त राख्ने | १.१.१ बेरोजगारको तथ्याङ्क संकलन र अध्यावधि गरिनेछ ।<br>१.१.२ गरिबीका प्रमुख कारण र गरिबीको सघनता भएका क्षेत्रहरूको पहिचान गरिनेछ । |
| १.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न | १.२.१ निरपेक्ष गरिबीमा रहेको जनसंख्या लक्षित पोषण तथा खाद्य सुनिश्चितताका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.२ गाउँपालिकाको अनुदानमा लक्षित गरीब घरपरिवारको स्वास्थ्य बिमा गरिनेछ । |
| १.३ विपन्न लक्षित सिपमूलक तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने | १.३.१ रोजगार केन्द्रलाई सक्रिय बनाई गाउँपालिकामा निरन्तर सिर्जना हुन सक्ने रोजगारका क्षेत्रका बारे सम्भाव्यता अध्ययन तथा अनुसन्धान गरिनेछ ।<br>१.३.२ कृषि क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गर्न दक्ष कृषि श्रमिक स्रोत केन्द्र स्थापना गरिनेछ ।<br>१.३.३ कृषि श्रमिकहरूलाई सीपमूलक तालिम प्रदान गरिनेछ। |

| | |
|---|---|
| | १.३.४ बेरोजगार युवाहरूको लगत संकलन गरी उनीहरूको रुचि र क्षमता पहिचान गरी सोही अनुसार तालिम प्रदान गरिनेछ । |

गरिबी निवारणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | १.१.१ | बेरोजगारहरूको सूचना तथा तथ्याङ्क संकलन | ५० | ० | ० | ० | ० | |
| | | १.१.२ | गरिबीका प्रमुख विशिष्टिकृत कारणहरूको अध्ययन गर्ने | ० | २५० | ० | ० | ० | |
| | १.२ | १.२.१ | गरीब लक्षित पोषण तथा खाद्य सुरक्षा कार्यक्रम | १०० | २०० | ३०० | ४०० | ५०० | |
| | | १.२.२ | विपन्न परीवार स्वास्थ्य बिमा कार्यक्रम | २५० | ३०० | ४०० | ५०० | ६०० | |
| | १.३ | १.३.१ | रोजगार केन्द्रद्वारा रोजगारीका क्षेत्र पहिचान गर्न सम्भाव्यता अध्ययन | ० | ३०० | ० | ० | ० | |
| | | १.३.२ | दक्ष कृषि श्रमिक स्रोतकेन्द्र स्थापना | १०० | १५० | २०० | ४०० | ५०० | |
| | | १.३.३ | कृषि श्रमिक सीपमूलक तालिम | ५० | ५० | ५० | ५० | ५० | |
| | | १.३.४ | बेरोजगारलाई रुचि अनुसार तालिम सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | |

## ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा

✦ आफ्नो आम्दानीले बाह्र महिना खान नपुग्ने परिवार संख्या हालकोबाट ५० प्रतिशत कम हुनेछ ।

✦ रोजगारीका अवसरहरू सिर्जना हुनेछन्।

✦ गरीब घरपरिवारको जीवनस्तर सुधार हुनेछ नतिजा सूचकहरू

## ४.५.६ अनुमान तथा जोखिम पक्ष

✦ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।

✦ आवश्यक बजेटको व्यवस्था हुनेछ ।

- ✦ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- ✦ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- ✦ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।
- ✦ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- ✦ कामको थालनीपश्चात्काममा नियमितता हुनेछ ।
- ✦ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- ✦ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- ✦ सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

नतिजा सूचकहरू

| क.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | मध्यकालिन अन्तिम नतिजा ०८२/८३ | आवधिक योजनाको अन्तिम नतिजा ८४/८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रभाव | कृषि क्षेत्रको उत्पादन वृद्धि दर | प्रतिशतमा | २.६ | ३.७ | ६.८ |
| २ | प्रभाव | कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादनका योगदान | प्रतिशतमा | २८.२ | २४.५ | १९.५ |
| ३ | प्रभाव | पूर्ण खाद्य सुरक्षा भएका घरधुरी | प्रतिशतमा | ५६ | ८६ | १०० |
| ४ | असर | खेतीयोग्य जमिन मध्ये पूर्णरुपमा खेती भैरहेको जमिनको | हेक्टर | ८३२ | १२०० | १६०० |
| ५ | असर | सिंचाई सुविधा पुगेको जमिन | हेक्टर | ८३२ | १२०० | १६०० |
| ६ | असर | जैविक प्रणालीबाट मात्र खेती भैरहेको जमिन | हेक्टर | २३१२ | २५०० | २८०० |
| ७ | असर | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी.मा | २५७ | २८० | ३०० |
| ८ | असर | धान उत्पादन | मेट्रिक टन | २३६८ | २४५० | २६०० |
| ९ | असर | मकै उत्पादन | मेट्रिक टन | ३७७३.४ | ४००० | ४२०० |
| १० | असर | गहुँ उत्पादन | मेट्रिक टन | ९०२.१६ | ९८० | ११०० |
| ११ | असर | कोदो उत्पादन | मेट्रिक टन | ११०७ | १२०० | १४०० |
| १२ | असर | जौ उत्पादन | मेट्रिक टन | १८६.५६ | २०० | २२० |
| १३ | असर | फापर उत्पादन | मेट्रिक टन | ८.६५ | १० | १२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | असर | दुध उत्पादन डेरी | लिटर | ८००००० | १०००००० | १२००००० |
| १५ | असर | तेलहन बाली | मेट्रिक टन | २०.०२ | २२ | २५ |
| १६ | प्रतिफल | कृषि सूचना तथा स्रोत केन्द्र | संख्या | १ | २ | ३ |
| १७ | प्रतिफल | पशु उपचार केन्द्र | संख्या | १ | २ | ३ |
| १८ | प्रतिफल | कृषि औजार बिक्री केन्द्र | संख्या | ० | १ | २ |
| १९ | प्रतिफल | Custom Hiring Center | संख्या | ० | १ | २ |
| २० | प्रतिफल | कृषि तथा पशु उपज बिक्री केन्द्र/संकलन केन्द्र | | १ | २ | ४ |
| २१ | प्रतिफल | व्यवसायिक कृषि फर्म | संख्या | २१६ | ३०० | ३६० |
| २२ | प्रतिफल | कृषि घुम्ती सेवा | वार्षिकसंख्या | ० | ६ | ८ |
| २३ | प्रतिफल | कृषक पाठशाला | संख्या | ० | ६ | ८ |
| २४ | प्रतिफल | व्यवसायिक कृषि नर्सरी | संख्या | ० | २ | ३ |
| २५ | प्रतिफल | ब्रान्डेड कृषि उपज | संख्या | ० | ४ | ६ |
| २६ | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल | हेक्टर | ७३.४ | १०० | १२० |
| २७ | प्रतिफल | कृषि सहकारी संस्था | संख्या | १७ | २० | २५ |
| २८ | प्रतिफल | सामूहिक खेतीमा संलग्न समूह | संख्या | ० | ५ | ८ |
| २९ | प्रतिफल | चक्लाबन्दी गरी खेती गरिएको जमिन क्षेत्रफल | रोपनी | ० | २० | ५० |
| ३० | प्रतिफल | सामुदायिक बीज बैंकको संख्या | | ० | २ | ४ |
| ३१ | असर | स्थानीयस्तरमा उत्पादन भई निकासी हुने बीज | संख्या | ० | ४ | ६ |
| ३२ | प्रतिफल | कृषि क्षेत्रलाई छुट्याइएको बजेटको प्रतिशत (कुल बजेटको) | प्रतिशत | १२ | १५ | १७ |
| ३३ | प्रतिफल | कृषि तथा पशु प्राविधिक जनशक्ति | संख्या | १० | १६ | १८ |
| ३४ | प्रतिफल | कृषिमा आधारित उद्योग | संख्या | १ | ४ | ६ |
| ३५ | प्रतिफल | माछा निर्यातबाट प्राप्त रकम | लखमा | ० | २० | ३० |
| ३६ | प्रतिफल | मह निर्यातबाट प्राप्त रकम | लखमा | ० | २५ | ३५ |
| ३७ | प्रतिफल | कृषक समूह | संख्या | ५० | ६० | ७० |
| ३८ | प्रतिफल | दुध चिस्यान तथा डेरी | संख्या | २ | ३ | ४ |
| ३९ | प्रतिफल | कृषि पकेट जोन/सुपर जोन | संख्या | १० | १४ | १८ |
| ४० | प्रतिफल | व्यवसायिक फलफुल खेती गरिएको क्षेत्रफल फलफुल नर्सरी | संख्या | ७३.४ | १०० | १२० |
| ४१ | प्रतिफल | व्यवसायिक रुपमा प्राङ्गारिक मल उत्पादन गर्ने कृषक | संख्या | ० | ५ | १० |
| ४२ | प्रतिफल | सघन खेतीपातीले ओगटेको क्षेत्रफल | प्रतिशत | ० | ५ | १० |
| ४३ | प्रतिफल | करारखेतीले ओगटेको क्षेत्रफल | प्रतिशत | ० | ३ | ५ |
| ४४ | प्रतिफल | कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | | | |
| ४५ | प्रतिफल | कृत्रिम गर्भाधान सेवा संख्या | वार्षिक | ० | ५० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६ | प्रतिफल | उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र संख्या | संख्या | ० | २ | ४ |
| ४७ | प्रतिफल | भेटिरिनरी प्रयोगशाला | संख्या | १ | २ | ४ |
| ४८ | प्रतिफल | कृषि प्रर्दशनी तथा मेला बार्षिक | संख्या | ० | २ | ३ |
| ४९ | असर | खेतीयोग्य जमिनमध्ये सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ३५.९८ | ४० | ४५ |
| ५० | असर | खेतीयोग्य जमिनमध्ये १२ महिना सिंचाइ सुविधा पुगेको भूमि | प्रतिशत | १३.२ | १८ | २२ |
| ५१ | प्रतिफल | सिंचित क्षेत्रफल (हेक्टर) | हेक्टर | ८३२ | १००० | १२०० |
| ५२ | प्रतिफल | पर्यटक आगमन | संख्या | | | |
| ५३ | प्रतिफल | सुविधा (आधारभूत युक्त) होटल, रिर्सोट, लज | संख्या | | ४ | ६ |
| ५४ | प्रतिफल | होमस्टे | संख्या | ८ | १० | १४ |
| ५५ | प्रतिफल | पर्यटन सूचना केन्द्र | संख्या | ० | २ | ४ |
| ५६ | प्रतिफल | चिनो, कोशेली तथा पर्यटन विक्रि केन्द्र | संख्या | ० | १ | २ |
| ५७ | प्रतिफल | पूर्णरुपमा पर्यटनमा संलग्न रोजगारको | संख्या | ० | ५ | १० |
| ५८ | प्रतिफल | सांस्कृतिक बृत्त चित्र | संख्या | १ | २ | ४ |
| ५९ | प्रतिफल | स्थानीय मातृभाषा पाठ्यक्रम | संख्या | ३ | ५ | ८ |
| ६० | प्रतिफल | कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २८.२ | २६.५ | २५ |
| ६१ | असर | कुल ग्राहस्थ उत्पानमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १६.७ | १९ | २२ |
| ६२ | प्रतिफल | व्यवसायिक अभिमुखीकरण तालिम (वार्षिक) | संख्या | | १० | १२ |
| ६३ | प्रतिफल | महिला उद्यमीहरुको संख्या | संख्या | | ३०० | ३५० |
| ६४ | प्रतिफल | यूवा उद्यमीहरुको संख्या | संख्या | | ५०० | ७०० |
| ६५ | असर | बेरोजगार युवा (प्रतिशत) | प्रतिशत | ७ | ६.५ | ६ |
| ६६ | असर | श्रमशक्ति सहभागिता दर १५ बर्ष भन्दा माथि | प्रतिशत | ३७.५ | ४० | ४२ |
| ६७ | प्रतिफल | राष्ट्रिय रुपमा ख्याती प्राप्त युवाको संख्या ( कलाकारिता, नेतृत्व, उद्यमी, खेलकुद, अध्ययन अनुसन्धान, आदि) | संख्या | ५ | ८ | १० |
| ६८ | प्रभाव | गरिबीको रेखामुनि रहेको परीवार | प्रतिशत | १४.९१ | ११ | ९ |
| ६९ | प्रभाव | बहुआयामिक गरिबीको दर | प्रतिशत | १४.२ | ११ | ९ |
| ७० | प्रभाव | बेरोजगारी दर | प्रतिशत | ७ | ६.५ | ६ |
| ७१ | असर | अशक्त, असहाय, बेसहारामा समेटिने | संख्या | ६६३ | ४०० | ३०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७२ | प्रतिफल | कूल बजेटमा सामाजिक सुरक्षा तथा रोजगार प्रवर्दन खर्च | प्रतिशत | १.६ | २ | २.२ |
| ७३ | प्रतिफल | आफ्नै नाममा अचल सम्पती भएका महिला | प्रतिशत | २३.०८ | २४ | २५ |
| ७४ | प्रतिफल | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | प्रतिशत | १७ | २० | २५ |
| ७५ | प्रतिफल | प्रतिव्यक्ति प्रति वर्ष विद्युत् उपभोग | किलोवाट | १९० | २२५ | २७० |

# परिच्छेद — ५ः सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको छ। योजनाबद्द विकासको फलस्वरूप स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार भएको देखिन्छ । उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि उल्लेख गरिएको छ । यसै हकको कार्यान्वयन गराउने स्थानीय सरकारहरू भएकोले स्थानीय तहमा आधारभूत स्वास्थ्य पूर्वाधार र सेवाहरूको प्रबन्ध हुन अपरिहार्य छ । सामुदायिक स्वास्थ्य इकाईहरूबाट आधारभूत स्वास्थ्य सेवा दिदै आएको छ । सबै वडामा स्वास्थ्य स्वयमसेविका मार्फत परिवार नियोजन सेवा, प्रजनन तथा प्रसुती सेवा सञ्चालनमा रहेका छनभने स्वास्थ्य सूचना सञ्चार तथा प्रचार प्रसारलाई निरन्तर अगाडि बढाइएको छ । गाउँपालिकामा अवस्थित स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भए तापनि उच्च स्वास्थ्य सेवाको पहुँचबाट पुरै गाउँपालिका वञ्चित रहेको छ । स्वास्थ्य सेवाका लागि आवश्यक सुविधा सम्पन्न हस्पिटल र विशेषज्ञ सेवाको अभाव रहेको छ भने सामान्य स्तरको स्वास्थ्य सेवाहरू भने गाउँपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र तथा विभिन्न स्वास्थ्य चौकीहरू , आधारभूत स्वास्थ्य केन्द्रहरू र स्वास्थ्य इकाईहरू मार्फत प्रदान भइरहेको पाइन्छ । जटिल रोगको परीक्षण तथा उपचार र आकस्मिक सेवा प्राप्त गर्न बाग्लुङ सदरमुकाम ,पोखरा,बुटवल,काठमाण्डौ , भारत, जाने गर्दछन्। आधारभूत स्वास्थ्य सेवाको प्रबन्ध गर्न प्रत्येक वडामा सुविधा सम्पन्न स्वास्थ्य चौकीहरू स्थापना गर्नुका साथै भइरहेका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले स्वास्थ्य सेवामा सबै जनताको पहुँच पुर्याउने उद्देश्यका साथ सबै स्वास्थ्य संस्थामा व्यवस्थापन समिति गठन गरी स्वास्थ्य विमा कार्यक्रम शुरु गर्नुपर्ने हुन्छ।

पालिका स्थित स्वास्थ्य एकाईहरू

| क्र सं | स्वास्थ्य संस्थाको नाम | वडा | कर्मचारी सं | बर्थिङ्ग सेन्टर | ल्याब | भौतिक संरचना |
|---|---|---|---|---|---|---|
| १ | पाला स्वास्थ्य चौकी | १ | ५ | छैन | छैन | पक्की |
| २ | पाला स्वास्थ्य इकाई | १ | १ | छैन | छैन | नभएको |
| ३ | भिमपोखरा स्वास्थ्य चौकी | २ | १ | छ | छैन | कच्ची |
| ४ | धम्जा स्वास्थ्य चौकी | ३ | ५ | छ | छैन | पक्की |
| ५ | धम्जा सामुदायिक स्वास्थ्य इकाई | ३ | १ | छैन | छैन | पक्की |
| ६ | तंग्राम स्वास्थ्य चौकी | ४ | ५ | छ | छैन | नभएको |
| ७ | फापरखेत स्वास्थ्य चौकी | ४ | १ | छैन | छैन | नभएको |
| ८ | काठेखोला-५ आयुर्बेद स्वास्थ्य इकाई | ५ | ३ | छैन | छैन | नभएको |
| ९ | बिहुँकोट स्वास्थ्य चौकी | ६ | ४ | छ | छैन | कच्ची (पक्की निर्माणाधिन) |
| १० | बिहुँ-सुल्डाँडा आयुर्बेदिक केन्द्र | ६ | १ | छैन | छैन | नभएको |
| ११ | रेश स्वास्थ्य चौकी | ७ | ५ | छ | छ | कच्ची |
| १२ | तिङ्ग्रीङ स्वास्थ्य इकाई | ७ | २ | छैन | छैन | नभएको |
| १३ | घुम्ती क्लिनिक | ७ | १ | छैन | छैन | नभएको |
| १४ | लेखानी स्वास्थ्य चौकी | ८ | ५ | छैन | छ | पक्की |

(स्रोत फिल्ड सर्भे)

# ५.१.२ समस्या तथा चुनौती

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ✦ जटिल रोगको उपचार तथा शल्यक्रिया सेवा आदिको अभाव । |
| ✦ रक्तसञ्चार सेवा उपलब्ध नभएको। |
| ✦ सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको अभाव । |
| ✦ २४ सै घण्टा आकस्मिक सेवाको अभाव । |
| ✦ सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टरहरूको अभाव । |
| ✦ दरवन्दी अनुसार कर्मचारीको व्यवस्था गर्न नसकिएको । |
| ✦ स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने। |
| ✦ समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने। |

| |
|---|
| ✦ पालिका स्तरिय आधारभूत अस्पताल नहुनु ।<br>✦ आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठूलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको। |

## ५.१.३ सम्भावना तथा अवसर

| सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦ यस गाउपालिका भित्र १३ वटा उपस्वास्थ्य इकाईहरु रहेका छन् ।<br>✦ गाउँपालिकाबासीको आधारभूत स्वास्थ्य सेवाका लागि उपलब्ध हुने निशुल्क औषधिको सहज व्यवस्थापन तथा समूचित वितरणको सुनिश्चितता गरिएको<br>✦ प्रत्येक वडामा स्वास्थ्य स्वयम्सेविकाहरू रहेका ।<br>✦ स्वास्थ्य क्षेत्रमा प्रभावकारी र आवश्यक सेवा सञ्चालन तथा विस्तारको लागि गाउँपालिकाद्वारा योजना निर्माण गर्न सकिने।<br>✦ निःशुल्क वितरण गरिने औषधीको आपूर्तिलाई सहज गराउन सकिने<br>✦ वैकल्पिक चिकित्सा पद्दति जस्तै जडिबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने।<br>✦ विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने।<br>✦ प्रत्येक वडामा बर्थिङ्सेन्टरहरू निर्माण गरी सेवा प्रदान गर्न सकिने।<br>✦ एक सुविधा सम्पन्न अस्पताल स्थापना गरी गाउँपालिकाबासीलाईस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न<br>सकिने।<br>✦ महिला स्वास्थ्य स्वयंसेवीकालाई थप तथा सबलीकरण गरी स्वास्थ्य सेवामा परिचालन गर्न सकिने<br>✦ एम्बुलेन्स सेवा उपलब्ध गरी जेष्ठ नागरिक तथा गर्भवती महिलालाई सुत्केरी हुने बेला गाउँपालिकाबाट निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न सकिने।<br>✦ गाउँपालिकाद्वारा पोषण, सुरक्षित मातृत्वमा थप कार्यक्रम संचालन ।<br>✦ प्रत्येक मा.वि. स्तरमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन । |

## ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| | |
|---|---|
| दीर्घकालीन सोच | |
| स्तरीय आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितिता | |
| लक्ष्य | |
| आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने | |
| उद्देश्यहरू | |
| ✦ स्तरीय र आधारभूत स्वास्थ्य सेवा गाउँपालिका मै उपलब्ध गराउनु<br>✦ स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रवद्र्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु | |

उद्देश्य १ :आकस्मिक र आधारभूत स्वास्थ्य सेवा गाउँपालिका मै उपलब्ध गराउनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने | १.१.१ प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीहरूको क्रमश स्तरोन्नति गरिनेछ ।<br>१.१.२ १५ शैयाको पालिकास्तरिय अस्पतालमा स्तरोन्नती गर्न आवश्यक समन्वय गरी बजेट व्यवस्थापन गरिनेछ ।<br>१.१.३चौविसै घण्टा सञ्चालनमा रहने गरी १५ शैयाको हस्पिटल अन्तर्गत एक सुविधा सम्पन्न आकस्मिक उपचार कक्षको निर्माण गरिनेछ ।<br>१.१.४ १५ शैयाको हस्पिटल अन्तर्गत एक २४ मै घण्टा सेवा सञ्चालन हुने प्रसुती सेवा केन्द्र निर्माण गरिनेछ ।<br>१.१.५गाउँपालिका स्तरीय एक बाल उपचार इकाइको स्थापना गरिनेछ।<br>१.१.६गाउँपालिका स्तरीय एक दन्त उपचार इकाइ निर्माण गरिनेछ।<br>१.१.७गाउँपालिका स्तरीय एक मनोपरामर्श इकाइको निर्माण गरिनेछ। |

| | |
|---|---|
| | १.१.८ गाउँपालिका स्तरीय एक सामान्य रेडियोलोजि सेवा इकाइको निर्माण गरिनेछ ।<br>१.१.९गाउँपालिका स्तरीय एक ECG सेवा इकाइको निर्माण गरिनेछ।<br>१.१.१० गाउँपालिका स्तरीय एक Ultrasound सेवा इकाइको निर्माण गरिनेछ ।<br>१.१.११ प्रत्येक वडामा वर्थिङ्ग सेन्टरको निर्माण गरिनेछ। |
| १.२ स्वास्थ्यकर्मीको दरवन्दी व्यवस्थापन तथा क्षमता विकास गर्ने | १.२.१ महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ ।<br>१.२.२ सम्पूर्ण स्वास्थ्यकर्मीहरूलाई क्षमता विकास सम्बन्धी नियमित तालिमको प्रबन्ध गरिनेछ ।<br>१.२.३ एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२.४ आमासँग स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरी गर्भवति तथा सुत्केरी आमाहरूको स्वास्थ्य तथा पोषण सुरक्षा कायम गरिनेछ ।<br>१.२.५ आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रयोगशाला निशुल्क परिक्षण र सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । |
| १.३ आधारभूत स्वास्थ्य सेवाबाट अति विपन्न र आम नागरिकलाई बञ्चित हुन नदिने | १.३.१ अति विपन्न नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमामा मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ ।<br>१.३.२ वडास्तरमा नियमित निशुल्क स्वास्थ्य जाँच घुम्ती शिविर सञ्चालन गरिनेछ ।<br>१.३.३ निशुल्क वितरण गरिने औषधिको आपूर्ति र भण्डारण प्रणाली चुस्त र दुरुस्त पारिनेछ । |

| | |
|---|---|
| | १.३.४अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन गरी अभिलेख तयार पारिनेछ।<br>१.३.५ अति विपन्न परिवारमा सुनौलो हजार दिनमा शिशु र आमाको पोषण पूरा गर्न पोषण प्याकेजको निर्माण गरी निशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।<br>१.३.६ जेष्ठ नागरिक विशेष निशुल्क घुम्ती स्वास्थ्य जाँच शिविर सञ्चालन गरिनेछ ।<br>१.३.७ विभिन्न विज्ञ चिकित्सकहरु मार्फत हप्तामा एक पटक स्वास्थ्य सेवा प्रदान गरिनेछ । |

उद्देश्य २: स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रवद्र्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ स्वास्थ्य प्रति सचेत नागरिक निर्माण गर्न व्यापक जनचेतना जागरण अभियान सञ्चालन गर्ने | २.१.१ स्थानीय सञ्चार माध्याम तथा सामाजिक सञ्जाल मार्फत गाउँपालिकाको सक्रियतामा व्यक्तिगत स्वास्थ्य तथा स्वस्थ व्यवहार सम्बन्धी सामाग्रीहरू नियमित प्रसारण गरिनेछ ।<br>२.१.२ प्रत्येक सघन बस्ती भएका टोलहरूमा योग साधना तथा प्रवचन केन्द्र स्थापना गरिनेछ ।<br>२.१.३ धुम्रपान र मद्यपानलाई नियन्त्रण र कम गर्न निश्चित अवधि वा स्थानबाट बिक्रि वितरण हुने व्यवस्था मिलाई जनचेतना अभिवृद्धि गरिनेछ ।<br>२.१.४ नसर्ने रोग सम्बन्धी सचतेना कार्यक्रम संचालन गरिनेछ। |

स्वास्थ्य तथा पोषणको विस्तृत कार्यक्रम

| [illegible] | [illegible] | [illegible] | कार्यक्रम | बजेट (रु. हजारमा) | [illegible] |
|---|---|---|---|---|---|

| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १.१ | १.१.१ | वडास्तरीय स्वास्थ्य चौकिहरूको स्तारोन्नती तथा व्यवस्थापन | ५०० | ६०० | ७०० | ८०० | १००० | |
| | | १.१.३ | सुविधा सम्पन्न आकस्मिक उपचार कक्ष निर्माण | ० | ५०० | ६०० | ७०० | ८०० | |
| | | १.१.४ | प्रस्तुति सेवा कक्ष निर्माण | ० | ५०० | ० | ० | ० | |
| | | १.१.५ | बाल उपचार इकाई निर्माण | ० | ० | ४०० | ० | ० | |
| | | १.१.६ | गाउँपालिका स्तरीय एक दन्त उपचार इकाइ निर्माण | ० | ० | ० | ५०० | ० | |
| | | १.१.७ | मनोपरामर्श सेवा केन्द्र स्थापना | ५०० | ० | ० | ० | ० | |
| | | १.१.८ | गाउँपालिका स्तरीय एक सामान्य रेडियोलोजि सेवा इकाइको निर्माण | ० | ५०० | ० | | ० | |
| | | १.१.९ | गाउँपालिका स्तरीय एक ECG सेवा इकाइको निर्माण | ० | ५०० | ० | ० | ० | |
| | | १.१.१० | गाउँपालिका स्तरीय एक अल्ट्रासाउण्ड सेवा इकाइको निर्माण | ० | ० | ५०० | ० | ० | |
| | | १.१.११ | प्रत्येक वडामा वर्थिङ्ग सेन्टरको स्तरउन्नती | ६०० | ३०० | ३०० | ३०० | ३०० | |
| | | १.२.१ | महिला स्वास्थ्य स्वयंसेविका तालिम | १०० | १०० | १०० | १०० | १०० | |
| | | १.२.२ | अन्य स्वास्थ्यकर्मी तालिम तथा अनुसन्धान | १०० | १५० | ६० | ७० | ८० | |
| | | १.२.३ | एक मा.वि. एक नर्स कार्यक्रम | ० | ४०० | | ० | ० | |
| | | १.२.४ | आमासँग स्वास्थ्य स्वयमसेविका कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | |
| | | १.२.५ | आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रयोगशाला निशुल्क परिक्षण र सुत्केरी पोषण कार्यक्रम | १०० | ६० | ७० | ८० | ९० | |
| | १.३ | १.३.१ | विपन्न नागरिक स्वास्थ्य बिमा अनुदान | ५०० | ० | ० | ० | ० | |
| | | १.३.२ | वडास्तरीय निशुल्क घुम्ती स्वास्थ्य परिक्षण शिविर सञ्चालन | ५० | ६० | ७० | ८० | ९० | |
| | | १.३.३ | निःशुल्क वितरण हुने औषधि नियमित आपूर्ति | १००० | १२०० | २००० | २००० | २००० | |
| | | १.३.४ | अशक्त, असहाय, बेवारिसे, अनाथ तथा जेष्ठ नागरिकहरूको आधारभूत स्वास्थ्यको सुनिश्चितता गर्न यस्ता व्यक्तिहरूको यथार्थ तथ्याङ्क संकलन | १०० | २५ | २५ | २५ | २५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १.३.५ | नागरिक सुनौला हजार दिन पोषण कार्यक्रम निरन्तरता | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | | १.३.६ | निशुल्क घुम्ती स्वास्थ्य जाँच शिविर सञ्चालन | १०० | १०० | २०० | २५० | ३०० | |
| | | १.३.७ | विज्ञ चिकित्सक मार्फत स्वास्थ्य सेवा | ५०० | ४०० | ४०० | ४०० | ४०० | |
| २. | २.१ | २.१.१ | स्वास्थ्य शिक्षा सञ्चार कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | |
| | | २.१.२ | योग ध्यान साधना प्रवचन केन्द्र स्थापना (वडास्तरीय) | ० | ० | ५०० | ८०० | ० | |
| | | २=!=३ | धुम्रपान र मध्यपान नियन्त्रण सचेतना अभियान | ७० | ७० | ७० | ७० | ७० | |
| | | २=!=४ | नसर्ने रोग सम्बन्धी सचतेना कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | |

### ५.१.५ अपेक्षित उपलब्धिहरू

✦ आधारभूत स्वास्थ्य पूर्वाधारको विकास भई गाउँ मै स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

✦ आवश्यक मात्रामा दक्ष स्वास्थ्य जनशक्तिको प्रबन्ध हुनेछ ।

✦ आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुनेछ ।

✦ स्वास्थ्य चेतनामा व्यापक सुधार आउने छ ।

✦ वैकल्पिक चिकित्सा पद्धती तर्फ आम सर्वसाधारणको आर्कषण बढेको हुनेछ ।

## ५.२ शिक्षा विज्ञान तथा नवप्रवर्तन

### ५.२.१ पृष्ठभूमि

मुलुकको चौतर्फी विकासका लागि शिक्षा अपरिहार्य छ । सभ्य र सुसंस्कृत समाजको निर्माणमा शिक्षाको सर्वोपरी भूमिका रहेको हुन्छ । समाजमा रहेका सम्पूर्ण बिभेदहरू लाई हटाई समतामुलक र उन्नत समाजको निर्माण गर्ने पहिलो साधन भनेको शीक्षा हो । सबैका लागि शिक्षा र विकासका लागि शिक्षाका अबधारणाहरू लाई आत्मसाथ गरी शिक्षालाई राष्ट्रको यथार्थसँग गाँसेर उपलब्ध स्रोत र साधन समुचित प्रयोगबाट मात्र मुलुकको विकासलाई अगाडि बढाउन सकिन्छ । सक्षम मानव संशाधन नभई कुनै पनि क्षेत्रको विकास सम्भव छैन र विश्वभर अति विकसित मुलुकहरूको समग्र विकासको आधार भनेकै ती मुलुकहरूले शिक्षामा गरेको विशाल लगानिको प्रतिफल हो । नेपालको पछिल्लो संविधानले शिक्षालाई नागरिकको

मौलिकहकको रूपमा स्थापित गरेको र विशेषगरी आधारभूत तह सम्मको शिक्षा निशुल्क र अनिवार्य साथै माध्यमिक तह सम्मको शिक्षा निशुल्क गरेको परिप्रेक्ष्यमा राज्य र विशेषगरी स्थानीय सरकारको भूमिका र जिम्मेवारी गहन हुन गएको छ । ग्रामीण परिवेशको क्षेत्र भएकोले शिक्षाका आधारभूत पूर्वाधारहरूको पर्याप्त विकास हुन नसकेता पनि निजि क्षेत्रका सहित ५५ वटा उच्च मा. बि देखि आधारभुत तह सम्मका सार्वजनिक र निजि बिद्यालयहरु संचालनमा रहेका छन्।

पालिका स्थित शैक्षिक संस्थाहरू को विवरण

| क्र सं | विद्यालयको नाम | वडा | शिक्षक सं | विद्यार्थी सं | भौतिक संरचना | |
|---|---|---|---|---|---|---|
| १ | श्री धिमीकरिना मा वि | १ | | | पक्की र कच्ची भवन | |
| २ | श्री जनकल्याण आ वि | १ | १२ | | पक्की भवन | |
| ३ | श्री सरस्वती प्रा वि | १ | ६ | | पक्की निर्माणाधीन र कच्ची भवन | |
| ४ | श्री बराह प्रा वि | १ | | | पक्की र कच्ची भवन | |
| ५ | श्री जनकल्याण उच्च मा वि | २ | १६ | १८० | पक्की र कच्ची भवन | |
| ६ | श्री मुन्द्रीदेव आ वि | २ | १० | ५१ | पक्की र कच्ची भवन | |
| ७ | श्री शिवालय आ वि | २ | ११ | ५७ | पक्की र कच्ची भवन | |
| ८ | श्री जनप्रिय आ वि | २ | ८ | ७१ | पक्की र कच्ची भवन | |
| ९ | श्री भिमादरबार आ वि | २ | ७ | ६६ | कच्ची भवन | |
| १० | श्री अमर आ वि | २ | ४ | ४७ | कच्ची भवन | |
| ११ | श्री कालिका आ वि | २ | ३ | १० | कच्ची भवन | |
| १२ | श्री हरीकमल आ वि | २ | ६ | ३३ | कच्ची भवन | |
| १३ | श्री बबिरा आ वि | २ | | | कच्ची भवन | |
| १४ | श्री लक्ष्मी उच्च मा वि | ३ | १५ | १५० | पक्की र कच्ची भवन | |
| १५ | श्री जनप्रिय प्रा वि | ३ | ३ | ४६ | पक्की भवन | |
| १६ | श्री जनता मा वि | ३ | १४ | १६२ | पक्की भवन र निर्माणाधीन | |
| १७ | श्री निर्मल प्रा वि | ३ | ५ | २७ | कच्ची भवन | |
| १८ | श्री जनएकता प्रा वि | ३ | ३ | ४० | कच्ची भवन | |
| १९ | श्री यूनिक आ वि | ३ | १२ | ८३ | कच्ची भवन | |
| २० | श्री नारायणी मा बि | ४ | १६ | ३०० | पक्की भवन | |
| २१ | श्री धारा मा वि | ४ | १७ | ३२० | पक्की भवन | |
| २२ | श्री मुक्तिनाथ नि मा वि | ४ | १० | १२० | पक्की भवन | |
| २३ | श्री भूमे नि मा वि | ४ | ९ | ४५ | कच्ची भवन | |
| २४ | श्री चन्द प्रा वि | ४ | ७ | ५० | कच्ची भवन | |
| २५ | श्री पशुपति प्रा वि | ४ | ७ | ५० | पक्की र कच्ची भवन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | श्री गणतन्त्र प्रा वि | ४ | ३ | १३ | कच्ची भवन | |
| २७ | श्री बर्लुङ्ग प्रा वि | ४ | २ | २ | कच्ची भवन | |
| २८ | श्री बाल शिक्षा केन्द्र | ४ | १ | ६ | कच्ची भवन | |
| २९ | श्री बिहुँकोट अमर क्याम्पस | ५ | ६ | ४३ | पक्की भवन | |
| ३० | श्री अमर मा वि | ५ | २८ | ४५० | पक्की भवन | |
| ३१ | श्री कर्लिम आ वि | ५ | ९ | १४५ | पक्की र कच्ची भवन | |
| ३२ | श्री नवयुवक आ वि | ५ | ११ | १२८ | पक्की र कच्ची भवन | |
| ३३ | श्री ग्रामविकास आ वि | ५ | ८ | १४० | कच्ची भवन | |
| ३४ | श्री हिमालय प्रा वि | ५ | १ | ५ | कच्ची भवन | |
| ३५ | श्री भीमसेन मा वि | ६ | १८ | ३२५ | पक्की भवन | |
| ३६ | श्री अमृतपानी आ वि | ६ | ८ | ८५ | पक्की भवन | |
| ३७ | श्री खोलातीर प्रा वि | ६ | ६ | २५ | पक्की भवन | |
| ३८ | श्री अमर प्रा वि | ६ | ७ | ८५ | पक्की भवन | |
| ३९ | श्री कोलपाटा प्रजातन्त्रउदय प्रा वि | ६ | २ | १४ | भवन नभएको | |
| ४० | श्री भिमसेन क्याम्पस | ६ | ३ | ४० | पक्की भवन | |
| ४१ | श्री कृष्ण प्रा वि | ७ | ६ | २५ | कच्ची भवन | |
| ४२ | श्री धौलागिरी प्रा वि | ७ | ६ | ३५ | कच्ची भवन | |
| ४३ | श्री रेश-नुनथला मा वि | ७ | २३ | ३६७ | पक्की भवन | |
| ४४ | श्री परोपकार प्रा वि | ७ | ५ | ३५ | पक्की भवन | |
| ४५ | श्री सरस्वती प्रा वि | ७ | ६ | ४५ | पक्की भवन | |
| ४६ | श्री ओदानडाँडा प्रा बि | ७ | ४ | ३० | कच्ची भवन | |
| ४७ | श्री जनकल्याण आ वि | ७ | ११ | १०२ | पक्की निर्माणाधीन भवन | |
| ४८ | श्री कालिका प्रा वि | ७ | ५ | ३५ | कच्ची भवन | |
| ४९ | St. Mary's English Borading School | ७ | ८ | १०० | पक्की भवन | |
| ५० | New Model English Boarding School | ७ | ११ | १५० | पक्की भवन | |
| ५१ | श्री सरस्वती प्रा वि | ८ | ३ | | कच्ची भवन | |
| ५२ | श्री लेखानी मा वि | ८ | | | पक्की र कच्ची भवन | |
| ५३ | श्री लेखानी प्रा वि | ८ | ७ | | पक्की र कच्ची भवन | |
| ५४ | श्री काशीराम छन्त्याल प्रा वि | ८ | १० | | पक्की र कच्ची भवन | |
| ५५ | श्री कादेश आ वि | ८ | ७ | १०० | पक्की र कच्ची भवन | |

(स्रोतःफिल्ड सर्भे)

# ५.२.२ समस्या तथा चुनौती

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ✦ बालविकास, आधारभूत, र सिमित माध्यमिक शिक्षाको सुविधा भए पनि स्नातक र स्नातकोत्तर वा सो भन्दा माथिको उच्च शिक्षालयको अभाव । |

✦ विद्यालयहरूमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान गर्न नसकिएको ।
✦ धेरैजसो विद्यालयहरूमा विषयगत शिक्षकको कमी हुनुकासाथै तल्लो तहमा दरवन्दी भएका शिक्षकले माथिल्लो कक्षामा पढाउनु पर्ने बाध्यता ।
✦ विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, सुरक्षित भवन, फर्निचर तथा समय
सापेक्ष सूचना प्रविधिमैत्री पूर्वाधारको पर्याप्त व्यवस्था नभएको ।
✦ विद्यार्थीको नियमित हाजिरीमा कमजोर अवस्था रहेको ।
✦ शिक्षक तथा विद्यार्थीहरू माझ स्वस्थ प्रतिस्पर्धात्मक भावना कमी भएको ।
✦ कतिपय विद्यालय भवन कच्ची र असुरक्षित साथै आवश्यक पूर्वाधार नभएको र पहिरो तथा प्राकृतिक विपत्तिले क्षति गर्न सक्ने ।
✦ विद्यालयमा अन्य शैक्षिक पूर्वाधारको कमी भएको ।
✦ अतिरिक्त क्रियाकलाप, विद्यार्थी मैत्री शिक्षा तथा खेलकुद सामग्रीको अभाव भएको।
✦ लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था नभएको ।
✦ विद्यालय क्षेत्रका शैक्षिक समस्याहरूको समयमै सम्बोधन नगर्ने हो भने राष्ट्रलाई आवश्यक सक्षम, दक्ष र कर्मठ नागरिक उत्पादन हुन नसक्ने।
✦ समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधासम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने ।
✦ शिक्षाको गुणस्तर सुधारमा व्यापक लगानी तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने
✦ गाउँपालिकास्तरमा चुस्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गर्नुपर्ने ।
✦ शैक्षिक क्यालेण्डरलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने ।
✦ शिक्षक शिक्षिकाहरूलाई नियमित तालिम प्रदान गर्नुपर्ने ।
✦ बालमैत्री तथा विद्यार्थीमैत्री शिक्षण सिकाइ तथा अन्य नवीनतम शिक्षण पद्धतिको विकास गर्नुपर्ने ।
✦ अन्तराष्ट्रिस्तरमा प्रतिस्पर्धा गर्न सक्ने शैक्षिक गुणस्तर कायम गर्नुपर्ने ।
✦ हरेक विद्यालयलाई सूचना प्रविधियुक्त तथा गुणस्तरीय बनाउनु पर्ने ।
✦ प्राविधिक तथा सीपमूलक शिक्षाकोबढोत्तरी गरिनुपर्ने ।

| |
|---|
| ✦ शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने ।<br>✦ विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नुपर्ने ।<br>✦ सुविधा तथा पूर्वाधारयुक्त विद्यालय भवनको व्यवस्थापन गर्नुपर्ने ।<br>✦ यस गाउँपालिकामा प्राविधिक कलेजहरू सञ्चालन गर्न लगानीको वातावरण बनाउनुपर्ने ।<br>✦ दक्ष शिक्षकहरूको आवश्यकताअनुरूप आपूर्ति गर्नुपर्ने ।<br>✦ जीर्ण भवनहरूलाई स्तरोन्नति गरी सुरक्षित वातावरणमा पठनपाठन गराउनुपर्ने ।<br>✦ सामुदायिक विद्यालयमा अंग्रेजी भाषाको माध्यमबाट पनि पठनपाठन गर्न प्रोत्साहन गर्नुपर्ने। |

## ५.२.३ सम्भावना र अवसर

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦ गाउँपालिकामा क्यामस , उच्चमाध्यामिक विद्यालय, आधारभूत विद्यालय र प्राथमिक विद्यालय र प्राईभेट गरी जम्मा<br>५५वटा विद्यालयहरू संचालनमा रहेका ।<br>✦ आधारभूत तहका विद्यालयहरूमा आउँदो शैक्षिक सत्रदेखि अनिवार्य रूपमा १ देखि ३ सम्मको कक्षामा अंग्रेजी माध्यमबाट अध्यापन गराइन नीति लिन सकिने ।<br>✦ गाउँपालिकाभित्र रहेका अभिभावक विहिन असहाय, अनाथ बालबालिकालाई माध्यमिक स्तरसम्मको शिक्षामा विशेष सहयोग गर्ने नीति लिएको<br>✦ बालविकास केन्द्रको बसाई व्यवस्थापन, भित्तेलेखन तथा शिक्षिकाहरूलाई विशेष प्रोत्साहनका कार्यक्रम ल्याइने साथै बालमैत्री सिकाई क्रियाकलापलाई जोड दिईबालमैत्री विद्यालय बनाउने अभियान संचालन गर्ने नीति लिएको ।<br>✦ विद्यालय सुधार तथा सुशासनको लागि विद्यालयलाई क्रमश प्रविधि मैत्री गराउने नीति लिएको ।<br>✦ विगत वर्षहरूका तुलनामा शिक्षामा सर्वसाधारणहरूको पहुँच बढेको ।<br>✦ गाउँपालिकाद्वारा गरिब तथा जेहेन्दार विद्यार्थीको छात्रवृत्तिको लागि वजेट विनियोजन गर्ने गरिएको । |

| |
|---|
| ✦ आवश्यक मात्रामा शैक्षिक संस्थाहरू एकआपसमा गाभ्न (Merge) तथा नयाँ स्थापना गर्न सकिने ।<br>✦ गाउँपालिकामा बहुप्राविधिक धारका शिक्षालयहरू स्थापना गर्न सकिने ।<br>✦ बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक स्तरोन्नति गर्न सकिने ।<br>✦ निजी क्षेत्रको सहयोग लिई शिक्षामा लगानी तथा स्तर वृद्धि गर्न सकिने ।<br>✦ विद्यमान शिक्षण संस्थाहरूको थपस्तरोन्नति गर्न सकिने ।<br>✦ माध्यमिक तहमा कम्प्युटर शिक्षा, विज्ञान प्रयोगशाला तथा गाउँपालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरूपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्न सकिने ।<br>✦ सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान<br>र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यवहारिक शिक्षा प्रदान गर्न सकिने ।<br>✦ शिक्षकहरूलाई समय समयमा तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने।<br>✦ दक्ष शिक्षक, गुणस्तरीय शिक्षा दिन सक्ने, कृषि, विज्ञान तथा अन्य प्राविधिक कलेजहरू सञ्चालनमा ल्याउन सकिने । |

## ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| दीर्घकालीन सोच |
|---|
| राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण |
| लक्ष्य |
| निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा गाउँपालिकाभित्र उपलब्ध गराउने |
| उद्देश्यहरू |
| ✦ न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु<br>✦ निरक्षरता शुन्यमा झार्नू<br>✦ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु<br>✦ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु |

✦ विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।

उद्देश्य १: न्यूनतम शैक्षिक पूर्वाधारको विकास मार्फत आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच स्थापित गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने | १.१.१ गाउँपालिकाभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको निरिक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै भवन, कक्षा कोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेन्च, शिक्षक दरवन्दी, विज्ञान प्रयोगशाला लगायतको अवस्थाबारे वस्तुगत विवरण संकलन गरिनेछ ।<br>१.१.२ पहिलो चरणमा विद्यालय भवन, कक्षाकोठा र शौचालयको भौतिक निर्माण र व्यवस्थापन गर्न रकम विनियाँेजन गरिनेछ ।<br>१.१.३ भौतिक निर्माण पश्चात अत्यावश्यक शैक्षिक सामाग्रीको क्रमश प्रबन्ध गरिनेछ ।<br>१.१.४ एक विद्यालय एक खेलमैदान निर्माण तथा व्यवस्थापन गरिने छ।<br>१.१.५ विद्युत आपूर्ति नियमित गर्न बैकल्पिक व्यवस्था मिलाईने छ।<br>१.१.६ विद्यार्थीय संख्याको आधारमा गाभ्नुपर्ने विद्यालयहरूको अध्ययन सम्पन्न गरिनेछ ।<br>१.१.७ आवश्यकताका आधारमा आवासिय विद्यालयको विकास गरिनेछ । |
| १.२अत्यावश्यकशैक्षिक जनशक्तिको व्यवस्थापन गर्ने | १.२.१ विद्यार्थी संख्या तथा शिक्षक संख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात हेरी सोको विस्तृत अध्ययन प्रतिवेदन तयार पारिनेछ। |

| | |
|---|---|
| | १.२.२ विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम भएका विद्यालयमा दरवन्दी व्यवस्था गरिनेछ ।<br>१.२.३ कक्षाको आवश्यकता र पाठ्यक्रमको माग अनुरूप शिक्षकहरूलाई आफ्नो विषयमा दक्ष तुल्याउन नियमित विषयगत तालिमको प्रबन्ध गरिनेछ । |
| १.३ सबैका लागि आधारभूत शिक्षा सुनिश्चित गर्न स्थानीय नीति तथा<br>कानून निर्माण गरी कार्यान्वयन गर्ने | १.३.१ समग्र शिक्षा विकास गुरुयोजना निर्माण गरी लागू गरिनेछ।<br>१.३.२ विद्यालय जाने उमेरका विद्यालय जानबाट बञ्चित बालबालिकालाई विद्यालय पुऱ्याउन नसक्नुका कारणहरूको अध्ययन गरी तीनको निराकरण गरिनेछ ।<br>१.३.३ विद्यार्थीहरूलाई विद्यालय अनिवार्य पठाउन अभिप्रेरित गर्ने विशेष अभिभावक शिक्षा कार्यक्रमलाई अभियानको रूपमा<br>सञ्चालन गरिनेछ । |

उद्देश्य २: निरक्षरता शुन्यमा झार्नु

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ अति विपन्न, दलित र विद्यालय जानबाट बञ्चित विद्यार्थी तथा बस्यक केन्द्रित शैक्षिक अभियान सञ्चालन गर्ने | २.१.१ अतिविपन्न र विद्यालय जानबाट वञ्चित सम्पूर्ण बालबालिकालाई अनिवार्य रूपमा विद्यालय पुऱ्याउन विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>२.१.२ वडा स्तरीय एक सामुदायिक सिकाइ केन्द्रको स्थापना गरिनेछ ।<br>२.१.३ गरिब जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षा मार्फत दक्ष र रोजगार मुलक अवस्था सिर्जना गर्न विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ । |

उद्देश्य ३ : व्यवहारिक, प्राविधिक, जिवनोपयोगी र नैतिक मूल्यमा आधारित शिक्षा प्रदान गर्नु

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| ३.१ प्राविधिक र व्यवहारिक शिक्षा केन्द्रित शिक्षालय तथा पाठ्यक्रमको निर्माण गरी लागू गर्ने | ३.१.१ एक वडा एक प्राविधिक तथा व्यावसायिक विद्यालय स्थापना गर्न संम्भाव्यता अध्ययन गरिनेछ ।<br>३.१.२उच्च स्तरको प्राविधिक शिक्षाको लागि छात्रवृत्ति प्रदान गरिनेछ। |
| ३.२ नैतिक मूल्यमा आधारित जीवनोपयोगी शिक्षाका लागि हरेक तहमा पाठ्यक्रम अनिवार्य गरी लागू गर्ने | ३.२.१ हरेक तह साथै औपचारिक साथै अनौपचारिक क्षेत्रको शिक्षामा नैतिकता, अनुशासन र जीवन शीप (life skills) विकास गर्न पाठ्यक्रम तयार गरी लागू गर्न विज्ञसँग परामर्श लिइनेछ ।<br>३.२.२ हरेक तहको शिक्षामा,आध्यामिक तथा आत्मिक विकास, सेवाभाव, मानवता, ध्यान, योग र स्वयंसेवा प्रवद्र्धन गर्ने पाठ्यक्रम तयार गरी अनिवार्य लागू गर्न त्यस्ता विषय शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.२.३ बालबालिकालाई आवश्यक सन्तुलित भोजनका बारेमा अभिभावकर स्वयं बालबालिकाहरूलाई सुसूचित गर्न विद्यालयस्तरीय पोषण शिक्षा अभियान सञ्चालन गरिनेछ । |

उद्देश्य ४ः राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| ४.१ नविनतम शिक्षण सिकाई प्रविधिहरूको व्यवहारिक प्रयोग गर्ने | ४.१.१ हरेक विद्यालयमा नविनतम शिक्षण सिकाई प्रविधिको प्रयोगका बारेमा नियमित शिक्षक अभिमुखीकरण तालिम प्रदान गरिनेछ साथै सूचना प्रविधीका क्षेत्रमा सक्षमता विकास तालिम सञ्चालन गरिनेछ ।<br>४.१.२ निर्धारित पाठ्यक्रमको उद्देश्य अनुरूप सिकाइ उपलब्धि मापन गर्न प्रत्येक विद्यार्थीको एक्क् (व्यक्तिगत सूचना प्रणाली) निर्माण गरिनेछ। |

| | |
|---|---|
| | ४.१.३ शिक्षण सिकाई मापन गर्न प्रमाणिक तथा वैज्ञानिक ग्रेडिङ प्रणालीको प्रयोग गरिनेछ । |
| ४.२ स्थानीय आवश्यकता अनुरूप पाठ्यक्रम निर्माण गरी लागू गर्ने | ४.२.१ विज्ञान प्रविधि, गणित, अंग्रेजी जस्ता विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी तयार पार्न सूचना प्रविधिको प्रयोग मार्फत विद्यार्थीहरूलाई तहगत हिसाबले सू—सूचित बनाउन विद्यालयमा इन्टरनेट सहितका आधारभूत पूर्वाधारको अनिवार्य व्यवस्था मिलाईने छ ।<br>४.२.२ विद्यार्थीको व्यक्तिगत रुचि र झुकावको पहिचान गरी हरेक विद्यालयमा नियमित अतिरिक्त कृयाकलाप अन्तर्गत गायन, वाद्यवादन, नृत्य, अभिनय, खेलकुद, चित्रकला, वतृत्वकला जस्ता कृयाकलाप सञ्चालन गर्न शिक्षकको प्रवन्ध गरिनेछ । |
| ४.३ विद्यार्थीहरूको ज्ञानको क्षितिज वृद्धिहुने कृयाकलाप नियमित गर्ने | ४.३.१ विद्यार्थीहरूलाई वार्षिक पात्रोको विकास गरी नियमित रूपमा शैक्षिक भ्रमण गराइने छ ।<br>४.३.२ विद्यार्थीहरूलाई सामाजिक, जीवनोपयोगी र व्यवहारिक ज्ञान दिलाउन नियमित स्थलगत अध्ययन र परियोजना कार्यमा संलग्न गराइने छ ।<br>४.३.३ विद्यालय शैक्षिक पात्रोमा प्रबन्ध गरी नियमित रूपमा विज्ञान, प्रविधि, कला, खेलकुद, पेशा व्यवसाय आदिमा सफल व्यक्तित्वहरूसँग विद्यार्थीहरूलाई साक्षात्कार गराइने छ ।<br>४.३.४ विद्यालयमै ज्ञान, विज्ञान, सफलता, साहस र जितका कथाहरू समेट्ने वृतचित्र तथा चलचित्रहरूको नियमित प्रर्दशन गराउने व्यवस्था मिलाईने छ ।<br>४.३.५ विद्यार्थीहरूलाई ज्ञान सिप सम्बन्धी क्षेत्रीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा भाग लिन पूर्व तयारी गरिनेछ। |
| ४.४ पाठ्य सामाग्रीको | ४.४.१ हरेक विद्यालयमा पुस्तकालय व्यवस्थापन गर्न पुस्तकालय निर्माण गरिनेछ । |

| | |
|---|---|
| उपलब्धता सुनिश्चित गर्ने | ४.४.२ हरेक विद्यालयमा एक कम्प्युटर प्रयोगशाला निर्माण गरिनेछ ।<br>४.४.३ हरेक मा.वि.मा एक विज्ञान प्रयोगशाला निर्माण गरिनेछ । |
| ४.५ नियमित अनुगमन तथा निरिक्षण गरी शैक्षिक कृयाकलापहरूलाई समय सापेक्ष सुधार गर्ने | ४.५.१ विद्यालयमा शिक्षकहरू नियमित उपस्थित भएको हाजिरी सुनिश्चित गर्न वडा अध्यक्ष र प्रधानाध्यापकहरूसँग हरेक महिनामा अन्तकृया गरी सूचना लिइनेछ ।<br>४.५.२ विद्यार्थीको नियमित उपस्थितिका लागि कक्षा शिक्षकलाई जिम्मेवार बनाई हरेक चौमासिक परीक्षाको परीक्षाफल प्रकाशन पश्चात अभिभावक अन्तकृयालाई अनिवार्य गरिनेछ ।<br>४.५.३ शिक्षण सिकाइमा उत्कृष्ट विद्यालयलाई हरेक वर्ष पुरस्कृत गर्न एक कोषको निर्माण गरिनेछ ।<br>४.५.४ हरेक कक्षामा उत्कृष्ट नतिजा ल्याउने छात्र/छात्रा विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।<br>४.५.५ उच्च शिक्षामा जान चाहने विशेष जेहेन्दार विद्यार्थीहरूलाई मापदण्डका आधारमा शैक्षिक ऋण प्रदान गर्न “जेहेन्दार विद्यार्थी उच्च शिक्षा कोष” निर्माण गरिनेछ।<br>४.५.६ हरेक विद्यालयमा शिक्षकहरूलाई क्र.म.श E हाजिरीको प्रबन्ध गरिनेछ ।<br>४.५.७ कोरोना महामारी जस्ता माहामारीका समयमा वैकल्पिक विधिबाट अध्यापन गराउन आवश्यक भौतिक पूर्वाधारको प्रबन्ध, विद्यार्थीको सर्वेक्षण सहित कार्ययोजना निर्माण गरी लागु गरिनेछ ।<br>४.५८ Early Childhood Development तथा शिशुकक्षामा अध्यापनरत शिक्षक शिक्षिकाहरूलाई आवश्यक विषेश तालिम प्याकेज सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ४.५.९ प्रधानअध्यापक तथा व्यवस्थापन समिती अध्यक्ष लक्षित शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास विशेष तालिम सञ्चालन गरिनेछ । ४.५.१० गाउँपालिका स्तरीय एक वैज्ञानिक तथा व्यवहारिक शैक्षिक पात्रोको निर्माण गरी लागु गरिनेछ । ४.५.११ प्रत्येक विद्यालयमा अभिभावक शिक्षा संचालन गरिनेछ। |

उद्देश्य ५: विज्ञान, प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने | ५.१.१ औपचारिक शिक्षाको परिधि भन्दा वाहिर रहेका तर विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यक्तिहरू पहिचान गर्न अभियान सञ्चालन गरिनेछ । |

शिक्षा विज्ञान तथा नवप्रवर्तनको विस्तृत कार्यक्र

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मे वार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १. | १.१ | १.१.१ | सम्पूर्ण सामुदायिक विद्यालयहरूको वस्तुगत विवरण तयारी | ५० | ० | ० | ० | ० | |
| | | १.१.२ | विद्यालय भवन निर्माण | | | | | | |
| | | | छात्रा मैत्री शौचालय निर्माण | १०० | ३०० | ५०० | ८०० | १००० | |
| | | १.१.३ | शैक्षिक सामाग्री खरीद | २०० | ३०० | ४०० | ५०० | ६०० | |
| | | १.१.४ | एक विद्यालय एक खेलमैदान निर्माण तथा व्यवस्थापन | ३०० | ४०० | ५०० | ६०० | ७०० | |
| | | १.१.५ | विद्युत ब्याकअपको प्रबन्ध | २०० | ४०० | ६०० | ८०० | १००० | |
| | | १.१.६ | गाभ्नु पर्ने विद्यालयहरूको सम्भाव्यता अध्ययन | ० | ५०० | ० | ० | ० | |
| | | १.१.७ | आवासिय विद्यालयको निर्माण | ५०० | १००० | १२०० | १५०० | २००० | |
| | १.२ | १.२.१ | शिक्षक विद्यार्थी अनुपात अध्ययन | १०० | ० | ० | ० | ० | |
| | | १.२.२ | प्रत्येक वर्षमा दरबन्दी मिलान | १०० | २०० | ३०० | ४०० | ५०० | |
| | | १.२.३ | विषय शिक्षक व्यवस्थापन र तालिम | ५० | ६० | १५०० | १५०० | १५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १.३ | १.३.१ | शिक्षा गुरुयोजना अध्यावधिक | १०० | ० | ० | ० | ० | |
| | | १.३.२ | विद्यालय जाने बालबालिका नियमित नजानुका वस्तुगत कारणको अध्ययन | ० | २०० | ० | ० | ० | |
| | | १.३.३ | अभिभावक अभिमुखीकरण तथा शिक्षा कार्यक्रम सञ्चालन | ४०० | ४५० | ५०० | ५५० | ६०० | |
| २ | २.१ | २.१.१ | अति विपन्न र सिमान्तकृत बालबालिका छात्रवृत्ति कोष स्थापना | १०० | १०० | १०० | १०० | १०० | |
| | | २.१.२ | सामुदायिक सिकाइ केन्द्र स्तरउन्नति | २०० | ३०० | ४०० | ५०० | ८०० | |
| | | २.१.३ | गरिब जेहेन्दार विद्यार्थीलाई प्राविधिक शिक्षामा छात्रवृत्ति | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| ३ | ३.१ | ३.१.१ | "एक वडा एक प्राविधिक विद्यालय सम्भाव्यता अध्ययन | ० | ५०० | ० | ० | ० | |
| | | ३.१.२ | उच्च स्तरको प्राविधिक शिक्षाको लागि छात्रवृत्ति | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | ३.२ | ३.२.१ | हरेक तहको पाठ्यक्रममा नैतिक, जीवनोपयोगी सामाग्री तय गर्न परामर्श सेवा | १०० | १०० | १०० | १०० | १०० | |
| | | ३.२.२ | नैतिकता, जीवनोपयोगी शीप, आत्मिक विकास, योग साधना अध्यापन गर्ने शिक्षक व्यवस्थापन | १०० | २०० | ३०० | ४०० | ४५० | |
| | | ३.२.३ | विद्यालय स्तरीय पोषण तथा दिवा खाजा कार्यक्रम | ५०० | ६०० | ७०० | ८०० | ० | |
| ४ | ४.१ | ४.१.२ | नविनतम शिक्षण सिकाई तालिम सञ्चालन | ५० | ५० | ५० | ५० | ५० | |
| | | ४.१.३ | विद्यार्थी व्यक्तिगत सूचना प्रणाली निर्माण | ० | २५० | ० | ० | ० | |
| | | ४.१.३ | शिक्षण सिकाई उपलब्धि मापन गे्रडीङ्ग प्रणालीनिर्माण | ० | ० | ३०० | ० | ० | |
| | ४.२ | ४.२।१ | विद्यालय स्तरीय भ् ीभबचलष्लन पूर्वाधार निर्माण | ० | १०० | ३५० | ४५० | ५५० | |
| | | ४.२.२ | अतिरिक्त कृयाकलाप सञ्चालन गर्न धुम्ती शिक्षक दरबन्दी | १०० | २०० | ३०० | ४०० | ५०० | |
| | ४.३ | ४.३.१ | विद्यार्थी शैक्षिक भ्रमण व्यवस्थापन खर्च | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | | ४.३.२ | स्थलगत अवलोकन तथा परियोजना कार्य संचालन | ० | ३०० | ० | ० | ० | |
| | | ४.३.३ | सफल व्यक्तित्व साक्षात्कार कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | |
| | | ४.३.४ | वृत्तचित्र तथा चलचित्र प्रर्दशनी व्यवस्थापन | १०० | १५० | १७५ | १८५ | २०० | |
| | | ४.३.५ | विभिन्न राष्ट्रिय, क्षेत्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता पूर्व तयारी | २०० | २५० | ३०० | ३५० | ४०० | |
| | ४.४ | ४.४.१ | पुस्तकालय कोठा वा भवन निर्माण मा.वि स्तरीय बिधुतिय book corner स्थापना | ० | २०० | ५०० | ८०० | १००० | |
| | | ४.४.२ | एक विद्यालय एक कम्प्यूटर प्रयोगशाला निर्माण | ० | ५०० | ६०० | ७०० | ८०० | |
| | | ४.४.३ | माध्यमिक स्तरको विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण | १०० | ३०० | ५०० | ७०० | ० | |
| | ४.५ | ४.५.१ | इ. हाजिरी व्यवस्थापन तथा वडा अध्यक्ष प्रधानाध्यापक अन्तरकृया | ५० | ६० | ७० | ८० | ९० | |
| | | ४.५.२ | शिक्षक अभिभावक अन्तरकृया कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | |
| | | ४.५.३ | उत्कृष्ट विद्यालय पुरस्कार कोष | १०० | १०० | १०० | १०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ४.५.४ | जेहेन्दार छात्र÷छात्रा छात्रवृत्ति कोष निर्माण | ० | २०० | ० | ० | ० | |
| | | ४.५.५ | जेहेन्दार विद्यार्थी उच्च अध्ययन कोष निर्माण | ० | ४५० | ० | ० | ० | |
| | | ४.५.६ | शिक्षकहरूलाई E हाजिरी प्रवन्ध | २५० | ० | ० | ० | ० | |
| | | ४.५.७ | महाँमारी विशेष वैकल्पिक शिक्षा पूर्वाधार निर्माण | २०० | २०० | २०० | २०० | २०० | |
| | | ४.५.८ | ECD विशेष शिक्षक शिक्षिका तालिम | ८० | ८० | ८० | ८० | ८० | |
| | | ४.५.९ | प्रधानअध्यापक शैक्षिक व्यवस्थापन तथा नेतृत्व विकास तालिम | ५० | ५० | ५० | ५० | ५० | |
| | | ४.५.१० | गाउँपालिका स्तरीय शैक्षिक पात्रो निर्माण | ५० | ५० | ५० | ५० | ५० | |
| | | ५.१=१ | औपचारिक शिक्षा भन्दा वाहिर रही विज्ञान र प्रविधिमा विशेष क्षमता भएका व्यतिmहरू खोजी | ५० | ० | ० | ० | ० | |

## ५.२.५ अपेक्षित पलब्धिहरू

✦ निरक्षरता शुन्यमा झर्नेछ ।

✦ आधारभूत शैक्षिक पूर्वाधारको प्रबन्ध हुनेछ ।

✦ आधारभूत शिक्षा सबैका लागि अनिवार्य हुनेछ ।

✦ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ ।

✦ राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा उपलब्ध हुनेछ ।

✦ नैतिकता, राष्ट्रप्रेम र मानव मूल्या आधारित शिक्षाको विकास हुनेछ ।

✦ विज्ञान र प्रविधिमा युवाहरूको आर्कषण बढ्ने छ ।

✦ सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।

# ५.३ खानेपानी तथा सरसफाई

## ५.३.१ पृष्ठभूमि

सफा, सुन्दर, स्वस्थ र स्वच्छ गाउँ हाम्रो समाजको प्रमुख परिचायक विषय हो। त्यसैगरी स्वस्थ जीवन जिउन हाम्रो वरपरको वातावरण सफा र स्वच्छ हुनु जरुरी छ । शहरीकरणको सघनतामा वृद्धि नभएको र हालसम्म पूर्णत ग्रामीण परिवेशमा रहेकाले यो गाउँपालिकामा अन्य सघन शहरी क्षेत्रमा जस्तो फोहोरमैला उत्सर्जन हुँदैन र फोहोर व्यवस्थापन मुख्य चुनौतीका रूपमा रहेको छैन । नेपालको संविधान २०७२

लेसंवैधानीक रूपमैखानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रूपमा व्याख्या गरेको छ । गुणस्तरीय खानेपानी र सरसफाईको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी थप खानेपानी आयोजनाहरू निर्माण गरी स्वस्थ नागरिक उत्पादनमा योगदान पुऱ्याउदै वैज्ञानिक विधिहरूको प्रयोगद्वारा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ ।केहि खानेपानी आयोजना, निमार्णाधिन छन । यद्यपि हाल चालु रहेका आयोजनाहरूले सबै समुदायमा प्रर्याप्त खानेपानीको आपूर्ति गर्न सकिरहेका छैनन्। गाउँपालिकामा अझै पनि स्वच्छ र प्रर्याप्त पिउने पानीको अवस्था कमजोर रहनुले पानीजन्य रोगहरू जस्तै टाइफाइड, झाडापखाला, आउँ जस्ता रोगहरूको संक्रमण हुन सक्ने सम्भावना रहेको छ । यहाँ रहेका ठुला खानेपानी योजना को प्रर्याप्तता नभएकोले विभिन्न वडा क्षेत्रहरूमा अझै पनि खानेपानिको समस्या रहेको पाईन्छ । सबै घरधुरीले स्वच्छ पिउनेपानीको उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न गाउँपालिकाले विशेष कार्यक्रमहरू योजनावद्ध रूपमा ल्याउनुपर्ने देखिन्छ

## ५.३.२ समस्या तथा चुनौती

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ✦ प्रचुर मात्रामा जल स्रोतको उपलब्धता भएता पनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको।<br>✦ सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको।<br>✦ पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको।<br>✦ फोहोरमैला संकलन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्था भइनसकेको।<br>✦ गाउँपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको ।<br>✦ विशेष गरी सघन बस्तीमा रहेका बजार केन्द«हरूमा सडकहरूमा नाला तथा ढल व्यवस्थापन हुन नसकेको।<br>✦ फोहोरमैला व्यवस्थापन स्थलको पहिचान हुन नसकेको ।<br>✦ वैज्ञानिकरूपमा फोहोरमैला व्यवस्थापन हुन नसकेको। |

| |
|---|
| ✦ कच्ची र बिग्रीएको सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको। ✦ फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने। ✦ पिउने पानी तथा सरसफाइको लागी आवश्यक पानीको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने। |

## ५.३.३ सम्भावना तथा अवसर

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦ यस गाउँपालिकामा जलस्रोतको उपलब्धता हुनु। ✦ प्रदेश र स्थानीय सरकारले खानेपानी आयोजनाको लागि बजेट छुट्याएको। ✦ "एक घर एक धारा" कार्यक्रमलाई प्राथमिकीकरण गरिएको । ✦ गाउँपालिकामा रहेको पानीको संरक्षण गरी दीगो रूपमा सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने। ✦ घरघरमा पानी संकलन ट्यांकी राख्न प्रोत्साहन गरेमा दीर्घकालीन हिसाबले पिउने पानीको समस्या समाधान गर्न सकिने। ✦ फोहोरमैला व्यवस्थापनका लागि कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी संकलन गर्न सकिने। ✦ बजार क्षेत्रमा फोहोर व्यवस्थापन गर्न केही ठाउँमा डस्टबिनहरूको व्यवस्था गर्न सकिने। ✦ पानी शुद्धीकरण प्रक्रियाको लागी जनचेतनामूलक कार्यक्रम र तालिम संचालन गर्न सकिने। |

## ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| दीर्घकालीन सोच |
|---|
| स्वच्छ, स्वस्थ र सुन्दर गाउँपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाइ |
| लक्ष्य |

| |
|---|
| गाउँपालिकाका सम्पूर्णबस्तीहरूमा स्वच्छ खानेपानी पुऱ्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने |
| उद्देश्यहरू |
| ✦ गाउँपालिकाबासीहरूलाई स्वाच्छ खानेपानी सुविधा पुऱ्याउनु<br>✦ गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुऱ्याउनु |

उद्देश्य १: गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने। | १.१.१ "एक घर एक धारा" को अवधारणा अनुसार खानेपानी सुविधा नपुगेका घरहरूमा समुदायको सहभागितामा आधारभूत खानेपानी व्यवस्था गरिनेछ ।<br>१.१.२ संम्भाव्य खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ । |
| १.२. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने । | १.२.१ खानेपानीका मुहानहरू सार्वजनिक सम्पती भएकोले सम्पूर्ण मुहानहरूको नक्साङ्कन पश्चात वस्तुगत विवरण संकलन गरिनेछ ।<br>१.२.२ खानेपानीका संरचनाहरूको स्तरोन्नति तथा मुहान सुधार गरी पानी प्रशोधन गरेर मात्र वितरण गरिनेछ । |

उद्देश्य २: गाउँपालिकाका सम्पूर्ण वडाहरूमा सरसफाइको सुविधा पुऱ्याउनु

| रणनीति | कार्यनीति |
|---|---|
| २.१. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने। | २.१.१. प्रत्येक घरमा अनिवार्य शौचालयको प्रावधान लागू गरी शौचालय नभएका विपन्न घरपरिवारमा शौचालय निर्माणका लागि प्रोत्साहन गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ । |

| | |
|---|---|
| | २.१.२. घर घरबाट निस्कने फोहरलाई वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मलमा परिणत गर्न समुदायलाई विषेश तालिम सञ्चालन गरिनेछ । |
| २.२. सार्वजनिक स्थल तथा मुहान क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने। | २.२.१. पानीको मुहान वरपर फोहोर गर्नेलाई जरिवाना गरिनेछ साथै नदीनाला, जलाशय तथा तालतलैयाको पर्यावरणीय स्वच्छता कायम गरिनेछ । |
| २.३. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २.३.१. घरघरमा निस्कने फोहोरलाई कम गर्न, फोहोरलाई वर्गिकरण गर्न, कम्पोस्ट मल बनाउन र पुर्नप्रयोग गर्न प्रेरित गर्नका लागि जनस्तरमा नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३.२. स्थानीय सञ्चारमाध्यमको सहयोगमा सरसफाई सम्बन्धी नियमित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |

खानेपानी तथा सरसफाईको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | एक घर एक धारा कार्यक्रम | १००० | १२०० | १४०० | १६०० | १८०० | |
| | | १.१.२ | संम्भाव्य खानेपानी आयोजनाकोसम्भाव्यता अध्ययन | ५०० | ० | ० | ० | ० | |
| | १.२ | १.२.१ | खानेपानी मुहान क्षेत्र पहिचान तथा विवरण संकलन | १०० | ० | ० | ० | ० | |
| | | १.२.२ | खानेपानी प्रशोधन तथा वितरण प्रणाली निर्माण | ० | ० | ३०० | ५०० | ५०० | |
| 2 | | २=२.१ | पानीको मुहान संरक्षण तथा संरचना मर्मत | ३०० | ५०० | ५०० | ३०० | ५०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २.३.१. | फोहोर पुनप्र्रयोग गर्न तालिम | ५० | ५० | ५० | ५० | ५० | |
| | | २.३.२. | स्थानीय सञ्चारमाध्यममा सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम प्रसारण । | ५० | ५० | ५० | ५० | ५० | |

## ५.३.५ अपेक्षित उपलब्धि

गाउँपालिकाका सम्पूर्ण घरधुरीमा आधारभूत खानेपानी सुविधा भएको हुने,

सम्पूर्ण घरधुरीमा शौचालयको व्यवस्था भएको हुने,

सार्वजनिक स्थल तथा बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था भएको हुने र सरसफाईको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ।

# ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

## ५.४.१ पृष्ठभूमि

सामाजिक जागरणको पर्याप्तता नभएको, राजनैतिक चेतनाको परिपक्वता नभैसकेको र पुरानो सामाजिक, जातिय, लैङ्गिक तथा वर्गिय स्वरूपको समाजमा व्यापक रूपान्तरण समेत भैनसकेकोले नेपालमा लैङ्गिक समानता, जेष्ठ नागरिकको सम्मान, सामाजिक सुरक्षा, अपाङ्गता भएका व्यक्तिको अधिकार र कठिनाइहरूको सम्बोधन तथा समग्र सामाजिक समावेशीकरणका मुद्दाहरू सामाजिक विकासका दृष्टिले केन्द्रिय भाग मै रहेका छन्। यस्तो वर्ग/समूह तथा क्षेत्रको प्रकृति एउटै प्रकृति र एउटै किसिमका छैनन । तिनीहरू बीच ठुलो भिन्नता छ । यसर्थ यस गाउँपालिकामा समेत यी सवालहरूको व्यापक सान्दर्भिकता रहेको र विकास योजनाले यी विषयहरूलाई महत्व दिएर समेट्नु पर्ने देखिन्छ । नेपालको संविधान मा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता,समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । समाजमा पछाडी परेको जनसंख्यालाई राज्यको मूलधारमा ल्याई उनीहरूको सम्मानपूर्वक जिवनयापन गर्नपाउने नैसर्गिक अधिकार सुनिश्चित नगर्दा सम्म सभ्य र सौर्हादपूर्ण समाजको परिकल्पना गर्न

सकिदैन त्यसैले लैङ्गिक समानता, जेष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा प्राथमिकता दिन सके असमानताको जालो तोड्न सहज हुन जान्छ । लक्षित वर्ग तथा क्षेत्र एउटै किसिमका नभएकोले अति लक्षित क्षेत्रमा स्थानीय पूर्वाधारहरू निर्माण गर्नु पर्ने रहन्छ । हालको बालबालिकाको समग्र अवस्थाले भोलिको समाज निर्माण र राष्ट्र निर्माणमा जिम्मेवार हुने मानव संशाधन कस्तो हुने भन्ने निर्धारण गर्ने भएकाले बालबालिकाको उचित हेरचाह, शिक्षा, पोषण,स्वास्थ्य जस्ता विषयहरू बालअधिकार र नागरिक जिम्मेवारीका मात्र विषय होइनन्। यि विषय अहिले हामिले भोलिको विकसित समाज र राष्ट्र निर्माणमा गरिने बृहत्लगानीसँग गाँसिएका विषयहरू हुन्। बालबालिकाको संख्या उल्लेख्य हुनुले राज्यले ठूलो रकम यी बालबालिकाको हेरचाह, स्वास्थ्य, शिक्षा र पोषणमा खर्च गनुपर्ने देखाउछ।

| जन्म दर्ता स्थिति, २०२१ अनुसार ५ वर्ष र मुनिको जनसंख्या | | | | |
|---|---|---|---|---|
| वार्डहरू | दर्ता गरिएको / दर्ता छैन | 5 वर्ष र मुनिको जनसंख्या | | |
| | | कुल | पुरुष | महिला |
| पालिका | कुल | २०५६ | १११० | ९४६ |
| | दर्ता | १२६८ | ६८७ | ५८१ |
| | दर्ता गरिएको छैन | ७८८ | ४२३ | ३६५ |
| 1 | कुल | २१३ | १२० | ९३ |
| | दर्ता | १४३ | ८४ | ५९ |
| | दर्ता गरिएको छैन | ७० | ३६ | ३४ |
| 2 | कुल | २९३ | १६५ | १२८ |
| | दर्ता | १७४ | ९९ | ७५ |
| | दर्ता गरिएको छैन | ११९ | ६६ | ५३ |
| 3 | कुल | २०८ | १०७ | १०१ |
| | दर्ता | १४१ | ७१ | ७० |
| | दर्ता गरिएको छैन | ६७ | ३६ | ३१ |
| 4 | कुल | २७९ | १४३ | १३६ |
| | दर्ता | १४५ | ७१ | ७४ |
| | दर्ता गरिएको छैन | १३४ | ७२ | ६२ |
| 5 | कुल | २९६ | १७५ | १२१ |
| | दर्ता | १९९ | ११६ | ८३ |

| | | | | |
|---|---|---|---|---|
| | दर्ता गरिएको छैन | ९७ | ५९ | ३८ |
| 6 | कुल | २०४ | ११५ | ८९ |
| | दर्ता | ९० | ४८ | ४२ |
| | दर्ता गरिएको छैन | ११४ | ६७ | ४७ |
| 7 | कुल | ३८६ | २०१ | १८५ |
| | दर्ता | २४७ | १३५ | ११२ |
| | दर्ता गरिएको छैन | १३९ | ६६ | ७३ |
| 8 | कुल | १७७ | ८४ | ९३ |
| | दर्ता | १२९ | ६३ | ६६ |
| | दर्ता गरिएको छैन | ४८ | २१ | २७ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## ५.४.२ समस्या तथा चुनौती

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ✦ गाउँपालिकामा सामुदायिक भेटघाट केन्द्र, दलित सञ्जाल, महिला सञ्जाल, वृद्धाश्रम, बाल सुरक्षा तथा सुधार गृह जस्ता भवनहरूको अभाव रहेको।<br>✦ गाउँपालिकामा पुरुषको भन्दा महिलाको जनसंख्या बढी भए पनि परम्परागत रूपमा रहेको लैङ्गिक विभेद पूर्ण रूपमा अन्त्य हुन नसकेको<br>✦ समाजमा महिलाको समग्र सामाजिक स्तर अत्यन्त कमजोर रहेको।<br>✦ जातीय भेदभाव पूर्ण रूपले अन्त्य हुन नसकेको।<br>✦ सीमान्तकृत समुदाय, आदिवासी जनजातिहरूको आर्थिक र सामाजिक सबलीकरण हुन नसकेको।<br>✦ जनचेतनामूलक कार्यक्रमहरू अपेक्षाकृत रूपमा प्रभावकारी हुन नसकेका ।<br>✦ महिला तथा जनजातिहरूको उद्यमशिलता विकास तथा शसतिmकरण सम्बन्धी तालिमहरू संचालन गर्दा लक्षित वर्ग सम्म पुग्न नसकेको। महिला तथा जनजातिमा पनि टाठा बाठाको नै पकड रहेको।<br>✦ लैङ्गिक विभेद तथा हिंसाले समाजमा सामाजिक विग्रह ल्याउनुका साथै विकासको गतिमा नकारात्मक असर पर्न सक्ने।<br>✦ महिला पछाडि पर्दा समग्र पारिवारिक संगठन र समाज नै विकृत बन्न सक्ने। |

| |
|---|
| ✦ सामाजिक सौहार्दता, मेलमिलाप, शान्ति र समृद्धिका लागि सामाजिक विवेकको प्रयोग गरी सामाजिक अन्तरघुलनका साथै महिला शसक्तिकरण र सीमान्तकृत वर्गको मूल प्रवाहीकरण गर्नुपर्ने। |
| ✦ व्यापक रूपमा महिला शिक्षा तथा अन्य जातजाति, अल्पसङ्ख्यक र सीमान्तकृतहरूलाई विशेष रूपमा लक्षित गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने। |
| ✦ प्रसूती सेवाको व्यवस्था गर्नुको साथै प्रजनन्स्वास्थ्य बारे जनचेतना फैलाउनुपर्ने। |
| ✦ घरेलु हिंसा र महिला हिंसा निर्मूल गर्नुपर्ने। |
| ✦ गाउँपालिकाभित्र गठन भएका दर्जनौं आमा समूहहरूलाई जाँड रक्सीको विकृति विरुद्ध अभियान सञ्चालन गर्न प्रोत्साहित गर्नुपर्ने। |
| ✦ बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्नुपर्ने। |
| ✦ राज्यद्वारा बालबालिकाको क्षेत्रमा गरेको लगानि पर्याप्त र प्रभावकारी नभएको |
| ✦ विपन्नताका कारण धेरै बालबालिकाहरू आधारभूत आवश्यकता र अधिकारबाट बञ्चित हुनुपरेको। |
| ✦ बालबालिकालाई उचित शिक्षा, पोषण र स्वास्थ्यको पूर्ण ग्यारेन्टी गर्न नसकिएको। |
| ✦ बालबालिकाको उचित स्याहार र अधिकारको प्रत्याभूति गर्नु चुनौती र जिम्मेवारी रहेको |
| ✦ समयमै बालबालिकाका सवालहरूको सम्बोधन गर्न नसके भोलिको भविष्य अनिश्चित र अन्धकार हुने जोखिम रहेको। |

## ५.४.३ सम्भावना तथा अवसर

| सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦ प्रत्येक टोलमा महिला तथा आमा समूह गठन गरी हिंसा न्यूनीकरण, क्षमता अभिवृद्धि तथा मूलप्रवाहीकरणका कार्यहरू भइरहेको। |
| ✦ नारी दिवस मनाई जनचेतना जगाउने काम भइरहेको। |
| ✦ बालबालिकाको मौलिक अधिकार संरक्षणको जिम्मेवारी स्थानीय सरकारलाई आएको। |
| ✦ अभिभावक विहिन हिंसा पिडित बालबालिकालाई पठनपाठनको निम्ति बाल कोष स्थापना गरी सहयोग उपलब्ध गराउने नीति अवलम्बन गरेको । |

✦ गाउँपालिकाले प्रत्येक वडामा वडा स्तरीय बाल संजाल निर्माण गरी सक्रिय बनाई गाउँपालिका स्तरीय बाल संजाल बाल संरक्षण समितिलाई सक्रिय रूपमा अगाडि बढाउने कार्यक्रम सञ्चालन गर्ने नीति अगाडि सारेको।

✦ गाउँपालिकाले स्थानीय शासन कार्यक्रम लागु गर्न आवश्यक कार्यक्रम संचालन गर्ने नीति लिएको।

✦ गाउँपालिकाको ठुलो हिस्सा बालबालिका भएकोले उनीहरूको राम्रो हेरचाह गर्न सबै भविष्यका लागि असल समाज र नागरिक निर्माण गर्न सकिने।

✦ संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको।

✦ स्थानीय सरकारले बाल सरोकारका विषयलाई आफ्ना नीति तथा कार्यक्रममा महत्व दिने गरेको

✦ आधारभूत र माध्यमिक शिक्षा स्थानीय सरकारको जिम्मेवारीमा रहेको।

✦ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभियान, तालिम र जनचेतनामूलक कार्यक्रम गर्ने नीति लिएको ।

✦ अपाङ्गता भएको व्यक्तिहरूलाई परिचयपत्र वितरण गर्ने साथै ज्येष्ठ नागरिकहरूलाई परिचयपत्र वितरण, दिवा सेवा कार्यक्रम, सम्मान कार्यक्रम तथा सरोकारवालासँग अन्तक्रिया कार्यक्रमलाई सञ्चालन गर्ने नीति लिएको ।

✦ महिला सशक्तिकरणको लागि बहस पैरवा गरी विपन्न वर्ग लक्षित वस्तुगत टेवा, आयआर्जन, सिप विकास र नेतृत्व तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिएको ।

✦ दलित वर्गमाथि हुने भेदभाव न्यूनीकरण गरी परम्परागत ज्ञान र सिपलाई व्यवसायीकरण गर्ने प्रयत्न गरिएको ।

✦ लैंगिक हिंसा न्यूनीकरण, प्रजनन्स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिएको।

✦ छुवाछुत तथा सामाजिक विभेद क्रमशः न्यून हुँदै गएको।

✦ गाउँपालिकामा सांस्कृतिक तथा धार्मिक सहिष्णुता कायम रहेको।

✦ सञ्चार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको।

| |
|---|
| ✦ कतिपय महिलाहरू राजनीति, सामाजिक कार्य लगायत विभिन्न विकासका गतिविधिहरूमा सरिक हुन थालेका ।<br>✦ छोरा र छोरी एकै हुन्भन्ने सोचको क्रमश विकास हुँदै गएको।<br>✦ ज्येष्ठ नागरिक, बालबालिका र महिला सञ्जाल मार्फत ज्येष्ठ नागरिक, बालबालिका र महिला कार्यक्रममा महत्वपूर्ण भूमिका निर्वाह गरिएको ।<br>✦ प्रत्येक वडामा १ महिला सदस्य र १ दलित महिला सदस्य अनिवार्य रूपमा निर्वाचित हुने व्यवस्था गरेको हुँदा उनीहरूले सम्पूर्ण महिला, दलित, जनजातिहरूको हक हित तथा अधिकारको पक्षमा आवाज उठाएका कारण सामाजिक न्याय, समानता लगायत समाज सुधारका पक्षमा केही प्रगति भएको।<br>✦ अपाङ्ग पुनस्र्थापना केन्द्र, विपन्न सहायता केन्द्र, अनाथालय तथा जेष्ठ नागरिक स्याहार केन्द्र स्थापना गरी न्यायपूर्ण समाजको स्थापनामा सहयोग पुऱ्याउन सकिने।<br>✦ भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री बनाउन सकिने।<br>✦ शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै जाने।<br>✦ सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहीकरणमा ल्याउँदा गाउँपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने।<br>✦ महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरूका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज भएको।<br>✦ एकल महिला, बेरोजगार महिला, अति पिछडिएका तथा विपन्नहरूका लागि रोजगारमूलक तालिमको व्यवस्था गर्न सकिने। |

## ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| |
|---|
| दीर्घकालीन सोच |
| काठेखोलाको सभ्यता न्यायपूर्ण समाज र सामाजिक सौहार्दता |
| लक्ष्य |
| सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने |
| उद्देश्यहरू |

| |
|---|
| ✦ लैङ्गिकता, उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु<br>✦ बालबालिका मौलिक हकको सुनिश्चितता गर्नु |

उद्देश्य १: लैङ्गिकता उमेर, जातियता, क्षेत्रियता, भाषिक, अल्पसंख्या, अपाङ्गता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु

| रणनीति | कार्य नीति |
|---|---|
| १.१ महिला जागरण केन्द्रित नीति निर्माण तथा कार्यक्रम सञ्चालन गर्ने | १.१.१ अनिवार्य नारी शिक्षा सम्बन्धी विशेष नीति तथा कार्ययोजना निर्माण गरिनेछ ।<br>१.१.२ छात्रामैत्री वातावरण निर्माण गर्न हरेक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितीसँग नियमित अन्तरकृया<br>सञ्चालन गरिनेछ ।<br>१.१.३ महिला अधिकार, महिला हिंसा, यौन शोषक, यौन हिंसा जस्ता विषयहरूको समुचित सम्बोधन हुनेगरी महिलालाई<br>सचेत बनाउन हरेक वडामा रहेका महिला अधिकारकर्मी, महिला नेतृ, शिक्षिका लगायत सचेत र सक्षम महिलाको संयोजकत्वमा महिला सेल गठन गरिनेछ ।<br>१.१.४ प्रत्येक वडामा रहेका महिला सेलहरूमार्फत हरेक महिना पुरुषहरूको समेत संलग्नतामा महिला जागरण सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.५ स्थानीय सञ्चार माध्यामहरूबाट लैङ्गिकता तथा महिला जागरण सम्बन्धी सामाग्री नियमित प्रसारण गरिनेछ ।<br>१.१.६ दाइजो प्रथा तथा लैङ्गिक हिंसा विरुद्ध हरेक वर्ष विशेष जागरण सप्ताह मनाइने छ । |

| | |
|---|---|
| | १.१.७ विद्यालयमा सामाजिक शिक्षा अध्यापनरत शिक्षक शिक्षिकालाई समेटेर लैङ्गिक हिंसा र महिला जागरण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| १.२ महिला सुरक्षा र लैङ्गिक न्यायका निम्ती महिला शसक्तिकरणका कार्यक्रमहरू अभियानको रूपमा<br>सञ्चालन गर्ने | १.२.१ गाउँपालिकामा स्थापना भई कार्य गरिरहेका सबै प्रकारका महिला समूह, आमा समूह, किशोरी समूह लगायतका समूहलाई लक्षित गरी वार्षिक पात्रोका आधारमा नियमित आयआर्जन तालिम, शिप तथा उद्यमशीलता विकास तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ ।<br>१.२.२ गाउँपालिकाभर रहेका महिला उद्यमीहरूको अभिलेख तयार गरिनेछ ।<br>१.२.३महिला उद्यमीहरूलाई गाउँपालिका बाहिरकासफल महिला उद्यमीहरूसँग वर्षमा एक पटक साक्षात्कार गराइने छ ।<br>१.२.५ सरकारी सेवामा प्रवेश गर्न चाहने महिलाहरूको अभिलेख तयार पारी निशुल्क तयारी कक्षा सञ्चालन गरिनेछ ।<br>१.२.६ ज्येष्ठ नागरिक, बालबालिका र महिला सञ्जाल गठन गरिनेछ। |
| १.३ जेष्ठ नागरिकको सामाजिक सुरक्षा<br>र आत्मसम्मान कायम<br>हुने कार्यक्रमलाई प्राथमिकता दिइ<br>सञ्चालन गर्ने | १.३.१ वडास्तरीय जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिनेछ ।<br>१.३.२ प्रत्येक वडामा जेष्ठ नागरिक लक्षित योग तथा ध्यान केन्द्र सञ्चालन गरिनेछ ।<br>१.३.३ वडास्तरमा आफ्ना रितीथिति, संस्कार, धर्म सम्प्रदाय अनुरूपका भजन किर्तन, गायन, बाद्यवाधन कार्यक्रम संचालन गर्न जेष्ठ नागरिक किर्तन मण्डली गठन |

| | |
|---|---|
| | गरी बाद्यवाधन यन्त्रमा मापदण्ड बनाई अनुदान प्रदान गरिनेछ ।<br>१.३.४ ८० वर्ष नाघेका जेष्ठ नागरिकहरूलाई सु–आहारा कार्यक्रम सञ्चालन गरी पोषिलो आहारा वितरण गर्ने प्रवन्ध गरिनेछ । |
| १.४ अपाङ्गता भएका नागरिकहरूको कठिनाइ न्यूनीकरण गर्ने कार्यक्रमहरू संचालन गरी उनीहरूको आत्मबल बढाउने<br>र आत्मसम्मान जगाउने। | १.४.१ अपाङ्गता परिचय पत्र लिन बाँकी भएमा अपाङ्गताको प्रकार अनुसार परिचय पत्र वितरण गरिनेछ ।<br>१.४.२ ह्वील चियर आवस्यक अपाङ्गहरूको लगत संकलन गरी त्यसमा अनुदान प्रदान गरिनेछ ।<br>१.४.३ विशेष क्षमता भएका अपाङ्गहरूको वृत्ति विकास कार्यक्रम अन्तर्गत कलाकारिता शिप विकास तथा आय आर्जन तालिम नियमित सञ्चालन गरिनेछ । |
| १.५ जातिय विभेद, अल्पसंख्यक दलित, आदिवासी, मुस्लिम<br>थारु तथा राज्यको मूल प्रवाहमा आउन नसकेको नागरिकहरूका मूल<br>सरोकारका विषयमा अध्ययन गरी मूल प्रवाहीकरण<br>कार्यनीति निर्माण गर्ने | १.५.१ आदिवासी, जनजाती तथा मुस्लिमहरूका मौलिकता र पहिचान रहनसहन, रितिथिति, परम्परा, भेषभूषा खानपान, कला, चाडवाड आदिका बारेमा विस्तृत विवरण सहितको अभिलेख तयार पारिनेछ ।<br>१.५.२ छुवाछुत र सबै प्रकारका सामाजिक भेदभाव अन्त्य गर्न राज्यको मूल कानूनको अधिनमा रही त्यस्ता कार्यलाई दण्डित गर्न स्थानीय कानून निर्माण गर्दै न्याँयिक समितिलाई सक्रिय तुल्याइनेछ । |

उद्देश्य २. बालबालिकाका मौलिक हकको सुनिश्चितता गर्नु

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| २.१ बाल अधिकार सम्बन्धी जनचेतना जागरण गर्ने | २.१.१ बाल अधिकार र बालबालिकामा गरिने लगानीका सम्बद्धमा अभिभावकहरूलाई सचेत बनाउने कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>२.१.२ बालबालिकाहरू स्वंयलाई बालबालिकाका आवश्यकता र अधिकारका विषयमा सचेत तुल्याउन विद्यालय पाठ्यक्रम बाहेक स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२अतिविपन्नतथा विशेष संरक्षण आवश्यक असहाय बालबालिका केन्द्रित कार्यक्रम सञ्चालन गर्ने | २.२.१ गाउँपालिका वर्षभरी खान लगाउन नपुग्ने अतिविपन्न परिवारका तथा असहाय बालबालिकाको व्यक्तिगत विवरण तयार पारिनेछ । |
| २.३ बालअधिकार सम्बन्धी नीतिगत सूधार तथा व्यवस्था | २.३.१ गाउँपालिका तथा वडास्तरीय बालक्लब स्थापना र तीनको प्रभावकारीता वृद्धि गर्न बालबालिकालाई Motivation तथा नेतृत्व विकास तालिम प्रदान गरिनेछ २.३.२ बालवालिकासँग स्थानीय सरकार कार्यक्रम अन्तर्गत हरेक महिनाको एक पटक गाउँपालिका अध्यक्षसँग वालवालिकाको सरोकार सम्बन्धी वालवालिकासँग प्रत्यक्ष अन्रतकृया आयोजना गरिनेछ । |

महिला, बालबालिका तथा लक्षित वर्गको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | अनिवार्य मशिला शिक्षा विशेष नीति तथा कार्ययोजना निर्माण | ० | ३०० | ० | ० | ० | |
| | | १.१.२ | छात्रा मैत्री शौचालय निर्माण | ० | ५०० | ८०० | १००० | १२०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १.१.३ | वडास्तरीय महिला हिंसा तथा लैङ्गिक भेदभाव निगरानी समूह गठन | ८० | ८५ | ९० | ९५ | १०० | |
| | | १.१.४ | महिला समिती मार्फत हरेक महिना जनचेतनामूलक कार्यक्रम सञ्चालन | ९० | १०० | ११० | १५० | २०० | |
| | | १.१.५ | लैङ्गिकता र महिला जागरण सञ्चारकार्यक्रम संचालन | ५० | ७० | ९० | ११० | १३० | |
| | | १.१.६ | महिला हिंसा विरुद्ध वार्षिक रूपमा सप्ताह व्यापी कार्यक्रम | २०० | ४०० | ६०० | ८०० | ८०० | |
| | | १.१.७ | सामाजिक शिक्षामा यौन हिंसा, अपहरण,बलात्कार जस्ता विषयमा शिक्षक—शिक्षिका अभिमुखीकरण कार्यक्रम | ८० | १५० | २०० | २२० | २६० | |
| | १.२ | १.२.१ | महिला शिप विकास तथा आय आर्जन साथै नेतृत्व विकास तालिम सञ्चालन | २०० | २०० | २०० | २०० | २०० | |
| | | १.२.२ | महिला उद्यमी अभिलेख निर्माण | १५० | ० | ० | ० | ० | |
| | | १.२.३ | सफल महिला उद्यमी साक्षात्कार कार्यक्रम | ५० | ५५ | ६० | ६५ | ७० | |
| | | १.२.५ | सरकारी सेवा प्रवेश निःशुल्क तयारी कक्षा सञ्चालन | १०० | १५० | २०० | २५० | ३०० | |
| | | १.२.६ | ज्येष्ठ नागरिक सञ्जाल गठन | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | | | बालबालिका सञ्जाल गठन | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | | | महिला सञ्जाल गठन | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | | १.२.७ | जेष्ठ नागरिक वडास्तरीय निःशुल्क स्वास्थ्य शिविर सञ्चालन | ४०० | ४०० | ४०० | ४०० | ४०० | |
| | | १.३.४ | जेष्ठ नागरिक योग तथा ध्यान केन्द सञ्चालन्न | ० | ० | ० | ५०० | ० | |
| | | १.३.७ | जेष्ठ नागरिक किर्तन तथा मनोरञ्जन मण्डली गठन तथा वाद्ययन्त्र अनुदान | १०० | १०० | १०० | १०० | १०० | |
| | | १.३.८ | ८० वर्ष नाघेका जेष्ठ नागरिकलाई सु— आहारा कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | |
| | | १.४.१ | अपाङ्गता परिचय पत्र वितरण | ५० | ५० | ५० | ५० | ५० | |
| | | १.४.२ | ह्विलचेयर आवश्यक तर नपाएका अपाङ्गको लागि ह्विलचेयर खरिद | ० | ५०० | ५५० | ६५० | ७५० | |
| | | १.४.३ | विशेष क्षमता भएका अपाङ्ग लक्षित कलाकारिता, आय आर्जन तथा शिपविकास तालिम | २०० | ० | २०० | ० | २०० | |
| | १.५ | १.५.१ | आदिवासी, जनजाती, मुस्लिम लगायतका वर्गको सांस्कृतिक पहिचान सम्बन्धी अध्ययन गरी पाश्र्वचित्र प्रकाशन | ० | ५०० | ० | ० | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १.५.२ | छुवाछुत र सामाजिक भेदभाव न्यूनीकरण विशेष न्यायिक समिति तालिम | ० | २५० | ० | ० | ० | |
| २ | | २.१.१ | बाल अधिकार सम्बन्धी अभिभावक सचेतना कार्यक्रम | १०० | १५० | १८० | २०० | २२० | |
| | | २.१.२ | स्थानीय अधिकारकर्मीको सहयोगमा विद्यालयस्तरीय सचेतना कार्यक्रम | १०० | १५० | २०० | २५० | ३०० | |
| | | २.२.१ | अतिविपन्न, असहाय बालबालिको व्यक्तिगत विवरण तयारी | ३०० | ० | ० | ० | ० | |
| | | २=३.१ | बालक्लबमा आवद्ध बालबालिकाको नेतृत्व विकास तालिम | ९० | ९० | ९० | ९० | ९० | |
| | | २=३.२ | हरेक महिनाको एक पटक गाउँपालिका अध्यक्षसँग वालवालिकाको सरोकार | ३०० | ३०० | ५०० | ५०० | ५०० | |

### ५.४.५ अपेक्षित उपलब्धिहरू

✦ महिला सचेतनामा वृद्धि हुनेछ ।

✦ सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सिमान्तकृतको उपस्थिति बढ्नेछ

✦ अपाङ्गता भएका व्यक्तिहरूका कठिनाइहरू न्यूनीकरण हुनेछ ।

✦ सामाजिक, भेदभाव तथा थिचोमिचोमा कमी आउनेछ ।

✦जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुनेछ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्यालाई युवा समूहमा राखिएको छ । देशको प्रमुख श्रम शक्ति, मानव संसाधन र उर्जाको आधार स्तम्भहरू (pillar of the nation) भनेकै युवाहरू हुन्। युवाको सामथ्र्यलाई पूर्णत सदुपयोग गरेका राष्ट्रहरूले नै विश्वमा विकासको ठूलो फड्को मारेका छन्। मानव स्रोतको हिसाबले गाउँपालिका सम्पन्नताको स्तरमा रहेको छ । अनुशासन,राष्ट्रिय भाइचारा र स्वस्थ जिवनयापनका लागी खेलकुद विकासको अहम्महत्व रहेको हुन्छ ।

विश्वमा विकसित र खेलकुदका हस्ती देशहरूले खेल पर्यटन मार्फत समृद्धि हासिल गरेको र विश्वस्तरमा पहिचान स्थापित गरेको पाइन्छ । उदाहरणको  लागि स्पेन, इटली, इङ्गल्याण्ड, ब्राजिल फ्रान्स जस्ता यूरोपियन राष्ट्रहरू हाल खेल प्रवद्र्धन मार्फत विश्व परिचित मत्र नभई खर्बौं डलरको कारोबार गर्दछन्। छिमेकी राष्ट्र भारतसमेत क्रिकेटमार्फत आइ. पि. एल. द्धारा खेल पर्यटनका लागि प्रसिद्ध मानिन्छ । पूर्वाधार अभाव तथा व्यवसायिकताको अवसर नहुँदा नहुँदै पनि नेपाली खेलाडिहरू खेलकुदमा आवद्ध छन्र विश्व स्तरकै खेल खेलिरहेका छन किनकि खेलकुद विकास आर्थिक समृद्धिसँग पनि जोडिएको छ । गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रममा खेलकुद विकासलाई महत्व दिएको छ । यो गाउँपालिकाले खेलकुदको माध्यमबाट सबै वडाहरू बीच भाइचारा सम्बन्ध राख्ने उद्देश्य रोखेको छ । खेलमैदान, पार्क तथा कभर्डहल निर्माणमा तदारुक्तता देखाउनुले गाउँपालिका खेलकुदको विकासमा सम्वेदनशील भएको देखिन्छ। विशेषगरी भलिभल,  मार्सलआर्ट, अन्य एथलेटिक्स खेल खेलिने यस गाउँपालिकामा खेलकुद तथा अतिरिक्त क्रियाकलापले युवा विकास कार्यक्रमहरूलाई लक्षित गरी स्थानीय देखि राष्ट्रिय र अन्तराष्ट्रिय स्तरसम्मका प्रतिस्पर्धी खेलाडी उत्पादन गर्न सक्छ

## ५.५.२ समस्या तथा चुनौती

| दुर्बल पक्ष : प्रमुख समस्या र चुनौतीहरू |
|---|
| ✦ गाउँपालिकामा युवा लक्षित कार्यक्रमले युवा वर्गलाई यथोचित सम्बोधन गर्न नसकेको।<br>✦ युवा जनशक्तिलाई यथोचित अभिमूखीकरण तथा तालिमको व्यवस्था हुन नसकेको।<br>✦ गाउँपालिकामा भएका खेल मैदान, पार्क तथा पिकनिक स्थल व्यवस्तित एवं पूर्वाधारयुक्त हुन नसक्नु।<br>✦ गाउँपालिकामा खुल्ला चौर, खेल मैदान, पार्क तथा पिकनिक स्थल प्राय कच्ची हुनाले खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिले निरन्तरता पाउन नसक्नु। |

| |
|---|
| ✦ गाउँपालिका भर सार्वजनिक पुस्तकालय, सिनेमा हल तथा नाट्यशाला र व्यायामशाला जस्ता अध्ययन तथा मनोरञ्जन स्थलको अभाव हुनु<br>✦ गाउँपालिकामा खेलकुदको विकास गर्न स्थानीय स्तरमा खेलकुद सामाग्री र प्रशिक्षकको अभाव हुनु।<br>✦ सिमित बजेटका कारण गाउँपालिकाले खेलकुद तथा मनोरञ्जनमा यथोचित लगानी गर्न नसक्नु।<br>✦ व्यवस्थित खेलकुद पूर्वाधारहरूको विकास गर्न ठूलो आकारको बजेटको व्यवस्थापनको चुनौती रहेको।<br>✦ भौगौलिक अवस्थिति तुलनात्मक रूपमा असहज भएर पनि खेलकुद पूर्वाधारको चाहेजति सहज र चुस्त रूपमा विकास गर्न कठिन रहेको।<br>✦ खेलकुदप्रति अभिरुचि राख्ने तथा प्रतिभावान् खेलाडीहरू शिक्षा तथा रोजगारी लगायतका कारणले गाउँपालिका छोडने भएकाले उनीहरूलाई फर्काएर टिकाउने कार्य चुनौतीपूर्ण।<br>✦ खेलकुदलाई व्यवसायीकरण गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा खेलाडिहरू समावेश गराउन कठिन परिस्थिति रहेको।<br>✦ यातायात सुविधाको अभावमा विभिन्न वडामा रहेका खुलाचौर तथा खेलमैदान स्तरउन्नति गर्ने कार्य कठिन भएको।<br>✦ कुलतमा फसेका वा फस्ने खतरामा रहेका युवालाई रोक्ने कार्यक्रम तत्काल सञ्चालन गर्नु पर्ने चुनौती रहेको।<br>✦ पूर्वाधारको समूचित विकास गर्न नसकिएका कारण तोकिएका खेलकुद मैदानहरू, क्लव तथा मनोरञ्जनात्मक स्थलहरू स्तरोन्नति गर्ने कार्य चुनौतीपूर्ण। |

## ५.५.३ सम्भावना र अवसर

| सबल पक्ष : मुख्य सम्भावना र अवसरहरू |
|---|
| ✦ गाउँपालिकामा उचित स्थानको पहिचान गरी रंगशाला निर्माण गरी भलिवल, फुटबल, क्रिकेट ,मार्शल आर्ट र एथलेटिक्स  प्रतियोगिता समेत सञ्चालन गर्न सकिने अवस्था हुनु |

✦ गाउँपालिकाले खेलकुदको प्रवद्र्धनका लागि अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना गरिरहेको
✦ युवा शक्ति गाउँपालिकाको मानव संसाधन भएकाले गाउँपालिकाको भावी समृद्धि युवाको काँधमा रहको
✦ युवासँग सम्बन्धित क्लव, खेलकुद मैदान तथा सांस्कृतिक टोलीहरू गाउँपालिकामा रहेको
✦ युवा शक्तिमा रहेको जागरुकतालाई यथोचित सम्बोधन गर्न सके गाउँपालिकाको विकासमा कायापलट हुन सक्ने।
✦ गाउँपालिकाको युवा लक्षित वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सकिने
✦ गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरूमा वर्षेनी खेलकुद क्षेत्रको विकासलाई प्राथामिकतामा राख्ने गरेको
✦ गाउँपालिकाले युवाहरूलाई व्यायाम र खेलकुदप्रति आकर्षित गरी स्वस्थ र रचनात्मक बनाउन सक्ने
✦ वस्ती वस्तीमा  खेलमैदान निर्माण गरिदै लगिने नीति लिएको ।
✦ गाउँपालिकाको पायक पर्ने स्थानमा सुविधा सम्पन्न सांस्कृतिक केन्द« निर्माण गर्न सकिने।
✦ विभिन्न स्थानीय तथा राष्ट्रिय खेलहरू मार्फत स्थानीय प्रतिभाहरू जगेर्ना गर्न सकिने
✦ युवाहरूलाई लोक संस्कार, संस्कृतिको संरक्षण र संर्वद्धनका संवाहक का संवाहकका रूपमा लिएको यस
गाउँपालिकाले अन्तर गाउँपालिका स्तरीय/वडा स्तरीय कला प्रदर्शन तथा प्रतियोगीताहरू संचालन गर्न
सक्ने।
✦ खेल पूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने।

## ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| दीर्घकालीन सोच |
| --- |

| शारिरीक र मानसिक रूपमा स्वस्थ युवा निर्माण |
|---|
| लक्ष्य |
| शारिरीक स्वास्थ्य र मानसिक सन्तुलनका लागि आधारभूत खेलकुद र मनोरञ्जनका पूर्वाधार विकास गर्ने |
| उद्देश्यहरू |
| ✦ खेलकुद र मनोरञ्जनका माध्यमले नागरिकको खुसी र स्वास्थ्य सुदृढ गर्नु |

उद्देश्य २. खेलकुद र मनोरञ्जनका माध्यामले नागरिकको खुसि र स्वास्थ्य सुदृढ गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ खेलकुद पूर्वाधारको प्रवन्ध गर्ने | १.१.१ सम्पूर्ण विद्यालयहरूमा खेल मैदानको प्रबन्ध गरिनेछ ।<br>१.१.२ सम्पूर्ण विद्यालयहरूमा न्यूनतम खेल सामाग्रीको प्रबन्ध गरिनेछ।<br>१.१.३ वडास्तरीय खेल मैदानको व्यवस्था गरिनेछ<br>१.१.४ गाउँपालिका स्तरीय रंगशाला निर्माण गरिनेछ। |
| १.२ खेलाडी पहिचान तथा प्रशिक्षण | १.२.१ गाउँपालिकास्तरीय सम्पूर्ण खेलाडीहरूको विवरण तयार पार्ने<br>१.२.२ खेल अनुसार खेलाडी समूह छुट्याई वडास्तरीय खेलकुद समिति मार्फत प्रशिक्षण तालिम प्रदान गरिनेछ ।<br>१.२.३ स्थानीय तह र प्रदेशस्तरमा आयोजना हुने खेलहरूमा सहभागि हुन खेलाडी प्रशिक्षण सञ्चालन गरिनेछ।<br>१.२.४ प्रत्येक वर्ष भलिबल, फुटबल, क्रिकेट जस्ता खेल एकेडेमिमा जानको लागि गाउँपालिकाबाट खेलाडी छनोट गरी छात्रवृत्ति प्रदान गरिनेछ। |
| १.३ खेलकुद प्रतियोगिता सञ्चालन गर्ने | १.३.१ गाउँपालिकास्तरीय भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | १.३.२ अन्तर विद्यालय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>१.३.३ वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । |
| १.४ स्थानीय स्तरमा गर्न सकिने मनोरञ्जनात्मक कृयाकलापको अध्ययन गरी व्यवस्थित गर्ने | १.४.१ स्थानीय जातजाति, धर्म, सम्प्रदायहरूमा प्रचलित कला, कौशल, गायन, नृत्य आदिको पूर्ण विवरण तयार गरी तिनिहरूको जगेर्ना र सान्दर्भिकता बारे अध्ययन गरिनेछ।<br>१.४.२ ठूलो संख्याका मानिसहरूलाई सामूहिक रूपमा मनोरञ्जन प्रदान गर्ने प्रकारका जात्रा, मेला, हाट, नौटङ्की, नाटक, गान, बजाना, नृत्य, जादु, कला, कौशल, आदिलाई संस्थागत गर्न सम्भावना अध्ययन गरिनेछ ।<br>१.४.३ यहाँ बसोवास गर्ने समुदायमा सञ्चालित मौलिक परम्पराहरूको जर्गेना गर्दै समय सापेक्ष जीवन्त तुल्याइराख्न त्यस्ता जातीहरू रहेको सघन वस्ती क्षेत्र लक्षित वार्षिक तथा नियमित सांस्कृतिक कार्यक्रम आयोजना गर्न विशेष अन्त्रतकृया पश्चात कार्ययोजना निर्माण गरिनेछ ।<br>१.४.४ वनभोज स्थलहरूलाई व्यवस्थित गर्ने वडास्तरीय पार्क तथा मनोरञ्जन स्थलबारे सम्भाव्यता अध्ययन गर्ने |

## युवा तथा खेलकुदको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु. हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | विद्यालयस्तरीय खेल मैदान मर्मत सम्भार | ३०० | ५०० | ७०० | ८०० | ९०० | |
| | | १.१.२ | विद्यालय खेल सामाग्री खरिद | १०० | २०० | २५० | २५० | ३०० | |
| | | १.१.३ | वडास्तरीय खेल मैदान निर्माण | १०० | १५० | २०० | २५० | २५० | |
| | | १.१.४ | गाउँपालिका स्तरीय रंगशाला निर्माण | २०० | ४०० | ५०० | १००० | १५०० | |
| | १.२ | १.२.१ | खेलाडीको व्यक्तिगत विवरण तयारी | ५० | ० | ० | ० | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १.२.२ | खेलाडी प्रशिक्षण वडास्तरीय (नियमित) | ५० | ७० | ८० | ९० | १०० | |
| | | १.२.३ | खेलाडी प्रशिक्षण(प्रशीक्षक स्थानीय तह) | ४० | ५० | ६० | ७० | ८० | |
| | | १.२.४ | खेलाडी छनोट गरी छात्रवृत्ति | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | १.३ | १.३.१ | अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन | १०० | १५० | २०० | २५० | ३०० | |
| | | १.३.२ | अन्तरविद्यालय वार्षिक खेलकुद त्यगचलबmभलत | १०० | १०० | २०० | २०० | ५०० | |
| | | १.३.३ | वडास्तरीय वार्षिक खेलकुद प्रतियोगिता | १०० | २०० | ३०० | ४०० | ५०० | |
| | १.४ | १.४.१ | स्थानीयस्तरमा हुने मनोरञ्जनात्मक गतिविधिको विवरण तयारी | ५० | ० | ० | ० | ० | |
| | | १.४.२ | परम्परागत मनोरञ्जनात्मक कृयाकलाप संस्थागत गर्ने कृयाकलाप | १०० | १५० | १५० | २०० | २०० | |
| | | १.४.३ | जनजाती समुदायमा प्रचलित मौलिक परम्परा मान्ने जातीहरूरहेको सघन वस्ती क्षेत्र लक्षित वार्षिक तथा नियमित सांस्कृतिक कार्यक्रम कार्ययोजना निर्माण गरिनेछ । | ५० | ० | ० | ० | ० | |
| | | १.४.४ | बनभोजस्थल व्यवस्थापन | १०० | २०० | ३०० | ४०० | ५०० | |

## ५.५.५ अपेक्षित उपलब्धिहरू

- ✦ न्यूनतम खेलकुद पूर्वाधारको विकास हुनेछ ।
- ✦ खेलाडीहरू पहिचान भई क्षमता विकास भएको हुनेछ ।
- ✦ स्थानीयस्तरमा प्रचलनमा रहेका मनोरञ्जनात्मक कृयाकलापहरू संस्थागत हुनेछन्।

**नतिजा सूचकहरु**

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | मध्यकालिन अन्तिम नतिजा ०८२/८३ | आवधिक योजनाको अन्तिम नतिजा ८४/८५ |
|---|---|---|---|---|---|---|
| १ | असर | दक्ष प्रसुतीकर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | ६९.९ | ७२ | ७४ |
| २ | असर | पाँच वर्षमूनिको बाल मृत्युदर ( प्रतिहजार जिवित जन्ममा) | दर | २७ | २५ | २३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | असर | नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | दर | २३ | २० | १८ |
| ४ | प्रतिफल | कुष्ठरोगी विरामी वार्षिक | संख्या | ० | ० | ० |
| ५ | प्रतिफल | कालाजार विरामी वार्षिक | संख्या | ० | ० | ० |
| ६ | प्रतिफल | परिवार नियोँजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ६३ | | |
| ७ | असर | अस्पताल/स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिला | प्रतिशत | | ८० | ८५ |
| ८ | असर | घरबाट स्वास्थ्य संस्थामा ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवार | प्रतिशत | ६३ | ७० | ७५ |
| ९ | असर | स्वास्थ्य क्षेत्रमा कूल खर्च कुल ( बजेटको) दिगो विकास लक्ष्य ३ | प्रतिशत | १४.२ | | |
| १० | प्रतिफल | सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | ० | ४ | ८ |
| ११ | असर | कुपोषण भएका बालबालिका दर | प्रतिशत | | | |
| १२ | प्रतिफल | चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | ० | २ | ४ |
| १३ | प्रतिफल | चौबिसै घण्टा आकस्मिक प्रसुति सेवा भएका स्वास्थ्य संस्था | संख्या | ० | २ | ४ |
| १४ | प्रतिफल | चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | ० | २ | ३ |
| १५ | प्रतिफल | बैकल्पिक स्वास्थ्य उपचार केन्द्र | संख्या | १ | २ | ३ |
| १६ | प्रतिफल | योग केन्द्र | संख्या | ० | १ | २ |
| १७ | असर | पूर्ण सुरक्षित पिउने पानी प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९५ | ९७ | ९९ |
| १८ | प्रतिफल | रक्तसंचार सेवा | संख्या | ० | १ | १ |
| १९ | प्रतिफल | अपेक्षित आयू (जन्मदाको बखत) | वर्ष | ७१ | ७३ | ७५ |
| २० | प्रतिफल | मातृ मृत्युदर (प्रति लाखमा) | प्रतिलाख | २३९ | २०० | १८० |
| २१ | प्रतिफल | सुविधासम्पन्न अस्पताल | संख्या | ० | १ | २ |
| २२ | प्रतिफल | घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | | ६ | १० |
| २३ | प्रतिफल | स्वास्थ्य प्रयोगशाला | संख्या | १ | २ | ३ |
| २४ | असर | माध्यमिक शिक्षाको कूल भर्नादर ( ९ देखि १२) | प्रतिशत | ७४.५ | ८० | ९० |
| २४ | असर | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी प्रतिशत (कूल विद्यार्थीमा) | प्रतिशत | | ६ | ८ |
| २६ | असर | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | प्रतिशत | ९५ | ९७ | १०० |
| २७ | असर | विद्युतमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | असर | इन्टरनेटमा पहुँच भएका आधारभूत विद्यालयहरु | प्रतिशत | १०० | १०० | १०० |
| २९ | असर | समग्र साक्षरता प्रतिशत | | ७६.५९ | ८५ | ९३ |
| ३० | असर | साक्षरता प्रतिशत (पुरूष) | | ८५.२५ | ९० | ९५ |
| ३१ | असर | साक्षरता प्रतिशत (महिला) | | ६९.८८ | ८० | ९० |
| ३२ | प्रतिफल | उच्च शिक्षा अध्यापन हुने कलेज | संख्या | २ | ३ | ४ |
| ३३ | प्रतिफल | प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | १ | २ | ३ |
| ३४ | असर | आधारभूत शिक्षा उतिर्ण जनसंख्या | प्रतिशत | ९०.११ | ९२ | ९५ |
| ३५ | असर | माध्यमिक शिक्षा उतिर्ण जनसंख्या | प्रतिशत | ४४.१ | ५० | ५५ |
| ३६ | असर | स्नातक तह उतिर्ण जनसंख्या | प्रतिशत | ४.१३ | ६ | ७ |
| ३७ | असर | स्नातकोत्तर उतिर्ण जनसंख्या | प्रतिशत | १.२ | २ | ४ |
| ३८ | असर | सुविधा सम्पन्न पुस्तकालय भएका विद्यालय | प्रतिशत | ० | २ | ४ |
| ३९ | असर | बुक कर्नर सुविभा भएका विद्यालय | प्रतिशत | ० | २ | ४ |
| ४० | असर | एक स्वास्थ्यकर्मीको सुविधा भएका विद्यालय | प्रतिशत | ० | २ | ४ |
| ४१ | प्रतिफल | अनौपचारिक प्रौढ कक्षा संख्या | संख्या | ० | ० | ० |
| ४२ | प्रतिफल | व्यवस्थित रुपमा संचालन भएका बालक्लव | संख्या | ० | ४ | ८ |
| ४३ | असर | पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार ( प्रतिशत) | प्रतिशत | ९५.७९ | ९८ | १०० |
| ४४ | असर | आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या | प्रतिशत | ९९.८८ | १०० | १०० |
| ४५ | असर | प्रशोधित/सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९५.७९ | १०० | १०० |
| ४६ | असर | आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ९९.३८ | १०० | १०० |
| ४७ | असर | ढल प्रणालीहरु/उपयुक्त (Faecal Sludge Management) मा चर्पी जोडिएका परिवार | प्रतिशत | ३.२४ | ५ | ९ |
| ४८ | असर | आधुनिक र सुविधासम्पन्न शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९१.९१ | ९५ | १०० |
| ४९ | प्रतिफल | दुर्व्यसन सुधार गृह | संख्या | ० | १ | १ |
| ५० | प्रतिफल | बाल सुरक्षा/संरक्षण गृह | संख्या | ० | १ | १ |
| ५१ | प्रतिफल | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | ० | १ | ३ |
| ५२ | असर | विगत १२ महिनामा शारीरिक, मनोवैज्ञानिक लैङ्गिक तथा यौनजन्य हिंसामा परेका जनसंख्या ( संख्यामा) घटनाको आधारमा | प्रतिशत | ४.९ | ३ | २ |
| ५३ | असर | स्थानीय सरकारका तहहरुमा प्रतिनिधित्व | प्रतिशत | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | प्रतिफल | महिलाहरुको सम्पत्तिमाथिको स्वामित्व (जमिन र घर) | संख्या | १३६० | १५०० | १६०० |
| ५५ | प्रतिफल | बालगृह संख्या | संख्या | ० | १ | २ |
| ५६ | प्रतिफल | बाल उद्यान संख्या | संख्या | ० | २ | ४ |
| ५७ | प्रतिफल | बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | | २ | ४ |
| ५८ | प्रतिफल | व्यायामशालाको संख्या | संख्या | ० | १ | १ |
| ५९ | प्रतिफल | सुविधा सम्पन्न खेलकुद रंगशाला | संख्या | ० | १ | १ |
| ६० | प्रतिफल | खेल मैदानको संख्या | संख्या | | ५ | १० |
| ६१ | प्रतिफल | बाल उद्यानको संख्या | संख्या | | २ | ४ |
| ६२ | प्रतिफल | पार्क तथा हरित उद्यानको संख्या | संख्या | | ४ | ६ |
| ६३ | प्रतिफल | व्यावस्थित पिकनिक स्थलको संख्या | संख्या | ० | ४ | ६ |
| ६४ | प्रतिफल | सिसिटिभी जडान | संख्या | ० | ४ | ८ |

# परिच्छेद — ६ पूर्वाधार विकास

## ६.१ वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

मानव जीवनको आधारभूत आवश्यकता हरूमध्ये आवास पनि एक हो र नेपालको संविधानले पनि सुरक्षित तथा वातावारण मैत्री आवासको हकलाई प्रत्याभूति गरेको छ । तथ्यांकअनुसार गाउँपालिकाका  घरहरू कच्ची तथा विपन्न अवस्थामा रहनुले यस गाउँपालिकाका घरहरू भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ । पालिकामा अति विपन्न बर्गको लागी आवास योजनाहरु सचांलित छन। वातावरणीय संवेदनशीलताको हिसाबले वैज्ञानिक र व्यवस्थित भू—उपयोग योजना निर्माण र कार्यान्वयन गर्न सके भूमिको पूर्ण सदुपयोग मार्फत मात्र यस गाउँपालिकाको दीर्घकालीन समृद्धि हासिल गर्न सकिनेछ ।

आवास इकाईको छानाको प्रकार अनुसार
घरपरिवारको संख्या

| वार्डहरू | कुल | घरको छानो | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जस्ती पाना | प्रचलित सिमेन्ट कंक्रीट | थैच / पराल | टाइल | ढुङ्गा/स्लेट | काठ / फलकहरू | माटो | अरू |
| पालिका | ५८९२ | १२८३ | १८८ | ८५ | ५ | ४३२६ | २ | ० | ३ |
| १ | ६४७ | २८६ | ४६ | ७ | ० | ३०७ | ० | ० | १ |
| २ | ८३० | १५८ | ३० | ३ | ० | ६३९ | ० | ० | ० |
| ३ | ५७४ | १३९ | ४ | १८ | ० | ४१२ | १ | ० | ० |
| ४ | ८५७ | ७२ | १३ | १७ | १ | ७५४ | ० | ० | ० |
| ५ | ७४३ | १५० | २२ | ५ | १ | ५६४ | ० | ० | १ |
| ६ | ५५३ | ७८ | १२ | ६ | ३ | ४५४ | ० | ० | ० |
| ७ | ११३२ | २७३ | ४० | १२ | ० | ८०७ | ० | ० | ० |
| ८ | ५५६ | १२७ | २१ | १७ | ० | ३८९ | १ | ० | १ |

(स्रोत राष्ट्रिय जनगणना २०७८)

## ६.१.२ समस्या तथा चुनौती

| |
|---|
| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू<br>✦ अधिकांश घरहरू अर्धपक्कि, कच्ची र टिनले छाएको रूपमा रहेकाले सुरक्षित नभएको।<br>✦ छरिएर रहेका बस्तीहरूलाई एकीकृत गर्न तथा आवास क्षेत्रमा वृद्धाश्रम, धर्मशाला, सामुदायिक भवन आदि निर्माण गर्न प्रशस्त मात्रामा बजेटको आवश्यकता पर्ने ।<br>✦ मौलिक संस्कृति र वास्तुकलाको लोप हुँदै जाने अवस्था रहेको ।<br>✦ भ—ू उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको ।<br>✦ सुकुम्बासी, विपन्न तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माण सम्बन्धी ठोस नीति आवश्यक रहेको। |

## ६.१.३ सम्भावना तथा अवसर

| |
|---|
| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू<br>✦ स्थानीय स्तरमा आवास निर्माण सामग्रीहरूजस्तै— गिट्टी, बालुवा, माटो, ढुङगा आदि उपलब्धता भएको हुँदा स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण कार्य गर्न सकिने ।<br>✦ व्यवस्थित र वैज्ञानिक भू—उपयोग योजना र निती निर्माण र कार्यान्वयन गर्न सकिने।<br>✦ गाउँपालिकाभित्र रहेका विभिन्न मोटर बाटोको किनारमा घर बनाउँदा गाउँपालिकाबाट पास गरी तोकिएको सडकको मापदण्ड -Right of Way_ पुरागरी भवन निर्माण गर्ने व्यवस्था मिलाउने नीति लिएका।<br>✦ भूकम्प प्रतिरोधी र वातावरण मैत्री सुविधा सम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनताको चासो बढ्दै गएको। |

## ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| दीर्घकालीन सोच |
|---|
| सबैलाई पूर्ण सुरक्षित तथा आधारभूत सुविधा सम्पन्न आवासको प्रत्याभूति |

| लक्ष्य |
|---|
| सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने |
| उद्देश्यहरू |
| ✦ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु |
| ✦ सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने |

उद्देश्य १ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्ने

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरूलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने। | १.१.१. बस्ती विकास योजना निर्माण गरिनेछ ।<br>१.१.२. विपतको जोखिममा परेका बस्तीहरू पहिचान तथा नक्साङ्कन गरिनेछ ।<br>१.१.३. एकीकृत आवासनिर्माणका लागि वडास्तरमा उपयुक्त स्थानहरू पहिचान गरी आवास क्षेत्र विकास गरिनेछ ।<br>१.१.४. छरिएर रहेका तथा विपतको जोखिममा परेका घरपरिवारका लागि सुरक्षित, व्यवस्थित, आधारभूत सुविधायुक्त तथा वातावरण मैत्री एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>१.१.५. सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका लागि आवास निर्माण सम्बन्धी ठोस नीति बनाइने छ ।<br>१.१.६. विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिने छ । |
| १.२. घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने। | १.२.१. गाउँपालिकाको भू—उपयोग नीति अनुरूप वस्ती विकास तथा योजना निर्माण गरिनेछ । |

| | |
|---|---|
| | १.२.२. हाल घनावस्ती रहेका स्थानमा भौतिक पूर्वाधार विकास गरी बस्ती वरपर थप आवास विस्तार कार्यक्रम संचालन गरिनेछ ।<br>१.२.३. अनधिकृत रूपले बसोबास गरिरहेका घरपरिवार पहिचान गरी सो स्थानबाट हटाउने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>१.२.४. भवन निर्माण आचार संहिता तर्जुमा गरी अनिवार्य लागु गरिनेछ । |

उद्देश्य २. सुरक्षित आवास तथा भवनहरू निर्माण गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने। | २.१.१. सरकारी भवनहरू निर्माण गर्दा सकेसम्म एकै स्थानमा र एकरूपता ल्याउन एकै किसिमका भवनहरूको डिजाइन र निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ ।<br>२.१.२ गाउँपालिकाको प्रसासनिक भवन निर्माण गरिनेछ। |
| २.२ आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने। | २.२.१ सरकारी तथा सार्वजनिक भवनहरू अपाङ्ग मैत्री बनाइने छ ।<br>२.२.२ आवास तथा भवन निर्माणमा स्थानीय स्तरमा उपलब्धता भएका निर्माण सामग्रीको उच्चतम प्रयोग गरिनेछ ।<br>२.२.३. आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने प्रविधि विकास गर्न तथा सुरक्षित संरचना निर्माण गर्न विज्ञहरूको सहयोग लिई निर्माण मजदुरहरूका लागि नियमित तालिम संचालन गरिनेछ ।<br>२.२.४ स्थानीय मौलिकताको जर्गेना गर्ने, वास्तुकला तथा सौन्दर्य कायम हुने संरचना निर्माण गर्दा गाउँपालिकाले प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । |

वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | 1.१.२ | विपदको जोखिममा परेका बस्तीहरूको पहिचान गरी नक्सांकन गर्ने | १०० | ० | ० | ० | ० | |
| | १.२ | १.२.३ | भवन आचार संहिता तर्जुमा तथा लागू | ५० | ५५ | ६० | ६५ | ७० | |
| २ | २.१ | २.१.२ | पालिका को प्रसासनिक भवन निर्माण | १०००० | ४०००० | ४०००० | | | |

### ६.१.५ अपेक्षित उपलब्धि

न्यूनतम सुविधायुक्त एकीकृत बस्तीहरूको विकास भएको हुने, भवन आचार संहिता निर्माण भई कार्यान्वयन भएको हुने, विपन्न वर्गको लागि आवास योजना कार्यान्वयनमा आएको हुने। गाउँपालिकाका क्षतिग्रस्त सम्पूर्ण घर तथा सार्वजनिक भवनहरूको पुनर्निर्माण भएको हुने।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । यो गाउँपालिका मुख्य सडक संजालबाट जोडिएको छ । गाउँपालिकाको करिव मध्यभागबाट मध्यपहाडी लोकमार्ग निर्माण भइरहेको छ । यो लोकमार्ग यस गाउँपालिकाको समग्र विकासको मेरुदण्ड हो । यसै लोकमार्गको दायाँ वायाँ सबैजसो गाउँ, टोलहरुमा सडक पुगेको अवस्था छ र यो पालिकामा साना ठुला गरी ९७ वटा सडक रहेका छन जसले मानिसहरुको आवत जावतलाई मात्रै नभई कृषि उपजको विक्रि वितरणलाई समेत सहज बनाएको छ । तर यस्ता धेरै जसो सडकहरु साँघुरा र जोखिमयुक्त रहेका छन् भने

हरेक वर्ष सडक मर्मतमा धेरै लागत खर्च हुने अवस्था छ । यसका अतिरिक्त भिरालो भूभागमा रहेका यस्ता सडकहरुले भूक्षय, पहिरो जस्ता वातावरणीय समस्याहरु समेत निम्त्याएका छन् अर्को तर्फ गाउँपालिका भित्रका थुप्रै सडकहरू कच्ची अवस्थामा रहेका हुनाले बर्षातमा हिलो र खाल्डाखुल्डि बढ्ने साथै हिउँदमा धुलो हुने हुँदा आवागमनमा नै अवरुद्ध हुने समस्याहरू रहेका छन्। यद्यपि हाल गाउँपालिका भित्रका केही सडकहरू बिस्तार तथा स्तरोन्नति भइरहेका छन्। यहाँ बिभिन्न स्थानमा १२ वटा मोटरेबल पुल संचालनमा छन त्यसैगरी बिभिन्न स्थानमा ३७ वटा झोलुङ्गे पुल संचालनमा रहेका छन । यातायातका साधनहरूको उचित व्यवस्थापन तथा रुटहरू वैज्ञानिक नहुँदा सार्वजनिक यातायातको अवस्था कमजोर रहेको पाइन्छ । सडक तथा यातायातको विकासले उत्पादकत्व वृद्धिगर्ने, स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने, रोजगारी सिर्जना गर्ने, गरिबी न्यूनीकण गर्ने र आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने हुदाँ यस गाउँपालिकामा सडक तथा यातायात गुरुयोजना तय गरी सोही अनुरूप योजनाबद्ध एवं व्यवस्थित तवरले सडक सञ्जालको बिस्तार गर्नुपर्ने आवश्यकता रहेको छ।

## ६.२.२ समस्या तथा चुनौती

दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू

✦ योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुक्ताविक सडक सञ्जाल विस्तार नभएको।

✦ कच्ची सडकमा वर्षातको समय पटकपटक र हिलाम्मे हुने, खाल्टाखुल्टी बढ्ने र हिउँदमा धुलाम्मे हुने हुँदा आवागमन जोखिमपूर्ण र कष्टप्रद हुने गरेको।

✦ दैनिक आवतजावतका लागि आवश्यक भरपर्दो यातायातको सुविधा नभएकाले विभिन्न रूटहरूको निर्धारण गरी सार्वजनिक यातायात सेवा संचालन गर्नुपर्ने।

✦ सडक वरपर प्रदूषण भई वातावरण र जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असर कम गर्न पहल गर्नुपर्ने।

✦ सवारीको चापको आधारमा सडकको स्थिति कमजोर हुँदा उद्योगधन्दा, कलकारखाना, व्यापार व्यवसाय, कृषि, पर्यटन जस्ता क्षेत्रहरू चलायमान हुन नसकेको।

| |
|---|
| ✦ सडकको स्तरोन्नति गर्न ठूलो आकारको बजेट आवश्यक पर्ने। |

## ६.२.३ सम्भावना तथा अवसर

सबल पक्षः मुख्य सम्भावना र अवसरहरू

✦ गाउँपालिका को मध्य भाग बाट मध्यपहाडी राजमार्ग ले जोडिएको।

✦ गाँउपालिका ले बिस्तृत यातायात गुरुयोजना निर्माण गरि सोहि अनुसार सडक बिकास गर्ने योजना गरेको।

✦ गाउँपालिकाका सडकहरूलाई मापदण्ड बनाई सो अनुसारको स्तरोन्नति कार्यलाई तीव्रता दिन सकिने।

✦ गाउँपालिकामा भित्री सडक निर्माण गरी कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको।

✦ कच्ची अवस्थामै रहे पनि प्रत्येक वडालाई सडक सञ्जालले जोडेको।

## ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| दीर्घकालीन सोच |
|---|
| "सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता" |
| लक्ष्य |
| गाउँपालिकाभित्रको सडक सञ्जाल स्तरोन्नति गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने |
| उद्देश्यहरू |
| ✦ गाउँपालिकावासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुर्याउनु |
| ✦ गाउँपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु |

उद्देश्य १. गाउँपालिका बासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुर्याउनु ।

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| १.१ गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र बजार केन्द्रमा सडक सञ्जाल बिस्तार गर्ने। | १.१.१ सम्पूर्ण वडा केन्द्रलाई गाउँपालिका केन्द्रसँग जोड्ने मुख्य— मुख्य सडकहरूलाई उच्च प्राथमिकतामा राखी गौरवका आयोजना को रूपमा शीघ्र स्तरोन्नति तथा कालोपत्रे गरिनेछ ।<br>१.१.२ यस गाउँपालिकामा रहेका मुख्य बाहिरी सडकहरूलाई कालोपत्रे गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिनेछ ।<br>१.१.३ सडक बिस्तार सँग—सँगै बसपार्क तथा बस टर्मिनल निर्माण गरिनेछ । |
| १.२ विद्यमान सडकको स्तरोन्नति तथा विस्तार गर्ने। | १.२.१ पहिचान भएका कृषि सडकहरूको स्तरोन्नति र विस्तार गरी गाउँपालिका सडक सञ्जालसँग आवद्ध कृषि सडक सञ्जाल निर्माण गरिनेछ ।<br>१.२.२ प्रस्तावित औद्योगिक तथा व्यवसायिक क्षेत्रहरूको यकिन गरी ती स्थानहरूलाई जोड्ने सडक,पुल क्रमिक रूपमा निर्माण गरिनेछ।<br>१.२.३ सघन यातायात सञ्चालन हुने मुख्य सडकहरूमा आवश्यकता अनुसारको रोड फर्निचर (Road Furniture) को व्यवस्था गरिनेछ ।<br>१.२.४ गाउँपालिकाभर अति आवश्यक स्थानहरूमा पुल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>१.२.५ उच्च प्राथमिकताप्राप्त पुलहरूको डिपिआर सम्पन्न गरिनेछ।<br>१.२.६ उच्च प्राथमिकता प्राप्त पुलहरू निर्माण गर्न सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ । |
| १.३ सार्वजनिक यातायात प्रणालीको विकास गर्ने। | १.३.१.यातायात व्यवसायी तथा सरोकारवालासँग अन्तरक्रिया गरी सार्वजनिक सवारी साधन चल्ने रूटहरू तय गरिनेछ ।<br>१.३.२. रूटमा चल्ने सवारी साधनहरूको संख्या र प्रकार (जस्तै बस,मिनिबस,माइक्रोबस टेम्पो आदि) आवश्यकता अनुसार तय गरिनेछ । |

| | |
|---|---|
| | १.३.३.रूटको बीच–बीचमा ,स्टप ,सार्वजनिक शौचालय, प्रतीक्षालयहरू स्थानीय आवश्यकता अनुसार निर्धारण गरी निर्माण गरिनेछ ।<br>१.३.४ विशेष गरी वर्षातको समयमा आवागमन अवरुद्ध हुनसक्ने सम्भावनालाई मध्यनजर गरी तत्काल आवागमन खुलाउन (Rapid Response Mechanism)तयार गरी तयारी अवस्थामा राखिनेछ । |

उद्देश्य २. गाउँपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

| रणनीति | कार्यनीति |
|---|---|
| २.१ सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने। | २.१.१. गुरु योजनामा आधारित सडक सञ्जालको विकास तथा यातायात रुटहरूको तय गरिने छ ।<br>२.१.२. रणनीतिक सडकहरूको विस्तृत परियोजना प्रतिवेदन ( डिपिआर) तयार गरी प्राथमिकताका आधारमा निर्माण गरिनेछ । |
| २.२ सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने। | २.२.१.सडकको न्यूनतम मापदण्डलाई कार्यान्वयनमा ल्याइने छ तथा सडक अतिक्रमण गर्ने कार्यलाई पूर्ण रूपमा निरुत्साहित गरिने छ । |

सडक, पुल तथा यातायातको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | विभिन्न ८ वटा मुख्य सडक लाई गौरवका आयोजनाको रूपमा स्तरोन्नति गर्न डिपिआर गरिने छ। | १२,००० | | | | | |
| | | | अक्षते घुम्ती देखि डुडिया,ठूलोगाउँ हुँदै धम्जा | २५००० | ३०००० | ३५००० | ४०००० | ४५००० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | देउराली ताराखोला जोड्ने सडक | | | | | | |
| | | | अक्षते देखि भिमपोखरा हुँदै धम्जा देउराली सडक | २५००० | ३०००० | ३५००० | ४०००० | ४५००० | |
| | | | एकपाटा देखि दोबिल्ला हुँदै रेश बौर जोड्ने सडक | ५००० | १०००० | १५००० | २०००० | २५००० | |
| | | | बिहुँ सुल्डाँडा देखि लेखानी हलहले जोड्ने सडक | १०,००० | २०,००० | ३०,००० | ४०,००० | ५०,००० | |
| | | | अक्षते घुम्ती देखि लामांगी घुम्ती हुँदै धम्जा बेलढुंगा जोड्ने सडक | १०,००० | १५,००० | २०,००० | २५,००० | ३०,००० | |
| | | | खहरे खोला भिमपोखरा धम्जा तंग्राम बिहुँ लेखानी हुँदै रेश जोड्ने चक्रपथ सडक | १०,००० | १५,००० | २०,००० | २५,००० | ३०,००० | |
| | | | एकपाटा-सुल्डाँडा-किम्बोट-ठूल्ढुंगा सडक स्तरोन्नति | १०,००० | १५,००० | २०,००० | २५,००० | ३०,००० | |
| | १.२ | १.२.२ | मुख्य सडकहरूमा रोड फर्निचरको व्यवस्था | १००० | ८०० | ५०० | ० | ० | |
| | | १.२.३ | अति आवश्यक पुलहरूको संभाव्यता अध्ययन | २५० | ० | ० | ० | ० | |
| | | १.२.४ | प्राथमिकता प्राप्त पुलहरूको डि.पि.आर गर्ने | ० | २००० | ० | ० | ० | |
| | १.३ | १.३.१ | सार्वजनिक सवारीसाधन चल्ने रुटहरू तय | ५०० | ० | ० | ० | ० | |
| | | १.३.२ | रट अनुसार सवारी साधनहरूको संख्या र प्रकार निर्धारण | ० | १०० | ० | ० | ० | |
| | | १.३.३ | बस स्टप, सार्वजनिक शौचालय तथा प्रतिक्षालय निर्माण | २०० | ९०० | १२५० | १५०० | २००० | |
| | | १.३.४ | सडक मर्मत संम्हार Rapid Response Mechanism तयार गर्ने | २० | २० | २० | २५ | ३० | |
| २ | २.१ | २.२.१ | अनुगमनको व्यवस्था | २०० | २०० | २०० | २०० | २०० | |
| | | २.२.२ | Bio-engineering प्रविधि अवलम्बन गर्ने | ५०० | ५०० | ५०० | ५०० | ० | |

### ६.२.५ अपेक्षित उपलब्धिहरू

सडक यातायातको सहज पँहुच स्थापित भएको हुनेछ । गाउँपालिका केन्द«लाई जोड्ने मुख्य सडकहरू कालो पत्रे भएका हुनेछन । गाउँपालिका केन्द«लाइ प्रत्येक वडाकेन्द« जोड्ने सडकहरू स्तरोन्नति भएका हुनेछन्। सार्वजनिक यातायातका वैज्ञानिक रुटहरू तय भइ सार्वजनिक परिवहन सहज भएको हुनेछ । सडक जोखिम तथा दुर्घटना न्युनीकरण हुनेछन्।

## ६.३ जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा

यहाँ जलस्रोतको सम्पदा भएर पनि त्यसको सदुपयोग हुन नसकिरहेको कारण ग्रामीण ईलाकामा उर्जा संकट व्याप्त छ । यस क्षेत्रमा अहिलेपनि ठुलो संख्यामा जनताहरूले खाना पकाउने इन्धनको रूपमा काठदाउरा को प्रयोग व्यापकरूपमा भइरहेको छ ।गाउँपालिकाको कुल घरपरिवारहरू मध्ये घरायसी प्रयोजनको ५४९३ परिवारले काठदाउरा, र ३८८ परिवारले काठदाउराको बैकल्पीक प्रयोगमा एलपी ग्यास र ५ परिवारले विद्युतीय चुलो प्रयोग गर्ने स्थानीयहरू वताउछन । सबै वडामा काठदाउराको, सामुदायिक वन तथा निजी वन रहेका छन्। काठ दाउराको प्रयोगका थुप्रै नकारात्मक पक्षहरूमध्ये प्रत्यक्षरूपमा स्वास्थ्यमा पर्ने असर र वनको विनाश प्रमुख हुन्। त्यसैगरी कुनै पनि क्षेत्रविशेषमा बसोबास गर्ने नागरिकको जनजीवनलाई सरल र सहज बनाउन साथै आर्थिक तथा सामाजिक विकास गर्न विद्युती्तथा ऊर्जाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस गाँउपालिकामा ९८.५ प्रतिशत धरपरिवारमा विद्युत सेवा पुगेको छ । गाउँपालिकाका केही क्षेत्रमा नग्न्यरुपमा सौर्य उर्जाको पनि प्रयोगमा रहेको छ । कठेखोला गाउँपालिकामा विद्युतीकरणको अवस्था सन्तोषजनक नै रहेको भए पनि सामान्य हावाहुरी तथा वर्षात हुने संकेत हुनासाथ विद्युत सेवा अवरुद्ध हुन्छ । यसकारण व्यवसाय संचालन तथा औद्योगीकरणका लागि आवश्यक क्षमताको विद्युत्लाईन जडान हुनसकेको छैन । तसर्थ कठेखोला गाउँपालिकामा विद्युत्प्रसारण लाईनमा सुधार गर्नुपर्ने साथै यिध खयतिबनभ हुने स्थानहरूमा ट्रान्सफर्मरको स्तरोन्नति तथा नयाँ ट्रान्सफर्मर जडान गर्नुपर्ने देखिन्छ । विद्युत ऊर्जा साथसाथै सौर्य उर्जा जस्ता अन्य वैकल्पिक ऊर्जाबाट विभिन्न

उद्योग तथा व्यवसाय, सिँचाई आयोजना, खानेपानी आयोजना समेत सञ्चालन गर्न सकिन्छ अतः यस गाउँपालिकामा अल्पकालिन रूपमा सौर्य उर्जा र वायो ग्याँसलाई तथा दीर्घकालीन रूपमा जलविद्युत ऊर्जालाई जोड दिनुआवश्यक छ ।

खाना पकाउन प्रयोग हुने इन्धनको प्रकार अनुसार घरपरिवारको संख्या

| वार्ड | कुल | इन्धन को प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | काठ / दाउरा | तरल पेट्रोलियम ग्यास | बिजुली | गाईको गोबर | बायो ग्यास | केरोसिन | अरू |
| पालिका | ५८९२ | ५४९३ | ३८८ | ५ | ० | २ | २ | २ |
| १ | ६४७ | ५९५ | ५० | १ | ० | १ | ० | ० |
| २ | ८३० | ८०८ | २२ | ० | ० | ० | ० | ० |
| ३ | ५७४ | ५४८ | २५ | ० | ० | ० | १ | ० |
| ४ | ८५७ | ७९१ | ६३ | ० | ० | १ | १ | १ |
| ५ | ७४३ | ६६० | ८१ | २ | ० | ० | ० | ० |
| ६ | ५५३ | ५११ | ४२ | ० | ० | ० | ० | ० |
| ७ | ११३२ | १०५० | ७९ | २ | ० | ० | ० | १ |
| ८ | ५५६ | ५३० | २६ | ० | ० | ० | ० | ० |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## प्रकाशको सामान्य स्रोतबाट घरपरिवारको संख्या

| वार्ड | कुल | प्रकाश को सामान्य स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | बिजुली | सौर्य | केरोसिन | बायो ग्यास | अरू |
| पालिका | ५८९२ | ५८०८ | ५८ | ७ | ० | १९ |
| १ | ६४७ | ६२५ | १९ | २ | ० | १ |
| २ | ८३० | ८२२ | ५ | २ | ० | १ |
| ३ | ५७४ | ५५९ | ११ | १ | ० | ३ |
| ४ | ८५७ | ८४५ | ६ | ० | ० | ६ |
| ५ | ७४३ | ७३२ | ५ | ० | ० | ६ |
| ६ | ५५३ | ५४५ | ७ | ० | ० | १ |
| ७ | ११३२ | ११२६ | ४ | २ | ० | ० |
| ८ | ५५६ | ५५४ | १ | ० | ० | १ |

(स्रोतः राष्ट्रिय जनगणना २०७८)

## ६.३.२ समस्या तथा चुनौती

| |
|---|
| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
| ✦ विभिन्न स्थानमा ट्रान्सफर्मरहरूको अभाव |
| ✦ सार्वजनिक सडक बत्तिहरूको पर्याप्त प्रबन्ध नभएको |

६.३.३ सम्भावना तथा अवसर

| |
|---|
| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
| ✦ गाउँपालिकाका प्रायजसो स्थानहरूमा राष्ट्रिय स्तरबाट उत्पादित विद्युत प्रशारण सेवा पुगेको । |
| ✦ पुराना काठका पोलहरू विस्थापित गरी फलामे पोलमा विद्युत लाइन संचालन गर्ने नीति लिएको |
| ✦ विद्युतीय चुलोमा अनुदानको व्यवस्था गरी वन वातावरण संरक्षणमा सहयोग पुऱ्याइने नीति लिएको। |
| ✦ नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जालाई उचित व्यवस्थापन गरी सदुपयोग गर्न सकिने। |
| ✦ गाउँपालिकाबासीलाई विद्युतीय उपकरणको, सौर्य उर्जा उपयोगमा प्रोत्साहन गरी गुइठा,काठ दाउरा र ग्याँसको खपत न्यूनीकरण गर्न सकिने । |
| ✦ व्यवसाय संचालन तथा औद्योगीकरणका लागि आवश्यक क्षमताको विद्युत्लाईन बिकसित गर्न सकिने। |

## ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्याक्रम तथा आयोजना

| |
|---|
| दिर्घकालिन सोच |
| ऊर्जामा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| लक्ष्य |
| गाउँपालिकावासीहरूमा दिगो, वातावरण मैत्री उर्जामा पूर्ण पहुँच स्थापित गर्ने |
| उद्देश्यहरू |

| |
|---|
| ✦ ऊर्जामा सबै गाउँपालिका बासीको पहुँच पुऱ्याउनु |
| ✦ ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु |

उद्देश्य १. ऊर्जामा सबै गाउँपालिका बासीको पहुँच पुऱ्याउनु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ विद्युतीकरण नभएका स्थानहरूमा विद्युत् सेवा विस्तार गर्ने। | १.१.१. विद्युत्सेवा नपुगेका बस्तीहरूमा विद्युतीकरणका लागि थप कार्य अगाडि बढाइनेछ ।<br>१.१.२. तत्काल विद्युतीकरण उपलब्ध हुन नसक्ने घरधुरी र गुइठा,काठ दाउराको प्रयोगलाई पूर्णरूपले विस्थापित गर्न वैकल्पिक ऊर्जा जस्तै सौर्य ऊर्जा तथा वायोग्यास प्रयोग गर्न प्रोत्साहन स्वरूप अनुदान प्रदान गरिनेछ। |

उद्देश्य २. ऊर्जा व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउनु

| रणनीति | कार्यनीति |
|---|---|
| २.१. विद्युत क्षमता वृद्धि गर्ने। | २.१.१ गाउँपालिकामा मुख्य प्रसारण लाईनमार्फत पूर्ण विद्युतीकरण गरी वितरण प्रणाली सुदृढ गरिनेछ ।<br>२.१.२ मागअनुसार आवश्यक voltage परिपूर्ति गर्न ट्रान्सफर्मर जडान तथा क्षमता वृद्धि गरिनेछ ।<br>२.१.३ विद्युत प्रसारण लाईन सुधार गर्न तथा काठका पोलहरू विस्थापन गर्न विद्युत प्राधीकरणसँग समन्वय गरिनेछ । |
| २.२. विद्युत्उपयोग बढाउने। | २.२.१ घरायसी खाना पकाउन विद्युतीय उपकरणको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>२.२.२ विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिने छ। |
| २.३. वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने। | २.३.१ उज्यालो गाउँपालिका अभियान अन्तर्गत गाउँपालिकाका बजार क्षेत्रहरूमा तथा सार्वजनिक स्थानहरूमा सौर्यबत्ती जडान गरिनेछ। |

| | |
|---|---|
| २.४.जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २.४.१ दाउरा र गुइँठाको प्रयोगलाई पूर्णरूपमा वैकल्पिक उर्जा तथा विद्युतीय ऊर्जाको प्रयोगले विस्थापित गर्न दाउरा र गुइँठाको प्रयोगका नकारात्मक असरबारे जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने छ । |

जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जाको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.२. | वैकल्पिक ऊर्जा प्रयोग गर्न अनुदान | ५०० | ५०० | ५०० | ५०० | ६५० | |
| २ | २.३ | २.३.१. | सडक तथा सार्वजनिक स्थानमा सौर्य बत्ती जडान | ५०० | ५०० | ५०० | ५०० | ६०० | |
| | २.४ | २.४.१. | विद्युत ऊर्जा तथा वैकल्पिक ऊर्जा प्रयोग गर्नका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन | १०० | १५० | २०० | २५० | ३०० | |
| | | २.४.२ | सघन बजार र बस्ती क्षेत्रमा CCTV जडान | २०० | ३०० | ५०० | ६५० | १००० | |

### ६.३.५ अपेक्षित उपलब्धिहरू

उर्जाका आधारभूत पूर्वाधारहरूको विकास भइ हरेक घरधुरीमा न्युनतम उर्जाको सुनिश्चितता भएको हुनेछ । उर्जाको मुल प्रवाहमा नसमेटिएका घरधुरीहरूमा वैकल्पिक उर्जाको प्रबन्ध भएको हुनेछ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना तथा सञ्चार सम्बन्धी हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ । लेखानी, रेश, धम्जामा सरकारी इलाका हुलाक कार्यालय रहेको भएता पनि यसको प्रयोग घट्दै गएको छ । कुल ५८९२ परिवार बसोवास गर्ने यस पालिकामा १९७३ परिवारमा रेडियो ३०७४ परिवारमा टेलिभिजन ,११८ घरमा ल्यान्ड लाइन ,४६६९ वटा स्मार्ट मोबाइल रहेको छ भने १९१० परिवारमा इन्टरनेट सेवा पुगेको छ। अधिकांश स्थानमा राष्ट्रिय संचार माध्यम जी.एस.एम (एन.टी.सी, एन.सेल) को टावर चालु अवस्थामा रहेका भए पनि कमजोर नेटवर्क कभरेज रहेको छ । यद्यपि सामान्य हुरी बतास र वर्षा हुँदाको समयमा Network coverage कमजोर रहेको छ । साथै हाल

रहेको इन्टरनेट प्रविधिको विस्तार र गुणस्तर सुधार गर्नु जरुरी छ । गाउँपालिकामा रेडियो नेपाल र विभिन्न स्थानीय एफएम प्रसारण सुनिन्छ । टेलिभिजन प्रसारणको माध्यम डीसहोम र इन्टरनेट रहेको छ । आर्थिक विकासका लागि सूचना तथा संचारको विकास पनी अत्यावश्यक भएका कारण यस गाउँपालिकामा सूचना तथा सञ्चारको विकासका लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने आवश्यकता छ ।

## ६.४.२ समस्या तथा चुनौती

दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू

✦ ल्याण्डलाईन टेलिफोन तथा अप्टिकल फाइबरबाट इन्टरनेट सेवा विस्तार गर्नुपर्ने आवश्यकता ।

✦ पर्याप्त मात्रामा टेलिफोन तथा मोबाइल टावरहरू नभएकाले ल्भतधयचप अयखभचबनभ
प्रभावकारितामा ल्याउन आवश्यक स्थानमा टावरहरू विस्तार गर्नुपर्ने।

✦ विद्यालय तथा सार्वजनिक स्थानहरूमा आवश्यकता पहिचान गरी इन्टरनेट सुविधा विस्तार गरी निःशुल्क वाईफाईको व्यवस्था गर्नुपर्ने।

✦ समग्र गाउँपालिकामै सञ्चार क्षेत्रको क्षमता अभिवृद्धि गर्नुपर्ने।

✦ गाउँपालिकावासीमा सञ्चारका सबै प्रविधिसँगको पहुँच स्थापना गरी साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने।

## ६.४.३ सम्भावना तथा अवसर

सबल पक्षः मुख्य सम्भावना र अवसरहरू

✦ गाउँपालिकामा रेडियो नेपाल र केही स्थानीय एफएम रेडियो सुन्न तथा डिजिटल प्रविधि डीसहोमबाट टेलिभिजन हेर्न सकिने।

✦ उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरूलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने।

## ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| |
|---|
| दीर्घकालीन सोच |
| सूचना तथा सञ्चारमा पूर्ण पूर्वाधारयुक्त गाउँपालिका |
| लक्ष्य |
| गाउँपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने |
| उद्देश्यहरू |
| ✦ गाउँपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने |
| उद्देश्य १. गाउँपालिकावासीमा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने |

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ सूचना प्रविधिका पूर्वाधारहरूको निर्माण गर्ने । | १.१.१ मोबाइल नेटवर्क कभरेज प्रभावकारितामा ल्याउन मोबाइल टावरहरूको थप र विस्तार गर्न नेपाल टेलिकम र एनसेलसँग पहल गरिनेछ ।<br>१.१.२ इन्टरनेट प्रदायक निजी कम्पनीहरूलाई आकर्षण गरी पूर्वाधार निर्माण गरिनेछ ।<br>१.१.३ स्थानीय एफएम रेडियो सञ्चालन गर्न र स्थानीय पत्रपत्रिका प्रकाशन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>१.१.४ मोबाइल टावरहरूमा विद्युतको नियमित रूपमा आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाईनेछ । |
| १.२गाउँपालिका वासीमा आमसञ्चारको पहुँच विस्तार गर्ने। | १.२.१गाउँपालिकाको वेबसाइटमार्फत सूचना सम्प्रेषण गरिनेछ ।<br>१.२.२ गाउँपालिका केन्द्र, वडा कार्यालय , सार्वजनिक स्थल तथा प्रत्येक सघन वस्तीहरूमा टेलीफोन, मोवाइल तथा इन्टरनेटको पहुँच पुयाइनेछ ।<br>१.२.३ वडा कार्यालयहरू सूचना प्रविधि मैत्री बनाइने छ।<br>१.२.४ गाउँपालिकास्तरीय सूचना केन्द्रको साथै e-library |

| | |
|---|---|
| | को स्थापना गरिनेछ ।<br>१.२.५ एफएम रेडियोसँग सहकार्य गरी स्थानीय भाषामा सूचना तथा समाचार उत्पादन गरेर बजाइने छ । |
| १.३. क्षमता अभिवृद्धि मुलक कार्यक्रम संचालन गर्ने। | १.३.१ सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनश क्तिलाई विभिन्न किसिमका तालिम मार्फत उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.३.२ गाउँपालिकावासीमा साइबर सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ। |

सूचना, संचार तथा प्रविधिको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.३. | सामुदायिक एफएम र स्थानीय पत्रिका प्रकाशनमा सहजीकरण | १०० | १५० | २०० | २५० | ३०० | |
| | १.२ | १.२.३. | विद्युतीय सूचना पूर्वाधार निर्माण | ६०० | ६०० | ६०० | ६०० | ६०० | |
| | | १.२.५. | स्थानीय स्तरमा सूचना तथा समाचार उत्पादन तथा प्रसारण | १०० | १०० | १०० | १०० | १०० | |
| | १.३ | १.३.१. | सूचना प्रविधि तालिम संचालन | २०० | १५० | १५० | १५० | १५० | |
| | | १.३.२. | जनचेतनामूलक कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | |

## ६.४.५ अपेक्षित उपलब्धि

गाउँपालिका तथा वडाहरूमा सूचना प्रबिधिका पूर्वाधारहरू निर्माण भएको हुनेछ र गाउँपालिका वासीमा आमसञ्चारको गुणस्तरीय सेवामा पहुँच पुगेको हुनेछ ।

नतिजा सूचकहरू

## ६.४.६ अनुमान तथा जोखिम पक्ष

- ✦ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- ✦ आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- ✦ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- ✦ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- ✦ कुनै प्रकारको ठूलो स्तरको दैवी विपत्ति आइ लाग्ने छैन ।

- ✦ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- ✦ कामको थालनी पश्चात काममा नियमितता हुनेछ ।
- ✦ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- ✦ सार्वजनिक निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- ✦ सार्वजनिक खरिद प्रक्रिया सरल र प्रभावकारी हुनेछ ।

नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | मध्यकालिन अन्तिम नतिजा ०८२/८३ | आवधिक योजनाको अन्तिम ८४/८५ |
|---|---|---|---|---|---|---|
| १ | असर | विद्युतमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९८.६ | ९९ | १०० |
| २ | असर | वैकल्पिक तथा नवीकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.९८ | २ | ३ |
| ३ | असर | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिकस्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९३.२ | ९० | ८५ |
| ४ | असर | खाना पकाउन एलपी ग्याँस प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ६.५८ | १० | १४ |
| ५ | असर | खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.०८ | २ | ३ |
| ६ | असर | खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.११ | १ | २ |
| ७ | असर | विद्युतीय सामग्रीमा पंखा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.०१ | २ | ५ |
| ८ | असर | विद्युतीय सामग्रीमा फ्रिज प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३.३७ | ५ | ८ |
| ९ | असर | विद्युतीय सामग्रीमा वासिङ मेसिन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.१९ | १ | ३ |
| १० | असर | विद्युतीय सामग्रीमा एयर कन्डिसनर प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ०.०५ | १ | २ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | असर | टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार संख्या | प्रतिशत | ७९.२ | | |
| १२ | असर | इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | ३२.४ | | |
| १३ | असर | रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ३३.५ | | |
| १४ | असर | टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ५२.२ | | |
| १५ | असर | बाह्रै महिना सवारीसाधन सञ्चालन योग्यसडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने जनसंख्या | प्रतिशत | १०० | १०० | १०० |
| १६ | असर | घरबाट ३० मिनेटको पैदलयात्रामा सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | १०० | १०० | १०० |
| १७ | प्रतिफल | गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि. | ० | १० | १५ |
| १८ | प्रतिफल | पुल तथा कल्भर्ट निर्माण | संख्या | | १० | १५ |
| १९ | असर | आफ्नै निजी सवारी साधनमध्ये साइकल भएको घरधुरी संख्या | प्रतिशत | १.२ | २ | ४ |
| २० | असर | आफ्नै निजी सवारी साधनमध्ये मोटरसाइकल भएको घरधुरी संख्या | प्रतिशत | ६.६७ | ८ | १० |
| २१ | असर | आफ्नै निजी सवारी साधनमध्ये कार,जिप,भ्यान भएको घरधुरी संख्या | प्रतिशत | २.५४ | ३.५ | ५ |

# परिच्छेद — ७ वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

## ७.१ बन, वातावरण तथा विपद व्यवस्थापन

### ७.१.१ पृष्ठभूमि

गाउँपालिकाको कुल क्षेत्रफलमध्ये ४,५२९ हेक्टर (५४.६ प्रतिशत) वन क्षेत्रले ओगटेको छ । यहाँ ५७ वटा दर्ता भएका वनहरू छन, जसले २,४२९ हेक्टर क्षेत्रफल ओगटेको छ । औसतमा करिव ५४ प्रतिशत घरधुरीले सामुदायिक वन र निजी वन वा जग्गाबाट दाउरा संकलन गर्दछन् भने १३ प्रतिशत घरधुरीले सरकारद्धारा व्यवस्थित वन वा सार्वजनिक क्षेत्रबाट संकलन गर्दछन् । धेरैजसो घरधुरी (करिव ४० प्रतिशत) ले डालेघांस निजीवन वा निजी जग्गाबाट संकलन गर्ने गर्दछन् भने करिव ११ प्रतिशत घरधुरीले सरकारद्धारा व्यवस्थित बनबाट संकलन गर्दछन् । सामुदायिक वनबाट करिव ३३ प्रतिशत घरधुरीले डालेघाँस संकलन गर्दछन् । यस गाउँपालिकाको मुख्य वन क्षेत्र काठेखोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा भिरालो जमिनमा अवस्थित छ । तसर्थ यी वनहरु काष्ठजन्य वन पैदावरको उत्पादनको दृष्टिकोणले धेरै उत्पादनशील छैनन् । तर गैरकाष्ठ वन पैदावरको उत्पादन एवं पर्यापर्यटन प्रवद्र्धन गरी अर्थोपार्जन गर्न सकिने प्रशस्त सम्भावना छ । अहिले नै वडा नं. ८ को उपरथरमा नेपाली कागज उत्पादन गर्ने उद्योग सञ्चालनमा रहेको छ । यसै गरी श्रमशक्तिको पलायनको कारण कृषि भूमिको अधिकतम उपयोग नभइरहेको सन्दर्भमा कृषि वन तथा निजी वनको प्रवद्र्धन गर्नु आवश्यक छ ।वातावरण भन्नाले हाम्रो वरपर रहेका प्राकृतिक अवयवहरू जस्तै वायुमण्डल, भूमि, जल, वनजंगल, वनस्पति, जीवजन्तु र प्राकृतिक जीवनचक्र, जलवायु तथा मौसम आदिको अन्तरक्रिया र समग्रताले सृजना गरेका भौतिक अवस्थालाई जनाउछ । सम्पूर्ण वातावरणीय अवयवहरूको एकीकृत संरक्षणको एक अहम पाटाको रूपमा वातावरण संरक्षणलाइ हेर्ने गरीन्छ । यसमा समग्रमा जल, जमिन, जंगल, वायुमण्डल र

हाम्रो वरपरको सेरोफेरोलाई स्वच्छ, सफा र सन्तुलित राख्ने विषय आउँछ । वातावरण प्रदूषणले मानिसमा विभिन्न किसिमका रोगहरू निम्त्याउँछ । नेपालको संविधानमा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनी मौलिक हकको रूपमा उल्लेख गरिएको छ । तसर्थ यस गाउँपालिकामा समग्र वातावरण संरक्षण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ ।

## ७.१.२ समस्या तथा चुनौती

दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू

- यहा रहेका प्राकृतिक सम्पदाहरूको पूर्ण संरक्षण र सदुपयोग हुन नसकेको ।
- वन जंगल क्षेत्रमा खडेरीको समयमा आगलागीको समस्या हुने गरेको
- यहाको वनमा पाइने लोपोन्मुख अवस्थामा रहेका वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने
- घरायसी इन्धनका रूपमा गुईठा ,काठ, दाउरालाई अत्यधिक प्रयोग गर्नाले वन जङ्गलको क्षय भएको र घरायसी प्रदूषण बढेको।
- वातावरण संरक्षण र पूर्वाधार विकास बीच सामन्जस्यता स्थापित हुन नसकेको।
- आम नागरिकमा वातावरण सचेतनाका कार्यक्रमहरू प्रभावकारी ढंगले ल्याउनुपर्ने
- पर्यावरणीय असन्तुलन तथा प्रदूषणको नकारात्मक असरका कारण जीवन कष्टकर हुन सक्ने।

## ७.१.३ सम्भावना तथा अवसर

सबल पक्षः मुख्य सम्भावना र अवसरहरू

✦ गाउँपालिकाले पार्क तथा हरित क्षेत्र विस्तार गर्न गाउँपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको

✦ स्थानीय समुदायको सहयोगमा वन क्षेत्रको संरक्षण गर्न सकिने र खुला क्षेत्र तथा पार्कहरूको विकासलाई प्राथमिकता दिई पर्यटक आकर्षण गर्न सकिने ।

✦ नदी कटानबाट रोक्न बाँधको वैज्ञानीकरण र व्यवस्थित गर्नु र वातावरणलाई मानव तथा जीवमैत्री बनाइ प्राकृतिक सन्तुलन कायम गर्ने तर्फ गाउँपालिकाले जोड दिने नीति लिएको

✦ यातायातका साधन र कलकारखानाहरू न्यून रहेको यस गाउँपालिकामा हरियाली पर्याप्त भएका कारण तुलनात्मक रूपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको

✦ गाउँपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरू निर्माण गरी हरियाली प्रवद्र्धन गर्न सकिने।

## ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

दीर्घकालीन सोच

स्वच्छ, सफा, हराभरा हाम्रो काठेखोला

लक्ष्य

गाउँपालिकालाई वातावरणमैत्री नमूना हरित क्षेत्रका रूपमा विकास गर्दै जंगल र जडिबुटीको दिगो संरक्षण तथा सदुपयोग मार्फत दिगो समृद्धि हासिल गर्ने

उद्देश्यहरू

✦ जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने

✦ वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक स्रोतको प्रमुख आधार बनाउनु

✦ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरण मैत्री बनाउने।

उद्देश्य १. जल, जमिन, वायु र ध्वनी प्रदूषण नियन्त्रण गर्ने

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| १.१. प्रदूषण नियन्त्रणका लागि मापदण्ड बनाई लागू गर्ने। | १.१.१. प्रदूषण नियन्त्रण गर्न क्रमशः सबै सडकहरूकालोपत्र गर्दै लगिनेछ।<br>१.१.२. प्लाष्टिक तथा टायर ट्युब जलाउने परिपाटीलाई पूर्णतः बन्देज गरिनेछ ।<br>१.१.३. पानीका मुहानहरू सफा राख्न त्यस्ता स्थानहरूमा मानवीय गतिविधि र छाडा पशुहरू नियन्त्रण गरिनेछ ।<br>१.१.४. मरेका पशु चौपायहरूको व्यवस्थापन गर्न वडास्तरमा स्थानहरू तोकिनेछ ।<br>१.१.५. प्रत्येक घरमा खाना पकाउन प्रयोग हुने मुख्य ईन्धन काठ दाउरा तथा गोबर गुइँठालाई विस्तापित गर्न वैकल्पिक ऊर्जा जस्तै गोवरग्याँस, बायोग्याँस सौर्य तथा वायु उर्जा, सुधारिएको चुलो आदिकोव्यवस्था गर्न मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइनेछ ।<br>१.१.७. गाउँपालिका भएर बग्ने खोला नालाको किनार लगायत भू– क्षय संवेदनशील क्षेत्रमा भू–क्षय, नदी कटान तथा नियन्त्रण गर्ने योजना कार्यान्वयन गरिने छ । यसो गर्दा जैविक इन्जिनियरिङ्ग प्रविधिलाई प्राथमिकता दिइनेछ ।<br>१.१.८ ध्वनि प्रदुषण न्यूनीकरणका लागि भारी सवारी साधनमा प्रेसर हर्न राख्न प्रतिवन्ध गरिनेछ ।र बिवाह , धार्मिक कार्यक्रमहरु,आदिमा बजाईने चर्को बाजाहरु बजाउन निरूत्साहित गरिने छ। |
| १.२. समुदाय वा टोल स्तरमा नियमित सरसफाई तथा शौचालय निर्माण अभियान सञ्चालन गर्ने। | १.२.१. घरआँगन, टोल र सडक सफा राख्ने र सामुदायिक वा टोलस्तरमा नियमित सरसफाई अभियान सञ्चालन गरिनेछ ।<br>१.२.२. प्रत्येक वडाका मानवीय गतिविधिहरू बढी भैरहने क्षेत्रमा अनिवार्य सार्वजनिक शौचालयको निर्माण गरिन छ । |

उद्देश्य २ वन क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरी गाउँपालिकाको आर्थिक स्रोतको प्रमुख आधार बनाउनु।

| रणनीति | कार्यनीति |
|---|---|
| २.१.वनक्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्ने । | २.१.१. वन क्षेत्रको विकासलाई वैज्ञानिकीकरण गर्न विज्ञ समूहको सहयोगमा वैज्ञानिक वन व्यवस्थापन बारे सम्पूर्ण सरोकारवालाहरू सँग अन्तरक्रिया तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ । |
| २.२. वनलाई आर्थिक स्रोतको प्रमुख आधार बनाउने । | २.२.१. निजी तथा सामुदायिक स्तरमा निजी जमिन तथा वन जंगलमा फलफूलको व्यवसायिक उत्पादन सुरु गरिनेछ ।<br>२.२.२. कुरीलो, हर्रो, वर्रो, अमला, गुर्जो, चुत्रो, टिमुर, बोझो, सिस्नु र दालचिनी र अम्रिसो, तितेपानी, काफल, पिप्ला, रेशमखेती, पाषणभेद, भक्किम्ला, कफि, सजिवन जस्ता जडीबुटीहरूको वनक्षेत्रमा व्यावसायिक खेती तथा सामूहिक खेती गर्न नीति तथा कार्ययोजना निर्माण गरिनेछ ।<br>२.२.४. Agro forestry को नीति अवलम्बन गरी वन क्षेत्रलाई पूर्ण प्रतिफलमुखी बनाइनेछ । |

उद्देश्य ३ सम्पूर्ण पूर्वाधार विकास क्रियाकलापहरूलाई दिगो र वातावरण मैत्री बनाउने।

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१. विकास निर्माणको काम विकास निर्माणका कार्यक्रम गर्दा IEE कार्यन्वयन गर्ने। | ३.१.१. विकास निर्माणका ठूला कार्यक्रमहरू, खानी उत्खनन्, ढुंगा, गिटी, वालुवा तथा माटो उत्खनन्आदि कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण गरी सोको अक्षरशः पालना गरिनेछ ।<br>३.१.२. ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वका स्थानहरूको एकीकृत संरक्षण योजना तयार गरी यस्ता क्षेत्रलाई सम्पदा क्षेत्र घोषणा गरी वातावरण अनुकूल दिगो विकास र संरक्षण गरिनेछ । |

| | |
|---|---|
| ३.२. ऐतिहासिक तथा सार्वजनिक स्थलहरूको दिगो विकास र संरक्षण गर्ने। | ३.२.२. प्रत्येक वडामा एक एकवटा वडागत नमुना पार्कहरूको निर्माण गरिनेछ ।<br>३.२.३ आवश्यक ठाँउमा शवदाहस्थल तथा किरियापुत्रि घर निर्माण निर्माण गरिनेछ। |

वन वातावरण तथा फोहोर मैला व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| | | 1.1.३ | अनुगमनको व्यवस्था | १०० | १५० | २०० | २५० | ३०० | |
| | | १.१.४ | मरेका चौपायाहरू व्यवस्थापन गर्ने स्थान निर्माण | ० | २०० | ४०० | ६०० | १००० | |
| | | 1.1.५ | बैकल्पिक उर्जा प्रवर्द्धन गर्न अनुदान | ३०० | ३०० | ३०० | ३०० | ३०० | |
| | | 1.२.१ | सरसफाई अभियान सञ्चालन | ८० | १०० | ११० | १२० | १३० | |
| | | १.२.२ | सार्वजनिक शौचालय निर्माण | ३०० | ५०० | ६०० | ७५० | ८०० | |
| २ | २.१ | २.१.१ | वैज्ञानिक वन व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गर्ने | १०० | १५० | २०० | २५० | ३०० | |
| | | २.२.१ | सामूहिक जडिबुटी खेती अन्त्तकृया | १०० | ० | १०० | ० | १०० | |
| | | २.२.२ | Agro forestry को नीति अवलम्बन | ० | २०० | ० | ० | ० | |
| ३ | ३.१ | ३.२.२ | एक वडा एक हरित पार्कहरूको निर्माण | ४०० | ४५० | ५०० | ७५० | ६०० | |
| | | ३.२.३ | शवदाहस्थल तथा किरियापुत्रि घर निर्माण | ० | १०० | २०० | २२० | २३० | |

## ७.१.५ अपेक्षित उपलब्धि

जैविक विविधताको संरक्षण भएको हुनेछ महत्वपूर्ण सार्वजनिक स्थानहरूमा सार्वजनिक शौचालय निर्माण भएका हुने । दिगो वन व्यवस्थापन सुनिश्चित हनेछ । वन क्षेत्र बाट आय आर्जन को सुरूवात हुने छ। अएकीकृत वातावरण संरक्षण योजना तयार भएको हुने, तथा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन कार्यले निरन्तरता पाएको हुने छ ।

## ७.२ विपद्जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.२.१ पृष्ठभूमि

औद्योगिक क्रियाकलापको कारण व्यापक कार्बन उत्सर्जनकोकारणले हरितगृह प्रभाव (Green House Effect)बढ्न गई त्यसले ओजोनतह पातलिँदै गएको र भूमण्डलीय तापक्रम वृद्धि गर्दै लगेको वैज्ञानिक तथ्य हामी सामु छ । यसरी भूमण्डलीय तापक्रम वृद्धिले प्रत्यक्षरूपमा जलवायुमा प्रभाव पारी जलवायु परिवर्तन भइरहेको परिप्रेक्ष्यमा हरेक राष्ट्रले विकास निर्माणका योजना तयार पार्दा यसको वातावरणिय पक्षलाइ मनन गरी तयार पार्नुपर्ने हुन्छ किनकि जलवायु परिवर्तनका प्रमुख कारक तत्वहरूनै विकास सम्बन्धी मानवीय गतिविधिहरू हुन्। विकास निर्माण सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अपनाउने र जलवायु परिवर्तन विरुद्ध अभियान सञ्चालन गरी कम भन्दा कम कार्वन उत्सर्जन गर्ने र बढी भन्दा बढी कार्वन खपत हुने वातावरण सिर्जना गरेर जलवायु सन्तुलन कायम हुने वैज्ञानिक विधि र प्रक्रिया अवलम्बन गर्न श्रेयस्कर हुन्छ ।भौगोलिक जटिलता र कमजोर भौगर्भिक अवस्थाका कारण नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिम क्षेत्रमा रहेको छ । नेपालमा बर्सेनि प्राकृतिक प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । नेपालमा २०७२ सालको महाभूकम्प र २०७८ सालको मेलम्चि पहिरोको पीडा अझै ताजा नै छ ।कठेखोला गाउँपालिका पनि प्राकृतिक प्रकोपको दृष्टिकोणले संवेदनशील अवस्थामा रहेको छ । यस गाउँपालिकामा विशेषगरी, पहिरो , हावाहुरी, असिना, चट्याङ, अनावृष्टि, आगलागी जस्ता प्राकृतिक प्रकोपहरू देखापर्दै आइरहेकाछन्। अर्को तर्फ विभिन्न समयमा माहामारिहरु बाट जनधनको क्षति हुने गरेको छ। यस्ता प्रकोपहरूको प्रभाव न्यूनीकरणका लागी समयमानै उचित उपायहरू अवलम्बन गरी जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । यसका लागि गाउँपालिकाले विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार पारी लागू गर्ने योजना रहेको छ ।

## ७.२.२ समस्या तथा चुनौती

| दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू |
| --- |
| ✦बर्सेनि वर्षातको समयमा पहिरो को समस्या हुनेगरेको । |
| ✦ जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण खेतीपातीको वार्षिक क्यालेन्डर परिवर्तन हुन थालेका, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिन थालेको |
| ✦ प्राविधिक अध्ययन विना जथाभावी विकास संरचना निर्माणले विपद्जोखिम बढ्दै गएको |
| ✦ जलवायु परिवर्तनका नकारात्मक असर तथा विपद्न्यूनीकरणका लागि ठोस योजना बनाई लागू गर्नुपर्ने |

## ७.२.३ सम्भावना तथा अवसर

| सबल पक्षः मुख्य सम्भावना र अवसरहरू |
| --- |
| ✦ गाउँपालिकामा "विपद्न्यूनीकरणको लागि हातेमालो गर्दै पूर्वतयारीमा जुटौं" भन्ने नाराकासाथ प्रभावकारी विपद व्यवस्थापन समिति गठन गर्न सकिने। |
| ✦ भुकम्प, पहिरो , आगजनी, रोग तथा माहामारी जस्ता प्रकोप नियन्त्रणका लागि गाउँपालिकामा आपतकालीन विपत व्यवस्थापन कोष स्थापना भएको। |
| ✦ रेडक्रस तथा अन्य सहयोगी संस्थाबाट विपदको समयमा सहयोग प्राप्त भएको । |
| ✦ विपद्पूर्व तयारी तथा प्रतिकार्य समिति गाउँपालिका स्तरमा गठन भएको। |

## ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| दीर्घकालीन सोच |
| --- |
| विपद व्यवस्थापनको प्रभावकारी संयन्त्र निर्माण गरी जनधनको क्षति न्यूनीकरण गर्ने |

| |
|---|
| लक्ष्य |
| विपद्जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागू गरी पूर्णत कार्यान्वयन गर्ने |
| उद्देश्यहरू<br>✦ प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्युनीकरण गर्ने<br>✦ विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने<br>✦ पहिरो ग्रस्त क्षेत्रको संरक्षण गर्ने |

उद्देश्य १. प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुने क्षति न्युनीकरण गर्ने

| रणनीति | कार्यनीति |
|---|---|
| १.१. विपद् जोखिम क्षेत्र नक्सांकन गर्ने। | १.१.१. गाउँपालिकाका उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन गरी खतरा संकेतहरू राखिनेछ ।<br>१.१.२. गाउँपालिकाका अति जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गरिनेछ । |
| १.२. विपद्पूर्वानुमान तथा पूर्व चेतावनी प्रणाली प्रभावकारी बनाउने। | १.२.१. मौसम लगायतको विपद पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा संचालन गरिनेछ ।<br>१.२.४. विपद्सम्बन्धी पूर्वसूचना स्थानीय रेडियो, एफएम तथा अन्य सञ्चार माध्यम मार्फत सम्प्रेषण गरिनेछ । |

उद्देश्य २. विपद्को दिगो तथा प्रभावकारी व्यवस्थापन गर्ने

| रणनीति | कार्यनीति |
|---|---|
| २.१. विपत व्यवस्थापन योजना निर्माण गर्ने। | २.१.१ गाउँपालिकामा आइपर्ने प्रमुख प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरूको पहिचान गरी एकीकृत विपद्व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिनेछ । |

| | |
|---|---|
| २.२. विपत व्यवस्थापनमा सक्षम संयन्त्रको निर्माण गर्ने। | २.२.१ विपतको बेला पिउने पानी, खाद्यान्न, औषधी उपचार आदिको पूर्वतयारी गर्न वडा स्तरीय संयन्त्र निर्माण गरिनेछ ।<br>२.२.३ स्वास्थ्यकर्मीहरू सम्मिलित गाउँपालिकास्तरीय संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन गरिनेछ।<br>२.२.४ बेलाबेलामा उद्धार तथा विपद्बाट बच्ने उपायबारे पूर्वाभ्यासहरू संचालन गरिनेछ ।<br>२.२.५ वडास्तरमा युवाहरू सम्मिलित विपद्प्रतिकार्य स्वयंसेवक समूह निर्माण गरी नियमित तालिम प्रदान गरिनेछ ।<br>२.२.६ विपद व्यवस्थापनमा संलग्न विभिन्नसंघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिनेछ ।<br>२.२.७ विपतका वेला आवश्यक पर्ने उपकरण, उद्धार सामाग्री, एम्वुलेन्स, स्काभेटर, डोरी, पाल लगायतका समाग्रीहरूको जोहो गरिनेछ । |
| २.३. विपद् व्यवस्थापन कोष प्रभावकारी बनाउने। | २.३.१ गाउँपालिकामा भूकम्प, असीना, आगलागी, पहिरो, चट्याङ जस्ता प्रकोप, दुर्घटना आदिको व्यवस्थापन गर्न स्थापित “विपद व्यवस्थापन कोष” व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । |
| २.४. स्थानीय संरचना निर्माणमापदण्ड प्रभावकारी बनाउने। | २.४.१ घर तथा बस्ती निर्माण गर्नुभन्दा पहिले अनिवार्य रूपमा नक्सापास, माटो परिक्षण तथा फिल्ड चेकजाँच गरेर विपद् जोखिम अध्ययन पश्चात मात्र विपद प्रतिरोधी संरचनाहरू निर्माण गरिनेछ । |
| २.५. जलवायु अनुकूलन तथा जलवायु परिवर्तन | २.५.१. जलवायु परिवर्तनका प्रभावहरूको अध्ययन गरी सुझाव दिन विज्ञसँग परामर्श लिइनेछ । |

| | |
|---|---|
| न्यूनीकरणका लागि क्षमता विकास गर्ने। | २.५.२. जलवायु परिवर्तनले निम्त्याएका समस्याहरू सामना गर्न स्थानीय स्तरमा तालिम तथा सचेतना कार्यक्रमहरू<br>संचालन गरिनेछ ।<br>२.५.३. स्थानीयस्तरमा तथा बिद्यालयहरूमा जलवायु परिवर्तनका बारेमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । |
| २.६.जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | २.६.१. विपद्बाट बच्ने उपायका बारेमा सचेतना कार्यक्रमलाई समुदायमा अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>३.२.४ महामारी शव व्यवस्थापन योजना निर्माण गरिने छ। |

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | उच्च जोखिम क्षेत्रहरूको नक्साङ्कन | १५० | ० | ० | ० | ० | |
| | | १.१.२ | उच्च जोखिममा रहेका बस्ती तथा परिवारलाई स्थानान्तरण गर्ने | २०० | ४०० | ५०० | ६०० | ८०० | |
| | १.२ | 1.2.१ | विपद्पूर्वानुमान तथा चेतावनी सूचना प्रणालीको विकास र सञ्चालन | २०० | ० | ० | ० | ० | |
| २ | २.१ | २.१.१ | एकीकृत विपद्व्यवस्थापनपूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण | ० | ० | ४०० | ० | ० | |
| | २.२ | २.२.१ | वडा स्तरीय विपद्व्यवस्थापन संयन्त्र निर्माण | १५० | ० | ० | ० | ० | |
| | | २.२.३ | संक्रमण रोग तथा महामारी प्रतिकार्य टोली गठन | ० | ६०० | ८०० | ११०० | १३०० | |
| | | २.२.४ | उद्धार सम्बन्धित पूर्वाभ्यास सञ्चालन | १०० | १५० | २०० | २५० | ३०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २.२.५ | विपद्प्रतिकार्य स्वयंसेवक समूहलाई तालिम | १५० | १५० | १५० | १५० | १५० | |
| | | २.२.७ | विपत् उद्धार सामाग्री खरिद | ५०० | ७०० | ८०० | ९०० | ९०० | |
| | २.३ | 2.3.१ | विपद्व्यवस्थापन कोष निर्माण तथा रकम थप | ५०० | ६०० | ६०० | ६५० | ६५० | |
| | | 2.5.२ | तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | १०० | २०० | ३०० | ४०० | ५०० | |
| | | 2.5.३ | अन्तरक्रिया कार्यक्रम संचालन | १०० | १०० | १०० | १०० | १०० | |
| | २.६ | २.६.१ | सचेतना अभियान सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | |
| | | २.६.२ | महामारी शव व्यवस्थापन योजना निर्माण गरिने छ। | ० | २०० | ० | ० | ० | |

## ७.२.५ अपेक्षित उपलब्धि

विपद्जोखिम नक्साङ्कन भएको हो। भौतिक संरचनाहरू मापदण्ड बमोजिम विपद्प्रतिरोधी भएको हुने, विपद्पूर्वानुमान तथा पूर्वसूचना प्रणाली प्रभावकारी भएको हुने, विपद् सम्बन्धी नीति तथा योजना बनेको हुने र विपदबाट हुने क्षतिमा न्युनीकरण भएको हुनेछ साथै जलवायु परिवर्तनका असरहरूको अनुकूलन तथा न्यूनीकरण भएको हुनेछ ।

## ७.२.६ अनुमान तथा जोखिम पक्ष

- ✦ पूर्ण राजनैतिक स्थिरता हुनेछ ।
- ✦ आवश्यक बजेटको व्यवस्था हुनेछ ।
- ✦ दक्ष जनशक्ति, निर्माण सामग्री तथा प्रविधिको सहज उपलब्धता हुनेछ ।
- ✦ व्यापक जनसहभागिता र समर्थन हुनेछ ।
- ✦ कुनै प्रकारको ठूलो स्तरको प्राकृतिक विपत्ति आइ लाग्ने छैन ।
- ✦ स्थानीय स्तरबाट कुनै प्रकारको अवरोध हुने छैन ।
- ✦ कामको थालनी पश्चात् काममा नियमितता हुनेछ ।
- ✦ निर्माण सामग्रीको आपूर्तिमा कुनै प्रकारको अवरोध हुने छैन ।
- ✦ सार्वजनिक र निजी क्षेत्रको साझेदारी प्रभावकारी हुनेछ ।
- ✦ सार्वजनिक खरिद प्रक्रिया सरल हुनेछ ।

नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | मध्यकालिन अन्तिम नतिजा ०८२/८३ | आवधिक योजनाको अन्तिम नतिजा ८४/८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रतिफल | नव हरित क्षेत्रको संख्या | संख्या | ० | २ | ३ |
| २ | प्रतिफल | वातावरणीय संवेदनशील क्षेत्रहरू | संख्या | ० | २ | ३ |
| ३ | प्रतिफल | सडक सौन्दर्यीकरण | कि.मि. | ० | ५ | १० |
| ४ | प्रतिफल | दमकल संख्या | संख्या | ० | १ | १ |
| ५ | प्रतिफल | एक्सकाभेटर संख्या | संख्या | ० | ० | ० |
| ६ | प्रतिफल | भूकम्प प्रतिरोधी घरको प्रतिशत | प्रतिशत | २७ | ३५ | ४० |
| ७ | असर | जलवायु परिवर्तन अनुकूलन योजना | संख्या | ० | ३ | ५ |

# परिच्छेद – ८ संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ सुशासन विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

वास्तविक रूपमा असल शासनको स्थापना गरी जनतामा यसको प्रत्याभूती गराउन सकेमात्र जनस्तरमा सेवा प्रवाहको प्रभावकारिता रहन्छ । सार्वजनिक प्रसासनलाई उत्पादनशिल, छिटोछरितो, मित्ब्यायी, सेवामुखी, पारदर्शी, अग्रसरता लिने र उत्तरदायीत्व बहन गर्ने प्रभावकारी संगठनको रूपमा विकास गर्न जरुरि छ । राज्यले लिएको नीतिअनुरूप असल शासनका प्रमुख आयामहरू जस्तै पारदर्शिता, निष्पक्षता, भ्रष्टाचारमुक्त, जनउत्तरदायी , शासन, शुलभता र सहजताको स्वस्थ विकास र सुनिश्चितता गर्न सकेको खण्डमा सङ्घीय संविधानको मर्मअनुरूप हाल अपनाइएको संघियताको महत्व थप उजागर हुने दखिन्छ ।गाउँपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, इन्टरनेट नेटवर्किङ मार्फत वडालाई गाउँपालिका केन्द्रसँग जोड्ने कार्य, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई अझ चुस्त, र व्यवस्थित तथा पारदर्शी बनाउनु आवश्यक रहेको छ।

### ८.१.२ समस्या तथा चुनौती

दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू

- ✦ लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ सङ्घीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइ नसकेको।
- ✦ सङ्घीयताको अभ्यास तथा अनुभव नयाँ भएको।
- ✦ स्थानीयवासीमा राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको ।
- ✦ संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको।
- ✦ जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई सङ्घीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने।
- ✦ विकासनिर्माणको काम गर्दा भ्रष्टाचार वृद्धि हुन सक्ने।

✦ आग्रह र पूर्वाग्रहरहित न्याय प्रणाली विकास गर्नुपर्ने ।
✦ स्थानीयरूपमा संकलन भएको राजश्व अपचलन हुन सक्ने।
✦ स्थानीय जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वयमा कठिनाइ हुन सक्ने।
✦ जनउत्तरदायी शासन प्रणालीको विकास गर्नुपर्ने ।
✦ सबै कार्यालयलाई कर सूचनामैत्री तथा प्रविधियुक्त बनाउन ठूलो बजेटको आवश्यकता पर्ने ।

## ८.१.३ सम्भावना तथा अवसर

सबल पक्षः मुख्य सम्भावना र अवसरहरू

✦ गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्रदान गरीएको।
✦ स्थानीय निर्वाचनमा जननिर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको।
✦ गाउँपालिका र वडास्तरमा न्यायिक समितिको व्यवस्था भएको ।
✦ विपन्न, न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, ज्येष्ठ नागरीक तथा हिंसा पीडित महिला अल्पसंख्यक जाति र द्वन्द पीडितलाईसेवा प्रवाहमा विशेष प्राथमिकता दिने गरीएको।
✦ लेखा र प्रशासन सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको प्रयोग भएको।
✦ स्थानीय सरकारले भ्रष्टाचारशून्य प्रशासनको नीति लिएको ।
✦ कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्ने गरीएको ।
✦ गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको।
✦ स्थानीय जनशक्तिको परिचालन गरी योजना—आयोजनाहरूलाई कम खर्चिलो बनाउने नीति लिइएको।
✦ व्यक्तिगत घटना दर्तालाई विद्युतीय सूचना प्रणालीमा लग्नेयोजना भएको।
✦ गुनासो तथा सुझाव सङ्कलनको व्यवस्था भएको।
✦ कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको।
✦ सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको।

| |
|---|
| ✦ युवा स्वरोजगारलाई प्राथमिकतामा राखि प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाइ निरन्तरता दिइएको। |
| ✦ सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको। |
| ✦ सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण र सदुपयोग गर्ने योजना लिन सकिने। |
| ✦ गाउँपालिका तथा मातहतका कार्यालयहरूमा क्षतिपुर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्न सकिने। |
| ✦ कार्यपालिकाको निर्णय ४८ घण्टाभित्र सार्वजनिक गरी जनताप्रति उत्तरदायी हुने संस्कार विकास गर्न सकिने। |
| ✦ गाउँपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता बनाएर लागू गर्न सकिने। |
| ✦ गाउँपालिकामा E -Governance को सुरुवात गर्न सकिने । |
| ✦ स्थानीय सरकार स्वायत्त भएका कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने। |
| ✦ विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने। |

## ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| |
|---|
| दीर्घकालीन सोच |
| गाउँपालिकाको सरोकार जनमुखी सरकार |
| लक्ष्य |
| सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने |
| उद्देश्यहरू |
| ✦ भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु |

उद्देश्य १ भ्रष्टाचारमुक्त असल शासनको प्रत्याभूति गरी सेवा प्रवाहलाई जनमूखि बनाउनु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ जनचासोमा केन्द्रित जनमूखी सरकार<br>महशुस हुने सेवा प्रणाली प्रवद्र्धन गर्ने | १.१.१ नियमित रूपमा नागरिक सन्तुष्टि सर्वेक्षण गरी राज्यद्वारा प्रवाह हुने सेवामा रहेका जन गुनासो र चासोको अध्ययन गरिनेछ ।<br>१.१.२ राज्यको कानूनको परिधिमा रही सेवा प्रवाहलाई दुरुस्त बनाउन नागरिक सर्वेक्षणका आधारमा कर्मचारी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ वडास्तरमा आवश्यकता अनुसार "घुम्ती स्थानीय सरकार" कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.४ सेवा प्रवाहलाई दुरुस्त राख्न विद्युतिय सूचना प्रणालीमा रूपान्तरण गर्न आवश्यक Software हरूको प्रवन्ध गरिनेछ ।<br>१.१.५ कर्मचारीहरू लाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक तालिमको प्रबन्ध गरिनेछ ।<br>१.१.६ जनगुनासो व्यवस्थापन प्रणाली र कार्ययोजना निर्माण गरिनेछ ।<br>१.१.७ स्थानीय न्याँयिक समितिलाई स्रोत साधन यूक्त बनाइनेछ<br>१.१.८ स्थानीय सञ्चार माध्याम मार्फत स्थानीय सरकार रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.९ जनप्रतिनिधि र कर्मचारी केन्द्रित क्षमता विकास सुशासन र सदाचार सम्बन्धी तालिम तथा अभिमुखीकरण गरिनेछ । |

| | |
|---|---|
| | १.१.१० विकास निर्माणमा प्रगति विवरणलाई जनतासामू नियमित सार्वजनिक गर्न सूचना विधिको विकास गरी सहज र पहुँच योग्य बनाइने छ ।<br>१.१.११ क्षतिपूर्ति सहितको नागरिक वडापत्रलाई पूर्ण कार्यान्वयनमा ल्याउन आवश्यक सुधार गरिनेछ<br>१.१.१२ सार्वजनिक सुनुवाइका कार्यक्रम नियमित गरिनेछ |

## संस्थागत विकास तथा सुशासन क्षेत्रको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | नियमित नागरिक सन्तुष्टि सर्वेक्षण | १०० | १०० | १०० | १०० | १०० | |
| | | १.१.२ | सर्वेक्षणका आधारमा कर्मचारी तथा जनप्रतिनिधी अभिमुखीकरण | १५० | १५० | १५० | १५० | १५० | |
| | | १.१.३ | घुम्ती स्थानीय सरकार कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | |
| | | १.१.४ | Governance Software/ digital Signature खरिद | ० | ० | ६०० | ० | ० | |
| | | १.१.५ | IT तालिम (कर्मचारी) | ० | २०० | ० | २०० | ० | |
| | | १.१.६ | गुनासो सम्बोधन पूर्वाधार खरिद | ० | ३०० | ४०० | ० | ६०० | |
| | | १.१.७ | न्यायिक समिति क्षमता विकास | १५० | ० | ० | ० | ० | |
| | | १.१.८ | स्थानीय सरकार रेडियो कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० | |
| | | १.१.९ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास तलिम | ५०० | ५०० | ५०० | ५०० | ५०० | |
| | | १.१.१० | विकास निर्माण प्रगति विवरण Display Board निर्माण | ० | ० | ० | ५०० | ० | |
| | | १.१.११ | नागरिक वडापत्र कार्यान्वयन सुधार योजना निर्माण | ० | ० | ० | ० | ५०० | |
| | | १.१.१२ | सार्वजनिक सुनुवाइ संचालन | २०० | २५० | ३०० | ४०० | ५०० | |

### ८.१.५ अपेक्षित उपलब्धि

✦ जनचासोमा केन्द्रित जनमूखी सरकार महसुस हुने सेवा प्रणालीको विकास भएको हुनेछ ।

## ८.२ मानव अधिकार तथा सामाजिक न्याय

### ८.२.१ पृष्ठभूमि

समाजमा मानवियता, मानवहित र सामाजिक न्यायका नीम्ति आम नागरिकलाई मानव अधिकारको महत्व र आवश्यकता बारे ज्ञान जरुरी पर्दछ। नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेका मानवअधिकार उपभोगको आधारभूत तहमा सुनिश्चितता गर्ने राज्य र राज्यद्वारा परिचालित राज्यका यन्त्रहरूजस्तै प्रशासन, प्रहरी र राज्यका संबैधानिक अंगहरूजस्तै न्यायालय मानव अधिकार आयोग स्थानीय न्याँयिक समिति आदि हुन्। मानवअधिकार सम्बन्धी रास्ट्रिय तथा स्थानीय कार्ययोजना तयार गरी कार्यान्वयन गर्न जरुरि देखिन्छ । स्थानीय सरकारको प्रमुख दायित्व अन्तर्गत मानव अधिकार प्रत्याभूत गर्नु र सामाजिक न्याय कायम गर्नु पर्ने भएकोले स्थानीय विकास योजनाका यि विषयको सम्बोधन गरिएको छ ।

### ८.२.२ समस्या तथा चुनौती

दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू

✦ समाजमा सामाजिक जागरणको अवस्था कमजोर हुनु।

✦ परम्परागत रूपमा रहेका अन्धविश्वास, कुरिति, कुसंस्कार र भेदभावपूर्ण सामाजिक प्रणालीमा कारण सामाजिक न्याय संकटमा पर्नु।

✦ अशिक्षा, अज्ञानता र पछौटेपन कायमै रहनु।

✦ गरिबी, अन्धविश्वास र विपन्नता कायमै रहनु।

✦ मानव अधिकारयुक्त पूर्ण सामाजिक न्याय स्थापित गर्ने चुनौती हुनु।

### ८.२.३ सम्भावना तथा अवसर

सबल पक्षः मुख्य सम्भावना र अवसरहरू

| |
|---|
| ✦ मानव अधिकारको विश्वव्यापि घोषणापत्रका प्रमुख मूल्य र मान्यतालाई नेपालको संविधानले आत्मसाथ गरी मौलिक हकमा व्यवस्था गरेको। <br>✦ प्रत्येक स्थानीय सरकारलाई मानवअधिकार रक्षा गर्ने अधिकार प्राप्त भएको <br>✦ गाउँपालिकास्तरमा स्थानीय न्याँयिक समितिको प्रबन्ध भएको <br>✦ स्वतन्त्र न्यापालिकाको परिकल्पना गरी न्याय सम्पादन संयन्त्र निर्माण भएको <br>✦ स्थानीयस्तरमा मानव अधिकार र सामाजिक न्यायका पक्षमा जनचेतना वृद्धि हुँदै गएको |

## ८.२.४ उप क्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| |
|---|
| दीर्घकालीन सोच |
| ✦ सामाजिक न्याय पूर्ण समाजको निर्माण |
| लक्ष्य |
| ✦ मानव अधिकार उल्लङ्घनका घटनाहरूमा उल्लेख्य कमी ल्याई मौलिक हक प्रत्याभूत गर्ने |
| उद्देश्यहरू |
| ✦ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्णसमाजको निर्माण गर्नु |

उद्देश्य १ मानव अधिकारको प्रत्याभूति गरी न्यायपूर्ण समाजको निर्माण गर्नु

| रणनीति | कार्यनीति |
|---|---|
| १.१ मानव बेचविखन तथा शोषणका दृष्टिकोणले सम्वेदनशील व्यक्ति तथा समूह पहिचान गरी व्यापक जनचेतना अभिवृद्धि र शशक्तिकरण गर्ने | १.१.१ मानव बेचविखन र ओसार पसारका दृष्टिकोणले अत्यन्त जोखिममा रहेका वर्ग क्षेत्र र समुदायको सूक्ष्म ढंगले अध्ययन गरी स्थितिपत्र तयार पारिनेछ । <br>१.१.२ मानवअधिकार उल्लङ्घन तथा मानवबेचविखन र ओसारप्रसार विरुद्ध व्यापक रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न स्थानीय सञ्चार माध्याम, सामाजिक सञ्जाल र पत्रकारहरूको सहयोग लिइनेछ । |

| | |
|---|---|
| | १.१.३ यौन हिंसा, यौन शोषण र बलात्कार जस्ता जघन्य अपराध न्युनीकरण गर्न कानूनी उपचार खोज्न र दोषी लाई कानूनको दायरामा ल्याउन  प्रत्येक वडामा महिला अधिकारकमीहरू, समाजसेवीहरू, राजनैतिक नेतृहरू तथा आमा समूहहरूको अगुवाइमा एक शसक्त मानव अधिकार सेलको गठन गरिनेछ ।<br>१.१.४ वेपत्ता पारिएका, द्वन्द पिडित, बेचबिखनमा परेका, शहिद परिवार, लक्षित परिवारको लगत संकलन गरी उनीहरूको शसक्तिकरणका तथा सामाजिक पुन स्थापनाका लागि विशेष प्याकेज निर्माण गरी आयआर्जन र सामाजिक एकीकरणलाई सहज बनाइने छ ।<br>१.१.५ मानव अधिकार उल्लङघनका घटनाहरू न्याँयिक समितिमा दर्ता गर्न वडास्तरीय महिला सेललाई सक्रिय तुल्याउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.६ माध्यमिक तहमा अध्ययनरत छात्र छात्रा केन्द्रित यौन हिंसा, यौन शोषण, बलात्कार दाइजो र बाल अधिकारका विषयमा हरेक महिनामा एक पटक हुनेगरी घुम्ती कक्षा सञ्चालनको व्यवस्था मिलाईने छ ।<br>१.१.७ संविधान प्रदत्त सबै मौलिक हकहरूको कार्यान्वयन गराउन आवश्यक संयन्त्रको विकास गर्न एक अध्ययन गरी आवश्यक स्थानीय कानून र राज्यका यन्त्रको प्रबन्ध गरिनेछ । |

## मानव अधिकार तथा सामाजिक न्यायको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | जोखिम व्यक्ति तथा समूह पहिचान | १०० | ० | ० | ० | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १.१.३ | वडास्तरीय मानव अधिकार सेल गठन | १०० | १५० | २०० | २५० | ३०० | |
| | | १.१.५ | न्यायिक समितिमा मानवअधिकार उल्लङ्घनका घटना दर्ता गर्न महिला सेल अभिमुखीकरण | १०० | १५० | १५० | १५० | १५० | |
| | | १.१.६ | मानवअधिकार विद्यालय घुम्ती कक्षा स.चालन | १०० | २०० | ३०० | ४०० | ५०० | |
| | | १.१.७ | मौलिक हक कार्यान्वयन स्थिति बारे अध्ययन | १५० | ० | ० | ० | ० | |

### ८.२.५ अपेक्षित उपलब्धि

मानवअधिकार उल्लङ्घन, मानव बेचविखन, यौन हिंसा र शोषण लगायतका सामाजिक अपराधका घटनाहरूमा महशुस हुनेगरी कमी आएका हुनेछन्।

## ८.३ तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन

### ८.३.१ पृष्ठभूमि

कुनै पनि स्थानको विकास योजनालाई सफल रूपमा कार्यन्वयन गर्न त्यस स्थानको वस्तुनिष्ठ सूचनाको अनिवार्यता हुन्छ । गाउँपालिकामा गरिने हरेक किसिमका कृयाकलापहरू समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिवन्धित गर्न मिल्दछ । यसका लागि योजना तर्जुमा, नीति विश्लेषण, आयोजना मुल्यांकन प्रणाली र तथ्यांक संकलन, प्रसोधन, विश्लेशण एवं प्रस्तुतीकरण कार्यलाई बढी बैज्ञानिक, स्तारिय र व्याबहारिक बनाउनु जरुरी देखिन्छ । तसर्थ हरेक कृयाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा गाउँपालिकाको स्थितिवारे थाहा पाउन सकिन्छ । विकास र समृद्धिको सहज मापनको लागि हरेक सूचनालाई अद्यावधिक राख्ने किसिमको सूचना तथा तथ्याङ्क प्रणालीको आवश्यकता रहन्छ । अर्को तर्फ राजश्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यावस्थापन नियमित र वैज्ञानिक नहुदा राज्यको स्रोत र साधनको व्यापक दुरूपयोग हुन सक्ने जोखिम रहन्छ । यस्ता पक्षहरूलाई ध्यानमा राखी तथ्याङ्क व्यावस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन र

लेखा व्यावस्थापनलाई सुद्धढ तुल्याउन योजनाले सम्वोधन गर्नुपर्ने भएकोले यो खण्ड तयार पारिएको छ ।

## ८.३.२ समस्यया तथा चुनौती

दुर्बल पक्षः प्रमुख समस्या र चुनौतीहरू

✦ लामो राजनैतिक संक्रमणबाट हालसालै स्थापित नयाँ सङ्घीय प्रणालीको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको।

✦ सङ्घीयताको अभ्यास तथा अनुभव नयाँ भएको।

✦ स्थानीयवासीमा राजनैतिक चेतनाको स्तर माथि उठी नसकेको ।

✦ संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नभएको।

✦ जनचासो र जनगुनासोको समयमै सम्बोधन नहुँदा जनतामा निराशा उत्पन्न भई सङ्घीय व्यवस्थामा नै प्रश्न खडा हुन सक्ने।

✦ विकासनिर्माणको काम गर्दा भ्रष्टाचार वृद्धि हुन सक्ने।

✦ आग्रह र पूर्वाग्रहरहित न्याय प्रणाली विकास गर्नुपर्ने ।

✦ स्थानीयरूपमा संकलन भएको राजश्व अपचलन हुन सक्ने।

✦ स्थानीय जनप्रतिनिधि र कर्मचारीतन्त्रको समन्वयमा कठिनाइ हुन सक्ने।

✦ जनउत्तरदायी शासन प्रणालीको विकास गर्नुपर्ने ।

✦ सबै कार्यालयलाई कर सूचनामैत्री तथा प्रविधियुक्त बनाउन ठूलो बजेटको आवश्यकता पर्ने ।

## ८.३.३ सम्भावना तथा अवसर

सबल पक्षः मुख्य सम्भावना र अवसरहरू

✦ गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन स्थानीय सरकारमा सम्पूर्ण अधिकार प्रदान गरीएको।

✦ स्थानीय निर्वाचनमा जननिर्वाचित जनप्रतिनिधिहरूले उत्साहका साथ काम गरिरहेको।

✦ गाउँपालिका र वडास्तरमा न्यायिक समितिको व्यवस्था भएको ।

✦ विपन्न, न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, ज्येष्ठ नागरीक तथा हिंसा पीडित महिला अल्पसंख्यक जाति र द्वन्द पीडितलाईसेवा प्रवाहमा विशेष प्राथमिकता दिने गरीएको।

✦ लेखा र प्रशासन सञ्चालनार्थ विभिन्न सफ्टवेयरहरूको प्रयोग भएको।

✦ स्थानीय सरकारले भ्रष्टाचारशून्य प्रशासनको नीति लिएको ।

✦ कर्मचारीको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था गर्ने गरीएको ।

✦ गाउँपालिका तथा वडा कार्यालय भवन निर्माण योजना बनेको।

✦ स्थानीय जनशक्तिको परिचालन गरी योजना—आयोजनाहरूलाई कम खर्चिलो बनाउने नीति लिइएको।

✦ व्यक्तिगत घटना दर्तालाई विद्युतीय सूचना प्रणालीमा लग्नेयोजना भएको।

✦ गुनासो तथा सुझाव सङ्कलनको व्यवस्था भएको।

✦ कार्य सम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउने योजना भएको।

✦ सबै वडाहरूमा सूचना प्रविधिको समुचित व्यवस्था गर्ने योजना बनेको।

✦ युवा स्वरोजगारलाई प्राथमिकतामा राखि प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाइ निरन्तरता दिइएको।

✦ सामाजिक सुरक्षालाई प्राथमिकतामा राखिएको।

✦ सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण र सदुपयोग गर्ने योजना लिन सकिने।

✦ गाउँपालिका तथा मातहतका कार्यालयहरूमा क्षतिपुर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्न सकिने।

✦ कार्यपालिकाको निर्णय ४८ घण्टाभित्र सार्वजनिक गरी जनताप्रति उत्तरदायी हुने संस्कार विकास गर्न सकिने।

✦ गाउँपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता बनाएर लागू गर्न सकिने।

✦ गाउँपालिकामा E-governance को सुरुवात गर्न सकिने ।

| |
|---|
| ✦ स्थानीय सरकार स्वायत्त भएका कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास, योजना निर्माण तथा कार्यान्वयन र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने।<br>✦ विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने।<br>✦ जनगुनासोलाई तत्काल सम्बोधन गरी जनताको मन जित्न सकिने।<br>✦ आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने।<br>✦ आवश्यकताअनुसार प्रहरी तथा सुरक्षा निकायको व्यवस्थापन गर्न सकिने ।<br>✦ सञ्चार माध्यम मार्फतगाउँपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्न सकिने। |

## ८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

| |
|---|
| दीर्घकालीन सोच |
| "चुस्त तथ्याङ्क तथा वित्तीय व्यवस्थापन" |
| लक्ष्य |
| सूचना प्रविधिको महत्तम प्रयोग मार्फत तथ्याङ्क र वित्तीय व्यवस्थापनलाई चुस्त र दुरुस्त राख्ने |
| उद्देश्यहरू |
| ✦ स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु। |

उद्देश्य १ स्थानीय सरकारसँग सम्बन्धित सम्पूर्ण महत्वपूर्ण सूचनाहरूलाई सहज, पहुँच योग्य र व्यवस्थित बनाउदै वित्तीय व्यवस्थापन अब्बल तुल्याउनु।

| रणनीति | कार्यनीति |
|---|---|

| | |
|---|---|
| १.१ सुदृढ अभिलेख प्रणालीको विकास गर्ने | १.१.१. सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिनेछ ।<br>१.१.२ सबै प्रकारका सूचनाहरू अद्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी कयातधबचभ हरू खरिद गरिनेछ । |
| १.२ आर्थिक प्रशासन सम्बन्धी संस्थागत संयन्त्र निर्माण गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी तुल्याउने | १.२.१ अनुगमन प्रणालीलाई दुरुस्त बनाउन वार्षिक कार्य योजना तयार पारिनेछ ।<br>१.२.२ राजश्व संकलनलाई करदाता मैत्री बनाउन आवश्यक अध्ययन गरी सोही अनुसारको प्रणाली विकास गरिनेछ।<br>१.२.३ राज्यलाई तिरेको कर कसरी जनताका लागि खर्च हुन्द भन्ने स्थापित गर्न कर शिक्षा कार्यक्रम नियमित सञ्चालन गरिनेछ ।<br>१.२.४ गाउँपालिकाका ठूला करदातालाई सार्वजनिक सम्मान गरिनेछ । |

तथ्याङ्क व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापनको विस्तृत कार्यक्रम

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम | बजेट (रु हजारमा) | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | |
| १ | १.१ | १.१.१ | तथ्याङ्क तथा सूचना इकाइ गठन | २०० | ० | ० | ० | ० | |
| | | १.१.२ | सूचना अभिलेखाङ्कन Software खरिद | ० | ३०० | १०० | १०० | १०० | |
| | १.२ | १.२.१ | अनुगमन संयन्त्र क्षमता विकास | ० | १०० | २०० | २५० | ३०० | |
| | | १.२.२ | अनुगमन वार्षिक कार्ययोजना तयारी | ० | १५० | ० | ० | ० | |
| | | १.२.३ | करदाता शिक्षा कार्यक्रम | ० | ६० | ७० | १०० | १५० | |
| | | १.२.४ | ठूला करदाता सम्मान कार्यक्रम | ५० | १०० | १०० | २५० | २५० | |

## ८.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

लक्षित समुदायलाइ व्यवसाय दर्तामा छुट तथा अनुदान दिइएको हुनेतथा गाउँपालिकाको आय व्यय नियमित प्रकाशन गर्ने प्रणालीको विकास भएको हुनेछ ।

नतिजा सूचकहरू

| क्र.सं. | नतिजाको तह | नतिजा सूचक | इकाई | आधार वर्ष | मध्यकालिन अन्तिम नतिजा ०८२/८३ | आवधिक योजनाको अन्तिम नतिजा ८४/८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रतिफल | सेवा प्रवाह सन्तुष्टि सर्वेक्षण | संख्या | ० | १ | २ |
| २ | प्रतिफल | सार्वजनिक सुनुवाई | संख्या | | ३ | ३ |
| ३ | असर | पूँजीगत बजेट खर्च | प्रतिशत | ४४ | ४८ | ५० |
| ४ | प्रतिफल | कर्मचारी जनप्रतिनिधि तालिम अभिमुखीकरण | संख्या | | ५ | ८ |
| ५ | प्रतिफल | स्थानीय रेडियो कार्यक्रम प्रसारण | संख्या | १ | २ | ३ |
| ६ | प्रतिफल | मानव अधिकार सेल | संख्या | ० | ४ | ८ |
| ७ | प्रतिफल | लक्षित समूह आय आर्जन कार्यक्रम | संख्या | | ४ | ८ |
| ८ | प्रतिफल | मानव अधिकार घुम्ती कक्षा | संख्या | ० | ४ | ८ |
| ९ | प्रतिफल | करदाता शिक्षा कार्यक्रम संख्या | | ० | ४ | ८ |
| १० | असर | कूल बजेटमा आन्तरिक राजश्व वा करको हिस्सा (प्रतिशत) | | ५.८९ | ६.५ | ७.५ |
| ११ | असर | कूल स्वीकृत बजेटको खर्च प्रतिशत ( वार्षिक) | | | | |
| १२ | प्रतिफल | दर्ता भएका व्यवसाय संख्या | | | ४०० | ५०० |
| १३ | प्रतिफल | राजश्व संकलन हुने शिर्षक संख्या | | ७३ | ९० | १०० |

# परिच्छेद – ९  कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभुमि

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले तोकेको ढाँचा बमोजिम कुनै पनि गाउँपालिका वा

स्थानीय सरकारले विकासका कार्यक्रमहरू तय गर्दा विशेषत स्थानीय वस्तुगत अवस्थाको आधारमा स्थानीयबासीका आधारभूत आवश्यकताहरू जस्तै भौतिक पूर्वाधार, आर्थिक वृद्धि, सामाजिक विकास, वातावरणीय सन्तुलन तथा संस्थागत सेवा प्रवाहमा प्रत्यक्षरूपमा सहयोग पुऱ्याई समग्र विकासलाई सन्तुलित र नतिजामुखी ढङ्गले कार्यान्वयन गर्न प्रभावकारी सिद्ध हुनेगरी गर्नुपर्दछ ।

## ९.२ विषयक्षेत्र अनुसार अनुमानित बजेट

| क्षेत्र तथा उपक्षेत्र | आगामी आ.व. २०८०/८१ को व्यय अनुमान | आगामी आ.व. २०८१/८२ को खर्च प्रक्षेपण | आगामी आ.व. २०८२/८३ को खर्च प्रक्षेपण | आगामी आ.व. २०८३/८४ को खर्च प्रक्षेपण | आगामी आ.व. २०८४/८५ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|---|
| आर्थिक क्षेत्र | ११९०५ | १७३३० | १६२९० | १९२९५ | २१४९५ |
| कृषि, सिँचाई तथा पशुपन्छी | ७२७० | १३१४० | ११७५५ | १३३०० | १४३४० |
| पर्यटन, सँस्कृति तथा सम्पदा | १६८५ | ९९५ | ११०५ | १२१५ | १३३० |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | ९३० | १५४० | २०४० | २९४० | ३६४० |
| श्रम, रोजगारी र सामाजिक सुरक्षा | १४२० | ३५५ | ३९० | ४४० | ४८५ |
| गरिबी निवारण | ६०० | १३०० | १००० | १४०० | १७०० |
| **सामाजिक क्षेत्र** | **१९४८०** | **२७७३५** | **३१२८०** | **३५६६०** | **३७२७५** |
| स्वास्थ तथा पोषण | ५१७० | ६४१५ | ६९४५ | ७१२५ | ६२०५ |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन | ६१३० | १०७५० | १२३७५ | १४३९५ | १५०७० |
| खानेपानी तथा सरसफाई | २००० | १८०० | २३०० | २५०० | २९०० |
| महिला,बालबालिका तथा लक्षित वर्ग | ४२४० | ६१०० | ६२२० | ७२३० | ७४७० |
| युवा तथा खेलकुद | १९४० | २६७० | ३४४० | ४४१० | ५६३० |
| **पूर्वाधार विकास** | **१२२२२०** | **१८२१२५** | **२२०३८०** | **२२०३९०** | **२६११००** |
| वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण | १०१५० | ४००५५ | ४००६० | ६५ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| सडक, पुल तथा यातायात | १०९६७० | १३९५२० | १७७४७० | २१७२२५ | २५७२३० |
| जलश्रोत, विद्युत तथा वैकल्पिक उर्जा | १३०० | १४५० | १७०० | १९०० | २५५० |
| सूचना, सञ्चार तथा प्रविधी | ११०० | ११०० | ११५० | १२०० | १२५० |
| **वन ,वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | **३६३०** | **५३५०** | **६५६०** | **७४९०** | **८५६०** |
| वन,वातावरण तथा फोहोरमैला व्यवस्थापन | १३८० | २१५० | २६१० | ३२४० | ३७६० |
| विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | २२५० | ३२०० | ३९५० | ४२५० | ४८०० |
| **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **२३००** | **३११०** | **३५७०** | **३७५०** | **४५००** |
| सुशासन विकास तथा सुशासन | १५०० | १९०० | २४५० | २२५० | २७५० |
| मानव अधिकार तथा सामाजिक न्याय | ५५० | ५०० | ६५० | ८०० | ९५० |
| तथ्याङ्क, व्यवस्थापन, राजश्व परिचालन, वित्तीय अनुशासन तथा लेखा व्यवस्थापन | २५० | ७१० | ४७० | ७०० | ८०० |

# ९.३ स्रोत अनुमान तथा प्रक्षेपण

| क्र.सं. | विवरण | ०७८/७९ यथार्थ खर्च | ०७९/८० संशोधित (आधार वर्ष) | ०८०/८१ प्रक्षेपण | ०८१/८२ प्रक्षेपण | ०८२/८३ प्रक्षेपण | ०८३/८४ प्रक्षेपण | ०८४/८५ प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| १ | कूल बजेट खर्च | ५८६०६८ | ५४१९२३ | ५६९००५ | ६६०४२० | ७१९०४९ | ७४६०२६ | ८१२१७८ |
| १.१ | चालु बजेट | ३२४०२७ | ३३२००० | ३४०१७० | ३४८५४० | ३५७११६ | ३६५९०३ | ३७४९०६ |
| १.२ | पूँजीगत बजेट | २६२०४० | २१७१२३ | २२८८३५ | ३११८८० | ३६१९३३ | ३८०१२३ | ४३७२७२ |
| २ | विकास बजेट खर्चको क्षेत्रगत बाँडफाँड | ६९४७२ | ५१६५० | १५९५३५ | २३५६५० | २७८०८० | २८६५८५ | ३३२९३० |
| २.१ | आर्थिक विकास | १५५८९ | १६८०० | ११९०५ | १७३३० | १६२९० | १९२९५ | २१४९५ |
| २.२ | सामाजिक विकास | १५५८९ | २२६५० | १९४८० | २७७३५ | ३१२८० | ३५६६० | ३७२७५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | पूर्वाधार विकास | ३११०० | ५७०० | १२२२२० | १८२१२५ | २२०३८० | २२०३९० | २६११०० |
| २.४ | वातावरण तथा विपद व्यवस्थापन | ३५९७ | ३००० | ३६३० | ५३५० | ६५६० | ७४९० | ८५६० |
